जि. प्र. का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कून

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

बर्ष ४ अंक १३ पौष-फागुन (२०७६)




नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ०१-४७८१९६३, ४७८०२०१
इमेल :nefscun@nefscun.org.np

www.nefscun.org.np

# संघका विविध गतिविधिका झलकहरु





















नेफ्स्कून


**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता


**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरु**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
शिवजी सापकोटा
प्रमुख कार्यकारी अधिकृत

**सह–सम्पादक**
राधा पौडेल
सूचना तथा सञ्चार अधिकृत

**आवरण/सज्जा**
बेन्चमार्क डिजाइन एण्ड प्रिन्ट प्रा.लि.
सम्पर्क : ९८४१८९४८६५
Email : bench.letters@gmai.com

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा.लि.
न्यूप्लाजा काठमाडौं


## यस भित्र


| | |
|---|---|
| नेफ्स्कूनको २८ औं बार्षिक साधारणसभा | ०७ |
| सहकारीले ठूला मेघा परियोजना सम्म जानसक्ने आधार... | १० |
| Cooperatives & the Sustainable Development Goals | १३ |
| नेपालको वित्तीय सहकारी विकासका विभिन्न चरणहरू... | २४ |
| सहकारी अभियानमा कर्जा असुली न्यायाधिकरण... | २६ |
| वित्तीय साक्षरता अभिवृद्धिमा सहकारीको भूमिका | ३१ |
| सहकारी र अन्य संस्थाहरूमा आधारभुत भिन्नता | ३५ |
| नेपालको सहकारी क्षेत्रका समसामयिक मुद्दाहरू | ३८ |
| सहकारीमा अभाव महशुस भएको पुस्ता | ४५ |



**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
**केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं**
**फोन नं.:** ०१-४७८१९६३, ४७८०२०१,
**इमेल :** nefscun@nefscun.org.np, adcom@nefscun.org.np
**वेभसाइट :** www.nefscun.org.np



▪ यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक

# सम्पादकीय

बचत ऋण सहकारी अभियान सुदृढीकरणका लागि सबै भन्दा बढि प्रतिक्षा गरिएको विषय हो, स्थिरीकरण कोष । स्थिरीकरण कोष बचत ऋण सहकारीहरुका लागि एक सुरक्षा कवच हो । सहकारी ऐन २०७४ को दफा १०३ को उपदफा १ मा बचत तथा ऋण विषयगत केन्द्रीय संघको सञ्चालनमा सम्भावित जोखिम व्यवस्थापन गर्न त्यस्ता संस्थाहरु मिली एक स्थिरीकरण कोष खडा गर्न सक्ने व्यवस्था उल्लेखित छ । यस उपदफाले स्वीकार गरेको सम्भावित जोखिम पहिचान गरी समयमा नै समाधान गर्न संगठित हुने माध्यम नै स्थिरीकरण कोष हो ।

स्थिरीकरण कोष स्थापना तथा सञ्चालनका लागि २०७६ मंसिर ५ गते मन्त्रीस्तरको निर्णयवाट बचत तथा ऋण सहकारी संस्था सम्बन्धि स्थिरीकरण कोष स्थापना तथा संचालन कार्यबिधि २०७६ स्वीकृत भइसकेको छ । संघको अगुवाइमा स्थिरीकरण कोष स्थापना सम्बन्धमा विभिन्न जिल्लामा अभिमुखीकरण कार्यक्रमहरु र सरोकारवाला पक्षहरु सहित रणनीतिक योजना निर्माणको काम सम्पन्न भएको छ । अभियानको स्वामित्व तथा अभियानको नेतृत्वमा स्थिरीकरण कोष सञ्चालन अपरिहार्यता हो । स्थिरीकरण कोष साकोस अभियानको जगेडा कोष हो । यसको मुल भावना भनेको बचत ऋण सहकारीहरु समास्या नपरुन् र परेमा पनि सहज व्यवस्थापनको प्रणाली स्थापित होस भन्ने हेतुले कोषमा सहभागी भइ योगदान गर्न र यसको लाभ लिन बचत ऋण सहकारीहरुको दायित्व र अबसर दुबै हो ।

बचत ऋण सहकारी अभियानको पैरबी तथा नेपाल सरकारको तत्परतामा जुन कानुनी वातावरण आज तयार भएको छ, कोषको सिद्धान्त अनुसार यद्यपी केही कमी कमजोरी छन् तर आजको आवश्यकता भनेको तयार भएको कानुनको सदुपयोग मार्फत थप उपलब्धीको लागि निरन्तर प्रयासरत रहने नै हो । कोष स्थापनाका जटिल पक्षहरुलाई सहकारी ऐन, नियमावली तथा कार्यबिधि मार्फत स्पष्ट व्यवस्था गरिएकोले अबको मुख्य काम भनेको जति सक्दो छिटो कोषको स्थापना गरी सञ्चालनमा ल्याउनु हो । मितव्ययी र प्रभावकारी कोष सञ्चालनका लागि तयार रही थप सुधारमा लाग्न आजको अभियानको भावी मार्गचित्र सहित साकोस अभियान निर्माणमा जुट्न सम्पूर्ण बचत ऋण सहकारीहरुमा अनुरोध छ । सहकारी ऐन २०७४ कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न ६ प्रकारका कार्यविधिहरु निर्माणको चरणमा यस केन्द्रीय संघ रहेको छ । स्थिरीकरण कोष सञ्चालन सम्बन्धी रणनीतिक कार्यशाला, बचत सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरण, अन्तरसहकारी कारोबार कार्यविधि र संघको रणनीतिक योजना निर्माण लगायतका काममा अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहकार्यमा संघको पहलकदमी रहेको छ ।

साकोस अभियानको थप सुदृढीकरण गर्न सहकारी ऐन र नियमावलीले दिशानिर्देश गरेका धेरै प्रावधानहरुको कार्यान्वयन वास्तवमै चुनौतीपूर्ण छ, तर असम्भव छैन । नेपालको सहकारी अभियानलाई नयाँ उचाइमा पुऱ्याउन, यसको गतिशिलतालाई थप बढाउन आम ६५ लाख सदस्यहरुको खरवौं रकमलाई सुरक्षित बनाउन सहकारी ऐन २०७४ र नियमावली २०७५ ले राखेका प्रावधानहरुको पालना हुनैपर्छ । “कानूनको अज्ञानता क्षम्य हुँदैन” यो कानूनशास्त्रको सिद्धान्त हो । सम्पूर्ण सहकारी संस्थाले सरकारको कानूनको पालना अनिवार्य रुपमा गर्नु पर्दछ ।


**संरक्षकः** परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति संयोजकः** चन्द्र प्रसाद ढकाल, **सदस्यहरुः** विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी
**सम्पादकः** शिवजी सापकोटा, प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून, **सह-सम्पादकः** राधा पौडेल, सूचना तथा सञ्चार अधिकृत, नेफ्स्कून



**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**



**केन्द्रीय कार्यालयः** नयाँ बानेश्वर, काठमाडौं, **फोन नं.**: ०१-४७८१९६३, ४७८०२०१,
**इमेलः** nefscun@nefscun.org.np, **वेबसाइटः** www.nefscun.org.np

# अध्यक्षको कलमबाट

नेपालमा बचत ऋण सहकारी अभियान सहकार्यको अनुपम नमुना हो । सहकारी ऐन २०४८ को धरातलमा स्थापना भएर सहकारी ऐन २०७४ को आधारमा विकासको गन्तव्य खोजेको बचत ऋण सहकारी अभियान आज पनि अलग्गै पहिचान सहितको विकासका लागि क्रियाशिल रहेको छ । नयाँ सहकारी ऐन तथा नियमावलीको कार्यान्वयनमा रहेको यस चरणमा बचत ऋण सहकारी अभियानका लागि थप अभिभारा युगले थपेको महसुस भएको छ । राज्यले कल्पना गरेको समृद्धिको यात्रालाई सहज बनाउन पनि बचत ऋण अभियानको गुणात्मक विकास आजको आवश्यकता भएको छ । समावेशी र दीगो आर्थिक प्रणाली विकास मार्फत आर्थिक विकास र सामाजिक सशक्तिकरणमा योगदान गर्न पनि बचत ऋण अभियानको वृहत सञ्जाल परिचालन हुन आवश्यक भइसकेको छ ।

योजनाबद्ध विकास आजको समृद्धिको आधार हो । यसका लागि बचत तथा ऋण सहकारीहरुको सञ्जालको पनि योजनाबद्ध विकास हुन आवश्यक छ । सहकारी ऐन २०७४ को दफा ११ को व्यवस्था अुनसार एक मात्र केन्द्रीय बचत ऋण बिषयगत सहकारी संघको प्रभावकारी र सदस्यमैत्री भूमिकाका लागि योजनाबद्ध विकासलाई पहिलो आधार मानी २८ औं बार्षिक साधारण सभावाट निर्वाचित संघको उत्साही सञ्चालक समितिले आगामी चार बर्षको लागि बचत तथा ऋण सहकारीहरुको पाँचौं योजना निर्माण मार्फत आगामी बर्षहरुको अभियानका जिम्मेवारीहरु परिभाषित गरेको छ । नेपाल सरकारले स्वीकृत गरेको पन्ध्रौं योजनाले लिएको सहकारी क्षेत्रको लक्ष्य प्राप्तीको लागि संघको पाँचौं योजना परिपुरक बन्ने अपेक्षा लिइएको छ ।

यस योजनामा बचत तथा ऋण सहकारी सञ्जाल भित्र रहेका संस्था र संघहरु मार्फत आवश्यक साझा सेवाहरुको विकास गर्ने अबधारण योजनाको प्राथमिकतामा राखिएको छ । सञ्जालमा बिद्यमान श्रोतहरुको परिचालन सञ्जाललाई आवश्यक पर्ने सेवाहरुको विकासका लागि उपयोग गरी सञ्जालको क्षमता र पेशागत विकास गर्ने अबधारणा यस योजनाले आत्मसाथ गरेको छ । यसका लागि बचत ऋण सहकारी अभियानको ध्येय दीगो वित्तीय सहकारी मार्फत समावेशी एवम् स्मार्ट सेवा सुनिश्चित गरी सदस्यको जीवनस्तर सुधार भन्ने स्वीकार गरिएको छ ।

यस ध्येयले वित्तीय सहकारीहरुको दीगोपना र सेवाहरुमा समावेशीपन मात्र स्वीकार गरेको छैन स्मार्ट सेवा सुनिश्चितताको वातावरण तयार गर्ने लक्ष्य लिएको छ । स्मार्ट सेवाले प्रबिधिमा आधारित



**परितोष पौड्याल**, *अध्यक्ष, नेफ्स्कून*

सेवा विकास, सदस्यमैत्री चुस्तदुरुस्त सेवाहरु तथा सेवाहरुमा नुतनपनको सुनिश्चितताको आधार तयार गर्ने लक्ष्य योजनामा स्वीकार गरिएको छ जसवाट आबद्ध सदस्यहरुको जिवनस्तरमा गुणात्मक सुधार सम्भव बनाउन सकिनेछ ।

चार बर्षको रणनीतिक अबधिको परिकल्पनाको रुपमा सवल र सक्षम वित्तीय सहकारीहरुको साझा सञ्जाल प्रस्ताव गरिएको छ । सवल र सक्षम वित्तीय सहकारीको विकासका लागि सहयोग पुग्ने क्रियाकलापहरु नै संघको आगामी चार बर्षको यात्राको रुपमा तय भएकोछ । यसका लागि सदस्यहरु समेतको स्वामित्वमा सञ्जालका साझा सेवाहरुको विकास पहिलो प्राथमिकतामा राखिएको छ । यस्तो साझा सेवाहरुवाट सञ्जालको साझा समस्याको समाधान गरी सञ्जालको क्षमता विकास र प्रभावकारी पैरबी मार्फत वित्तीय सहकारीहरुको दीगो सञ्जालको रुपमा बचत तथा ऋण सहकारी अभियान स्थापित हुने र यसवाट बचत ऋण सहकारीहरुको अलग्गै पहिचान बन्नेमा संघ विश्वस्त रहेको छ । योजना अबधिमा सञ्जालका सबै सदस्यहरुले आधारभूत वित्तीय सेवाहरु सञ्चालन गर्ने सक्षमता विकासका लागि संघ सहयोगी बन्न सक्ने कुरा यस योजनाले सुनिश्चित गरेको छ ।

बचत ऋण सहकारीता समाबेशी वित्तीय सेवाको सुनिश्चिताको लागि हो र सो को लागि यो अबधि कानुनी रुपमा समृद्ध वातावरण भएको अबधि हो । संविधानको तीन खम्बे अर्थनीति, नयाँ सहकारी ऐन, नियमावली र नयाँ योजनामा सहकारीता स्वीकार गरिएको यो अबधि दीगो विकास लक्ष्यमा सम्पूर्ण विश्व सहमत भएको र यसको प्राप्तिको लागि सबै

भन्दा महत्वपूर्ण अबयवको रुपमा विश्व भरि सहकारीलाई स्वीकार गरिएको युगिन क्षणमा हामीले स्वीकार गरेको गन्तव्य बचत ऋण सहकारीता मार्फत समृद्ध समाज निर्माणको आधार तयार गर्न सकिनेमा संघ विश्वस्त रहेको छ । बचत ऋण सहकारीता भित्र गतिशिलता स्थापित गर्न अभियानको उर्जापूर्ण योगदानलाई योजनामा लिपिबद्ध गर्ने क्रममा संघको सबै सवल पक्षहरुको उपयोग सञ्जालको पेशागत सक्षमता विकासमा हुने रणनीतिमा विश्वास लिइएकोछ । आजको वित्तीय बजार प्रतिष्पर्धामा आधारित छ, मुनाफामा आधारित छ र प्रबिधिले निर्देशित गरेको छ तर बचत ऋण सहकारीता मानवता सहितको सहकार्यको योगमा विश्वास गर्दछ ।

बचत ऋण सहकारीहरुको प्रबर्द्धनमा योगदान गर्न सक्नेहरुको बिचमा सद्भावपूर्ण सहकार्यलाई सबै भन्दा प्राथमिकतामा राखि सफलताको आधारको रुपमा लिइएको छ । आगामी दिनहरुमा बचत ऋण सहकारी संघ तथा संस्थाहरुको व्यवसायिक वातावरणमा सद्भावपूर्ण सहकार्य मार्फत दीगोपन विकासका लागि योगदान गर्न सक्षम हुने विश्वास लिइएको छ ।

बचत ऋण सहकारीहरुको स्थापना नै सहकार्यको अनुपम नमूना भएकोले यो नै सञ्जालको सबै भन्दा महत्वपूर्ण क्षमता हो । आज बचत ऋण सहकारीको संख्या बढि भएको आरोप होस् वा उत्पादनमा जान नसकेको भनि लाग्ने गरेको आरोप नै किन नहोस सबैको एउटै समाधान भनेको सहकार्य मार्फत साझा सेवाहरुको विकास हो भन्ने विश्वास संघले लिएकोछ ।

संघ र सदस्यहरुको सम्बन्ध र सेवाको दीगोपन पनि सहकार्यको मात्रा र गुणस्तरमा निर्भर हुन्छ । सञ्जालले अपेक्षा गरेको अभियान मैत्री वातावरणको प्राप्तीको लागि पनि सञ्जालको सद्भावपूर्ण सहकार्यको ज्यादै महत्व रहेको हुन्छ । त्यसैले संघ र संस्था अलग रुपमा नहेरी सहकार्यको लागि प्राप्त अबसरको रुपमा स्वीकार गरि अगाडि बढ्न सके मात्र बचत तथा ऋण सहकारी मार्फत सदस्यहरुको जिवनस्तर सुधार गर्न र सञ्जालको विकासमा इर्ष्या गर्नेहरुलाई सही जवाफ दिन सकिन्छ भन्ने विश्वास हाम्रो रहेको छ ।

बचत ऋण सहकारीहरुले सहकारी नियमावली २०७५ ले गरेको वित्तीय सहकारीहरुको परिभाषामा बसेर सदस्यहरुको जिवनस्तर सुधार गर्न तथा आबद्ध हुन नसकेकाहरुलाई आबद्धताका आधारहरु विकास गरि सञ्जालको दीगोपनको लागि सद्भावपूर्ण सहकार्य मार्फत दीगो अभियान निर्माणमा जुट्नु आजको युगको आवश्यकता हो भन्ने संघको विश्वास रहेको छ । यसका लागि सहकार्यमा साझा सेवाहरु विकास गर्ने सक्षमता संघ सँग रहेकोले यसको उपयोग मार्फत समृद्ध सदस्यहरु भएको सञ्जाल बनाउन सबैले योगदान गरौं यसवाट राज्यले राखेको समृद्धिको यात्रामा योगदान सम्भव हुन्छ ।

## नेफ्स्कूनलाई सिटिइभिटीद्धारा सहकारी तालिम सञ्चालन सम्बन्धन प्राप्त

नेफ्स्कूनलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्धारा (CTEVT) छोटो अवधिका तालिमहरु सञ्चालन का लागि फागुन १६ गते सम्बन्धन प्राप्त भएको छ । अभियानको माग बमोजिम नेफ्स्कूनको निरन्तरको प्रयास पछि परिषदले तालिम सञ्चालनका लागि सम्बन्धन प्रदान गरेको हो । यससँगै अब नेफ्स्कूनले तीन वटा मोड्युलका सहकारी सम्बन्धी तालिमहरु सञ्चालन गरी परिषद्बाट प्रमाणिकरण गराउन सक्नेछ । नेपालको सहकारी क्षेत्रमा दक्ष जनशक्ति तयार गरी अभियानलाई थप सुदृढ र बलियो बनाउनको लागि यो कार्यक्रमले सहयोग गर्ने विश्वास लिइएको छ । नेफ्स्कूनलाई परिषद्ले सहकारी व्यवस्थापक, रिसेप्सेन एवं क्यासियर (खजाञ्ची) र बचत तथा ऋण परिचालन गरी तीन वटा विषयमा तालिम सञ्चालन पश्चात परिषद्बाट शिप परिक्षणको लागि सम्बन्धन दिएको हो ।

नेफ्स्कून र परिषद्बिचको सहकार्यमा गत वर्ष यस सम्बन्धी पाठ्यक्रम निर्माण भई स्वीकृत भएको थियो । पाठ्यक्रम निर्माण कार्यमा नेफ्स्कूनको व्यवस्थापन, आबद्ध संस्थाका व्यवस्थापक लगायतका व्यक्तिहरुको महत्वपूर्ण भूमिका रहेको थियो । नेफ्स्कूनले तालिम केन्द्र मार्फत हरेक वर्ष दश हजार जनाको संख्यामा विभिन्न विषयहरुमा सहकारी सम्बन्धी शिक्षा तथा तालिम प्रदान गर्दै आएको छ भने यसै वर्षबाट परिषद्बाट प्रमाणिकरण हुने उल्लेखित तीनवटा तालिमहरु समेत सञ्चालन गर्नेछ ।

## राष्ट्रिय सहकारी दिवसको नारा "मर्यादित श्रम र पर्यटनका लागि सहकारी"

राष्ट्रिय सहकारी महासंघले ६३औं राष्ट्रिय सहकारी दिवस २०७६ का लागि 'मर्यादित श्रम र पर्यटनका लागि सहकारी' को नारा तय गरेको छ । वि.सं.२०१३ साल चैत्र २० गते बाढी पीडितहरुको पूर्नस्थापनाका लागि अन्तर्राष्ट्रिय निकायको सहयोगमा चितवनको बखानपुरमा स्थापित बखान ऋण समिति नै नेपालको पहिलो सहकारी भएको इतिहासलाई सम्झिँदै प्रत्येक बर्ष चैत्र २० गते नेपालमा राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ ।



राष्ट्रिय सहकारी महासंघले २०७६ को चैत २० गते ७७ वटै जिल्लामा सहकारी दिवस मनाउन आव्हान गरेको छ । नेपालले पर्यटन बर्ष २०२० मनाइरहेको अबसरमा महासंघले मर्यादित श्रम र पर्यटनको विकास र विस्तारका लागि सहकारीबाट योगदान बृद्धि गर्ने उद्देश्यले सहकारी दिवसको नारा तय गरिएको जनाएको छ ।

# नेफ्स्कूनको २८ औं बार्षिक साधारणसभा

नेफ्स्कूनको २८औं बार्षिक साधारणसभा २०७६ पौष ४ र ५ गते सदस्यहरुको उत्साहजनक सहभागीताका बीच काठमाडौंमा सम्पन्न भएको छ । साधारणसभाको औपचारिक उद्घाटन पौष ४ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले गर्नुभएको थियो ।




सभाको उद्घाटन गर्दै प्रमुख अतिथि मन्त्री अर्यालले सहकारी मार्फत मुलुक विकास गर्ने प्रशस्त सम्भावना रहेको बताउँदै सरकार र सहकारी अब साझेदारी अभियानलाई कृषि लगायत उत्पादनको यान्त्रिकीकरणमा जोड दिने कार्यमा सरकारको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले अब सहकरी क्षेत्रलाई विद्युतीकरण गरी अन्तर सहकारी कारोबार गर्नको लागि प्रविधियुक्त बनाउनुपर्नेमा जोड दिनुभयो ।

सभामा बोल्दै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडालले सहकारीले गरिबी निवारणमा महत्वपूर्ण भूमिका खेलेको बताउँदै सहकारी नर्कटको झाँङ जस्तो नभएर तल्लो तहबाट विकसित हुँदै आएको सामाजिक न्याययुक्त अभियान भएकोमा जोड दिनुभयो । सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सहकारी सदस्यको लागि भएको हुँदा सदस्यहरुलाई उत्पादनमा लगाई रोजगारी सृजना गर्न सहकारी लाग्नुपर्नेमा जोड दिनुभयो ।

सो कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेलले २१औं शताव्दीको सहकारी प्रविधिमैत्री बनाई समूह र राष्ट्र विकासको रुपमा अभियानलाई विकसित गर्नुपर्ने कुरामा जोड दिनुभयो । सभामा बोल्दै अन्तराष्ट्रिय संस्था सिक्ट्याव भारतका निर्देशक डा.के.के.त्रिपाठीले नेपालमा नेफ्स्कूनको नेतृत्वमा निर्माण हुन लागिरहेको सहकारी शिक्षा तथा तालिम केन्द्रका लागि भारतको कृषि मन्त्रालय अन्तर्गत रहेर सहयोग गर्ने बताउनुभयो । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । सभाका प्रमुख अतिथि माननीय मन्त्री अर्यालद्वारा नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाद्वारा लिखित "सहकारीको नजितामुखी व्यवस्थापन"को विमोचन गर्नुभएको थियो । नेफ्स्कूनले आबद्ध सहकारीहरु मध्येबाट उत्कृष्ठ सहकारीहरुलाई सम्मान समेत गरेको कार्यक्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी क्षेत्रका विशिष्ट व्यक्तिहरुको आतिथ्यता सहित देशभरका बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरुको उत्साहजनक सहभागीता रहेको थियो ।



# परितोष पौड्यालको अध्यक्षतामा उन्नाइस सदस्यीय सञ्चालक समिति र तीन सदस्यीय लेखा समिति चयन



नेफ्स्कूनको २८ औं बार्षिक साधारण सभाबाट २०७६ पौष ५ गते चार बर्षे कार्यकालका लागि परितोष पौड्यालको अध्यक्षतामा नयाँ नेतृत्व निर्वाचित भएको छ । अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, महिला उपाध्यक्ष १, महासचिव १, कोषाध्यक्ष १, सञ्चालक सदस्यहरु सात प्रदेशबाट १/१ जना, महिला ३ र खुला ४ गरी १९ सदस्यीय सञ्चालक समिति र संयोजक १ सहित ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित भएको हो । निर्वाचित पदहरुमध्ये बरिष्ठ उपाध्यक्षमा चन्द्र प्रसाद ढकाल, महिला उपाध्यक्षमा शान्ति अधिकारी, महासचिवमा दामोदर अधिकारी, कोषाध्यक्षमा दीपक पनेरु, लेखा सुपरिवेक्षण समिति संयोजकमा नवराज सापकोटा र सञ्चालक सदस्यहरुमा मन्दरा मिश्र, रिना आचार्य र विद्या कोइराला निर्विरोध हुनुभएको हो ।

त्यसैगरी प्रदेशगत सञ्चालक सदस्यहरुमा प्रदेश नं. १ बाट गोमा नेपाल, प्रदेश नं. २ बाट हेराम प्रसाद , प्रदेश नं. ३ बाट जिवसराज खड्का, गण्डकी प्रदेश बाट कमलादेवी गिरी, प्रदेश नं. ५ बाट सन्दिप सापकोटा, कर्णाली प्रदेशबाट यज्ञ प्रसाद ढकाल, सुदुर पश्चिम प्रदेशबाट माधव प्रसाद जोशी निर्विरोध हुनुभएको थियो । साथै लेखा समिति सदस्यहरुमा शुसिल कुमार बस्नेत र सुभद्रादेवी महतो निर्विरोध हुनुभएको थियो । अध्यक्ष पद र सञ्चालक चार सदस्य खुला पदका लागि पौष ५ गते सम्पन्न निर्वाचनबाट अध्यक्षमा परितोष पौड्याल, खुला सञ्चालक पदमा घनश्याम अधिकारी, न्हुछे नारायण श्रेष्ठ, जनक खत्री र चण्डी प्रसाद शर्मा पौडेल निर्वाचित हुनुभएको छ । संघमा आवद्ध सदस्यहरु मध्य नविकरण भएका २८२७ संस्थाबाट २००९ (७१.०६%) प्रतिनिधिको उपस्थिति रहेको थियो । निर्वाचन विद्युतीय भोटिङ मेसिनबाट सम्पन्न भएको थियो भने प्रमुख निर्वाचन अधिकृत, अधिवक्ता रामचन्द्र सिंग्खडा रहनु भएको थियो । ■■■

# साकोसहरूका लागि पर्ल्स अनुगमन प्रणाली तालिम



रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा सञ्चालित २४ वटा बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी र व्यवस्थापकहरुका लागि पर्ल्स अनुगमन प्रणाली तालिम माघ २२ गते सम्पन्न भएको छ । तालिममा साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमहरु कर्बस्, प्रोवेसन र एक्सेस मा आबद्ध साकोसका पदाधिकारी र व्यवस्थापक गरी ३६ जनाको सहभागीता रहेको थियो । माघ २० देखि २२ गते सम्म सञ्चालन भएको उक्त तालिम सहजीकरण संघका बरिष्ठ अधिकृत भरत न्यौपानेले गर्नुभएको थियो । तालिम उद्घाटन सत्रमा नेफ्स्कूनका सञ्चालक सदस्य सन्दीप सापकोटाको अध्यक्षता, राष्ट्रिय सहकारी महासंघका सञ्चालक रामकृष्ण खाँडको प्रमुख आतिथ्यता सहित संघका निवर्तमान सञ्चालक कृष्ण प्रसाद नेपाल, फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरु महेश्वर प्रसाद श्रेष्ठ र शुवकान्त न्यौपानेको उपस्थिति रहेको थियो ।■■■

# नेफ्स्कून उत्कृष्ट सदस्य संघसंस्था एवं व्यक्ति पुरस्कृत

नेफ्स्कूनले आर्थिक वर्ष २०७५/०७६ मा उत्कृष्ट कार्य गरेवापत विभिन्न विधामा उत्कृष्ट संघसंस्था एवम् व्यक्तिहरुलाई सम्मान तथा पुरस्कृत गरेको थियो । २०७६ पौष ४ गते सम्पन्न संघको २८औं बार्षिक साधारणसभाको उद्घाटन सभाका प्रमुख अतिथि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललले उत्कृष्ट संघसंस्था एवम् व्यक्ति सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको थियो ।




संघले गत बर्षको संस्थापक अध्यक्ष पुरस्कार विगत लामो समयदेखि सहकारी अभियानमा सक्रिय रुपन्देहीस्थित जनउत्थान साकोसका अध्यक्ष महिला सहकारीकर्मी ज्ञानु पौडेल र अभियानमा क्रियाशिल काभ्रे जिल्ला बचत संघका अध्यक्ष रामहरी के.सी.लाई प्रदान गरिएको थियो ।

नेफ्स्कून सर्वोत्कृष्ट साकोसमा ललितपुरस्थित कल्याणकारी साकोस र महिलाद्वारा सञ्चालित सर्वोत्कृष्ट साकोसमा सक्रिय महिला साकोस मकवानपुर पुरस्कृत भएका थिए । नेफ्स्कून प्रदेशस्तरीय उत्कृष्ट साकोसहरुमा प्रदेश नं. १ बाट सुन्दरपुर साकोस-मोरङ, प्रदेश नं २ बाट नन्देश्वर महिला साकोस-सर्लाही, प्रदेश नं. ३ बाट नवजागरण साकोस-मन्थली, गण्डकी प्रदेशबाट पोखरा रोयल साकोस -पोखरा, प्रदेश नं. ५ बाट सामूहिक विकास साकोस-रुपन्देही, कर्णाली प्रदेशबाट विरेन्द्रनगर साकोस सुर्खेत र सुदुरपश्चिम प्रदेशबाट जिवनज्योति साकोस-वैतडी पुरस्कृत भएका थिए । नेफ्स्कून अग्रज व्यक्तित्व सम्मान अन्तर्गत महिलातर्फ संघको पूर्व लेखा सुपरिवेक्षण समिति सदस्य हुमा डी.सी.(दाङ) र पुरुषतर्फ काठमाडौंका सुवर्ण कुमार कर्माचार्य सम्मानित हुनुभएको थियो ।

उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघमा बारा जिल्ला बचत संघलाई सर्वोत्कृष्ट संघ पुरस्कार प्रदान गरिएको थियो । त्यसैगरी नेफ्स्कून विद्धता पुरस्कारमा सुर्खेतका लिलाधर तिवारी, पि.एच.डी., नेफ्स्कून राइफाईसन क्रेडिट युनियन पुरस्कारमा Centre for International Cooperation and Training In Agricultural Banking CICTAB - सिक्ट्याब, भारत पुरस्कृत भएको थियो । नेफ्स्कून पत्रकारिता पुरस्कारतर्फ ललितपुरस्थित क्लासिक एफ.एम.का पत्रकार कृष्णचन्द्र बस्नेत पुरस्कृत हुनुभएको छ भने नेफ्स्कून उत्कृष्ट कर्मचारी पुरस्कारमा नेपालको साकोस अभियानको तर्फबाट उत्कृष्ट व्यवस्थापक रुपन्देहीस्थित कोलिय देवदह साकोसका व्यवस्थापक विनोद पराजुली र नेफ्स्कूनको उत्कृष्ट कर्मचारीतर्फ बरिष्ठ अन्तरलगानी सहायक मनोज कार्की पुरस्कृत हुनुभएको थियो ।



त्यसैगरी नेफ्स्कून प्रशंसा पुरस्कारतर्फ उत्कृष्ट नेकोस प्लस सफ्टवयर प्रयोगकर्तामा मोरङ-बेलबारीस्थित लालीगुराँस साकोस, उत्कृष्ट बचतकर्तामा लमजुङस्थित जनकल्याण साकोस, उत्कृष्ट शेयर खरिदकर्तामा काभ्रेपलाञ्चोकस्थित सामूदायिक साकोस र उत्कृष्ट लघुवित्तमा काभ्रेपलाञ्चोक स्थित ज्योति मिमिरे सामूहिक साकोस पुरस्कृत भएका थिए ।

अनुकरणीय उच्चस्तरको प्रविधि प्रयोग गर्ने साकोसमा नवलपरासीस्थित वीकू साकोस र साकोस एकीकरण अभियानमा दोलखास्थित मिलिजुली साकोसले उत्कृष्ट पुरस्कार प्राप्त गरेका थिए ।■■■



# सहकारीले ठूला मेघा परियोजना सम्म जानसक्ने 'आधार तयार पार्नुपर्छ

**मिनराज कडेल,** *अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ*

२०१७ साल माघ २० गते धादिङको तत्कालीन बेनीघाट गाविस रिचोकटार, मलेखुमा जन्मिनुभएका मिनराज कडेल नेपालको सहकारी आन्दोलनको सुपरिचित र अग्लो व्यक्तित्व हुनुहुन्छ। २०५३ सालमा मलेखुस्थित जनकल्याण बचत ऋण सहकारीसँगको आबद्धतासँगै यस क्षेत्र प्रवेश गर्नुभएका कडेल करिब साढे १२ वर्ष उक्त संस्थाको संस्थापक अध्यक्ष रहनुनिर्माण। हाल ७७ सय सदस्य रहेको उक्त संस्थाको उहाँ सदस्य नम्बर १ हुनुहुन्छ। त्यसयता, धादिङ जिल्ला संघको अध्यक्ष भएर १५ वर्ष काम गर्नुभएका कडेलले सहकारीका राष्ट्रिय अर्न्तराष्ट्रिय घटनाक्रमलाई नजिकबाट नियाल्दै आउनुभएको छ। उहाँले सहकारी र त्यसमा पनि साकोस अभियानको विकासक्रममा अहम भूमिका निर्वाह गर्नुभएको छ। यस क्षेत्रको लामो इतिहास बोक्नुभएका कडेल नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को दुई कार्यकाल अध्यक्ष र उपाध्यक्षको जिम्मेवारीमा रहेर लामो सयम बचत तथा ऋण सहकारी अभियानको नेतृत्व गरिसक्नुभएको छ। उहाँ सहकारी अभियानको नेतृत्व गर्दै पछिल्लो समय राष्ट्रिय सहकारी महासंघको बरिष्ठ उपाध्यक्ष हुँदै महासंघको २७ औं बार्षिक साधारणसभा पश्चात यहि मिति २०७६ पौष २७ गतेबाट अध्यक्षमा निर्वाचित हुनुभएको छ। नेपालको सहकारी अभियानका प्रमुख नेतृत्वकर्ता महासंघका अध्यक्ष कडेलसँग साकोस आवाजका सह–सम्पादक राधा पौडेलले गुर्नभएको सहकारी अभियान केन्द्रीत कुराकानीको सारसंक्षेप :

**राष्ट्रिय सहकारी महासंघमा भर्खरै यहा अध्यक्षको जिम्मेवारीमा रहादा महासंघले यतिवेला अगाडि सारेका मुख्य गतिविधि के हुन् ?**

मुलत महासंघको तर्फबाट हेर्दा यतिवेला लविइङ, एड्भोकेसी कै पाटो मुख्य हो, संघीय ऐन, प्रादेशिक ऐनमा पनि कतिपय सहकारी मैत्री नभएका दफाहरु छन्, तीनलाई संशोधनको तर्फबाट अगाडि लैजान पहल गरिराखेका छौं । प्रदेश ऐनहरु संघीय ऐन सँग बाझिएका विषयहरु छन्। सहकारी मैत्री नभएका दफाहरु छन् । स्थानीय तहले पनि आफै ऐन जारी गर्छ, त्यसका पनि कतिपय दफाहरु संशोधन गर्नुपर्ने वा नयाँ ऐन निर्माण गर्नुपर्ने विषय छन् भने पालिकीय ऐनहरु पनि भिन्न भिन्न छन् तिनलाई देशव्यापी रुपमा एकरुपता कायम गरी सहकारी मैत्री बनाउनुपर्ने छ। संघीय ऐन र प्रादेशिक ऐनको आधारमा स्थानीय तहका ऐनहरुलाई पनि सहकारी मैत्री बनाउन पहल गर्नुपर्ने सबभन्दा ठूलो चुनौती छ। ७ सय ६१ वटा सरकारसँग साक्षात्कार गर्नुपर्ने महत्वपूर्ण विषय हाम्रा सामु छ।

दोस्रो कुरा हाम्रा जिल्लास्तरीय संघहरु त्यती सक्षम छैनन्, विषयगत संघहरु, जिल्ला संघहरु र कतिपय केन्द्रीय संघहरु पनि आफ्नै खुट्टामा उभिन सक्ने वा संघहरुलाई व्यवस्थित रुपले चिनाउन सक्ने र सदस्यहरुलाई सेवा दिन सक्ने अबस्थामा छैनन्। केही केन्द्रीय संघहरु जस्तै नेफ्स्कून, कृषि केन्द्रीय संघ, दुग्ध केन्द्रीय संघले राम्रै गरेका छन् । तर कतिपय संघहरु राम्रो सेवा दिन सक्ने अबस्थामा छैनन्, तिनलाई क्रियाशिल र व्यावसायीक बनाउने विषयमा व्यावसायीक रणनीतिक योजना बनाएर तिनीहरुलाई दीगो र सवल बनाउने पाटोमा ध्यान दिनुपर्ने अबस्था छ। यससँगै राज्यको तीन तहको ढाँचा स्थानीय सरकार, प्रदेश र

संघीय सरकार भइरहेको सन्दर्भमा जिल्ला संघहरुको भूमिका के हुने हो ? जिल्लामा जिल्ला समन्वय समिति मात्रै त्यस विषयमा सहकारीका साथीहरु बसेर छलफल गरेर एउटा निश्कर्षमा पुग्नुपर्ने विषयहरु छन् । अर्को मुख्य विषय भनेको सहकारी संस्थाहरुले खाली वित्तीय कारोबार मात्रै गर्छन्, सहकारीहरु उत्पादन र व्यवसायमा गएनन् भन्ने आरोप मन्त्रीहरु, अन्य नेता तथा व्यक्तिहरुबाट पनि लाग्ने गरेको छ । अब सहकारीका पूँजीलाई खासगरी बचतका पूँजीलाई त हामीले दीर्घकालमा मा अरु उत्पादनमा लगाउन सक्दैनौ तर शेयरका रकमहरु बढाएर कोषको रकमहरुलाई परिचालन गरेर उत्पादनमा कृषि क्षेत्र, पर्यटन, जलस्रोत वा अरु तमाम खालका सेवा व्यवसाय का क्षेत्रमा सहकारीको पूँजी कसरी परिचालित गर्ने भन्ने विषय अर्को च्यालेञ्जिङ विषय छ । त्यसमा हामीले ध्यान दिनुपर्नेछ ।

**सहकारीको एकीकरण अभियानप्रति महासंघको भूमिका के रहेको छ ?**

हाल ३५ हजार भन्दा बढि सहकारीहरु छन् । देशभरीमा १४ हजारको हाराहारीमा बचत ऋण सहकारीहरु छन यति संख्यामा अब सहकारीहरु आवश्यक छैनन् यसलाई मर्ज गर्दै बलियो बनाएर सदस्यका हिसावले, पूँजीका हिसावले, कार्यक्रमका हिसावले र सेवाका हिसावले उत्कृष्ठ अभियानको रुपमा यसलाई अगाडि बढाउनुपर्छ भन्ने विषयमा जोड दिएका छौं ।

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने पनि धेरै संस्थाहरु खोल्ने र पछि एकीकरण गर्दै सेवा र उत्पादनका हिसाबले बलियो संस्था बनाउँदै लगेका राम्रा उदाहरणहरु छन् । सन २०१२ मा सम्पन्न प्रथम साकोस समिटमा पनि क्यानडा बाट रिसोर्स पर्सन ल्याएर सहकारी एकीकरण सम्बन्धी अभियान नै चलाएका थियौं । सहकारी अभियानलाई दीगो, सबल र प्रभावकारी बनाउनको लागि सहकारी एकीकरण अभियानलाई अगाडि बढाउन हामी निरन्तर लागिरहेकै छौं । अब हाम्रो परिवेशमा ३५ हजार भन्दा बढी सहकारी संस्थाहरु आवश्यक छैन । दुर दराजका हिमाली क्षेत्र वा सहकारी नपुगेका अरु ठाउँमा नयाँ गठन गर्ने विषयमा ध्यान दिनुपर्ने छ । कतिपय केन्द्रीय संघहरु र जिल्ला संघहरु पनि मर्ज गर्नुपर्ने अबस्थामा छन् । तलका प्रारम्भिक सहकारी संस्थाहरु पनि एकीकरणको माध्यमबाट बलियो बनाएर उद्देश्य अनुरुपको व्यवसाय गर्न सक्ने ठाउँमा पुग्नको लागि पनि अगाडि बढाउनुपर्ने विषय छ ।

**सहकारीलाई उत्पादनमूलक बनाउने भनिन्छ, यो कसरी सम्भव छ ?**

खासगरी हाम्रो संविधानले मुलत सार्वजनिक, निजी र सहकारीलाई जसरी प्राथमिकता दिएको छ । त्यसका अधारमा सहकारी संस्था वा संघले आफैले गर्न सक्ने व्यवसाय के हुन सक्छन् सहकारी सहकारी विचको साझेदारीमा के काम गर्न सक्छौं वा सहकारी र अरु निजी क्षेत्रसँग साझेदारी गरेर व्यवसायका लागि लगानी बढाउने कुरा र सँगसँगै विशिष्टिकृत संघ बनाएर अगाडि बढाउनुपर्ने विषय र निजी क्षेत्र, सहकारी र सरकार समेत मिलेर उत्पादनमूलक व्यवसायमा जानसक्ने कानूनी आधारहरु तयार पार्दै ठूला मेघा परियोजनाहरु सम्म पनि जानसक्ने बाटाहरु खुलाउनुपर्ने अबस्था छ ।

जसका माध्यमबाट देशमा रोजगारी सृजना गर्ने, रोजगारीका शिलसिलामा विदेश पलायन भईरहनु भएका युवा जनशक्तिलाई देशमै स्वरोजगार सृजना गरी आय आर्जन र उत्पादनका बाटाहरु निर्माण गरी मुलुकमा गरिबी न्यूनीकरण गरी समग्र मुलुकलाई समृद्धितिर अगाडि बढाउनको लागि र हाम्रो समृद्ध नेपाल सुखी नेपालीको राज्यको थीमलाई पुरा गर्नका लागि सहकारीले खेल्नुपर्ने भूमिका र यसलाई कसरी प्रभावकारी बनाएर लैजान सकिन्छ भन्ने विषयमा महासंघले छलफल र बहशहरु चलाएर अभियानलाई कसरी अगाडि बढाउने भन्ने विषयमा हामीहरु कटिबद्धताका साथ लागिरहेका छौं ।

**नेफस्कूनले स्थिरीकरण कोष सञ्चालनको तयारी गरिरहेको छ । यसप्रति यहाको धारणा के छ ?**

स्थिरीकरण कोष हामीले हिजो देखि उठाउँदै आएको विषय हो । कुनै संस्थालाई कुनै घटना क्रमबाट समस्या पर्दै आयो, कमजोर हुँदै आयो भने त्यसलाई बचाउन पर्‍यो भने स्थिरीकरण कोषको परिचालन गरेर र विना व्याजी ऋण दिएर सघन अनुगमन मार्फत संस्थालाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्दछ । सहकारी ऐन २०७४ मा भएको व्यवस्था, जुन कार्यान्वयनको चरणमा आइसकेको छ ।

नेफस्कूनका अध्यक्षले यसको अध्यक्षता गर्ने र संघमा कार्यालय रहने गरी काम अगाडि बढेको छ । यसमा विशेषत वित्तीय कारोबार गर्ने संस्थाहरुलाई कोषको आवश्यकता पर्ने हो । बचत तथा ऋणका संस्थाहरुको मात्र नेतृत्व गर्ने संस्था भएकाले नेफस्कूनले यस कोष सञ्चालनको जिम्मेवारी लिएको छ । अहिले मुलत अन्य दुई वटा संस्थाहरु जुन बहुउद्देश्यीय सहकारी संस्था र कृषि सहकारी संस्थाले पनि बचत तथा ऋणको कारोबार गर्दै आइरहेका छन् । यीनका पनि आफ्नै केन्द्रीय संघ छन् र आ-आफ्ना सदस्यहरुलाई सेवा दिने भएको हुनाले हामीले यसपटक ऐन संशोधनमा बचत ऋण सहकारीको स्थिरीकरण कोष नेफस्कूनमा रहेजस्तै भोलिका दिनमा बहुउद्देश्यीय वा कृषि सहकारीको पनि आफ्नै केन्दीय संघहरुले आफ्ना सदस्यहरुलाई सहयोग पुऱ्याउने र अप्ठेरोबाट जोगाउनको लागि त्यो कोष निर्माण गर्न पाउनुपर्ने प्रस्ताव पेश गरेका छौं ।

**कर्जा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोष स्थापनाको काम कहा पुग्यो ?**

कर्जा सूचना केन्द र बचत तथा कर्जा सुरक्षण कोषका सन्दर्भमा नियमावलीले विशिष्टिकृत संघको रुपमा सञ्चालन गर्ने भन्ने भएपछि महासंघले दुई तीनवटा बैठक तथा अन्तरक्रिया गरिसकेको छ र कर्जा सूचना केन्द्रका लागि विनियमको ड्राफ्ट पनि भैसकेको छ । कम्तिमा २५ वटा संघ संस्थाहरु मिलेर कर्जा सूचना केन्द्र गठन गर्ने । मन्त्रालय, विभाग, प्रदेश र अन्य संघ संस्थाहरुको पनि यसमा सहभागीता र शेयर सदस्यता रहन्छ ।

कर्जा सूचना केन्द्र गठन गरिसकेपछि यसले विभिन्न सहकारीमार्फत लिइने ऋण र ऋणिको क्रेडिट हिस्ट्रीको बारेमा जानकारी गराउँछ र कुनै व्यक्तिले कुनै संस्थाको ऋण नतिरेर कालो सूचिमा राख्नुपर्ने अबस्था आएको खण्डमा सम्बन्धित संस्थाको शिफारिसमा कर्जा सूचना केन्द्रले कालो सूचिमा राख्ने र उसले ऋण तिरिसकेपछि त्यही संस्थाको शिफारिसमा हटाउन सक्ने पनि व्यवस्था गरेको छ ।

कर्जा सूचना केन्द्र र कालो सूचि सँगै राख्ने कुराले हाम्रो सहकारी क्षेत्रमा खासगरी खराव नियतका बश ऋणको कारोबार गर्नेहरुलाई सचेत गराउने र तिनीहरुलाई ऋण नदिने कार्यमा यसले मद्दत पुऱ्याउँछ । र अर्को बचत तथा कर्जा सुरक्षण कोष भन्ने छ, बचतको पनि सुरक्षा र कर्जाको पनि सुरक्षणका लागि पनि विशिष्टिकृत संघबाट अगाडि बढाउनेकुरा पनि वर्कआउट भएको छ । यो अहिले प्रारम्भिक छलफलको चरणमा छ, यसमा पनि विनियम नै तयार पारेर जाने विषयमा महासंघले पहल गरिरहेको छ ।■■■

# नेफ्स्कूनको नवनिर्वाचित सञ्चालक समितिद्वारा पद तथा गोपनियताको सपथ



नेफस्कूनको नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले पौष ६ गते औपचारिक रुपमा पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको थियो । संघको २८ औं बार्षिक साधारण सभाद्वारा निर्वाचित सञ्चालक समितिलाई प्रमुख निर्वाचन अधिकृत अधिवक्ता रामचन्द्र सिंखडाले सपथ गराउनुभएको हो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशब बडाल, महासंघका बरिष्ठ उपाध्यक्ष एवम् नेफस्कूनका सल्लाहकार मीनराज कंडेल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती, बैंकका पूर्व अध्यक्ष एवम् महासंघका सञ्चालक सदस्य रमेश प्रसाद पोखरेल, निर्वतमान अध्यक्ष डी.बी. बस्नेतको उपस्थितिमा आयोजित कार्यक्रममा नवनिर्वाचित समितिका अध्यक्ष परितोष पौड्याल, बरिष्ठ उपाध्यक्ष चन्द प्रसाद ढकाल, महासचिव दामोदर अधिकारी, महिला उपाध्यक्ष शान्ति अधिकारी, कोषाध्यक्ष दीपक पनेरु, लेखा समिति संयोजक नवराज सापकोटा सहित सञ्चालक समिति सदस्यहरु, लेखा समिति सदस्यहरु र संघका उच्च व्यवस्थापनका कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा महासंघका अध्यक्ष बडालले नयाँ सञ्चालक समिति उर्जावान भएकोले नेफूस्कूनलाई थप उचाईमा पुयाउने विश्वास व्यक्त गर्नुभयो । सहकारीका केन्द्रीय निकायमध्ये बचत तथा ऋणको कार्य गर्ने नेफ्स्कून माउ संघ भएकाले थप जिम्मेवारी बोधका साथ अघि बढ्न शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले नयाँ समिति थप सशक्त ढंगले अघि बढ्ने आशा व्यक्त गर्नुभयो ।



कार्यक्रममा महासंघका बरिष्ठ उपाध्यक्ष एवम नेफ्स्कूनका सल्लाहकार कँडेलले २८ औं साधारण सभाले सहज नेतृत्व हस्तान्तरणको गतिलो उदाहरण पेश गरेको बताउनुभयो ।

साकोस अभियानलाई नीति, विधि र प्रविधिमार्फत थप उचाईमा लैजाने दिशामा नयाँ सञ्चालक समिति प्रभावकारी ढंगले अघि बढ्नुपर्नेमा कँडेलले जोड दिनुभयो । त्यसैगरी, नेफ्स्कूनका निर्वतमान अध्यक्ष डी.बी. बस्नेतले नयाँ समितिलाई बधाई दिदैं सबै पूर्व अध्यक्षहरु वाचडगका रुपमा संघसँग आबद्ध रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमलाई समापन गर्दै नवनिर्वाचित अध्यक्ष परितोष पौड्यालले नीति, विधि र प्रविधिलाई आत्मसात गर्दै थप सशक्त, एकताबद्ध र जुझारु ढंगले जिम्मेवारीबोधका साथ साकोस अभियानलाई अघि बढाउने विश्वास दिलाउनुनिर्माण । यस क्रममा संघका पूर्व अध्यक्षहरु, अभियानका अगुवाहरुको साथ र सहयोग नयाँ सञ्चालक समितिमा रहेको भन्दै अध्यक्ष पौड्यालले पदाधिकारीहरुको जोश, जाँगर र उत्साहको साथमा चुस्त व्यबस्थापनको सहयोगमा नेफ्स्कूनलाई गतिशिल बनाउने बचनबद्धता व्यक्त गर्नुभयो । ▪▪▪

# Cooperatives and The Sustainable Development Goals: Nepalese Context



**Chandrakala Paudel**
*Joint Secretary, Ministry of Land Management, Cooperative and Poverty Alleviation*

**Introduction**
From the primitive age, humans have been working together in the various ways, formally and informally, so as to make their lives safe and comfortable. Over the period, different forms of cooperation have emerged and converted into tradition across the world. Nepal is one of those countries where different ethnicities have been practicing different forms of cooperation. Tradition of "'parmapaat', 'dhikuri', 'mankaa', 'guthi' are few of them . However, cooperative as a formal organization is different since "the tradition of reciprocity does not necessarily mean cooperatives". The formal cooperatives emerged in Nepal only after the establishment of democracy in 1950s. However, cooperatives are defined and perceived differently during deferent political regimes.

Though, cooperative is a traditional institution of a couple of ethnicities in Nepal, it was first established in 1957 in order to provide the service of saving and credit to the members. Later, it was mobilized by the government as a tool to implement some of the government policies and programmes. Over the period, cooperatives were perceived as the government agencies. Moreover, the sector could not grow as the independent business organizations as expected. Then, Government of Nepal initiated the policy reform in 1990s. The reform provided independence and autonomy to the cooperatives due to which cooperative organizations were formed in all parts of the country. At present, about 73 percent households find at least one cooperative within an hour of walk; in every four persons there is a cooperative member in the country. However, the sad is that the sector is able to create just 64 thousand jobs within cooperatives—only 1.8 jobs per cooperative. Nearly 74 percent of the share capital in the cooperative sector is of saving credit cooperatives only.

**Current situation of cooperative movement in Nepal**
Currently, there are about 34737 primary cooperatives in Nepal. And, 325 district level unions and twenty national level unions are also working in their respective areas. At the apex level, National Cooperative Federation (NCF) is representing this sector and working for policy advocacy, networking and alliance building, and capacity building. A Cooperative Bank is working to serve the member cooperatives in their financial needs. Altogether, nearly 6.5 million people are associated with cooperatives in Nepal. Such cooperatives are founded in all the districts and geographic areas. According to Nepal Living Standard Survey 2010/11, about 73 percent of the households find a cooperative within an hour walk.

Cooperatives have helped improve people's access to finance significantly. In particular, they have played praiseworthy role in agriculture and in informal sectors. Recently, Nepal Rasra Bank revealed that the ratio of loan issued by cooperatives and by bank and financial institutions is about 14 percent.

Cooperatives are considered as the important social organizations. They are remembered for the contribution in community mobilization, empowerment, leadership development and democracy. One in every four people is associated with cooperatives in the country. Above 50 percent of the cooperative members are women, which is 21 percent of total population of the country. A significant number of present members of parliaments and local level leaders had initiated their carrier from cooperative movement. Cooperative sector is consulted during planning and budgeting activities by all levels of government.

Cooperatives are recognized as a pillar of the economy. So, many policies and programmes in the form of concessions, relaxation and subsidies are introduced so that cooperatives could grow as the vibrant business organizations. To illustrate, the incumbent Cooperative Act relaxes many obligations to the cooperative business. The government has been implementing various programmes since the eighth five year plan to build the business capacity and infrastructure for cooperative sector . Moreover, the government offers support measures frequently to this sector for value chain development of milk, fruits and vegetable marketing, consumer fair price shops, housing development, renewable energy development, and agricultural and herbal processing enterprises through its annual budgets. Recently published approach paper of the 15th five year plan envisions achieving economic prosperity and social transformation through qualitative and sustainable cooperatives.

Nepal's cooperative sector is largely dominated by saving credit services. According to the statistics produced by Department of Cooperatives, altogether 39 percent of primary cooperatives are saving-credit related which occupy 55 percent of the total members and 74 percent of total share capital of Nepal's cooperatives. Saving credit is the major service of multipurpose and agriculture cooperatives as well. Only few cooperatives dairy, tea and coffee related cooperatives in particular are engaged in value chain development and marketing activities. It shows

Cooperatives are recognized as a pillar of the economy. So, many policies and programmes-in the form of concessions, relaxation and subsidies-are introduced so that cooperatives could grow as the vibrant business organizations.

that Nepal's cooperatives are largely service oriented rather than being engaged in the production, processing and marketing activities. Hence, there are only about 63,500 direct employment being generated within cooperatives despite many efforts of the government. This is 1.8 jobs per cooperative staying far below the global average of 5.44.

Though the constitution aims to make Nepal's economy socialism-oriented, it follows the features of liberal economic system in general. So, a cooperative couldn't do business well unless it develops its entrepreneurial skills. And, it is argued that Nepal's cooperatives lack entrepreneurial skills to handle the changing market dynamics.

Development of SDGs Agenda

Looking into the historical context, when the global community was discussing about Post Millennium Development Goals (MDG) Agenda, International Cooperative Alliance (ICA) on behalf of world cooperative movement had already endorsed its decade long global strategy- "Blueprint of Cooperative Decade 2013-20" that states "cooperatives are the builders of sustainability". This shows how cooperatives have the closed tie with sustainable development. World community has already realized the roles of cooperatives in achieving Sustainable Development Goals (SDGs). To illustrate, the outcome document of 17th session of UN General Assembly that adopted the 2030 Agenda for Sustainable Development states that private business activity, investment and innovation are major drivers of productivity, inclusive economic growth and job creation and acknowledges the diversity of the private sector, ranging from micro-enterprises to cooperatives to multinationals. Then, a couple of UN agencies such as ILO, FAO have made memorandum of understanding/agreements with ICA regarding how they can make the partnership to sensitize the cooperatives on SDG issues and translate them into cooperatives' programmes/actions. Moreover, UN Department of Economic and Social Affairs (UNDESA) the UN's focal point on cooperatives is working for promotion and development of cooperatives at the national and international levels.

ICA states that "cooperatives have sustainability in their DNA". The principles and values of cooperatives themselves carry the idea and spirit of SDGs. For example, third principle (members' economic participation) helps the members of cooperatives irrespective of their gender, race and religion getting access to finance, support

of inputs and markets of their produces which eventually contribute to goal one (Poverty reduction), goal two (food security), goal five (gender), goal 8(inclusive growth, employment and decent job) goal 10 (reducing inequality), among others.

Implementation of second (democratic member control) and fourth (autonomy and independence) principles contribute to institutionalize the democratic values and principles, empower the women and marginalized communities economically and socially in the society which are helpful to achieve goal four (education and training), goal five (gender empowerment), goal 10 (inequality), goal 16 (peace, inclusion and justice). The other principles and values are also important achieve various SDG indicators. Against this context, if cooperatives are able to upgrade themselves by improving their entrepreneurship and internalizing the technology within them, their actions automatically contribute to the different targets of SDGs.

**Nepal's Sustainable Development Goal(SDGs) initiatives**

Nepal has made significant accomplishments in internalizing the SDGs. It has mainstreamed them into planning and budgeting, calculated the cost, and created the institutions.

- National Planning Commission (NPC) has prepared "Sustainable Development Goals: Status and Roadmap 2016-2030" in 2017. The document has not only localized the SDG indicators, but also brought the baseline values and set milestones for the year 2019, 2022, 2025 and 2030. UNDP is helping the provincial governments to prepare province-wise baseline of SDG as well.
- National Planning Commission has also prepared "Needs Assessment, Costing and Financing Strategy for Nepal's Sustainable Development Goals" which has calculated the total costs required to achieve all the SDG targets and financing gaps.
- National Planning Commission in partnership with UNDP Nepal is working to help localize and internalize the SDG in the provincial-level development planning. National Planning Commission has prepared two model-manuals for local and provincial governments in helping for Formulation of Periodic Plan of the respective provincial and local governments with adequately suggesting the process of internalizing and localizing SDGs and way of coordinating with the federal governments.
- NPC recently, prepared a web portal that shows the province-wise baseline information of SDG indicators and published approach paper of 15th five year plan has aligned its targets and harmonize its sectoral policies with SDGs to the larger extent.
- Government of Nepal has initiated coding the annual activities and respective budget line in the "Annual Development Programme" based on SDGs since 2016/17.
- Besides, the government has formed two high level committees to supervise and guide the SDG implementation and assessment. At the apex level, there is National Steering Committee on SDGs chaired by Prime Minister. Under this, Implementation Coordination and Monitoring Committee on SDGs is formed under the chairpersonship of the vice chair of National Planning Commission which will work for institutional arrangements, approval of the programmes to enhance capacity at local and regional levels, mobilization of financial resources to implement programmes, coordinate with stakeholders, and frame the indicators.
- Private sector is also taking into account the spirit and objectives of the SDGs and exploring the ways they could contribute. Private sector is organizing consultation and sensitizing its members about 'responsible business'.
- Moreover, civil society organizations have also created the forums to exchange the experiences and ideas with regard to their role in helping SDG implementation. It has recently published a "Perspective Report" and is organizing capacity building activities across the country.

**Sustainable Development Goals and cooperative**

Yet, Nepal's cooperative sector has made a couple of notable engagements with the issues of SDGs. For example, nearly 18 thousand saving credit and multi purpose cooperatives have been giving services to the 4.7 million members in improving their financial access. Nearly 11 thousand agriculture

cooperatives most of them are small farmer cooperatives which have their own history in agriculture development have been providing services of credits, inputs, and market to their member farmers.

Many programmes implemented by I/NGOs have promoted to form the cooperatives so that they could help unite women, poor and people from marginalized community; expand their access to credit; build small community infrastructure; get livelihood-related training; improve access to market, promote self-employment, among others. Significant size of multipurpose cooperatives based in the rural part of the country have been supporting farmers by providing improved seeds, loans, and chemical fertilizers. Dairy and cash crop related cooperatives have offered the sustainable income to their member-farmers.

Similarly, cooperatives have contributed for leadership development, women empowerment, awareness creation, among others: they have above 50 percent women members which is 21 percent of the total population of the country. Moreover, they frequently organize health camps for their members, conduct blood donation programmes, provide stipend to the children of the members, conduct tree plantation, supply biogas plants, among others.

Government of Nepal has taken many initiatives to stimulate the SDG alignments within cooperatives. The constitution which was promulgated in 2015 carries the spirit of sustainable development in general. Since it aims to make our economy socialism oriented, rapid economic growth, sustainable economic development, just distribution, elimination of economic inequality are the guiding principles of the constitution. And, in order to materialize those principles, cooperative sector is taken as one of the three pillars of the economy.

On policy/programme front, our government has recently brought long term vision of the country with the slogan "Prosperous Nepal and Happy Nepali". Under this slogan, we have developed the prosperous indicators and happy indicators separately which are aligned with indicators of SDGs. For example, we aim to reduce absolute poor and multidimensionally poor people from 18.7 percent and 28.6 percent to zero percent and 5 percent respectively by 2043. And, cooperative sector is expected to contribute to achieve those objectives significantly. To illustrate, cooperative sector is expected to contribute 5.4 percent of the total investment and 85 thousand additional jobs during the 15th plan period. So, we are keen to know from across the world regarding how cooperative could generate productive employment sustainably.

Nepal is probably the one of the first countries to produce SDG baseline in 2015. In 2017, National Planning Commission of Nepal published "Sustainable Development Goals: Status and Roadmap: 2016-30". It is the guiding document for all categories of stakeholders governmental organisations, private sector, cooperatives, and civil society organizations to know how they could align their programmes with SDGs. The document envisages the cooperative sector as the complement of private sector to create the sustainable jobs, achieve the food security, empower the women and children, promote the sustainable consumption and production, among others. Moreover, there are few indicators which are made exclusively for cooperative sector.

In 2018 only, National Planning Commission prepared "Need Assessment, Costing and Financial Strategy for SDGs". It expects that cooperative sector will invest 4.3 percent of total investment required to achieve SDGs. The strategy urges the governments at all levels to partner with the cooperatives on various fronts such as implementation of targeted intervention, mobilization of resources, enhancement of access to financial services, creation of inclusive economic growth, improvement of public service delivery, among others.

Contribution of cooperatives in leadership development, women empowerment and community mobilization is commendable. Yet, total number of direct employments is just 1.8 per cooperative whereas global employment (direct) by cooperative is 5.44 per cooperative. Contribution by cooperatives to GDP is negligible. So, objective of this visit is to observe the first hand information about how cooperatives could create employment opportunity, contribute to GDP at local level. NCF, the apex organization of

cooperatives in Nepal, formally decided to use the slogan "cooperatives for sustainable development". It has been organizing various capacity building activities targeting to its member organizations to sensitize SDG related issues across the country. In support of CMDP (a joint initiative of our ministry and UNDP Nepal), it is preparing "SDG Guidelines for Cooperatives".

In order to mobilize the cooperatives as the vibrant business organizations, Government of Nepal has made a couple of initiatives. To illustrate, new Cooperative Act 2017 has been enacted replacing the old cooperative act. The new act gives rights to every citizen to form cooperative and rights to every cooperative to conduct any kind of business unless otherwise specified. According to the new act, cooperatives are autonomous and can make their rule/bylaw, business plan and benefit sharing method on their own. They can also develop their own brand. They could mobilize the resources on their own way.

**Contribution to SDGs by Cooperatives**
**Goal 1-No poverty**

- Nearly 18 thousand saving credit + multipurpose coops promoted by 4.7 million members are providing access to finance to the rural and urban poor (informal business, farmers; without collateral).
- 330 cooperatives federated under MEDEP have brought significant size of population out of poverty through entrepreneurship development
- NLSS 2010/11 shows that if 25 per cent of the households are in absolute poverty, only 17 per cent of the households who have access to cooperatives are absolutely poor.
- Various programmes like LGCDP (Above 600 Citizen Awareness centres formed by the poorest and marginalized people residing in the poorest areas of the particular local units), Women Development programme (2000 women groups federated to cooperatives) have helped poorest and marginalized section of the poorest area part of local units to expand their access to credit, build small community infrastructure, get livelihood-related training, improve access to market, promote self-employment and pull out them from the poverty in the sustainable way

**2. Zero hunger**

- Nearly 11 thousand agriculture cooperatives most of them are small farmer cooperatives which have their own history in agriculture development since Small Farmers Development Programme (SFDP) have truly contributed in improving the agriculture productivity in Nepal by various means.
- In addition to agriculture cooperatives, significant size of multipurpose coops based in the rural part support farmers by providing improved seeds, loans, and chemical fertilizers to support to improve the agriculture productivity.
- Few cooperatives in Morang and Sunsari has adopted SRI technology and mechanization which have increased the productivity multiple times many have started replicating it.
- A few number of cooperatives in a number of districts partnering with community to promote community seed banks, biodiversity blocks and conserving agriculture related genetic resources and associated traditional knowledge
- Dairy cooperatives, fruits and vegetable cooperatives and other cooperatives have contributed in fulfilling the nutrition needs of the country.

**Goal-3 (Good health and wellbeing)**

- 14,453 members have established about 128 health-related cooperatives which provide basic to secondary health services
- Some other kinds of cooperatives are also providing occasional health checkup services to its members and senior citizens of the family of the members while celebrating the occasions like anniversary of the cooperatives

**Goal-4- Access to quality education**

Jyotiday Cooperative School, Bajrabarahi, Lalitpur: 1) while casting vote to select captain and vice captain 2) world evn day

**Goal 5- Gender Inequality:**

- Nearly 51 % of the cooperative members in Nepal are women: 31 percent of total women above 15 years are associated in any of the coops, this is about 21 percent of total population
- A significant size of leadership in LGUs are groomed by

cooperatives who are now performing judiciary services to respective LGUs: in Makawanpur, all deputies are from cooperatives .

**Goal 6: Clean water and sanitation**

- More than 10 cooperatives are in a consortium called, WASH Alliance Nepal, and assisting the mission to improve the access to safe drinking and sanitation
- WASH Sector Development Plan 2016-30: "Water Users and Sanitation Committee (WUSC) will be encouraged to form Water Supply Management Cooperatives"

**Goal 7: Access to clean energy**

- 41380 members associated with 463 electricity consumer cooperatives. They are mostly involved in distributing the electricity to the member-consumers efficiently
- Established in 2004, Nepal's first Khimti Rural Electric Cooperative Limited is managing a 635kW mini-hydro power plant in Dolakha and supplying renewable electricity to 4,600 households; owns power plant, as well as the transmission & distribution system.
- NACCFL is also conducting various activities to promote biogas

**Goal 8: Decent work and economic growth:**

- Above 63,000 direct jobs in cooperative sector. (1.7 per cooperative)
- Hundreds of thousand indirect jobs are created by cooperative organizations

SDG Status and Roadmap Report: It has expected the contribution of cooperative sector to compliment public and private sector in attaining sustainable jobs, food security, women empowerment, sustainable consumption and production, among others. Moreover, there are few indicators set for cooperative sector exclusively. Need Assessment, costing and financial Strategy for SDGs: The document, recently published by National Planning Commission highlights how cooperatives could contribute to SDGs through creating jobs in community-led initiatives such a construction of housing, food security through community agricultural production, community health services, environment security such as community forest management, and engagement in governance of financial safety nets, among others. Altogether, cooperative sector is expected to finance 4.3 percent of total SDG investment need. In order to ensure this investment, government has already brought new cooperative act, replacing old one, to facilitate the investment of cooperatives. This year itself, through its annual budget, government indicated its intention to modernise/commercialise/ mechanise agriculture sector through cooperatives.

The subject mentioned strategy urged the governments at all level to partner with the cooperatives on various fronts such as: (iv) implementing targeted interventions for poverty, hunger, energy, tourism, industry, housing, climate change, and forestry; (v) mobilizing domestic resources for bridging the SDG financing gap; (vi) enhancing access to financial services such as saving and credit, crop, live - stock, and health insurance (member protection); (vii)achieving the goals of inclusive growth, decent work and productive employment, reduction in income inequality, sustainable consumption and production patterns, and distribution, and (viii) making effective public service delivery (such as distribution of agro-inputs, distribution of subsidized food, delivery of relief materials for disaster-affected people, and delivery of public subsidies and grants).

**Conclusion**

Sustainable development goals are aimed at ensuring economic, social and environmental justice to the present as well as future generations. So, every stakeholder from an individual to multinational businesses and organizations has own role to contribute to those objectives. Moreover, researchers, policy makers, thought leaders, development partners should think about how even an inactive individual/agency could be mobilized so that synergy is created in the work. For many reasons, cooperatives are important stakeholder of the Agenda 2030. Hence, policies, finance, laws need to be harmonized in such a way that cooperative sector could make the tangible contribution to this agenda. I believe that cooperative sector should also have commitment towards the spirit of SDGs. I hope that presentations and deliberations in the following sessions will help me understand how the governments and cooperative sector could collaborate so that our cooperatives would be able to contribute to SDGs tangibly.

■■■

## स्थिरीकरण कोष सम्बन्धी राष्ट्रिय गोष्ठी



जोखिम मुक्त, दीगो र भरपर्दो बचत ऋण सहकारी अभियानका लागि स्थिरीकरण कोषको शुरुवात सम्बन्धमा बचत ऋण सहकारी अभियानका प्रतिनिधिहरु र सरोकारवाला निकायहरुद्धारा सामूहिक ऐक्यबद्धता जाहेर भएको छ ।

२०७६ माघ २७ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) को आयोजनामा काठमाडौंमा सम्पन्न स्थिरीकरण कोष सम्बन्धी राष्ट्रिय गोष्ठीमा बोल्दै उक्त ऐक्यवद्धता जाहेर गरेका हुन् । गोष्ठीको उद्घाटन प्रतिनिधि सभा सदस्य एवम कृषि सहकारी एवं प्राकृतिक स्रोत समिति तथा सहकारी उपसमिति संयोजक माननीय घनश्याम खतिवडाले गर्नुभएको थियो । गोष्ठीलाई संम्बोधन गर्दै खतिवडाले स्थिरीकरण कोष बचत तथा ऋण सहकारीको प्रबर्द्धन र विकासका निम्ति भएकोमा कसैको दुई मत नहुने भन्दै सहकारीको विकासका लागि छुट्टै सहकारी मन्त्रालय र बचत तथा ऋण सहकारी ऐनको आवश्यकताका सम्बधमा जोड दिनुभयो ।

सहकारी विभागका रजिष्ट्रार डा.टोकराज पाण्डेले स्थिरीकरण कोष कार्यविधि जारी भएको छ, कोष सञ्चालनमा नेफ्स्कूनले सही पहलकदमी अगाडि बढाउन र सम्पूर्ण बचत तथा ऋण सहकारीहरु ढुक्कका साथ आजैबाट स्थिरीकरण कोषमा सहभागी हुन आब्हान गर्नुभयो । गोष्ठीमा संघका पूर्व अध्यक्ष ऋषिराज घिमिरेले स्थिरीकरण कोषको आवश्यकता सम्बन्धमा र नेफ्स्कूनका परामर्शकर्ता शिव अधिकारीले स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यबिधि र कार्यान्वयन रणनीति, २०७६ सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेल, राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेश पोखरेल, राष्ट्रिय सहकारी बैकका अध्यक्ष के.बी. उप्रेती लगायतले स्थिरीकरण कोष सञ्चालन सम्बन्धी ऐक्यबद्धता मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्थिरीकरण कोष सञ्चालन समितिका सदस्यहरु, नेफस्कूनका निवर्तमान अध्यक्ष, पूर्व अध्यक्ष, सञ्चालक समिति, लेखा समिति लगायत विभिन्न जिल्लाबाट सहभागी हुनुभएका साकोसका प्रतिनिधिहरु र कर्मचारीहरुको उत्साहजनक सहभागीता रहेको थियो । नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष परितोष पौड्याललले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने महासचिव दामोदर अधिकारीले कार्यक्रम उद्घोषण गर्नुभएको थियो । गोष्ठीले स्थिरीकरण कोषको प्रारम्भिक भेलामा छलफलका लागि चारवटा प्रस्तावहरु समेत पारित गरेको छ । उक्त ४ प्रस्तावहरुमा :

- बचत ऋण सहकारी संस्थाहरुको जोखिम व्यवस्थापनका लागि स्थिरीकरण कोष स्थापना गर्न हामी तयार छौं ।
- सहकारी नियमावलीको नियम ७४ को उपनियम (४)बमोजिम आवश्यक न्यूनतम प्रारम्भिक योगदान पुग्ने गरी कोषमा रकम जम्मागर्न हामी प्रतिबद्ध छौं ।
- प्रारम्भिक योगदानको रकम २०७६ चैत्र मसान्त भित्र जम्मा गर्न हामी तयार छौं ।
- प्रारम्भिक योगदान वापत प्राप्त हुने रकम कार्यबिधि अनुसार बैंक खातामा राख्न हामी प्रतिबद्ध छौं । ▪▪▪

## विभिन्न जिल्लामा आयोजित स्थिरीकरण कोष सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी अभिमुखीकरण

**काठमाडौं**

नेफ्स्कूनको आयोजना र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा स्थिरीकरण कोष सञ्चालन सम्बन्धी रणनीतिक कार्यशाला गोष्ठी माघ २० गते काठमाडौंमा सम्पन्न भएको छ । नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालको अध्यक्षतामा आयोजित गोष्ठीको उद्घाटन सहकारी विभागका उपरजिष्ट्रार शशि कुमार लम्साललले गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेल, नेफ्स्कूनका महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दीपक पनेरु, नेफ्स्कूनका पूर्व अध्यक्ष एवम् सल्लाहकार ऋषिराज घिमिरे, नेफ्स्कूनका सञ्चालक सदस्यहरु, स्थिरीकरण कोष सञ्चालन समितिका सदस्यहरु, आइएलओ का प्रतिनिधि र विभिन्न बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवम् व्यवस्थापकहरुको उपस्थिति रहेको थियो ।

स्थिरीकरण कोषको कार्यान्वयन रणनीति, २०७६ को प्रस्तुतीकरण स्थिरीकरण कोष रणनीतिक कार्ययोजना परामर्शकर्ता शिव कुमार अधिकारीले गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि सहकारी विभागका उपरजिष्ट्रार शशि कुमार लम्साललले सहकारी ऐन २०७४ ले नयाँ विषय समेटेर आएको छ, सहकारी ऐन र नियमावलीमा व्यवस्था भएको विषयलाई तत्काल शुरु गरेर बचत तथा ऋण सहकारी अभियानमा स्थिरीकरण कोष कार्यान्वयले वित्तीय सुशासन कायम गर्न र संस्थागत सक्षमता विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने बताउनुभयो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेलले स्थिरीकरण कोषलाई बचत ऋण अभियानको जगेडा कोषको रुपमा लिएर अगाडि बढ्न सकिने बताउँदै स्थिरीकरण कोष सञ्चालन कार्यविधिमा कोष सञ्चालन सम्बन्धी केही अप्ठेराहरु भएमा ऐन तथा नियमावली संशोधन प्रक्रियाकै क्रममा स्पष्ट व्यवस्था गर्न महासंघले पनि आफ्नो ठाउँबाट पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेफ्स्कूनका पूर्व अध्यक्ष एवम् सल्लाहकार ऋषिराज घिमिरेले कानुनी प्रक्रियामा जे जस्ता अप्ठेराहरु छन् त्यसलाई पनि फुकाउँदै जान र कोष स्थापनामा ढिलाई नगर्न अनुरोध गर्दै स्थिरीकरण कोष सञ्चालन समिति कटिबद्धताका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले अभियानमा कोष खडा गर्न साकोसहरुले एकपटक दिल खोलेर लाग्नुपर्ने बताउँदै अभियानकै एकीकृत आवाज लिएर कोष सञ्चालनमा जानुपर्ने आवश्यकता औंल्याउनुनिर्माण ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले बचत ऋण अभियानभित्र स्थिरीकरण कोष सञ्चालन, व्यवस्थापनको जिम्मेवारीमा जे जस्ता समस्याहरु छन् तिनलाई ऐन, विनियम संशोधन मार्फत अगाडि बढाउँदै लैजान सहकारी विभाग र मन्त्रालयले सकारात्मक रुपमा लिइदिनुहुन अनुरोध गर्दै स्थिरीकरण कोष स्थापनामा सहभागी हुन सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरुलाई आव्हान गर्नुभएको थियो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले बचत ऋण अभियानमा स्थिरीकरण कोषको स्थापना र प्रभावकारी परिचालनको माध्यमबाट वित्तीय सुरक्षा प्रदान गरी बचत तथा ऋण सहकारी संस्थालाई सबल र सुदृढ बनाउन नेफ्स्कूनको पहलकदमी रहेको जानकारी गराउनुनिर्माण । नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले साकोस अभियानको सुदृढीकरणका लागि स्थिरीकरण कोष कोशेढुङ्गा सावित हुने बताउँदै कोष स्थापनाका कार्यविधिगत आधारहरु तय गर्न र कोष अभिबृद्धिको रणनीति विकास गर्न अभियानको एकीकृत आवाज समेटिने बताउनुभयो ।

उक्त कार्यशालामा सहभागी साकोस प्रतिनिधिहरुबाट रणनीतिक कार्ययोजनामाथी सुझावहरु संकलन गरिएको थियो । सोही क्रममा आइएलओ का कार्यक्रम सहायक नविन कुमार कर्ण, भक्तपुर जिल्ला बचत संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजु, विन्धवासिनी साकोसका कोषाध्यक्ष शान्त कुमार श्रेष्ठ, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले सुझावहरु प्रस्तुत गर्नुभएको थियो । ▪▪▪

## कैलाली

कैलालीको अत्तरियामा साकोस सुदृढीकरण तथा स्थिरीकरण कोष ब्यवस्थापन कार्यशाला माघ ८ गते सम्पन्न भएको छ । नेफ्स्कून फिल्ड कार्यालय कञ्चनपुरको आयोजनामा कैलालीको अत्तरियामा सम्पन्न उक्त कार्यक्रममा नेफस्कून सञ्चालक सदस्य माधव प्रसाद जोशीको अध्यक्षता तथा राष्ट्रीय सहकारी महासंघका सञ्चालक माननीय तारालामा तामाङ्को प्रमुख आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा सुदूरपश्चिम बचत तथा ऋण सहकारी संघका सचिव तुलसी शर्मा, कञ्चनपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष तथा कञ्चनपुर फिल्ड ब्यवस्थापन उप-समिति सदस्य भवानी चन्द, सचिव मोहन चन्द, नेफस्कून प्रदेश उप-समिति सदस्य जगदिश भट्ट लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि तामाङ्ले सुदूर पश्चिम क्षेत्र भित्र रहेका सहकारी संस्था र अभियानको बृद्धि विकासका लागि सधै आफ्नो भूमिका सहकारी क्षेत्रकै हितमा रहने बताउनु निर्माण । साथै नेफ्स्कूनले हाल सम्म गर्दै आएका कामहरु केन्द्र देखि स्थानीय स्तर सम्म अत्यन्त सह्रायिन रहेको बताउनु निर्माण । नेफ्स्कूनले बचत तथा ऋण सहकारी संस्थाहरुको बृद्धि विकासका लागि आवश्यकता अनुसार विभिन्न तालिम तथा कार्यक्रमहरुको आयोजना गरी बचत तथा ऋण सहकारी संस्थाहरुलाई सुदृढ तथा बलियो बनाउदै लगेको र बचत तथा ऋण सहकारी संस्थाहरुमार्फत कृषि क्षेत्रको प्रवद्धनमा समेत जोड दिँदै आएको बताउनु निर्माण ।

नेफस्कूनका सञ्चालक सदस्य माधव जोशीले नेफस्कून सदस्यहरुको हकहितको निम्ति सुशासित र ब्यावसायिक साकोस निर्माणको लक्ष्य सहित अगाडि बढेको जानकारी गराउनुनिर्माण । उहाँले सहकारी ऐन २०७४ र नियमावली २०७५ सहकारी मैत्री रहेको बताउदै अब नीति, विधि र प्रविधि अनुरुप संस्था सञ्चालन गरी साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमहरुमा सहभागी हुन र संस्थाको परीक्षण गरी स्वास्थ्य साकोस निर्माणमा प्रतिवद्धताका साथ लाग्न सम्पूर्ण साकोसकर्मीहरुलाई आग्रह गर्नुनिर्माण । कार्यक्रममा कञ्चनपुर र कैलाली जिल्लाबाट गरी ६५ साकोसका ८२ जना साकोस प्रतिनिधिहरुको सहभागीता रहेको थियो । कार्यक्रममा संघका बरिष्ठ कार्यक्रम अधिकृत दीपक ढुंगानाले साकोस अभियान सुदृढीकरण तथा स्थिरीकरण कोष ब्यवस्थापनका नितिगत व्यवस्था सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । ▪▪▪

## चितवन

चितवन, नवलपुर, नवलपरासी, रुपन्देही र मकवानपुर गरी पाँच जिल्लाका बचत तथा ऋण सहकारीकर्मीहरुबीच स्थिरीकरण कोष सञ्चालन सम्बन्धी अभिमुखीकरण माघ १९ गते चितवनमा सम्पन्न भएको छ । स्थिरीकरण कोष के हो र यसको आवश्यकता र महत्व के छ ? साथै कोष सञ्चालनको कानूनी र नीतिगत व्यवस्था सहित २०७६ मंसिर ५ को मन्त्रीस्तरीय बैठकको निर्णय बमोजिम नेफस्कूनलाई प्राप्त स्थिरीकरण कोष कार्यविधिका सम्बन्धमा



## बाँके

स्थिरीकरण कोष के हो ? यसको आवश्यकता र महत्व के छ ? साथै कोष सञ्चालनको कानूनी र नीतिगत व्यवस्था सहित २०७६ मंसिर ५ को मन्त्रीस्तरीय बैठकको निर्णय बमोजिम नेफ्स्कूनलाई प्राप्त स्थिरीकरण कोष कार्यविधिका सम्बन्धमा माघ १२ गते नेपालगञ्ज अभिमुखीकरण सम्पन्न भएको थियो । कार्यक्रममा स्थानीय सहकारी अभियन्ताहरु सहित बाँके, बर्दिया, सुर्खेत, दाङ र सल्यान जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरुबाट गरी १४६ जना साकोस प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।



कार्यक्रम नेफ्स्कूनका कोषाध्यक्ष दीपक पनेरुको अध्यक्षता र महासचिव दामोदर अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । महासचिव अधिकारीले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै स्थिरीकरण कोष सम्पूर्ण सहकारीहरुको सुरक्षा कवज रहेको र यसले सहकारीहरुलाई स्टेवलाईजरले काम गरे जस्तै सहकारीहरु संकट तथा जोखिममा रहेमा वित्तीय सापटी तथा व्यवस्थापकीय सहयोग गरी जोखिम तथा टाट पल्टिएका सहकारीहरुलाई पुनः जिवित गरी सञ्चालनमा सहयोग गर्ने भएकोले यसमा सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरु सहभागी हुन आग्रह गर्नुभएको थियो । नेफ्स्कूनले दक्षिणकोरीयामा नाकुफोकले सञ्चालन गरेको स्थिरीकरण कोष जसरी नै वासलातको केही निश्चित प्रतिशत रकम कोषमा उपलब्ध गराउने र यसो हुँदा सम्पूर्ण सहकारीहरुलाई कोषमा आवद्ध गर्न सकिने कुरामा बहस पैरबी गर्दै आईरहेको बताउनु निर्माण । संस्थाको सुदृढीकरणका लागि नेफ्स्कूनको पहलमा स्थिरीकरण कोषले कानूनी बैधता पाएको र अब यो कोष सञ्चालनमा साकोसहरुको सक्रिय सहभागीताका लागि अनुरोध गर्नुभएको थियो ।



कार्यक्रममा नेफ्स्कूनका नायव प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले स्थिरीकरण कोष र यसको सञ्चालन आवश्यकताका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो भने वरिष्ठ अधिकृत दीपक ढुंगानाले स्थिरीकरण कोषको कानूनी, नितीगत व्यवस्था र मन्त्रालयद्धारा स्वीकृत स्थिरीकरण कोष आन्तरीक कार्यविधिको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । संघका व्यवसाय विभाग प्रमुख सञ्जय राज तिमिल्सिनाले ब्यवसाय वृद्धी र विकासमा योगदान पुऱ्याउने सहकारीहरुलाई धन्यवाद व्यक्त गर्नुभएको थियो । ■■■

छलफल भएको थियो । कार्यक्रममा नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीको अध्यक्षता, अध्यक्ष परितोष पौड्याल को प्रमुख आतिथ्यता, बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, महासचिब दामोदर अधिकारी, लेखा सुपरिवेक्षण समिती सयोंजक नवराज सापकोटा, नेफ्स्कूनका सञ्चालक सदस्यहरु लगायत स्थानीय सहकारीकर्मीहरु सहित पाँच जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरुबाट गरी १६८ जना साकोस प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि एमव् संघका अध्यक्ष पौडेलले संस्थागत सुदृढीकरणका लागि नेफ्स्कूनको पहलमा स्थिरीकरण कोषले कानूनी बैधता प्राप्त गरेको र अब यो कोष सञ्चालनमा साकोसहरुको सक्रिय सहभागीताका लागि अनुरोध गर्नुभएको थियो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै स्थिरीकरण कोष सम्पूर्ण सहकारीहरुको सुरक्षा कवज रहेको तथा जोखिममा रहेमा वित्तीय सापटी तथा व्यवस्थापकीय सहयोग गरी जोखिम तथा टाट् पल्टिएका सहकारीहरुलाई पुनः जिवित गरी सञ्चालनमा सहयोग गर्ने भएकोले यसमा सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरु सहभागी हुन आग्रह गर्नुभएको थियो । कार्यक्रममा नेफ्स्कूनका कार्यक्रम विभाग प्रमुख दुर्गा प्रसाद ढकालले स्थिरीकरण कोष र यसको सञ्चालन आवश्यकताका सम्बन्धमा कोषको कानूनी, नितीगत व्यवस्था र मन्त्रालयले स्वीकृत गरेको स्थिरीकरण कोष आन्तरीक कार्यविधिको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । ■■■



# साकोस सुदृढीकरण र व्यवसाय विस्तारका लागि सदस्यसँग नेफ्स्कून अन्तरक्रिया कार्यक्रमहरू

## रुपन्देही

बुटवल उप.मा.न.पा. ८ रुपन्देहीमा नवलपरासी, रुपन्देही र कपिलबस्तु जिल्लामा सञ्चालित साकोसका व्यवस्थापकहरुबीच माघ ७ गते नेफ्स्कून अन्तरक्रिया सम्पन्न भयो ।

नेफ्स्कूनका सञ्चालक सदस्य सन्दीप सापकोटाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि नेफ्स्कूनका महासचिव दामोदर अधिकारी लगायत कोषाध्यक्ष दीपक पनेरु, राष्ट्रिय सहकारी महासंघका सञ्चालक भिम प्रसाद तुलाचन, रुपन्देही बचत तथा ऋण सहकारी संघका अध्यक्ष प्रकाश भट्राई, कोषाध्यक्ष खेमराज पाण्डे, प्रस्तावित विशिष्ठीकृत सहकारी संघका अध्यक्ष खगराज शर्माको विशेष उपस्थिति रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै महासचिव अधिकारीले साकोस अभियानलाई दीगो र संस्थागत बनाउन साकोस अभियानकर्मीहरु एक भएर अगाडि बढ्नुपर्ने बताउँदै नीति, विधि र प्रविधि मैत्री साकोस सञ्चालनमा लाग्न सम्पूर्ण साकोस व्यवस्थापकहरुलाई अनुरोध गर्नुभयो । कोषाध्यक्ष दीपक पनेरुले साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रममा सहभागी भई साकोसको गुणस्तर सुधार, सुशासन कायम र गुणस्तर प्रमाणीकरण ब्राण्ड प्राप्त गर्न गरेको अथक प्रयासबाट दीगो, सुरक्षित र सुशासित साकोस विकासमा महत्वपूर्ण उपलब्धि हाँसिल हुनेहुँदा अब सम्पूर्ण साकोसहरु शेयर बृद्धि र व्यवसाय बृद्धि सहित गुणस्तर सुनिश्चितताको कार्यक्रममा सहभागी बन्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नवलपरासी, रुपन्देही र कपिलबस्तु जिल्लाका एक्सेस, प्रोबेशन र कर्बस् कार्यक्रममा आबद्ध भएका र ब्राण्ड प्राप्त गर्न सफल साकोसका व्यवस्थापकहरु गरी ६६ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घोषण नेफ्स्कूनका नायव प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले गर्नुभएको थियो भने अन्तरक्रिया सहजीकरण संघका प्राचार्य सञ्जयराज तिमिल्सिनाले गर्नुभएको थियो । ▪▪▪




## कास्की

नेफ्स्कून पोखरा फिल्ड कार्यालयको आयोजनामा साकोसहरुका लागि व्यवसाय प्रवर्द्धन अन्तरक्रिया कार्यक्रम यही २०७६ माघ १० गते सम्पन्न भयो । कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य एवम् फिल्ड कार्यलय व्यवस्थापन उपसमिति संयोजक चण्डी प्रसाद शर्मा पौडेलको अध्यक्षता र संघका अध्यक्ष परितोष पौड्यालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रम उद्घाटन सत्रमा बोल्दै अध्यक्ष पौड्यालले विश्वका विकसित मुलुकले जस्तै नेपालले पनि सहकारीको माध्यमबाट विज्ञानले प्राप्त गरेका नविनतम प्रविधिको प्रयोग गरि क्यास र पेपर लेस कारोवार गर्नु पर्नेमा जोड दिनुभयो ।

नेफ्स्कूनका निवर्तमान सञ्चालक सदस्य भिम गुरुङले आफ्नो कार्यकालमा सहकारी अभियानसँग जोडिएर भएका कार्यगतिविधिहरुको समिक्षा गर्दै आगमी दिनमा पनि बचत तथा ऋण सहकारी अभियानको विकास र प्रबर्द्धनको निम्ति निरन्तर लागिरहने प्रतिबद्धता सहित सबै पक्षले



साकोसको गुणस्तर सुधारमा हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका सभाध्यक्ष पौडेलले सहकारीको आजको आवश्यकता भनेको सदस्यको जिवन जिउने कला सिकाउने रहेको र जिल्ला बचत तथा ऋण सहकारी संघ लि.सँग मिलेर के गर्न सक्छौ अध्ययन गरि नेफ्स्कून र जिल्ला बचत संघ सँगसँगै अगाडि जाने बताउनुभयो ।



कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य कमला देवी गिरी, कास्की बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष भेषराज बराल लगायत स्थानीय सहकारीकर्मीहरु सहित विभिन्न बचत तथा ऋण सहकारी संस्थाबाट गरी ३७ जनाको उपस्थिति रहेको थियो । ▪▪▪

## सुर्खेत

कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका जिल्लामा सञ्चालित साकोसहरुको सेवा तथा व्यवसाय विस्तारका लागि नेफ्स्कूनको आयोजनामा नेफ्स्कून सेवा तथा व्यवसाय अभिमुखीकरण माघ ११ गते विरेन्द्रनगर सुर्खेतमा सम्पन्न भयो ।




कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य यज्ञ प्रसाद ढकालको अध्यक्षता, महासचिव दामोदर अधिकारीको प्रमुख आतिथ्यता सहित संघका कोषाध्यक्ष दीपक पनेरु, प्रदेश बचत संघका सञ्चालक सदस्यहरु महेन्द्र शर्मा, बल बहादुर नेपाली, जिल्ला बचत संघका लेखा समिति संयोजक देवेन्द्र शाहको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै महासचिव अधिकारीले सहकारी संस्थाहरु नेता मुखी नभई नितिमुखी हुनु पर्ने भन्दै नेफ्स्कून सबैको साझा संस्था भएकोले सबैले अपनत्व महशुस गरी नेफस्कूनको वृद्धि र विकासमा आवश्यक सहयोग पुर्‍याउनुपर्ने बताउनुभयो ।

कर्णाली प्रदेशमा सहकारीको जागरण ल्याउनका लागि र संघले प्रदेश कार्यालय स्थापना गरी सबै प्रकारका सेवाहरु सुर्खेतबाट प्रदान गर्ने योजना बनाएको हुँदा साकोसहरुले नेफ्स्कून सँगको सहयात्रा र अन्तरलगानी तथा सेवा निरन्तरताका लागि अनुरोध गर्नुभयो गर्दै सुर्खेत लगायत यस क्षेत्रका संस्थाहरुले नेफ्स्कून प्रति गरेको माया र सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

कोषाध्यक्ष दीपक पनेरुले सुर्खेत लगायत यस क्षेत्रबाट साकोस अभियानको बृद्धि विकासमा संघले ठूलो अपेक्षा गरेको हुँदा साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रम सहभागीताका लागि र रणनैतिक व्यावसायिक योजना निर्माणका लागि आवश्यक सुझाव पेश गर्न अनुरोध गर्नुभएको थियो । संघका नायव प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले साकोस अभियानको सुदृढीकरणका लागि उच्च व्यवस्थापनको भ्रमण र अन्तरक्रियालाई बढाउँदै लैजाने साथै व्यवस्थापकहरुको क्षमता विकास र कार्यकुशलता विकासमा जोड दिईने बताउनुभयो ।

साकोसको गुणस्तर सुधार र थप सदस्य सन्तुष्टी सम्बन्धमा सुझाव संकलन गरिएको उक्त कार्यक्रममा अछाम, दैलेख, रुकुम र सुर्खेत जिल्लामा सञ्चालित ४१ वटा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवं पदाधिकारीहरु र अन्य सहकारीकर्मीहरु सहित ७८ जनाको सहभागीता रहेको थियो । ▪▪▪

## दाङ

नेफ्स्कूनका महासचिव दामोदर अधिकारी को नेतृत्वमा केन्द्रीय पदाधिकारी एवम् उच्च व्यवस्थापन सहितको टोलीले २०७६ माघ ८ र ९ गते दाङका विभिन्न साकोसको स्थलगत भ्रमण साथै साकोस प्रतिनिधिहरुसँग अन्तरकृया सम्पन्न गरेको थियो ।

टोलीमा नेफ्स्कूनका कोषाध्यक्ष दीपक पनेरु, नायब प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोख्रेल, व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमल्सीना, व्यवसाय अधिकृत सुभाष गौतम र दाङ फिल्ड कार्यालयका इन्चार्ज बेद प्रसाद भट्टराइ रहनु भएको थियो ।

सोही अबसरमा दाङको राप्ती गाउँ पालिका मा अबस्थित प्रोबेसन ब्राण्ड प्राप्त २ वटा साकोस (महाप्रभु साकोस र हरियाली साकोस) को स्थलगत भ्रमण गरी हरियाली साकोसको प्रांगणमा देउखुरी क्षेत्रका विभिन्न १२ वटा साकोसका अध्यक्ष, पदाधिकारी एवम व्यवस्थापकहरु सँग अन्तरकृया भएको थियो ।

साथै दाङको घोराही उपमहानगरपालिकामा अबस्थित नमस्ते साकोस, सामुदायीक साकोस, राप्ती साकोस, साझेदारी साकोस र कलश साकोसको स्थलगत भ्रमण गरी होटल ग्रीन भ्यालीमा




घोराही क्षेत्रका विभिन्न १५ वटा साकोसका अध्यक्ष, पदाधिकारी एवम व्यवस्थापकहरुसँग अन्तरकृया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा साकोसहरु अब स्तरीकरण कार्यक्रममा सहभागी भै नीति बिधि र प्रबिधि आत्मसाथ गर्ने र नेफ्स्कून संग नियमित कारोबार गर्न सुझाब दिइएको थियो । कार्यक्रममा १५ वटा साकोसका ४४ जनाको उपस्थिती रहेको थियो । ▪▪▪

# नेपालको वित्तीय सहकारी विकासका विभिन्न चरणहरू : संघको आगामी रणनीति २०२०-२०२३

वित्तीय सहकारीको क्षेत्रलाई सिर्जनात्मक गति दिँदै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) ले वित्तीय सहकारीमा रणनीतिक विकासको दिशालाई आधार मानेर परिकल्पना, ध्येय, उद्देश्य र लक्ष्य राखेको छ । नेफ्स्कूनले आफ्नो परिकल्पनाः "सञ्जालिकृत र दीगो बचत तथा ऋण सहकारी संस्थाहरू" गरेको छ । यस्तो परिकल्पाना गर्दैमा, लक्ष्य राख्दैमा र उद्देश्य अगाडि सार्दैमा सफलता प्राप्त हुन सक्दैन । यसको लागि निश्चित विधि, नीति र प्रविधिको प्रयोग गर्नु पर्दछ । यही विधि, नीति र प्रविधिको अभ्यास गर्दै-गराउँदै नेफ्स्कूनले रणनीतिक दिशाको उतार चढावको नेतृत्व लिंदै आएको छ । आजसम्म वित्तीय सहकारी अभियानले गरेका कामको उपलब्धि यसमा वर्तमान अबस्थामा पुऱ्याएको योगदान र भविष्यको दिशाको सम्बन्धमा विकासका पाँच चरणलाई विभिन्न विधि र प्रविधिको पहिचान गरी एशियाली ऋण महासंघ समेत विभिन्न साझेदारको सहयोगमा अगाडि बढाइएको छ ।

**चरण १ जागरण तथा प्रेरणा :**
विश्वभरी विकसित हुँदै गएको क्रेडिट युनियनको धारणाले नेपाललाई प्रभाव पार्दै थियो । विभिन्न क्षेत्रमा यस विषयमा वहस, छलफल र पैरवी हुदै थियो । कतैकतै अनौपचारिक रूपमा क्रेडिट युनियनको गठन भैसकेका थिए (उदाहरणको लागि विकु वित्तीय सहकारीः पहिला (VYCCU) विजय युवा क्लव क्रेडिट युनियन पछि २०४८ को ऐन प्रारम्भ पछि छोटकरी स्वरूप राखेर विकुको नाउँबाट दर्ता भयो) ।

२०४५ सालमा श्रावण ३२ गते भोजराज घिमिरेको अगुवाइमा "बचत समूह राष्ट्रिय संघ तदर्थ समिति" गठन भयो । (यसै दिनलाई नेफ्स्कूनले आफ्नो स्थापना दिवस मनाउँदै आएको छ) यो बेलादेखिनै एसियाली ऋण महासंघले साझेदारी गर्दै आएको छ । यो जागरणको चरणमा बचत ऋण अभियानको दर्शन, सिद्धान्त तथा मूल्य र मान्यताको विषयमा प्रेरणा दिने अभियान अगाडि बढ्यो । यसले आजसम्म पनि विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय साझेदारसँग सहयात्राको निरन्तरता पाउँदै आएको छ ।



**शिवजी सापकोटा**
*प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून*

**चरण २. सशक्तिकरण र नेतृत्व विकास :**
विधिवत रूपमा सहकारी ऐन, २०४८ पछि २०५० भाद्र २९ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) को गठन पश्चात् बचत तथा ऋण सहकारी संस्थाहरूको दीगो विकासको रणनीति सहित क्रियाशिल रह्यो । यसरी यही ऐनलाई आधारमानि बचत तथा ऋण संस्थाहरू खोलिन थालियो र जिल्ला बचत तथा ऋण सहकारी संघहरू गठन गरिदै गए ।

> आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको लागि नेतृत्वदायी परिकल्पनालाई जीवन्त बनाउँदै अभियन्ताहरुलाई आर्थिक परामर्शदाता तथा व्यवस्थापक र कर्मचारीलाई वित्तीय विश्लेषकका रुपमा स्थापित गर्न क्षमता विकासको तालिम, सीप र ज्ञानको विकास गर्ने प्रक्रियाको थालनी भई यो क्रम आज पनि जारी छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको लागि नेतृत्वदायी परिकल्पनालाई जीवन्त बनाउँदै अभियान्ताहरूलाई आर्थिक परामर्शदाता तथा व्यवस्थापक र कर्मचारीलाई वित्तीय विश्लेषकका रूपमा स्थापित गर्न क्षमता विकासको तालिम, सीप र ज्ञानको विकास गर्ने प्रक्रियाको थालनी भई यो क्रमले आज पनि जारी छ । नेफ्स्कूनले वित्तीय औजार र सीपको अग्रगामी नेतृत्व लिंदै आएको छ । यो समयमा विभिन्न अन्तर्राष्ट्रिय नियोग तथा एजेन्सिसँगको सहयोग अझ खासगरि एशियाली ऋण महासंघको सहयोगमा यो प्रक्रिया अगाडि बढेको पाइन्छ ।

**चरण ३. व्यवसायिकताको विकासः**
अभियान्ताको क्षमता अभिवृद्धिका कारण बचत तथा ऋण अभियान क्रमशः विकासको नयाँ चरणमा प्रवेश गऱ्यो । प्रतिस्पर्धाका नयाँ आयामहरू देखिन थाले । यसको अभियान र व्यवस्थापनको आधुनिकीकरणको चुनौती समाधानका लागि नवसिर्जनाको माग हुन थाल्यो । दर्शन र सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्न विधि र प्रविधिको विकास विश्वव्यापी रूपमा भयो । खासगरी प्रणाली सम्भार र व्यवस्थापन, उपात्दन र सेवा, विवेकपूर्ण मानक, व्यवस्थापन तालिम, रणनीतिक योजना तालिम, व्यवसायिक योजना तालिम, संस्थागत सुशासन तालिम, मानव संसाधन व्यवस्थापन तालिम जस्ता अनेकौं तालिम सञ्चालनको प्रक्रिया थालनी भयो ।

साना र मझौला किसिमका तालिमहरू बचत संघ र स्थानियस्तरमै उपलब्ध श्रोत र साधनको प्रयोग गरिदै आएको छ । तालिमको स्तर कायम राख्न केही उच्च प्रविधि र स्तरीय तालिमहरू नेफ्स्कून आफैंले सञ्चालन गर्दै आएको छ । नेफ्स्कूनले तालिममार्फत सरोकारवाललाई उत्कृष्ट ज्ञान, धारणा, सीप र क्षमताको विकास गराई अभियानलाई क्रमशः व्यवसायिकताको

विकासको चरणमा अगाडि बढिरहेको छ । मानिसमा भएका असाधारण क्षमताहरूको अधिकतम प्रयोग गरी उत्कृष्ट नागरिक निर्माणको लागि सम्पूर्ण वित्तीय समाधान सहित वित्तीय सहकारी संस्थाको विकासमा व्यवसायिकताको विकासमा निरन्तर अघि बढ्नेछ ।

**चरण ४. गुणस्तरीय सुनिश्चितताः**

समाज विकासको क्रममा मानिसले अधिकतम सुविधा र सहुलियतको माग गर्दै जान्छन् र वित्तीय सहकारीले पनि प्रतिस्पार्धात्मक गुणस्तरीय सेवाको सुविधा दिनु अत्यावश्यक हुँदै जान्छ । यस्तो सुविधा छ भन्ने कुराको पुष्टि भावनात्मक रूपमा र संस्थालाई आफूलाई लागेको आधारमा हुदैन यसलाई केन्द्रीय निकाय तथा अन्तर्राष्ट्रिय निकायले प्रमाणिकता दिनु पर्दछ । यस्तो गुणस्तरीय सुनिश्चताको आधारमा ब्राण्ड र वेञ्चमार्कहरूः ACCESS/PROBATION र स्थिरीकरण कोष, जोखिममा आधारित सुपरिवेक्षण, वित्तीय सहकारी ऐन, सदस्यसँग सम्बन्ध विस्तार र व्यवस्थापन र फेडरेटेड प्रणाली अनेकौ विषयहरू विश्वभरि प्रचलित छन । वित्तीय सिद्धान्तको जगमा उभिएका अभ्यास र व्यवहारबाट खारिएका यी प्रविधिहरूलाई आन्तरिकीकरण गरी नेपालको समाज विज्ञानसँगै सापेक्षित विकास गर्नु आजको अपरिहार्य शर्त हो । यो अभियानको नेतृत्व, वहस र पैरवीमा नेफ्स्कून लागि रहेको छ ।

**चरण ५: वित्तीय सहकारीमा सञ्जाल व्यवस्थापनः**

विश्वका सफल बचत सहकारी अभ्यासकर्ता मुलुकहरुमा अबलम्वन गरिएको यस मोडेलले केन्द्रीकृत नीतिगत सर्वोच्चता, कार्यगत स्वायत्तताको आधारमा केन्द्रले तयार गरेको नीति एवम् मार्गदर्शनहरुको पालना गरी आफ्नो संस्थालाई एक सुरक्षित र कुनै निकायबाट निर्देशित एवम् संरक्षित वित्तीय सहकारीको रुपमा स्थापित गर्न पछिल्लो चरणमा वित्तीय सहकारीको सञ्जाल व्यवस्थापन अभ्यासमा रहेकोछ । यस मोडेलमा केन्द्रीय संघका सदस्य संस्थाहरु सबै केन्द्रको नेटवर्कमा सामेल हुन्छन् र केन्द्रले जारी गरेको समयानुकुल नीति, कार्यविधि, वस्तुविविधिकरण एवम् मार्गनिर्देशनहरुलाई स्वीकार गर्दछन् । विशेषगरी सुशासनका नीतिहरु, लेखा अभिलेख, व्यवस्थापकीय क्षमता विकास, प्रविधि प्रयोगमा एकरुपता र वस्तु तथा सेवामा केन्द्रीय संघको नीतिगत सर्वोच्चता रहन्छ भने संस्थाले यसलाई आफ्ना सदस्यहरु सामुलैजाने तौर तरिका एवम् प्रजातान्त्रिक तवरले नेतृत्व चयन र संचालनमा स्वायत्तता रहन्छ । यस सञ्जाल व्यवस्थापन मोडलमा साकोस अभियानको ऐक्यवद्धता प्रदर्शनका लागि केन्द्रीय संघको पहिचान संकेत प्रयोग गर्नुपर्ने हुन्छ र अनिवार्य रुपमा संघको अनुगमनमा रहनुपर्ने साथै निश्चित अबधिमा संघले तोके बमोजिमको ढाँचामा व्यवस्थापन, पहुँच र वित्तीय प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

यसरी केन्द्रले तयार गरेको प्रविधिको उपयोग मार्फत एकै सञ्जालमा सदस्य साकोसहरु आइसकेपछि अभियानको पहुँच र क्षमता केन्द्रीय संघमा जानकारी हुन्छ र आफ्नो सञ्जालमा परिचालित मानव श्रोत, व्यक्तिगत सदस्यता, पूँजिको अबस्था र आर्थिक विकासमा साकोस क्षेत्रले पुऱ्याएको योगदानलाई मापन गर्न सकिन्छ । यसका अलावा यसको कार्यगत तहमा तत्काल जानकारीहरु केन्द्रमा पुग्ने भएकाले संस्थाको वित्तीय एवम् व्यवस्थापकीय जोखिमको स्थीति प्रति जानकार हुने र तत्काल सम्बोधन गरी निराकरणमा सहयोग पुग्नेछ जस्ले गर्दा वित्तीय क्षेत्रमा कार्यगर्ने साकोसहरु सुरक्षित हुनेछन् र समुदायमा साकोसको छवी उच्च हुनेछ । साकोस सञ्जाल व्यवस्थापनका चार पक्षहरु : साकोस सञ्जाल व्यवस्थापन मोडेलमा यी विषयहरुमा पहुँच, आदान प्रदान र एकरुपता कायम हुन्छन् ।

क) **श्रोतहरुमा पहुँच र एकरुपता :** साकोस अभियानले विकास गरेको प्रविधिहरु, तालिम शिक्षाका सामाग्रीहरु, तरलता व्यवस्थापनका सेवाहरु, वित्तीय सेवालाई सरल बनाउने सफ्टवयर, एटिएम एवम् साकोसका सदस्यहरुलाई लक्षित गरी सञ्चालन गरिने एकिकृत वीमाका सुविधाहरुलाई केन्द्र मार्फत सदस्य साकोसहरुले उपयोग गर्न सक्नेछन् ।

ख) **स्तरीय कार्यसञ्चालन :** साकोसको पहिचान सहित समुदायमा बेग्लै छवी कायम गर्न हरेक साकोसमा स्तरीय नीति, कार्यविधि, लेखा, प्रविधि, सुरक्षित लगानी र लोगो तथा प्रतिनिधित्वमा केन्द्रले एकरुपता कायम गर्नेछ ।

ग) **करारीय ऐक्यवद्धता :** साकोसहरुले केन्द्रको आवद्धतालाई करारीय ऐक्यवद्धताको रुपमा लिनु पर्नेछ



जसमा केन्द्रले लागू गरेका नीति एवम् स्तर कायम गर्न सबै सदस्य साकोसहरु मञ्जुर हुनु पर्नेछ । जसमा केन्द्रका वस्तु तथा सेवाहरु एवम् स्थिरीकरण कोषमा अनिवार्य आवद्धता जनाउनु पर्नेछ ।

घ) **सुशासन एवम् स्वनियमन कायम :** केन्द्रको नीति एवम् मार्गनिर्देशन बमोजिम स्वनियमनमा रहने, अनिवार्य प्रतिवेदन पेश गर्ने, तोकिएको ढाँचामा लेखा अभिलेख राख्ने र साकोसमा प्रजातान्त्रिक अभ्यासको प्रत्याभूति गर्नुका साथै सदैव जोखिम सुपरिवेक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

यसरी संघले विभिन्न समयहरुमा लिएका चरणवद्ध रणनीतिहरुको उपलब्धी स्वरुप नेपालका बचत तथा ऋण सहकारीहरुले विश्वव्यापी छवि कायम गर्न सफल भएका छन्। विश्व ऋण परिषदको प्रत्यक्ष सदस्य भएका कारण विश्व परिवेशमा भए गरेका असल अभ्यास तथा मानकहरुको अबलम्बनबाट विश्वका जुनसुकै कुनामा सञ्चालित बचत तथा ऋण सहकारीको सञ्चालन प्रक्रिया र नेपालको अभियान एकै किसिमको बनेको छ । यसैलाई रणनीतिक ढंगले अघि बढाउन र नेपालका सबै बचत तथा ऋण सहकारीहरु एकै किसिमले सञ्चालित हुन रणनीति २०२०-२०२३ ले सवल र दीगो वित्तीय सहकारीहरुको साझा सञ्जाल भन्ने परिकल्पना सहित विश्वका विकसित मुलुकहरुमा अभ्यास गरिएको सुरक्षित बचत अभियानको प्रत्याभूति सहितको सञ्जाल व्यवस्थापनको नमूनालाई आफ्नो मार्गनिर्देश तय गरेकोछ ।

आगामी चार वर्ष संघले आफ्ना सदस्यहरुलाई नीति, विधि र प्रविधिमा एकरुपता ल्याउन एक साझा सञ्जाल तयार गर्ने र सोही सञ्जाल मार्फत समुदायका व्यक्तिहरुको बचतको सुरक्षा, प्रभावकारी कार्य सञ्चालन, सुशासन प्रवर्द्धन र श्रोतहरुको बाँडफाँडमा आफ्ना क्रियाकलापहरु केन्द्रित गर्नेछ । ■■■

# सहकारी अभियानमा कर्जा असुली न्यायाधिकरण एक नयाँ प्रयोग



शिब कुमार अधिकारी
अधिवक्ता

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था तीन खम्बे अर्थनीति (सार्वजनिक, निजी र सहकारी क्षेत्र) मा आधारित एवं समाजवाद उन्मुख हुने कुरा उल्लेख गरेर भावी गन्तव्यको लागि दिशाबोध गरेको छ । संबिधानमा लेखिएको उल्लेखित दार्शनिक एवं सैद्धान्तिक आधारमा उभिएर सरकारले "समृद्ध नेपाल सुखी नेपाली" को नारा तय गरी विकास र समृद्धिको मार्गमा मुलुकलाई अघि बढाउने उद्घोष गरेको छ ।

अर्थतन्त्रका तीन खम्बा मध्येको एक सहकारी क्षेत्रलाई व्यवस्थित, स्वस्थ, दीगो र भरपर्दो अभियानको रुपमा विकास गर्ने उद्देश्यले नीतिगत परिमार्जन र रुपान्तरणको क्रममा सहकारी ऐन, २०७४ मार्फत सहकारी संस्थाका लागि कर्जा असुली न्यायाधिकरण (Debt Recovery Tribunal) को नयाँ व्यवस्था गरिएको छ । सहकारी अभियानमा कर्जा असुली न्यायाधिकरणको अभ्यास र प्रयोग नयाँ भएको तर बैंक तथा वित्तीय संस्थाहरुमा ऋण असुली न्यायाधिकरणको अभ्यास विगत डेढ दशकदेखि हुँदै आएको छ । बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र नियमावली, २०५९ बमोजिम गठन भएका ऋण असुली न्यायाधिकरण र ऋण असुली पुनरावेदन न्यायाधिकरण बाट भएका फैसला र मिलापत्र मार्फत बैंक तथा वित्तीय संस्थाका हजारौंको संख्यामा उल्लेख्य रुपमा डुवेको ऋण असुली भएको छ ।

> सहकारी अभियानमा वित्तीय कारोवारलाई स्वस्थ, पारदर्शी र दीगो रुपमा अघि बढाउन सुशासन सहितको वित्तीय अनुसाशन कायम गरी जोखिम न्युनिकरण गर्नु आवश्यक छ । जसका माध्यमबाट अभियानमा संलग्न एवं प्रत्यक्ष, परोक्ष रुपमा सरोकार राख्ने ६० लाखभन्दा बढी सदस्यहरुको बचतको संरक्षण गर्दै सदस्य तथा आम नागरिकहरुमा विश्वसनियता अभिवृद्धि गर्नु अभियानको मुख्य दायित्व हो ।

बैंकिङ्ग क्षेत्रका यिनै अभ्यास तथा अनुभव समेतका आधारमा सहकारी क्षेत्रमा कर्जा असुलीमा प्रभावकारिता ल्याई सुशासन कायम गर्ने र अभियानको स्थायित्व कायम गर्दै दीगो विकास गर्ने उद्देश्यले नै राज्यले कर्जा असुली न्यायाधिकरणको अबधारणा अघि सारेको हुनुपर्दछ । सहकारी ऐन, २०७४ को दफा ८२ ले सहकारी क्षेत्रका लागि एक कर्जा असुली न्यायाधिकरण रहने व्यवस्था गरी न्यायाधिकरणको गठन र सञ्चालनका सम्बन्धमा सहकारी नियमावली, २०७५ को परिच्छेद १० ले विस्तृत कानुनी व्यवस्था गरेको छ साथै नियम ५८ ले उजुरी प्रक्रिया, कारवाही र निर्णय कार्यान्वयन लगायतका विषयमा आवश्यक कार्यविधि बनाउन सक्ने व्यवस्था गरेको भएपनि सरकारले हालसम्म पनि कार्यविधि जारी गरिसकेको छैन ।

न्यायाधिकरणको गठन, कार्यसञ्चालन र कार्यान्वयनका सन्दर्भमा देखिएका कतिपय नीतिगत अष्पष्टताहरु हटाउँदै कार्यविधि जारी गर्नुका साथै न्यायाधिकरणको शीघ्र गठन गरी असुली कार्यवाहीमा प्रभावकारिता ल्याउनु सहकारी अभियानका लागि टड्कारो अबश्यकता देखिएको छ ।

### अभियानमा किन आवश्यक छ असुली न्यायाधिकरण ?

सहकारी अभियानका उद्देश्यहरुमध्ये सदस्यको हित गर्नु आधारभूत एवं मुख्य उद्देश्य हो । सदस्यहरुको बचत परिचालनको माध्यमबाट वित्तीय बजारमा अभियानको उल्लेख्य हिस्सेदारी रहेको र यसको वृद्धिसँगै अभियानभित्र वित्तीय जोखिम पनि चुनौतीको रुपमा देखा पर्नु स्वभाविकै हो । सहकारी अभियानमा वित्तीय कारोवारलाई स्वस्थ, पारदर्शी र दीगो रुपमा अघि बढाउन सुशासन सहितको वित्तीय अनुसाशन कायम गरी जोखिम न्युनिकरण गर्नु आवश्यक छ । जसका माध्यमबाट अभियानमा संलग्न एवं प्रत्यक्ष, परोक्ष रुपमा सरोकार राख्ने ६० लाखभन्दा बढी सदस्यहरुको बचतको संरक्षण गर्दै सदस्य तथा आम नागरिकहरुमा विश्वसनियता अभिवृद्धि गर्नु अभियानको मुख्य दायित्व हो ।

एकाध संस्थाहरुमा सुशासनमा देखिएका गुणस्तरहिनता, आर्थिक अनियमितता र विचलनका घटनाहरुबाट सिङ्गो अभियानलाई प्रदुषित बनाइनु हुँदैन तर सम्भावित जोखिमहरुप्रति अभियन्ताहरु हरदम चनाखो बन्नु जरुरी छ । त्यसैगरी, राज्यको तर्फबाट पनि उपयुक्त नीतिगत, कानुनी एवं प्रशासनिक व्यवस्थापन गरी अभियानलाई दीगो रुपमा अघि बढाउन अविभावकीय भूमिका अपेक्षित छ ।

यसै सिलशीलाको एक कडीको रुपमा सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को माध्यमबाट सहकारी अभियानभित्र कर्जा असुली न्यायाधिकरणको गठन र परिचालन गर्ने व्यवस्था गरिएको छ । न्यायाधिकरण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएमा सहकारी क्षेत्रमा डुवेका र समस्याग्रस्त कर्जा असुली गरी सदस्यहरुको बचतको

संरक्षणका साथै अभियानमा सुशासन कायम गर्न सकिनेछ ।

## सहकारी नियमावली, २०७५ ले कर्जा असुली न्यायाधिकरण सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरु

**कर्जा असुली न्यायाधिकरणको गठनः**
नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकशित गरी कर्जा असुली न्यायाधिकरणको गठन गर्ने, जसमा जिल्ला अदालतको न्यायाधीश हुने योग्यता पुगेको नेपाल न्याय सेवाको राजपत्रांकित दितीय श्रेणीको अधिकृत अध्यक्ष र सहकारी, अर्थशास्त्र वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्णगरी नेपाल सरकार नेपाल प्रशासनिक सेवामा राजपत्राङ्कित द्धितीय श्रेणीको अधिकृत स्तरको पदमा तीन वर्षको अनुभवप्राप्त व्यक्ति एकजना सदस्य एवं चार्टड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा 'ख' श्रेणीको लेखापरीक्षकको प्रमाणपत्र प्राप्त गरी लेखापरीक्षणमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त व्यक्ति एक जना सदस्य समेत गरी तीन सदस्यीय कर्जा असुली न्यायाधिकरण को गठन हुने । नेपाल सरकारले न्याय सेवा आयोगको परामर्श लिई अध्यक्षको नियुक्ती गर्ने, अध्यक्ष र सदस्यहरुको पदावधि तीन वर्षको हुने र निजहरु पुनः एक कार्यकालका लागि नियुक्त हुन सक्ने व्यवस्था गरिएको छ ।

**न्यायाधिकरणको अधिकारः**
सहकारी संस्थाको कर्जा असुली सम्बन्धी मुद्दाको सुरु कारवाही किनारा गर्ने अधिकार कर्जा असुली न्यायाधिकरणको हुने स्पष्ट कानुनी व्यवस्था गरिएको छ ।

**न्यायाधिकरणमा मुद्दा सम्बन्धी प्रक्रियाः**
सहकारी संस्थाले न्यायाधिकरणमा उजुरी दिनुपुर्व कर्जा असुलउपर गर्न यथेष्ट मात्रामा प्रयास तथा कारबाही गरेको हुनु पर्ने, दाबी गरेको रकमको शुन्य दशमलव पच्चीस प्रतिशतले हुन आउने रकम कर्जा असुली शुल्क वापत अग्रिम रुपमा बुझाउनु पर्ने, कर्जाको भाखा नाघेको एक वर्षपछिको चार वर्षभित्र उजुरी दिनुपर्ने तर, नियमावली प्रारम्भ हुनुअघि पाँच वर्षभन्दा बढी अबधि भाखा नाघेको कर्जाका हकमा नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र निवेदन दिन सकिने व्यवस्था गरिएको छ । म्याद जारी गरेको पन्ध्र दिनभित्र प्रतिवादीहरूले आफ्नो सफाइको निमित्त सबुद प्रमाणसहित प्रतिउत्तरपत्र पेश गर्नुपर्ने, न्यायाधिकरणले आफ्नो विचाराधिन रहेको कुनै मुद्दामा अचल सम्पत्ति रोक्का राख्न आवश्यक देखेमा त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा अन्तरिम आदेश जारी गर्न सक्ने, प्रतिउत्तरपत्र दाखिला भएको वा म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको अन्तिम कारबाही र किनारा गरिसक्नु पर्ने, मुद्दामा मिलापत्र हुने भएमा मुद्दाको कारबाही जुनसुकै अबस्थामा पुगेको भए तापनि मिलापत्र गराइदिन सक्ने, मिलापत्र गर्दा दावी रकमको शुन्य दशमलव पचास प्रतिशतले हुन आउने रकम मिलापत्र दस्तुरबापत आधा आधा गरी उजुरी निवेदनवाला र प्रतिवादी दुबैले बुझाउनुपर्ने, उजुरीकर्ता सहकारी संस्थाको हकमा उजुरी दर्ता गर्दा अग्रिम रूपमा बुझाएको कर्जा असुली शुल्कबाट कट्टी गरी लिने व्यवस्था नियमावलीले गरेको छ ।

> सहकारी संघ, संस्था एवं सहकारी बैंकले सहकारी ऐन, नियम, विनियम एवं नीति बमोजिम असुलउपर गर्न नसकेका समस्याग्रस्त कर्जा असुली कारवाही गर्न गठन हुने कर्जा असुली न्यायाधिकरणको उजुरी प्रक्रिया, कारवाही, निर्णय कार्यान्वयन तथा सञ्चालन विधिलाई प्रभावकारी बनाउन सरकारले शीघ्र कार्यविधि बनाई लागू गर्न आवश्यक छ ।

**पुनरावेदन सम्बन्धी व्यवस्थाः**
कर्जा असुली न्यायाधिकरणले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णयको प्रतिलिपी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सहकारी संस्था रहेको क्षेत्रको उच्च अदालतमा पुनरावेदन गर्न सक्ने, यसरी पुनरावेदन गर्दा न्यायाधिकरणले गरेको निर्णयबमोजिम असुलउपर गर्नुपर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटीबापत नगदै जम्मा गर्नुपर्नेछ ।

**निर्णयको कार्यान्वयनः**
न्यायाधिकरणको निर्णयउपर पुनरावेदन परेकोमा उच्च अदालतबाट अन्तिम फैसला भएपछि वा पुनरावेदन नपरेकोमा पुनरावेदन दिने म्याद गुज्रेपछि कर्जा असुली अधिकृतले निर्णय कार्यान्वयन गर्नुपर्ने, असुली अधिकृतले देहाय बमोजिम ऋणीबाट कर्जा रकम असुलउपर गरी सम्बन्धित सहकारी संस्थालाई दिलाइदिने व्यवस्था गरिएको छः

- ऋणीको धितो चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने,
- ऋणीको धितो नराखिएको अन्य चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- जमानत दिने व्यक्तिको चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्ति भएकोमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनामा राख्ने । जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सिमित रहने र जमानत वापतको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सक्ने ।

सहकारी संस्थाले असुली शुल्क बुझाउनुपर्नेः न्यायाधिकरणबाट कर्जा असुल भइसकेपछि असुल भएको कर्जा रकमको एक प्रतिशत रकम कर्जा असुली शुल्कबापत सम्बन्धित सहकारी संस्थाले कर्जा असुली न्यायाधिकरणलाई बुझाउनुपर्ने, यसरी सहकारी संस्थाले रकम बुझाउँदा उजुरी निवेदन दर्ता गर्दा बुझाएको रकम कटाई बाँकी रकममात्र बुझाए पुग्ने व्यवस्था नियमावलीले गरेकोछ ।

**असुली न्यायाधिकरण सञ्चालन कार्यविधिमा समेट्नुपर्ने विषयहरुः**
सहकारी संघ, संस्था एवं सहकारी बैंकले सहकारी ऐन, नियम, विनियम एवं नीति बमोजिम असुलउपर गर्न नसकेका समस्याग्रस्त कर्जा असुली कारवाही गर्न गठन हुने कर्जा असुली न्यायाधिकरणको उजुरी प्रक्रिया, कारवाही, निर्णय कार्यान्वयन तथा सञ्चालन विधिलाई प्रभावकारी बनाउन सरकारले शीघ्र कार्यविधि बनाई लागू गर्न आवश्यक छ । कार्यविधिमा मुलभूत रुपमा देहायका विषयहरु समेटिनु पर्ने देखिन्छः

**१. न्यायाधिकरणको क्षेत्राधिकार स्पष्ट परिभाषित गर्नुपर्नेः**

सहकारी ऐन, २०७४ बमोजिम गठन भई दर्ता भएका विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था, जिल्ला विषयगत संघ, प्रदेश सहकारी संघ, विशिष्टकृत सहकारी संघ, सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ समेतले न्यायाधिकरणमा कर्जा असुली सम्बन्धी उजुरी दिनसक्ने विषयको किटानी व्यवस्था सहित न्यायाधिकरणमा आउन सक्ने हजारौ मुद्दाहरु एक न्यायाधिकरणले थेम्न नसक्ने हुँदा चार लाख रुपैयाभन्दा बढी साँवा रकम भएको कर्जा असुलीका सन्दर्भमा मात्र न्यायाधिकरणमा उजुरी दिन सकिने व्यवस्था गरि क्षेत्राधिकार परिभाषित गरिनु उपयुक्त हुन्छ । जबकी, बैंक तथा वित्तीय संस्थाको ऋण असुलीका लागि गठन भएको ऋण असुली न्यायाधिकरणमा पाँच लाख रुपैयाभन्दा बढी साँवा रकम असुल गर्न बाँकी रहेका ऋणी उपर मात्र न्यायाधिकरणमा मुद्धा दायर गर्न पाउने कानुनी व्यवस्था रहेको छ ।

**२. उजुरी निवेदन दर्ता सम्बन्धी प्रक्रियाः**

कर्जा असुलीको मागदावी लिई सहकारी संस्थाद्धारा न्यायाधिकरणमा दायर गरिने उजुरी निवेदनमा निवेदक र प्रतिवादी प्रत्येकको पूरा नाम, थर र वतन, हदम्याद, निवेदन दर्ता गर्न वापत तोकिएको दस्तुर एवं असुली दावी रकमको ०.२५ प्रतिशत ऋण असुली शुल्क संलग्न गरी कर्जा असुल उपर गर्न सहकारी संस्थाले एथेष्ट मात्रामा प्रयास तथा कारवाही गरेको व्यहोरा (जस अन्तर्गत ऋणीसँग पटक पटक लिखित पत्राचार वा छलफल वा वार्ता गरेको, ऋणीलाई कर्जा चुक्ता गर्न आउने निश्चित अबधि तोकी सो म्याद भित्र चुक्ता नगरेमा धितो राखिएको चल वा अचल सम्पत्ति लिलाम विक्री गर्ने वा अन्य कानुनी कारवाही गर्ने सम्बन्धी लिखित जानकारी गराएको व्यहोरा, धितो लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना, धितो राखिएको चल अचल सम्पत्ति लिलाम विक्री सम्बन्धी कारवाही आदि) स्पष्ट खुलाई सो सम्बन्धी प्रमाण कागजातहरु समेत संलग्न गर्नुपर्ने व्यवस्था कार्यविधिमा समावेश गर्नु आवश्यक छ ।

यसरी प्राप्त हुने उजुरी निवेदनमा रित पुगे नपुगेको हेरी रित नपुगेको भएमा न्यायाधिकरण प्रशासनले दरपिठ गरी फिर्ता गरिदिने र रित पुगेको निवेदनका हकमा उजुरी दर्ता गरि निस्सा दिने, उजुरी निवेदनको जाँचबुझ गरी थप प्रमाण संलग्न गरी मुद्दाको कारवाही प्रक्रिया अघि बढाउने । जाँचबुझ गर्दा उजुरी निवेदनमा उल्लिखित दाबीका आधारहरू स्पष्ट नभई दाबी लाग्न नसक्ने देखेमा न्यायाधिकरणले उजुरी निवेदन खारेज गर्न सक्ने, त्यसैगरी, संलग्न प्रमाण तथा कागजातहरूबाट दाबी पुष्टि हुन नसक्ने देखेमा न्यायाधिकरणले सम्बन्धित सहकारी संस्थालाई सात दिनको म्याद दिई थप आवश्यक प्रमाण तथा कागजातहरू पेश गर्न आदेश दिन सक्ने, तोकिएको म्यादभित्र थप आवश्यक प्रमाण तथा कागजातहरू पेश गर्न नसकेमा वा पेश गरेको कागजातबाट दाबी पुष्टि हुन नसक्ने देखेमा न्यायाधिकरणले त्यस्तो उजुरी निवेदन खारेज गर्ने निर्णय गर्नसक्ने र त्यसको सूचना सम्बन्धित सहकारी संस्थालाई दिनुपर्ने व्यवस्था कार्यविधिले समेट्न सक्दछ ।

**३. म्याद तामेली, प्रतिउत्तर पेश गर्ने र प्रमाण बुझ्ने सम्बन्धी प्रकृया**

नियमावलीको व्यवस्था बमोजिम म्याद जारी गर्दा उजुरी निवेदनको एक प्रति प्रतिलिपि समेत संलग्न गरी प्रतिवादीका नाउँमा निश्चित अबधि तोकी न्यायाधिकरणले म्याद जारी गर्नु पर्ने व्यवस्था गरी जारी भएको म्याद तामेल गर्दा प्रतिवादी वा निजका एकाघर परिवारका कुनै सदस्यलाई बुझाइ तामेल गर्ने, प्रतिवादी वा निजको एकाघर परिवारको कुनै सदस्य फेला नपरेमा वा निजको घर डेरा पत्ता नलागेमा सम्बन्धित गाउँ पालिका वा नगरपालिका / उपमहानगर पालिका / महानगर पालिकाको वडा कार्यालयका कुनै सदस्य वा प्रतिनिधि वा स्थानीय व्यक्तिको रोहबरमा प्रतिवादीको घर डेरा भएको सार्वजनिक स्थानमा टाँस गरी रीतपूर्वक म्याद तामेल गर्ने, कुनै फर्म, कम्पनी वा संस्था प्रतिवादी भई त्यस्तो प्रतिवादीका नाउँमा प्रतिउत्तरपत्र पेश गर्न म्याद जारी गर्दा यस्तो फर्म, कम्पनी वा संस्थाको रजिष्टर्ड कार्यालयको कुनै आधिकारिक व्यक्ति वा कर्मचारीलाई बुझाई बुझेको सहीछाप गर्न लगाई म्याद तामेल गर्ने, त्यसैगरी, प्रतिवादी भएका फर्म, कम्पनी वा संस्थामा हुलाक मार्फत रजिष्ट्री गरी पठाएमा वा त्यस्तो कार्यालयको टेलिफ्याक्स, इमेल वा अन्य विद्युतीय सञ्चार माध्यमबाट पठाएमा त्यस्तो म्याद रीतपूवर्क तामेल भएको मानिने व्यवस्था कार्यविधिमा समेट्नु आवश्यक छ । कुनै प्रतिवादीका नाउँमा म्याद जारी गर्दा त्यस्तो म्याद तामेल हुन नसकेको प्रतिवेदन पर्न आएमा सम्बन्धित प्रतिवादीको नाउँमा जारी भएको म्याद सम्बन्धी सूचना रेडियो, टेलिभिजन वा राष्ट्रिय स्तरको कुनै पत्रपत्रिकामा प्रसारण वा प्रकाशन गरेर पनि म्याद तामेल गर्न सकिने सामान्य अभ्यास न्यायाधिकरणको मुद्दाका सन्दर्भमा पनि गर्नु आवश्यक छ । कारवाही चलिरहेको कुनै मुद्दामा तारेखमा बसेको कुनै निवेदक वा प्रतिवादीले काबुबाहिरको परिस्थितिले गर्दा तारेख गुज्रन गई गुज्रेको मितिले पन्ध्र दिनभित्र न्यायाधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले निवेदक वा प्रतिवादीलाई एक पटकको लागि पन्ध्र दिनसम्मको तारेख थामी दिन सक्ने व्यवस्था कार्यविधिमा समेटिनु आवश्यक छ ।

**४. प्रमाण बुझ्ने सन्दर्भमाः**

लिखतको प्रकृतिबाट निवेदक वा प्रतिवादीसँग रहनु पर्ने लिखत प्रमाणको प्रमाणित नक्कल कागजात सम्बन्धित पक्षबाट उजुरी वा प्रतिउत्तरसाथ पेश गर्न लगाई मिसिल साथ राख्ने, यसरी पेश भएका प्रमाण कागजातको सक्कल पेश गर्न न्यायाधिकरणले उजुरी निवेदक, प्रतिवादी वा कागजात जारी गर्ने सम्बन्धित निकायलाई आदेश दिन सक्ने, निवेदक वा प्रतिवादीले पछि कुनै नयाँ वा महत्वपूर्ण लिखत प्रमाण पेश निवेदन दिएमा न्यायाधिकरणलाई उपयुक्त र वस्तुपरक लागेमा त्यस्तो लिखत प्रमाण बुझ्न सक्ने, त्यसरी पेश भएका लिखत प्रमाणको सद्दे, किर्ते वा जालसाजी जाँच गर्ने र आवश्यकता बमोजिम न्यायाधिकरणले विशेषज्ञद्वारा परीक्षण गराउन सक्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

साक्षी बकाउने न्यायाधिकरणबाट आदेश भएपछि तोकिएको तारिखका दिन साक्षी सहित उपस्थित हुन पक्षलाई

लिखित जानकारी गराउने, तारेखको दिन हाजिर रहेका निवेदक र प्रतिवादीबाट निजहरूको साक्षीको नामावली लिई मिसिल साथ राखी बकपत्र गराउनका लगि न्यायाधिकरणका कर्मचारीले न्यायाधिकरण समक्ष पेश गर्नु पर्ने व्यवस्था कार्यविधिले समेट्नु पर्ने आवश्यकता देखिन्छ ।

त्यसैगरी, प्रचलित कानूनले प्रमाण लाग्न सक्ने कागजपत्र, नक्सा, सूचना, विवरण आदि कुनै कारणले न्यायाधिकरण समक्ष पेश हुन सकेको रहेनछ भने न्यायाधिकरणले त्यस्तो प्रमाण पेश गर्न सम्बन्धित पक्षलाई आदेश दिन सक्ने, प्रमाण बुझ्ने सिलशीलामा न्यायाधिकरणले मुद्धाका पक्षहरु वा कुनै निकाय वा व्यक्तिसँग मुद्धाको तथ्यसँग सम्बन्धित कुनै विषयमा जानकारी लिनुपर्ने रहेछ भने त्यस्तो विवरण वा जानकारी माग गर्ने व्यवस्था गर्ने ।

५. **निर्णय प्रक्रियाः**

उजुरवाला वा प्रतिवादीका तर्फबाट न्यायाधिकरणले बुझ्नु पर्ने प्रमाण बुझी मुद्दा छिन्न अंग पुगी सकेपछि नियमावलीको नियम ४७ ले तोकेबमोजिम मुद्दा दायर भएको ९० दिनको म्यादका अधीनमा रही अंग पुगेको मितिले पन्ध्र दिनभित्र मुद्दाको निर्णय गरी सक्नु पर्ने, सदस्यहरुले निर्णयमा हस्ताक्षर गरिसकेपछि निर्णयमा हेरफेर गर्न नहुने, निर्णय कार्यान्वयनको आदेश प्राप्त गरेपछि कर्जा असुली अधिकृतले आवश्यकता अनुसार स्थानीय जनप्रतिनिधि, स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई फैसला कार्यान्वयन गर्ने व्यवस्था कार्यविधिले स्पष्ट परिभाषित गर्नु आवश्यक छ । त्यसैगरी, पक्षहरुले चाहेको अबस्थामा कुनैपनि बेला मिलापत्र हुनसक्ने र त्यस अबस्थामा कर्जा असुली अधिकृतले पक्षहरुसँग आवश्यक समन्वय र सहयोग गर्नुका साथै मिलापत्रको कार्यान्वयनका लागि समेत कर्जा असुली अधिकृतको भुमिका कार्यविधिले परिभाषित गरि दिनु पर्दछ ।

> नियमावलीले प्रशासनिक अधिकारीको रुपमा कर्जा असुली अधिकृतको व्यवस्था गरेको सन्दर्भमा कार्यविधिमा निजको काम कर्तव्य र अधिकारको व्यवस्था गर्दा न्यायाधिकरणका आन्तरिक प्रशासनिक काम, मुद्दासँग सम्बन्धित कार्यविधिगत प्रक्रियासँग सम्बन्धित जिम्मेवारी तथा निर्णय कार्यान्वयन र असुली कार्यवाहीको जिम्मेवारी समेत स्पष्ट परिभाषित हुनेगरी ऋण असुली अधिकृतको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्नुपर्ने आवश्यकता छ ।

६. **पुनरावेदन गर्ने सम्बन्धी व्यवस्था :**

न्यायाधिकरणको निर्णय उपर चित्त नबुझाउने पक्षले रितपुर्वक पुनरावेदन पत्र तयार गरी सहकारी नियमावलीको नियम ४९ बमोजिम पुनरावेदन गर्ने व्यवस्था कार्यविधिमा स्पष्ट गर्नुपर्ने देखिन्छ । यसरी दर्ता भएको पुनरावेदन उपर उच्च अदालतबाट प्रचलित कानुन बमोजिम कारवाही किनारा हुने र उच्च अदालतबाट भएको फैसला अन्तिम हुने कानुनी व्यवस्था छ ।

७. **कर्जा असुली अधिकृतको काम, कर्तव्य र अधिकारः**

नियमावलीले प्रशासनिक अधिकारीको रुपमा कर्जा असुली अधिकृतको व्यवस्था गरेको सन्दर्भमा कार्यविधिमा निजको काम कर्तव्य र अधिकारको व्यवस्था गर्दा न्यायाधिकरणका आन्तरिक प्रशासनिक काम, मुद्दासँग सम्बन्धित कार्यविधिगत प्रक्रियासँग सम्बन्धित जिम्मेवारी तथा निर्णय कार्यान्वयन र असुली कार्यवाहीको जिम्मेवारी समेत स्पष्ट परिभाषित हुनेगरी ऋण असुली अधिकृतको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्नुपर्ने आवश्यकता छ ।

८. **निर्णय /फैसला कार्यान्वयनः**

मुद्दा अन्तिम भई निर्णय/फैसला कार्यान्वयनको आदेश प्राप्त भएको अबस्थामा कर्जा असुली अधिकृतले धितोमा रहेको चल अचल सम्पत्ति र सहकारी संस्थामा रहेको ऋणी वा धितोदाताको निक्षेप खाता न्यायाधिकरणका नाउँमा रोक्का राख्ने, धितोमा रहेको सम्पत्तिबाट भराउनु पर्ने बाँकी रकम भराउन नपुग्ने भएमा ऋणी, धितोदाता वा जमानतकर्ताको अन्य अचल सम्पत्ति समेतबाट भराउन त्यस्तो सम्पत्ति पत्ता लगाई रोक्का राख्ने, कर्जा असुली अधिकृतले बढीमा सात दिनको म्याद दिई ऋणीलाई कर्जाको बाँकी सम्पूर्ण साँवा व्याज रकम र धितोदाता वा जमानतदाता लाई निर्णय वा फैसला बमोजिम बुझाउनु पर्ने रकम जम्मा गर्न आदेश दिने व्यवस्था कार्यविधिमा किटानीसाथ उल्लेख गर्नुपर्दछ । रोक्का राखेको वा कब्जामा लिएको सम्पत्तिले ऋणको साँवा ब्याज रकम खाम्न नसक्ने भई ऋणीको अन्य चल अचल सम्पत्ति समेत निजको भोग चलनबाट छुटाउनु पर्ने भएमा स्थानीय जनप्रतिनिधि, सुरक्षा निकायको प्रतिनिधि र सम्बन्धित सहकारी संस्थाको प्रतिनिधिको रोहबरमा त्यस्तो सम्पत्ति रहेको स्थानमा प्रवेश गरी कर्जा असुली अधिकृतले आफ्नो कब्जामा लिन र रितपुर्वक लिलाम बिक्री गर्न वा लिलाम हुन नसकेमा सहकारी संस्था स्वयले नै सकार गर्नु पर्ने स्थापित मान्यतालाई अँगिकार गर्दै सहकारी संस्थाले मुल्याङ्कित मुल्यमा सकार गर्ने व्यवस्था कार्यविधिले गर्नु आवश्यक छ ।

९. **लिलाम बिक्री तथा सकार गर्ने सम्बन्धी विधिः**

ऋणी, धितोदाता वा जमानीकर्ताले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम जम्मा नगरेमा कर्जा असुली अधिकृतले कर्जाको धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी रकम असुल उपर गर्नु पर्ने यसरी लिलाम गर्दा अचल सम्पत्तिको हकमा पैंतीस दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा लिलाम बिक्री गर्ने प्रयोजनको लागि सिलबन्दी बोलपत्र आह्वान वा र चल सम्पत्तिका हकमा पन्ध्र दिनको डाँक बढाबढको सूचना प्रकाशन गर्ने, सिलबन्दी बोलपत्र स्थानीय प्रशासनका प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोली मूल्याङ्कन

गर्दा कायम गरिएको न्यूनतम मूल्यभन्दा कम नहुने गरी सबैभन्दा बढी मूल्य भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी त्यस्तो बोलपत्रदातालाई सो सम्पत्ति लिलाम विक्री गर्नु पर्ने साथै, डाँक बढाबढको माध्यमद्वारा लिलाम विक्री गर्दा स्थानीय प्रशासनको प्रतिनिधि र कम्तीमा दुईजना स्थानीय व्यक्तिहरूको रोहबरमा कायम भएको न्यूनतम मूल्यभन्दा कम नहुने गरी सो सम्पत्ति लिलाम विक्री गर्ने, चल अचल सम्पत्ति लिलाम विक्री गर्नु अघि स्थानीय प्रशासनको प्रतिनिधि, जिल्ला मालपोत कार्यालयको प्रतिनिधि वा

**न्यायाधिकरणले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको छ । जसका कारण मुद्दाको निर्णय प्रकृयामा लामो समय लाग्न सक्ने र अर्कोतर्फ उच्च अदालतमा मुद्धाको चाप अत्यधिक हुनसक्ने सम्भावना देखिएको छ ।**

स्थानीय तहको प्रतिनिधिको रोहबरमा कर्जा असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको प्रचलित बजार मूल्यलाई समेत ध्यानमा राखी न्युनतम मूल्य कायम गर्नुपर्नेछ ।

त्यसरी चल अचल सम्पत्तिको मूल्य कायम गर्दा सम्बन्धित विशेषज्ञ समेतको राय लिन सकिने यसरी कायम भएको मूल्यभन्दा घटी मूल्यको वोलकवोल पर्न आएमा वा कसैको वोलकवोल नपरेमा दोश्रो पटक अचलको हकमा पन्ध्र दिन र चल सम्पत्तिको हकमा सात दिनको म्याद दिई सूचना प्रकाशन गरी लिलाम विक्री गर्ने, तेस्रो पटक अचल सम्पत्तिको हकमा दश दिन र चल सम्पत्तिको हकमा पाँच दिनको समय दिई सूचना प्रकाशन गरी त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्दा पनि लिलाम बिक्री हुन नसकेमा त्यस्तो चल अचल सम्पत्ति सम्बन्धित सहकारी संस्थाले निर्धारित मूल्यमा सकार गर्नु पर्नेछ ।

त्यसरी चल अचल सम्पत्ति सकारेपछि सकार गरेको रकम बराबरको कर्जा चुक्ता भएको मानी हिसाब मिलान गर्ने । कर्जा असुली अधिकृतले चल अचल सम्पत्ति लिलाम विक्री गरी ऋण असुल गर्दा त्यस्तो लिलाम विक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च कटाइ बाँकी रहन आएको रकमबाट सम्बन्धित सहकारी संस्थाले पाउनु पर्ने रकम त्यस्तो सहकारी संस्थालाई भराई दिने र बाँकी रहन आएको रकम सम्बन्धित ऋणी, धितोदाता वा जमानत दिने व्यक्तिलाई फिर्ता दिने, चल अचल सम्पत्ति लिलाम विक्रीमा सकार गर्ने व्यक्तिलाई कर्जा असुली अधिकृतले चलन पूर्जी दिई आवश्यक परेमा स्थानीय प्रशासन तथा प्रहरीको सहयोग लिई त्यस्तो चल अचल सम्पत्तिको चलन चलाइ दिनु पर्ने जस्ता व्यवस्था कार्यविधिमा व्याख्या गर्नु आवश्यक छ ।

**१०. अन्यत्र इजलास कायम गर्न सक्ने व्यवस्था:**

सहकारी ऐन र नियमावलीले एक मात्र न्यायाधिकरणको अबधारणा अघि सारेको हुँदा कार्यबोझलाई ध्यानमा राखी नेपाल सरकारले कुनैपनि स्थानमा न्यायाधिकरणको इजलास कायम गरी न्यायाधिकरणको काम कारबाही संचालन गराउन सक्ने व्यवस्था कार्यविधि मार्फत गर्नु आवश्यक छ ।

**न्यायाधिकरणको प्रभावकारिताका लागि केही सवालहरु**

सरकारले सहकारी नियमावली जारी गरेको झण्डै एकवर्ष अबधि व्यतित हुंदासम्म पनि न्यायाधिकरणको गठन र कार्यविधि जारी हुन सकेको छैन । नियमावली लागु भएको मितिले दुई वर्षभित्रमा पाँच वर्ष भन्दा बढि अबधी भाखा नाघेका कर्जाहरुको उजुरी गरिसक्नुपर्ने बाध्यकारी व्यवस्थाका कारण न्यायाधिकरण गठनमा भएको ढिलाईले पछिल्ला दिनहरुमा मुद्दाको अधिक चाप पर्नसक्ने चुनौती दिन प्रतिदिन बढ्दो छ । एक मात्र न्यायाधिकरण गठन हुने कानुनी व्यवस्थाका कारण मुद्दाको अत्यधिक चाप थेग्न अपर्याप्त हुने देखिन्छ । यसर्थ, न्यायाधिकरणको संरचनामा पुनरावलोकन गरी कम्तिमा पनि प्रदेश तहमा न्यायाधिकरण गठन गर्ने व्यवस्था हुनु आवश्यक छ ।

बैंक तथा वित्तीय संस्थाको कर्जा असुली प्रयोजनका लागि गठन भएको ऋण असुली न्यायाधिकरण २ तहको रहेको जसको फलस्वरुप ऋण असुली न्यायाधिकरणले गरेको निर्णय उपर पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन हुने व्यवस्था रहेको कारण मुद्दाको निर्णय प्रक्रिया तुलनात्मक रुपमा छिटो छरितो रहेको छ । तर, सहकारी क्षेत्रमा गठन हुने कर्जा असुली न्यायाधिकरणको संरचनामा पुनरावेदन न्यायाधिकरणको व्यवस्था गरिएको छैन ।

न्यायाधिकरणले गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको छ । जसका कारण मुद्दाको निर्णय प्रकृयामा लामो समय लाग्न सक्ने र अर्कोतर्फ उच्च अदालतमा मुद्धाको चाप अत्यधिक हुनसक्ने सम्भावना देखिएको छ ।

यसर्थ, बैंक तथा वित्तीय क्षेत्रमा जस्तै यस क्षेत्रमा समेत २ तहको बनाई पुनरावेदन न्यायाधिकरण गठन गर्ने कानुनी व्यवस्था गर्नु आवश्यक देखिएको छ । त्यसैगरी, नियमावलीले न्यायाधिकरणको प्रशासनिक कार्य एवं निर्णय कार्यान्वयन लगायत सम्पूर्ण काम कारवाहीका लागि कर्जा असुली अधिकृतको व्यवस्था गरेको छ ।

यस्तो व्यवस्थाका कारण काममा अत्यधिक चाप पर्न जाने हुंदा सामान्यतयाः ऋण असुली न्यायाधिकरण लगायत अन्य न्यायिक निकायहरुमा प्रशासनिक कार्य संचालन गर्नका लागि श्रेस्तेदार र निर्णय/फैसला कार्यान्वयनका लागि ऋण असुली अधिकृत/तहसिलदारको छुट्टाछुट्टै व्यवस्था गरिएजस्तै सहकारी संस्थाको ऋणी असुली प्रयोजनका लागि गठन गरिने कर्जा असुली न्यायाधिकरणलाई पनि प्रभावकारी रुपमा परिचालन गर्न श्रेस्तेदार र कर्जा असुली अधिकृतको व्यवस्था गरी पर्याप्त जनशक्ति खटाउनु आवश्यक देखिन्छ । ■■■

# वित्तीय साक्षरता अभिवृद्धिमा सहकारीको भूमिका



**इन्दिरा पन्त**
*सञ्चालक राष्ट्रिय सहकारी विकास बोर्ड*

**परिचयः**
साक्षरता र सम्वृद्धिको विचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ । साक्षरता र सम्वृद्धिको गहिरो सम्बन्ध भएकोले गर्दा नै साक्षरतालाई समाजको दीगो विकासको सूचकको रुपमा लिइएको छ । वित्तीय साक्षरता भन्नाले सामान्यतया आम्दानी, खर्च, बचत तथा लगानी लगायत वित्तीय क्षेत्रका विभिन्न विषयहरु बुझ्ने क्षमतालाई जनाउछ। कुनैपनि व्यक्तिमा यस्तो चेतना भए नभएको मापन गर्ने विधि हुदैन तर व्यवहारबाट भने त्यसको आँकलन सजिलै गर्न सकिन्छ। जस्तै घरमा नगद थन्काइराख्नुको सट्टा वित्तीय संस्थामा राख्ने, आम्दानी, वचत, खर्च तथा लगानीको योजना बनाउने, व्यक्तिगत तथा पारीवारीक बजेट बनाउने र बित्तीय रुपमा अनुशासित बन्नेकुरा वित्तीय रुपमा साक्षर व्यक्तिबाट मात्र सम्भव हुन्छ । वित्तीय संस्थाहरुको कारोबारको आकार र प्रवृत्तिले पनि वित्तीय मुलुकमा साक्षरताको स्थिति अनुमान गर्न सकिन्छ । पैसा वा कमाईलाई सही ढंगले उपयोग गर्ने विषयमा हरेक मानिस संग त्यस सम्बन्धी ज्ञान र शीप हुन अत्यन्त जरुरी हुन्छ।

वित्तीय साक्षरताले आम नागरीकलाई वित्तीय कारोवार गर्दा विवेकपूर्ण ढंगले निर्णय गर्ने क्षमता प्रदान गर्छ। वित्तीय रुपमा साक्षर व्यक्तिले आय आर्जनका क्षेत्र र तरीका पत्ता लगाउन सक्छन् । योजनाबद्ध ढंगले बचत वा खर्च गर्ने तरीका र श्रोतको सहि व्यवस्थापनका लागि कर्जा लिन र सम्पत्तीको व्यवस्थापन गर्न चाहिने ज्ञान, शीप तथा कला सिक्छन् । यसले व्यक्तिलाई आफ्ना आवश्यकताको प्राथमिकिकरण गर्दै उपलब्ध सीमित स्रोत साधनको प्रभावकारी ढंगले उपयोग गरी उचित वित्तीय निर्णय लिन सक्ने क्षमता विकाश गराउछ। जब समाजका सबै क्षेत्र र समुदायसम्म वित्तीय सेवाको सहज र सुलभ पहुँच पुऱ्याउन सकिन्छ यसले वित्तीय समाबेशिकरण प्रभावकारी हुन्छ । वित्तीय पहँच र समावेशीकरणले स्वाभाबिक रुपमा उद्यमशीलताको आधार तयार गरीदिन्छ । त्यसैले वित्तीय समबेशीकरणका लागि बित्तीय साक्षरता अनिवार्य हुन्छ। वित्तीय रुपमा साक्षर व्यक्तिले मात्र वित्तीय अनुशासनको पालना गर्न सक्दछ । यसरी हेर्दा वित्तीय साक्षरताले व्यक्तिको बहुआयामिक पक्षलाई प्रभावित गर्दछ भन्न सकिन्छ।

**वर्तमान अबस्था :**
नीति निर्माण तहमा पछिल्लो समय वित्तीय साक्षरता अभिवृद्धि गर्ने विषयले प्राथमिकता पाउन थालेको छ । वित्तीय क्षेत्र रणनीति र पञ्चवर्षिय योजनाको साथै सरकारको वजेट र मौद्रिक नीतिमा समेत यसलाई महत्वका साथ उल्लेख गर्न थालिएको छ । सहकारी क्षेत्रले पनि वित्तीय साक्षरतालाई आफ्ना कार्यक्रममा समाबेश गर्न थालेको छ।

वित्तीय साक्षरताले आम नागरीकलाई वित्तीय कारोवार गर्दा विवेकपूर्ण ढंगले निर्णय गर्ने क्षमता प्रदान गर्छ । वित्तीय रुपमा साक्षर व्यक्तिले आय आर्जनका क्षेत्र र तरीका पत्ता लगाउन सक्छन् ।

नेपाल राष्ट्र बैंकले केहि समय अगाडि वित्तीय पहुँच सम्बन्धी एक अध्ययनको प्रतिबेदन सार्वजनीक गरेको थियो । उक्त प्रतिबेदनका अनुसार ६१ प्रतिशत नेपाली नागरिकको वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा गरी कम्तिमा एक निक्षेप खाता रहेको देखाएको छ। यस वाहेक लघुवित्तीय संस्था र वचत तथा ऋण सहकारी संस्थामा खोलिएका व्यक्तिगत निक्षेप खाता भने यस अध्ययनमा समाबेश गरीएको छैन । अन्य विषयगत सहकारी संस्थाले पनि वचत तथा ऋणको कारोवार गर्ने भएकोले यस क्षेत्रलाई समेत समाबेश गर्दा झण्डै ८० प्रतिशत नागरिक कुनै न कुनै रुपमा वित्तीय सञ्जालमा जोडिएको अनुमान हुने गरेको छ। तर बैंकमा निक्षेप खाता खोलिदैमा व्यक्तिलाई पूर्ण रुपमा वित्तीय साक्षर भएको मान्न सकिदैन । यो त वित्तीय साक्षरताको प्रारम्भिक चरण मात्र हो । आफूसंग भएको नगद सुरक्षित गर्न वा व्याज आर्जन गर्ने उद्देश्यले वचत खाता खोल्न सकिन्छ । कतिपय अबस्थामा त बढी व्याज पाउने आसमा पनि वित्तीय सूचक राम्रो नभएका संस्थाहरुमा वचत गरेर जोखिमा परेका उदाहरणहरु पनि थुप्रै छन् ।

अर्कोतर्फ हाल नेपालमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरु गरी ७५ वित्तीय संस्थाहरुबाट करिव १४ लाख व्यक्तिहरुलाई मात्र ऋण प्रवाह भएको कुरा सोहि अध्ययन प्रतिबेदनले देखाउछ । यो विवरण अनुसार नेपालको बैंकिङ्ग क्षेत्रबाट कुल जनसंख्याको ५ प्रतिशत भन्दा कमलाई मात्र कर्जा उपलब्ध भएको स्थिति देखिन्छ । यसको निराकरण गर्नका लागि वित्तीय साक्षरता र वित्तीय पहुँचमा बृद्धी गरी उद्यमशीलताको विकाश गर्न व्यापक रुपमा आकर्षक कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ। वित्तीय संस्थाबाट ऋण लिएर उद्यमशील

बन्न माथिल्लो स्तरको वित्तीय चेतना, ज्ञान र सजगता चाहिन्छ। यो अबस्थाको सृजना हुन सक्यो भने मात्र वित्तीय साक्षरता अर्थपूर्ण हुन सक्छ । अर्थपूर्ण वित्तीय साक्षरता र पहूँचले मात्र साना तथा मझौला उद्योगहरु फस्टाउन सक्छ ।

हाम्रो समाजमा वर्तमान पारीवारीक संरचना भित्र तोकिएका निश्चित व्यक्तिले मात्र आवस्यक आर्थिक पक्षको व्यवस्थापन गर्ने र वित्तीय निर्णय लिने प्रचलन रहेको छ। यसले गर्दा परीवारका सबै सदस्यहरुको वित्तीय निर्णयमा सहभागीता हुदैन र सबैमा बित्तीय व्यवस्थापनका विषयमा आवस्यक ज्ञान हुदैन । जब एउटा शिक्षित व्यक्ति विद्यालय वा विश्वविद्यालयको अध्ययन सकेर बाहिर निस्कन्छ, उ वित्तीय ज्ञान र सीप विना नै वित्तीय रुपमा जिम्मेवार नागरीक बन्नुपर्ने बाध्यतामा पुग्छ । बित्तीय ज्ञानको अभावले गर्दा कहिलेकाहि शिक्षित व्यक्तिपनि आर्थिक उल्झन र कठिनाईसँग सामना गर्न असमर्थ हुन्छन् । वित्तीय चेतनको अभावका कारण आर्थिक क्षेत्रमा थुप्रै खालका समस्या मात्र देखापरेको छैन सबै नागरीकको वित्तीय पहुँच पुर्याउने कुरामा पनि कमि देखिएको छ ।

**वित्तीय साक्षरता किन ?**

पैसाका विषयमा अनुशासित नबन्दा व्यक्तिगत तथा संस्थागत जीवन धरासायी बन्न पनि सक्छ । वित्तीय व्यवस्थापन कुशलतामा कमीहुँदा वित्तीय संस्थामा समेत बिभिन्न खालका समस्या आउने गरेका छन् । त्यसैले पैसा परीचालन र सदुपयोग कसरी गर्ने भन्नेकुर सानै उमेरदेखि सिकाउदै जानुपर्छ । हाम्रो परीवार भित्र बालबालिकालाई आर्थिक विषय सँग सम्बन्धित छलफल वा निर्णयमा सहभागी गराउने प्रचलन कम छ । सानैदेखि आर्थिक कृयाकलापमा सहभागी हुने अभ्यासले मात्र व्यक्तिलाई भावी जीवनका आर्थिक योजना निर्माण र व्यवस्थापनका लागि सक्षम बनाउछ । बालवालीकालाई आर्थिक गतिविधिमा सामेल नगराउँदा उनीहरु यो विषयमा विषयमा अनभिज्ञ हुन्छन् । हाम्रो सरकार, शैक्षिक संस्था, वित्तीय संघ संस्था तथा निकायले यो विषयमा सोच्नु आवश्यक छ । वित्तीय साक्षरताका सबै आयामका लागि औपचारिक र अनौपचारिक अभियान मार्फत बित्तीय सचेतनता आमरुपमा लैजान आवस्यक छ ।

बित्तीय साक्षरताको ठूलो महत्व हुँदा हुँदैपनि नेपालमा सरकारी वा गैर सरकारी क्षेत्रले प्रभावकारी अभियान संचालन गर्न सकेका छैनन् । सहकारी अभियान पनि बित्तीय साक्षरतालाई अभियानको मूलमुद्धा बनाउन सकेको देखिदैन। बैक तथा वित्तीय संस्थाहरु नपुगेका स्थानमा सहकारी संस्थाहरु पुगेका छन् । सहकारीको सञ्जाल अन्य कुनै पनि

> **हाम्रो परीवार भित्र बालबालिकालाई आर्थिक विषय सँग सम्बन्धित छलफल वा निर्णयमा सहभागी गराउने प्रचलन कम छ । सानैदेखि आर्थिक कृयाकलापमा सहभागी हुने अभ्यासले मात्र व्यक्तिलाई भावी जीवनका आर्थिक योजना निर्माण र व्यवस्थापनका लागि सक्षम बनाउँछ ।**

संस्थाहरुको भन्दा धेरै फराकिलो छ। त्यसैले सहकारी मार्फत संचालन गरिने कार्यक्रहरु लक्षित समुदाय सम्म पुर्याउन सजिलो हुन्छ । हरेक व्यक्तिको व्यक्तिगत वित्तीय जीवन हुने भएकोले वित्तीय साक्षरता सबै बर्ग, लिङ्ग, क्षेत्र, समुदायका लागी उत्तिकै आवश्यक छ। यो अभियान सँगै व्यवसायिक ज्ञान, रोजगारीको सृजना र नेतृत्व क्षमताको विकासलाई सहकारी अभियान संग एकिकृत गरेर लैजान सकिन्छ। यसकालागि सरकारी तथा गैर सरकारी तवरबाट व्यापक रुपमा औपचारीक तथा अनौपचारीक कार्यक्रमहरु संचालनको आवश्यकता छ ।

**वित्तीय साक्षरता र सहकारी :**

सहकारी संस्था स्थापनाको प्रमुख उद्धेश्य नै सामुहिक प्रयासबाट सदस्यहरुको आर्थिक तथा सामाजिक अबस्थामा सुधार गर्नु हो । वित्तीय साक्षरता र पहुँच सहकारीको केन्द्र विन्दु रहने गरेको छ । तथ्याङ्कबाट हेर्दा पनि वित्तीय क्षेत्रमा दुई तिहाइ भन्दा बढी अंश रहेको बैकिङ्ग क्षेत्रबाट हालसम्म करिव १४ लाख नागरिकले ऋण पाएका छन् भने वित्तीय क्षेत्रमा करिव १३ प्रतिशत योगदान रहेको सहकारी संस्थाहरुमा ६५ लाख भन्दा बढि सदस्यहरु संलग्न छन् । यसमध्ये धेरै जसो संस्थाको वचत तथा ऋण नै मुख्य कारोवार रहेको छ । अर्थात वैंकिङ्ग क्षेत्रबाट जति व्यक्तिले ऋण पाएका छन् त्यो भन्दा बढी संख्याले सहकारी संस्थाहरुबाट ऋण लिएको अनुमान स्वत गर्न सकिन्छ। सरकारी क्षेत्रबाट वित्तीय पहूँचको मापन गर्दा सहकारीको योगदान समावेश गरिदैन । सहकारी क्षेत्र स्वयंले पनि अध्ययन अनुशन्धानमा जोड दिएको छैन। त्यसले गर्दा करीव ३५ हजार संस्था भएको अभियानले वित्तीय साक्षरता र पहुँच अभिवृद्धिमा गरेको योगदानलाई न त आफैले तथ्यका आधारमा दावि गरेको छ न त अन्य क्षेत्रले नै यसको कदर गरेको देखिन्छ ।


सहकारी क्षेत्रले स्थानीय स्रोत र साधनमा आम मानिसको पहुँच, परिचालन र सहभागीता बृद्धि गरेको छ । मानिसहरुमा बचत गर्ने बानिको विकास गर्न, पूँजीको परिचालन गर्ने शीप प्रदान गर्न, र आम जनसमुदायको वित्तीय पहुँच र समाबेशीकरणका लागि महत्वपूर्ण भुमिका खेलेको छ। यति हुँदा हुँदै पनि सहकारी क्षेत्रले वित्तीय साक्षरताको अभियानलाई योजनाबद्ध ढंगले संचालन गर्न सकेको देखिदैन। स्कुल, कलेज, र विश्वबिद्यालय सहकारीको महत्व र प्रभावकारीताको हिसावले राम्रो संभावना भएको क्षेत्र हो । यी संस्थामा अहिले सम्म व्यवस्थित ढंगले सहकारी पुग्न सकेको छैन । सहकारी क्षेत्रका माध्यमबाट बित्तीय साक्षरता अभियानलाई हरेक घर परीवार सम्म पूर्याउन सकिन्छ । यसका लागि सहकारी संघ संस्थाको योजनाबद्ध पहल आवश्यक छ ।

शैक्षिक संस्थामा वित्तीय साक्षरता अभियानले सहकारी अभियानका बारेमा आम जागरण सृजना गर्दछ । स्कूल तथा कलेजका पाठ्यत्रममा सहकारी लगायतका वित्तीय विषयलाई अनिवार्य बनाउने वातावरण सृजना गर्न सकिन्छ। बाल तथा युवा बचत क्लबहरुको निर्माण गर्ने र नियमित रुपमा वचत गर्ने अभ्यास गराउन सकिन्छ। स्कूल तथा कलेज सहकारी वा वचत समुहको निर्माणका लागि सहजीकरण गर्न वचत गर्ने बानीलाई जीवन पद्धतिको रुपमा विकास गर्न यो अभियान प्रभावकारी हुन्छ। वित्तीय साक्षरताका माध्यमबाट युवालाई सहकारी क्षेत्रमा लाग्न र सामुहिक रुपमा कामगर्न प्रेरीत गर्न सकिन्छ।

**शैक्षिक संस्थामा वित्तीय साक्षरता :**

वित्तीय साक्षरता अभियान एक नियमित र सबैका लागि आवश्यक सिकाई प्रक्रिया हो । यो व्यक्तिको व्यवहारीक अभ्यासबाट विकास हुँदै जाने प्रक्रिया पनि हो ।

एकातिर असाक्षरलाई साक्षर बनाउने र साक्षरलाई विज्ञ बनाउने र अर्कोतर्फ, नीति निर्माणतहमा बसेकाहरुले संसारमा देखिएका असल अभ्यासलाई अबलम्बन गर्दै वित्तीय क्षेत्रको विकास र विस्तारका लागि उचित सम्बोधन गर्न पनि उच्च स्तरको वित्तीय साक्षरताको जरुरी हुन्छ । प्रारम्भिक चरणको वित्तीय साक्षरताको लागि विद्यालय स्तरको पाठ्यक्रम र बिद्यार्थीको सिकाइमा जोडदिनु आवश्यक छ । वित्तीय साक्षरताका माध्यमबाट बिद्यार्थीले सानैदेखि बचत गर्ने बानी बसाल्ने र योजना बनाएर खर्च गर्ने तरीका सिक्छन् । आफुले सिकेको कुरा घर परीवार तथा समाजमा पनि सिकाउछन् । सानै देखि आवस्यकता र चाहान विचको भेद छुट्टाउने र प्राथमिकता निर्धारण खर्च गर्न सिक्छन् । स्थानीय श्रोत र शाधनको उपयोग गर्न तथा व्यवसायिक सीप सिकाउन पनि यो अभियान प्रभावकारी हुन्छ ।




शैक्षिक संस्थामा वित्तीय साक्षरता तथा बचत समुहको अभ्यासले विभिन्न रचनात्मक कृयाकलापका साथ-साथै समानता र न्यायमा आधारीत जीवन पद्धतिको निर्माण गर्न सहयोग गर्छ । भौतिक संरचनाको विकाशले मात्र दीगो विकाशको सुनिश्चितता गर्दैन, मानिसको समग्र पक्षको विकाश आवस्यक हुन्छ । व्यक्तिको बहुआयामिक पक्षको विकाशका लागि वित्तीय साक्षरता अभियानले महत्वपूर्ण भुमिका खेल्दछ । दक्षिण कोरीयाले सन १९७० को दशकमा गरेको यस्तो अभ्यासले अर्थतन्त्रमा लामो समयसम्म बचत र लगानीमा सकरात्मक प्रभाव देखिएको थियो । अन्य विभिन्न मूलुकहरुले पनि बित्तीय साक्षरतालाई अभियानको रुपमा संचालन गरेको पाईन्छ ।

विद्यार्थी, कर्मचारी, शिक्षक तथा अभिभावको संलग्नतामा सहकारी संस्थाको स्थापना गरी विद्यार्थीलाई सानै उमेरदेखि वित्तीय साक्षरता, उद्यमशीलता तथा क्षमता विकासका कार्यक्रम संचालन गर्न सकिन्छ । नेपालमा उमेरको हदबन्दीका कारण विद्यालय तह सम्म सहकारी स्थापना गर्न नसकीने अबस्थामा बित्तीय साक्षरता अभियान मार्फत विद्यार्थीको वचत समुह निर्माण गरेर शैक्षिक संस्था लक्षित रचनात्मक तथा व्यवसायिक अभ्यास गराउन सकिन्छ । ठूलो समुदायलाई एकैपटक वित्तीय शिक्षा र व्यवसायिक सीपको विकासका लागि प्रोत्साहित र परिचालन गर्न शैक्षिक क्षेत्र अत्यन्तै प्रभावकारी उपयूक्त हुन्छ । वित्तीय साक्षरता सम्बन्धि ज्ञान र सीप स्कूल देखि नै सिकाउन सकियो भने पूँजी निर्माण, परिचालन, व्यवसायिक ज्ञान, सीप र क्षमताको विकास गर्न संभव हुन्छ । वित्तीय साक्षरताको माध्यमबाट अध्ययनरत विद्यार्थीलाई मात्र होईन रोजगारीका अबसरको खोजिमा बिदेशीएका र विदेश जाने योजना बनाएका युवा शक्तिलाई देशभित्रै विकल्प दिन सकिन्छ ।

यस सन्दर्भमा विभिन्न देशका उदाहरण हाम्रो लागि सान्दर्भिक हुन सक्छन् । कतिपय देशमा विद्यालय, कलेज र विश्वविद्यालय तहमा सहकारी संस्थाको माध्यमबाट वित्तीय साक्षरता अभियान संचालन गरीएको छ । शैक्षिक संस्थामा सहकारी मार्फत व्यावसायिक अभ्यास गर्दा व्यवहारीक सिकाईको तरीका र नयाँ संभावनको आयाम थपिन्छ । जापान, मलेशिया, इन्डोनेशिया, सिंगापुर लगायतका कतिपय देशमा यस्तो अभ्यास लामो समय देखि भइरहेको छ ।

अर्कोतिर विभिन्न मुलकका वित्तीय संघ संस्थाले नियमित रुपमा वित्तीय ज्ञानसँग सम्बन्धित विषयमा औपचारिक अनौपचारिक रुपमा कार्यक्रम संचालन गर्दै आएका छन् । हामीले पनि शैक्षिक संस्था लक्षित कार्यक्रमका माध्यमबाट यस क्षेत्रमा वित्तीय जागरण वा सचेतनता अभियान संचालन गर्न सक्छौं । औपचारिक शिक्षामा सहकारी लागायतका आर्थिक क्षेत्र र विषयको पाठ्यक्रम तयार गर्न दवाव सृजना गर्न सक्छौ । व्यावसायीकता र सहकार्य जस्ता जीवन निर्वाहमा सहजता सिर्जना गर्ने क्रियाकलापको विकास गर्न सहकारी अबधारणको अबलम्बन उपयुक्त छ । वित्तीय साक्षरताले व्यक्तिलाई वित्तीय अनुशासन कायम गरी पारदर्शि तरीकाले आयआर्जनको क्षेत्रमा लाग्न प्रेरीत गर्छ । यसको ज्ञानले आर्थिक रुपमा शुरक्षित र स्तरीय जीवन यापनको सुनिश्चितता गर्दछ । विद्यार्थीलाई वित्तीय रुपमा साक्षर बनाउदा यस अभियानलाई गाँउ समाज सम्म लैजान सजिलो हुन्छ ।

वित्तीय साक्षरता अभियान संचालन गरी शैक्षिक संस्थाहरुमा वचत समुह तथा सहकारी संस्था गठन गर्ने र ति संस्थाबाट संचालन गरीने स साना व्यवसायका माध्यमबाट स्थानीय श्रोत शाधनको पहिचान र प्रयोग गर्न प्रोत्साहित गर्न सकिन्छ । यसरी मुलुकको आर्थिक विकासका लागि उत्पादनशील जनशक्ति तयार गर्न सकिन्छ । वित्तीय साक्षरताका लागि शैक्षिक संस्थालाई दिर्घकालीन रुपमा श्रोत केन्द्रको रुपमा विकास गर्दै लैजान सकिन्छ, जसले गर्दा सबै नागरीक सम्म वित्तीय साक्षरताको पहुँच र बित्तीय समाबेशिकरणका लागि सहज वातावरण तयार हुन्छ ।

**कसरी प्रभावकारी बनाउने ?**

वित्तीय साक्षरता अभियानलाई प्रभावकारी र नतिजामूलक बनाउन नीतिगत स्पष्टता हुनु आवश्यक छ । वैंक तथा वित्तीय संस्थाहरुलाई नाफाको एक निश्चित प्रतिशत सहकारी संस्थाहरुमार्फत वित्तीय साक्षरतामा खर्च गर्ने प्रावधान बनाउन सकिन्छ । यसका साथसाथै सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था, दातृ निकायले नेपालमा आ-आफ्नै तरीकाले वित्तीय साक्षरता कार्यक्रम संचालन गरिहेको सन्दर्भमा एकिकृत रुपमा जाँदा

उपलब्धीमूलक हुन्छ । यसो गर्दा कम खर्चमा बढी उपलब्धि हासिल हुने मात्र नभएर कार्यक्रमको दोहोरो र तेहरोपना हट्टछ । आधारभूत तहमा वित्तीय साक्षरता पुर्याउने मूख्य जिम्मेवारी स्थानीय तहको हो । त्यसैले स्थानीय तहले यस विषयमा आफ्ना नीति, रणनीति र कार्यक्रम मार्फत अभियानको संयोजन गर्न सक्छ । वित्तीय साक्षरताको क्षेत्रमा देशमा भैरहेका अलग अलग प्रयासहरुलाई एकिकृत गरी समन्वयात्मक ढंगले अगाडि बढाउन विभिन्न तहका सरकारले सहकारीका तहगत निकाय संग समन्वय र कार्यान्वयन गर्न सक्दछन् ।

वर्तमान सन्दर्भमा विद्यालय वा विश्वविद्यालयको शिक्षा सकेर व्यावहारिक जीवनमा आएका जनशक्तिलाई तत्काल आर्थिक रुपमा आत्मनिर्भर बन्ने खालको शीप दिन नसक्दा हाम्रो शिक्षा क्षेत्रमाथि प्रश्न उठ्ने गरेको छ । बर्षौ लगाएर प्राप्त गरेको प्रमाण पत्र जीवन यापनका लागि सहयोगी बन्न नसकेका कारण रोजगारीको गन्तव्य वाहिरी मुलुक बन्ने गरेको अबस्था छ । यो अबस्थालाई कम गर्न वित्तीय साक्षरता र पहूँच अभिबृद्धी गरी उद्यमशील नागरीक तयार गर्न सकिन्छ । हरेक व्यक्तिलाई सानैदेखि बचत गर्ने र योजना निर्माण गरी खर्च वा वचत परिचालन गर्ने बानी विकास गर्न सक्दा राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा पुग्दछ । नागरिकको आर्थिक सहभागीता बढाउँछ । स्वरोजगारमुलक रोजगारीकालागि ज्ञान, शीप र पूँजि निर्माण गर्न सजिलो हुन्छ ।

वित्तीय ज्ञानले भविष्यमा नियमित रोजगारी गर्ने वा पेशा व्यवसाय गरेर स्वरोजगार बन्ने भन्ने विषयमा छनौटको क्षमता र अबसर प्रदान गर्दछ । यूवाहरुले पैसाका मामलामा व्यवहारिक र व्यवसायिक ज्ञान बेलैमा पाएभने भोली समाजमा घुलमिल हुन जाँदा बित्तीय साक्षरता सम्बन्धी चेतनाले उनीहरुलाई परिपक्क व्यक्तिका रुपमा विकास गर्छ । उनीहरुको आर्थिक आवश्यकतालाई सम्बोधन गर्न मद्दत पुग्छ । यसरी शैक्षिक संस्था मार्फत वित्तीय साक्षरता अभियनद्धारा स्थानीय र राष्ट्रिय तहमै सुदृढ अर्थतन्त्रको जग बसाल्ने आधार तयार हुन्छ ।

**निश्कर्ष :**
वित्तीय साक्षरता भनेको पैसा कम खर्च गर्ने भन्ने कुरामात्र होईन जब व्यक्तिको हातमा पैसा पर्छ, त्यसको सदुपयोग कसरी गर्ने भन्ने क्षमताको विकाश हो । पैसाको विषयमा अनुशासित नभएका मानिस जीवनका कुनै पनि क्षेत्रमा अनुशासित बन्न सक्दैनन । वित्तीय परीचालनको अज्ञानता अल्पज्ञानले व्यक्तिको जीवन असन्तुलित बन्दै गएको पाईन्छ । कतिपय अबस्थामा व्यक्ति तथा संस्थालाई आर्थिक विषयमा सहि समयमा सहि निर्णय गर्न कठीनाई भएको छ । वित्तीय योजना र व्यवस्थापनको कमिले गर्दा व्यक्तिगत र पारीवारीक जीवनमा मात्र होईन संस्थागत जीवनमा समेत बिभिन्न खालका समस्या आउने गरेका छन् । यी समस्याहरुको प्रमुख कारण वित्तीय चेतना र अनुशासनको कमी हो । तसर्थ सानैदेखि पैसाको विषयमा कुराकानी गर्न, यो विषयमा बुझ्न र बुझाउन आवश्यक छ ।

सानैदेखि आर्थिक पक्षको ज्ञान, सीप र कला सिकाउन सकेमा आम नागरीकको आर्थिकरुपमा आत्मनिर्भर बन्ने सोच विकाश हुन्छ । नागरिकको वित्तीय सचेतनता तथा आत्मनिर्भरताले दिर्घकालिन रुपमा स्वाधिन राष्ट्रिय अर्थतन्त्रको निर्माणमा समेत सहयोग गर्छ । वित्तीय साक्षरताको माध्यमबाट पुँजि निर्माण र व्यवसाय संचालनको आधारभूमी तयार गर्न मद्दत पुग्छ । सामाजिक एकता, आपसी सहयोग, सम्मान र विश्वासको वातावरण पनि निर्माण हुन्छ । वित्तीय साक्षरता अभियानका मध्यमबाट मान्छेलाई असल बनाउन सकिन्छ । र, अन्त्यमा अनुशासित र मर्यादित समाजको निर्माण हुन्छ । आजको विश्वव्यापिकरणमा हरेक राष्ट्र विश्व संरचना भित्र एउटा एकाईको रुपमा कृयाशील छ । नेपालले स्वाधिन अर्थतन्त्रको विकाश गर्न सकेमा मात्र विश्व पूँजिबजारमा आफुलाई स्थापित गर्दै अन्तरनिर्भरताको विकास गर्न सक्दछ । ▪▪▪

# व्यवस्थापकहरुको क्षमता अभिबृद्धि तालिम

नेफ्स्कून फिल्ड कार्यालय बाँकेको आयोजनामा बर्दियाको ठाकुरबाबामा व्यवस्थापकहरुको क्षमता अभिबृद्धि तालिम (Credit Union Manager's Capacity Enhancement Training) यहि २०७६ माघ २३ गते सम्पन्न भएको छ ।



प्रमुख अतिथि एवम् ५ नम्बर प्रदेश बचत तथा ऋण सहकारी संघ का सञ्चालक सदस्य उदय बहादुर के.सी ले आर्थिक विकासको महत्वपूर्ण पाटो सहकारी रहेको रे, सहकारी क्षेत्रको विकास र प्रबर्द्धन साथै यसलाई व्यवस्थित र सुरक्षित बनाउने अभियानमा नेफस्कूनले अहम भुमिका खेलेको बताउनु निर्माण । उहाँले साकोस सञ्चालनमा व्यवस्थापकहरुको भूमिका महत्वपूर्ण रहने हुँदा तालिम बाट प्राप्त ज्ञान, सीप र क्षमताले साकोस लाई अझ सफल, सुरक्षित र व्यवस्थित बनाउन सकिने बताउनुभयो । तालिममा ५ नं. प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका १० वटा जिल्लाका ३२ जना साकोसका व्यवस्थापक र स्थानीय सहकारीकर्मीहरु सहित ४० जनाको सहभागीता रहेको थियो । तालिमको सहजीकरण संघका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमल्सीना र वरिष्ठ अधिकृत दीपक प्रसाद ढुंगानाले गर्नुभएको थियो । ▪▪▪

# सहकारी र अन्य संस्थाहरुमा आधारभूत भिन्नता

**पृष्ठभूमी**
सहकारीको स्थापना र अन्य संस्थाहरुको स्थापनामा नै आभारभूत भिन्नता रहेको छ । सहकारीलाई समान उद्देश्य भएका व्यक्तिहरु परस्परमा मिलेर समानताको आधारमा प्रजातान्त्रिक ढंगले गरिने कार्यलाई सहकारीता भनिन्छ । नेपाली शब्दकोषमा सहकारी शब्दको तपसिलका अर्थहरु दिइएको छ । सहकारी, विषेशणको रुपमा एकसाथ मिलेर काम गर्ने, साथसाथै काम गर्ने, सहयोगी साथी , सहायक ब्यक्ति, मद्यतगार भन्ने बुझिन्छ । यसरी नै नामको रुपमा सहकारी भन्नाले धेरै ब्यक्ति एकै साथ मिलेर काम गर्ने भावना, सामुहिक रुपले काम गर्ने प्रबृत्ति, उपभोक्ता वा व्यवसायीहरु मिलेर सबैको हितको निमित्त कुनै सामान बनाउने वा बिक्रि गर्ने काम भन्ने अर्थ हुन्छ ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सन् १९९५ सेप्टेम्बरमा भएको महासभाबाट पारित परिभाषाः सहकारी त्यस्ता व्यक्तिहरुको स्वायत्त संगठन हो, जो स्वेच्छिक रुपमा एकजुट भइ आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरु र आकांक्षाहरुको परिपूर्तिको लागि संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय हो A cooperative is an autonomous association of persons united voluntarily to meet their common economic, social and cultural need and aspirations through a jointly owned and democratically controlled enterprise. भने अन्य संस्थाहरुको कुनै यस्तो निदिष्ट परिभाषा समेत पाइदैन केशव साझा उद्देश्य प्राप्तीका लागि संगठीत स्वरुप नै संस्था हो भन्ने बुझाई छ ।

सहकारी संस्था अन्तराष्ट्रिय मुल्य, मान्यता तथा सिद्धान्तमा प्रतिपादित हुन्छ र विश्वको जुनै पनि सहकारीहरुले अन्तराष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको सिद्धान्तहरुमा चल्नुपर्ने भएकोले सबै देशका सहकारीहरुको विशेषता एउटै प्रकृतिको हुन्छ जुन सहकारी संस्थाहरु अन्य संस्थाहरु भन्दा पृथक अस्तित्व र पहिचानका हुन्छन् । तर अन्य संस्थाहरुको आफ्नै सिद्धान्त तथा नियमनबाट संचालित हुन्छन् जुन व्यक्तिगत, कुनै निजि तथा मुख्यतः आर्थिक स्वार्थबाट, कोहि सामाजिक, त कोहि वातावरणीय एवं आवश्यकताको आधारमा सञ्चालित हुने भएको एक संस्था विच अन्य संस्थाको उद्देश्य फरक पर्दछ र लक्ष्य समेत फरक हुने भएकोले सो को लागि प्रेरित हुन्छन् तर सहकारीहरु भने सामुहिक भावना तथा सदस्यहरु मार्फत समाजप्रति बढी उत्तरदायि हुन्छन् र प्राय सबै सहकारीहरुको मुख्य लक्ष्य आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र वातारणीय मुद्धामा नै केन्द्रित रहेका हुन्छन् ।



**प्रकाश प्रसाद पोखरेल**
*नायव प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून*

> सहकारी संस्था अन्तराष्ट्रिय मुल्य मान्यताको आधारमा स्वैच्छिकरुपमास्वनियन्त्रित प्रजातान्त्रिक संस्था हो यसमा कार्यसमितिको अलवा लेखा समिति पनि साधारण सभाबाट निर्वाचित हुन्छन र आवश्यकता अनुसार अन्य उपसमितिहरुको गठन गरिन्छ ।

अतः अन्य विभिन्न प्रकारका संस्थाहरु जस्तैः पूँजीबादी, संयुक्त पूंजी कम्पनि, औद्योगिक संस्था, विभिन्न गैह्सरकारी संस्थाहरु, विभिन्न प्रकारका यूनियनहरु, संञ्जालहरु, वित्तीय संस्थाहरु, बैकहरु र सहकारी संस्थाहरु, उनीहरुको कार्यशैली, संरचनात्मक स्वरुप, उद्देश्य, काम गर्ने तैरतरीकाहरुमा नै आधारभूत रुपमा भिन्नता रहेको पाईन्छ ।

**भिन्नताका आधारहरु संरचनात्मक स्वरुपः**
सहकारी संस्था अन्तराष्ट्रिय मुल्य मान्यताको आधारमा स्वैच्छिक रुपमा स्वनियन्त्रित प्रजातान्त्रिक संस्था हो यसमा कार्यसमितिको अलवा लेखा समिति पनि साधारण सभाबाट निर्वाचित हुन्छन र आवश्यकता अनुसार अन्य उपसमितिहरुको गठन गरिन्छ । यो संस्था अन्तराष्ट्रिय मूल्य, मान्यता तथा सिद्धान्तमा प्रतिपादित हुन्छ भने अन्य संस्थाहरु विशेषतः आर्थिक लाभमा केन्द्रित हुनाले आवश्यकता अनुसार मात्र विभिन्न समिति तथा उपसमितिको गठन हुन सक्दछ तर जुन विभिन्न राष्ट्र अनुसार एउटै संस्थाहरु पनि फरक फरक हुन सक्दछ जसलाई अन्तराष्ट्रिय आधारमा संस्थापनको लागि कुनै मुल्य, मान्यता, सिद्धान्त तथा नियमनहरु हुदैन ।

**सञ्जाल, सम्बन्ध र समन्वयनः**
सहकारी संस्थाको संञ्जाल एउटा राष्ट्रको एउटा किसानको सम्बन्ध अन्तराष्ट्रिय जगतसम्म हुने गर्दछ किनकी सहकारीको संञ्जाल प्रारम्भिक सहकारी, विषयगत संघ, जिल्ला संघ, बिषयगत केन्द्रिय संघ,

राष्ट्रिय सहकारी महासंघ, हुदै अन्तराष्ट्रिय सहकारी महासंघ सम्म हुनाले विश्वका सबै राष्ट्रहरु सँग एउटा राष्ट्रको एउटा किसान जो सहकारीको सदस्य छ उसको सम्बन्ध अन्तराष्ट्रिय जगत सम्म हुनेगर्दछ । सहकारीतामा सम्पूर्ण सरोकारवालहरु सगँ सहयोगात्मक सम्बन्ध हुन्छ । अन्य संस्थाहरुको सम्बन्ध तथा संञ्जाल सहकारी संस्थाहरुको जस्तो हुदैन किनकी विभिन्न राष्ट्रका एउटै प्रकृतिका संस्थाहरुको पनि अर्को राष्ट्रमा भएको उस्तै प्रकृतिको संस्था सगँ पनि अलग हुने भएकोले अन्तराष्ट्रिय सम्बन्ध तथा संञ्जाल विस्तार हुदैन, किनकी अन्य संस्थाहरु अन्तराष्ट्रिय मुल्य, मान्यता तथा सिद्धान्तबाट प्रतिपादित हुदैन् । अन्य संस्थाहरु आफ्ना विभिन्न सरोकारवालाहरु सगँको सम्बन्ध प्रायः कटुतापूर्ण हुने गर्दछ कुनै सगँ राम्रो सम्बन्ध निर्माण भने धेरै सगँ राम्रो सम्बन्ध हुदैन् किनकी प्रतिस्पर्धि रुपमा हेरिने गर्दछ र उक्त सम्वन्ध कुनै निश्चित उद्देश्यका लागि मात्र हुने देखिन्छ ।

**सिद्धान्त तथा मुल्यहरुः**

विश्वका जुनै पनि सहकारी संस्थाहरु अन्तराष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको अन्तराष्ट्रिय ७ सिद्धान्त अनुरुप चल्ने हुनाले प्रायः जुनै पनि राष्ट्रमा स्थापना भएका कुनै पनि सहकारीहरुको बिशेषता, मुल्य, मान्यता तथा मुलभुत सिद्धान्तहरु एउटै प्रकारका हुन्छन । अन्य संस्थाहरु कुनै पनि देश, स्थान, व्यक्तिहरु, उद्देश्यहरु, र कुनै स्थान विशेष सिद्धान्तबाट स्थापित भएका हुनाले देशअनुसार एउटै प्रकृतिका संस्थाहरु पनि फरक फरक हुन्छन् जसको विशेषता अलग अलग हुन्छन् ।

**लक्ष्य तथा उद्देश्यहरुः**

सहकारीहरुले अन्तराष्ट्रिय महासंघले प्रतिपादन गरेको सिद्धान्तमा केन्द्रित भई सहकारीको प्रकृतिअनुसार आफ्ना उद्देश्यहरु तय गर्दछन् । सहकारीहरु व्यवसाय भएता पनि नाफा भन्दा सेवामा र एकका लागि सबै र सबैका लागि एक भन्ने सामुहिक भावनाबाट प्रेरित संस्था भएकोले यसले समाज विकासमा पनि उत्तिकै चासो देखाउने गर्दछ । यस प्रकारको संस्था व्यक्ति भन्दा पनि सामुहिक र समाज प्रति पूर्ण जवाफदेहि तथा उत्तरदायित्व हुने गर्दछन् अतः विश्वका सम्पूर्ण सहकारी संस्थाहरुको संस्थागत संस्कृति (Organizational Culture) प्रायः एकै प्रकारको हुने गर्दछ । अन्य संस्थाहरुको उद्देश्य तय गर्दा कुनै पनि अन्तराष्ट्रिय सिद्धान्तबाट प्रतिपादित नभई एउटै प्रकृतिका संस्थाहरु विच पनि अलग अलग उद्देश्य हुने गर्दछ, यस प्रकारका संस्थाहरु व्यक्तिगत, कुनै निश्चित स्वार्थ, सम्बन्ध, नाफा, पूंजी तथा सम्पतिमा केन्द्रित मुल्य मान्यता तथा सिद्धान्तमा आधारित हुने भएकोले एकै प्रकृतिका संस्थाहरु बिच पनि अलग अलग उद्देश्यहरु हुने गर्दछ ।

> **सहकारीको कार्यक्षेत्र अति नै व्यापक हुन्छ र समाजको चौर्तफी विकासमा समेट टेवा पुऱ्याउँछ । अन्य संस्थाहरू निश्चित उद्देश्य, व्यक्तिहरू तथा पेशागत रूपमा नाफा वा सेवाको लागि स्थापना भएको हुन्छन यि दुवै विशेषता अन्य संस्थाहरूमा हुदैन् ।**

**सदस्यता तथा सोचः**

सहकारी संस्थाहरुमा समान उद्धेश्य, समान आर्थिक प्रगति, स्तर, एकै भौगोलिक क्षेत्र, सामुहिक भावना, निष्पक्ष, आधारहरुलाई केन्द्रविन्दु बनाई सदस्यता वित्तरण गरिएको हुन्छ जसले गर्दा सम्पूर्ण सदस्यहरुको सोचाई पनि समान हुने गर्दछ । अन्य संस्थाहरुको सदस्यता वित्तरणमा कुनै एकरुपता नहुने भएकोले जुनै पनि आर्थिक स्तर, भौगोलिकता, जातपात, पेशा, भावना, नातावाद, कृपावाद,को आधारमा पनि सदस्यता वित्तरण भएकोले समान भावना, स्तर र सोचाईको अभाव हुन्छ ।

**कार्यशैलि तथा पद्धतिः**

सहकारी संस्थाले कुनै पनि कार्य गर्दा नैतिकता तथा उचित चरित्रमा प्रजातान्त्रिक तरीकाले सबैले सल्लाह गरेर निर्णय गर्दछन्, त्यस्तै सम्पूर्ण सदस्यहरु नीति निर्माणमा अन्तिम र महत्वपूर्ण स्थान साधारणसभामा मतदाताको रुपमा मात्र नभई पदाधिकारी भएर पनि कार्य गर्न सक्दछन्, सहकारी एक व्यवसायिक संस्था भएता पनि नाफाको निश्चित प्रतिशत सामाजप्रति तथा आफ्ना सदस्यहरुको शिक्षामा लगानी गर्दछन्, सहकारीमा सबै क्षेत्रका मानिसहरु अटाउन सक्दछन्, यसले कुनै कुरामा भेदभाव गर्दैनन् । सहकारीको कार्यक्षेत्र अति नै व्यापक हुन्छ र समाजको चौतर्फी विकासमा समेट टेवा पुर्‍याउछ । अन्य संस्थाहरु निश्चित उद्देश्य, व्यक्तिहरु तथा पेशागत रुपमा नाफा वा सेवाको लागि स्थापना भएको हुन्छन यि दुवै विशेषता अन्य संस्थाहरुमा हुदैन् । नाफा कमाउने संस्थाले उपभोक्ता तथा सदस्यहरुबाट महंगो बस्तु तथा सेवाहरु उपलव्ध गराउछन् भने केहि संस्थाहरु सामाजिक विकासमा अनुदानमा चल्ने हुँदा दीगोपनाको पनि अभाव हुन्छन् । प्रायः अन्य संस्थाहरु प्रजातान्त्रिक नभई व्यक्तिगत तथा दवाव कै आधारमा पनि निर्णय गर्दछन् । अन्य संस्थाहरुको कार्यक्षेत्र सिमित हुन्छन् भिन्न भिन्न संस्थाले भिन्न भिन्न क्षेत्रमा काम गर्दछन् अर्थात् सेवा Specific हुने गर्दछ ।

**उत्तरदायित्व तथा जवाफदेहिता वहनः**

सहकारी आफ्ना सदस्यहरु तथा समाजप्रति बढी उत्तरदायि तथा जावाफदेहि हुन्छन् जसलाई व्यवहारिक रुपमा प्रष्ट देख्न सकिन्छ । अन्य संस्थाहरु आफ्ना सदस्यहरु तथा समाजभन्दा पनि सहयोगिहरु तथा लक्षित वर्ग प्रति बढी उत्तरदायि तथा जवाफदेहि हुन्छन् एवं उक्त उत्तरदायित्व तथा जवाफदेहि केवल दस्तावेजहरुमा सिमित हुन्छन् नकी व्यवहारमा किनकी जसको लागि कानूनत तथा निद्धिष्ट सिद्धान्तहरुबाट प्रतिपादित हुदैन त केहि संस्थाहरुले भने आफ्नो अनुकुल यस्ता जवाफदेहिताका औजार निर्माण गरी प्रयोग समेत गरेको पाईन्छ ।

**निष्कर्ष**

सहकारी एक अन्तराष्ट्रिय सिद्धान्त, मुल्य, भावना र पद्धतिको आधारमा स्थापना भएको तथा विश्वव्यापी विकास एजेण्डालाई आत्मसाथ गरी आफ्नो लक्ष्य र सहकारीताको मर्म अनुरुप कार्य गर्ने साथै राष्ट्रिय रणनीतिको सामिप्यमा रहने संस्था भएकोले पनि अन्य संस्थाहरु भन्दा आधारभूत रुपमा नै पृथक छ । राष्ट्रिय योगदानमा समेत उल्लेख्य भूमिका रहेको सहकारी क्षेत्रको भूमिका विशेषगरी ग्रामिण क्षेत्रमा बढी सहानीय रहेको छ । अतः विकास निर्माणको एक कुशल हिस्सेदार तथा अर्थतन्त्रका लागि कानूनी रुपमा पनि स्वीकार्य एक महत्वपूर्ण खम्वा रहेकोले यसको अस्तित्व, योगदान र भुमिका समेत अन्य संस्थाहरु भन्दा अबल दर्जामा राख्न सकिन्छ अतः यसको छविलाई बढवा दिन सहकारी संञ्चालनमा अन्तराष्ट्रिय सिद्धान्त, मुल्यको आत्मसाथ र सुशासनका असल अभ्यास भने सदैव आवश्यक पर्दछ । ■■■

# प्रोबेशन कार्यक्रममा आवद्ध साकोसहरूबीच अन्तरक्रिया




नेफ्स्कूनको आयोजनामा प्रोबेशन कार्यक्रममा आवद्ध हेटौंडा र सिन्धुली जिल्ला सहित प्रदेश नं २ अन्तरगतका ३ वटा कलष्टरका ५२ जना साकोसकर्मीहरुबीच साकोस अभियानका समसमायिक विषयवस्तुमा छलफल साथै सिकाई आदानप्रदान महोत्तरीको, बर्दिबासमा माघ १४ गते सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन मन्तव्यमा नेफ्स्कूनका निवर्तमान कोषाध्यक्ष केशव प्रसाद पोखरेल ले साकोसले प्रोबेशन कार्यक्रमलाई बाधाको रुपमा नलिई स्वस्फूर्त रुपमा साकोसले सदस्यको हित अनुकुल महशुस गर्नुपर्ने बताउनुभयो । साकोसले वित्तीय व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने, व्यवस्थापनको कार्यदक्षता वृद्धि गर्नुपर्ने, नीति, विधि र नविनतम प्रविधिको अबलम्वनमा साकोसले ध्यान दिनुपर्ने, योजना निर्माण, शिक्षा तथा तालिम, उद्यमशिलता प्रबर्द्धनमा साकोसले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले समसामयिक विषयवस्तु स्थिरीकरण कोष, कर्जा सुचना केन्द्र, चार्ट अफ एकाउन्ट तथा प्रोबेशनका सूचकहरुमा प्रस्तुतीकरण तथा सहभागीहरु विच छलफल गराउनुभएको थियो । साकोसले प्रोबेशनका सूचकहरुमा जवरजस्त अभ्यास गर्नुभन्दा पनि सूचकमा भएका प्रावधानहरुलाई महशुस गर्नुपर्नेमा जोड दिनुभएको थियो । ▪▪▪

# सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि अद्यावधिक कार्यशाला

सहकारी संघसंस्थाहरुमा सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ र नियमावली २०७३ कार्यान्वयनका लागि सहकारी विभागद्वारा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको (पहिलो संसोधन) निर्देशन २०७६ को दफा २७ बमोमिज बचत तथा ऋण सहकारीमा सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि अद्यावधिक गरि कार्यान्वयनमा लैजानुपर्ने भएकोले नमुना नीति तथा कार्यविधि अद्यावधिक गरिएको छ ।

नेफ्स्कूनका सदस्य संस्थाका व्यवस्थापन प्रमुखहरु र नेफ्स्कूनका कर्मचारीहरुको संयुक्त सहभागीतामा २ दिवसीय कार्यशाला गोष्ठी मिति २०७६ पौष २७ र २८ गते सम्पन्न भएको थियो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका सूचना अधिकारी बिनोद लामिछाने र सहकारी विभागका कानून अधिकृत मेनुका घिमिरेले सो गोष्ठीमा सहजीकरण गर्नुभएको थियो । अद्यावधिक कार्यविधिमा संस्थाहरुले सदस्यता नीतिमा सदस्यता स्विकार गर्दा आवश्यक सम्पुष्टी कागजातहरु उल्लेख



गरेको हुनुपर्ने, रु. ३० लाखभन्दा बढीको वार्षिक कारोबार गर्ने सदस्यहरुको हकमा सदस्यको पहिचान एवं सम्पुष्टि अद्यावधिक गर्दा जोखिम वर्गिकरणका आधारमा थप सम्पुष्टि कागजातहरु थप्नुपर्ने लगायतका विषयहरु अद्यावधिक गरिएका थिए । ▪▪▪

# नेपालको सहकारी क्षेत्रका समसामयिक मुद्दाहरू



डा. रमेशप्रसाद चौलागाई
*सहायक निर्देशक, नेपाल राष्ट्र बैंक*

नेपालको संविधानको धारा ५१ (घ१) मा राज्यको अर्थनीति सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भन्ने उल्लेख गरिएको छ । त्यस्तै, सहकारीलाई संविधानको अनुसूची ६ ले प्रदेश सरकारका मातहतमा रहने, अनुसूची ७ ले संघ र प्रदेशको साझा अधिकारको सूचीमा रहने र अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीमा सूचीकृत रहने व्यवस्था गरेको छ। यो सूचिकरणले सहकारी क्षेत्र संघ, प्रदेश र स्थानीय तहको साझा चासोको विषय हो भन्ने देखिएता पनि यसबाट सहकारीहरुको विवेकशील नियमन र प्रभावकारी सुपरीबेक्षणमा देखा पर्नसक्ने अन्योलताले थप चूनौतीपूर्ण वातावरण समेत उत्पन्न हुनसक्ने देखाउँछ।

२०७६ असार मसान्तसम्म, १३,९०० बचत तथा ऋण सहकारी समेत जम्मा ३४,७०० सहकारीहरु कार्यरत यस क्षेत्रले करीव ६५ लाख सदस्यहरुको शेयरपूँजी र बचत गरी करीव रु.४२५ अर्वको आर्थिक श्रोत परिचालन गरेको आधारमा यस क्षेत्रको विश्वासिलो र दीगो सुरक्षाको पूर्ण प्रत्याभूति दिने काम चूनौतीपूर्ण बन्दै गएको छ। प्रभावकारी सुपरिवेक्षको दायराभन्दा बाहिर रहेका कारणले सहकारी क्षेत्रलाई छायाँ बैंकिङ गतिविधिका रुपमा र सम्पत्ती शुद्धीकरणको उर्वर क्षेत्रका रुपमा पनि बुझ्न थालिएको छ।

सहकारी क्षेत्र सुशासनका दृष्टिकोणले अत्यन्त कमजोर मानिँदै आएकोले यस क्षेत्रको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षण सम्बन्धी चूनौती सामना गर्न केन्द्रीय बैंक वा सो सरहको एक वलियो, पेशेवर र सक्षम सहकारी प्राधिकरणको आवश्यकता छ । संस्थागत सुशासनको पालना कमजोर रहेको यस क्षेत्रमा बलियो र प्रभावकारी सुपरिवेक्षणको अभावमा गैरकानूनी श्रोतबाट आर्जन गरिएको सम्पत्ती जम्मा भएको हुनसक्ने कुरामा कतिपय सहकारीकर्मीहरु चिन्तित देखिएका छन् । सहकारीहरुको व्यवहारिक वर्गीकरण, संस्थाको कार्यक्षेत्र निर्धारण, गुणस्तरीय लेखापरिक्षण, सहकारी तथ्याङ्क व्यवस्थापन, सुशासन, विभिन्न सरोकारवालाहरुले सहकारीलाई हेर्ने/बुझ्ने दृष्टिकोण, सहकारी साक्षरता, आदि यस क्षेत्रका सनातन समस्याहरु हुन्। यसका अलावा, सहकारी एकीकरण, आधुनिक सूचना प्रविधि र सम्पत्ती शुद्धीकरण निवारण यस क्षेत्रका थप चूनौतीहरु हुन् । संविधानको परिकल्पना कार्यान्वयन गर्न सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयन, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशिका, २०७४ र सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि, २०७५ को प्रभावकारी कार्यान्वयन, आवश्यकता अनुसार ऐन तथा नियमको अथोचित संशोधन, मापदण्ड तथा कार्ययोजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन मार्फत सहकारी क्षेत्रको गुणस्तरीय विकासको सम्भावना भने यथावत् छ। यस पृष्ठभूमिमा, सहकारी क्षेत्रका केही जल्दाबल्दा बिषयहरुलाई यस लेखमा बिश्लेषण गर्ने कोशिस गरिएको छ।

## १) नियमन सुपरिवेक्षणका लागि सहकारीहरुको वर्गीकरण

सिद्धान्ततः सहकारीहरु स्वनियमनमा आधारित संस्था हुन्। सदस्यहरुद्वारा स्थापित, सञ्चालित र नियन्त्रित रहने सैद्धान्तिक आधारमा सहकारीहरुमा सदस्यहरुकै नियमन र प्रभावकारी नियन्त्रण हुन्छ भन्ने मन्यता रहेको छ । तर, कस्ता सहकारी कस्ता ब्यक्तिहरुले कसरी सञ्चालन गर्ने भन्ने बारेमा सरकारी स्तरबाट बेलैमा नीतिगत र कानूनी व्यवस्था हुन नसक्दा, सहकारीका नाममा भईरहेको गैर सदस्यहरुसंगको वित्तीय कारोवारलाई सरकारले समयमै नियन्त्रण गर्न नसक्दा, संस्थाका सदस्यहरुको सहकारी ज्ञान र साक्षरताको अभावका साथै निष्कृयताका कारणले र कतिपय सहकारीकर्मीहरुको व्यवशायिकताको कमीका कारण यस्ता संस्थाहरुमा विवेकशील नियमन र प्रभावकारी बाह्य व्यवशायिक सुपरिवेक्षणको आवश्यकता बढ्दै गएको छ । विवेकशील नियमन र प्रभावकारी बाह्य सुपरिवेक्षको दृष्टिकोणले सहकारी संस्थाहरुको वर्गीकरण बिषयगत वा कार्यप्रकृति र वित्तीय कारोबारका आधारमा गर्नु सान्दर्भिक हुन्छ। सहकारीलाई विषयगत वा कार्यप्रकृतिका आधारमा वर्गीकरण गर्दा बचत तथा ऋण, उत्पादन, उपभोग र सेवा वितरणमा आधारित सहकारीका रुपमा गर्नु उपयुक्त हुन्छ। त्यस्तै, सहकारी संस्थाहरुको विवेकशील नियमन र प्रभावकारी एवं दीगो सुपरिबेक्षणका दृष्टिकोणबाट वित्तीय कारोबारका आधारमा सहकारी संस्थाहरुलाई औचित्यपूर्ण वर्गीकरण गर्नु उचित हुन्छ।

विगतमा सनातन रुपमा सहकारी संस्थाहरुलाई एउटै डालोमा राखि गरिएको नियमन र सुपरिबेक्षण प्रभावकारी भएका छैनन् । वित्तीय कारोवारका आधारमा सहकारी संस्थाको वर्गिकरण गर्न सबै संस्थाहरुको वासलातको रकम अनुसार बार्षिक कारोबार रु.पचास करोडभन्दा बढी, रु.बीस करोडदेखी पचास करोडसम्म, रु.पाँच करोडदेखि बीस करोडसम्म, रु.एक करोडदेखि पाँच करोडसम्म र रु.एक करोडभन्दा कम कारोबार रहेका संस्थालाई आधार मान्न सकिन्छ। उल्लेखित आधारमा गरिने वर्गीकरण अनुसार संस्थाहरुमा सुशासन, वित्तीय, सम्पत्ती शुद्धीकरण र अनुपालनाका प्रवधानहरुलाई अलग अलग रुपमा नियमन गर्ने व्यवस्था गर्नु बढी प्रभावकारी हुन्छ।

## २) स्थलगत निरीक्षण, गैरस्थलगत सुपरिवेक्षण र यसको प्रभावकारी कार्यान्वयन

सहकारी बजारको मात्रात्मक विकाससँगै कतिपय शहरीया र शहरोन्मुख क्षेत्रका सहकारीका लागि निरीक्षण तथा सुपरिबेक्षण निकै अप्रिय विषय बनीरहेमा यो क्षेत्र सधै पछाडी परिरहने निश्चित छ। यसको निदानका लागि सरकार र केन्द्रीय बैंक चनाखो भई सहकार्य गर्नु मनासिव हुन्छ । विवेकशील नियमन र प्रभावकारी सूपरिवेक्षण प्रणालीको दृष्टिकोणले सहकारी ऐन, २०७४ अनुरुप सहकारी नियमावली, २०७५ मा भएको व्यवस्था अनुसार पचास करोडभन्दा बढी कारोवार गर्ने सहकारी संस्थाहरुको निरीक्षण तथा सुपरिबेक्षण नेपाल राष्ट्र बैंकले गर्न गराउन सक्ने भन्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सहकारी क्षेत्रमा समेत स्थलगत, गैरस्थलगत निरीक्षण

र सोको नियमित कार्यान्वयनको संयन्त्र विकास नहुनाले सहकारी क्षेत्रमा सुशासनको अभाव देखिएको हो । विबेकशील नियमनका लागि संघीय सरकारको भूमीका महत्वपूर्ण हुने तथा प्रभावकारी सुपरिवेक्षणका लागि सहकारीहरुको वर्गीकरण गरी वार्षिक रु.पचास करोड भन्दा बढी कारोबार हुने सहकारी संस्थाहरुलाई संघीय प्रारुप अन्तर्गत रही केन्द्रीय बैंक वा अधिकारप्राप्त निकाय स्थापना गरी, वार्षिक रु. दश करोडभन्दा बढी र पचास करोडभन्दा कम कारोबार गर्ने सहकारीहरुलाई प्रदेश सरकारले र सोभन्दा कम कारोबार भएका सहकारी संस्थाहरुलाई स्थानीय तहले स्थलगत निरिक्षण गर्ने प्रवन्ध मिलाउनु उचित देखिन्छ । साथै, प्रदेश र स्थानीय तहले प्रभावकारी सुपरिवेक्षण गर्ने कार्यका लागि नेपाल राष्ट्र बैंकले तालिम तथा प्राविधिक सहयोग गर्नसक्ने वातावरण मिलाउनु वाञ्छनीय हुन्छ ।

### ३) तथ्याङ्क सङ्कलन व्यवस्थापन

२०७४ असारसम्म सहकारी विभागले नेपालका सहकारीहरु सम्बन्धी तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने गरेको पाईन्थ्यो भने स्थानीय तहको गठन भए पश्चात सहकारी संस्थाहरु धमाधम ती तहहरुमा हस्तान्तरण भएका र स्थानीय तहहरुमा तथ्याङ्क सङ्कलन र व्यवस्थापन सम्बन्धमा आवश्यक संरचना बनिसकेको नपाईएकाले सहकारी क्षेत्रको तथ्याङ्क व्यवस्थापन वेबारिसे बनेको देखिन्छ ।

हाल सहकारी संस्थाहरुको संख्या, कारोवार रकम, सदस्य संख्या, कर्मचारीहरुको संख्या, सहकारीहरुको प्रकृती आदि बारेको भरपर्दो तथ्याङ्क पाइने अवस्था देखिदैन । वित्तीय क्षेत्रमा १० देखि १५ प्रतिशत हिस्सा रहेको विश्वास गरिएको यस क्षेत्रको यो प्रकारको अन्योलताले मौद्रीक व्यवस्थापन र आर्थिक नीति निर्माणमा प्रभाव पार्ने नै देखिन्छ । देशमा स-सानादेखि १० अर्वसम्म कारोवार गर्ने सहकारीहरु सञ्चालनमा रहेको अवस्थामा कम्तीमा ठूला सहकारीहरुको वित्तीय लगायत सहकारी सञ्चालकहरुको व्यक्तिगत र व्यवशायिक जानकारी नियामक निकायमा हुन आवश्यक छ । वित्तीय जानकारि अन्तर्गत बचत, ठूला ऋणीहरुको विवरण र यसको उपयोगको अवस्था, पूँजी र लगानीको अवस्था, संस्थागत खर्च र पेश्की लगायतका जानकारीहरु सबै सदस्यहरुलाई समेत हुनेगरी सार्वजनिक गर्न जरुरी छ । सहकारी क्षेत्रको एकीकृत तथ्याङ्क प्रणालीलाई प्रभावकारी बनाउन सम्बन्धीत मन्त्रालयले आवश्यक व्यवस्थापन गनुपर्ने देखिन्छ ।

### ४) सम्पती शुद्धीकरण

गैरकानूनी तरीका र श्रोतबाट आर्जित सम्पत्तीलाई कानूनी वा बैध गराउने प्रकृयालाई सम्पत्ती शुद्धीकरण भनिन्छ । यसरी शुद्धीकरण गरिएको सम्पत्ती कानूनी श्रोतबाट आर्जन गरे सरह मान्यता प्राप्त हुन जान्छ । खासगरी, आतङ्ककारी गतिविधि, मानव बेचबिखन तथा तस्करी, मानव अपहरण एवं फिरौती, लागुऔषध कारोवार, अबैध हातहतियार, भ्रष्टाचार, चोरी तथा डकैती, राजस्व छली एवं अन्य कुनै पनि प्रकारको गैरकानूनी कृयाकलापबाट प्राप्त नगद वा जिन्सी सम्पत्तीलाई अबैध वा गैरकानूनी भनि बुझ्ने गरिन्छ । यस्ता कृयाकलापले ब्यक्ति, समाज तथा राष्ट्रकै अहित गर्ने हुँदा यी कृयाकलापमा नियन्त्रण र यसमा संलग्न ब्यक्तिहरुलाई कानून वमोजिम सजाएँ हुनु एक सभ्य समाज निर्माणका लागि अति आवश्यक हुने गर्दछ । गैरकानूनी तरीका र श्रोतबाट आर्जित सम्पत्तीमा नगद नै प्रमुख हो जसलाई कानूनी रुपले बैध बनाउन बैंक वित्तीय संस्था वा सहकारी संस्थाको प्रयोग हुनसक्ने देखिन्छ । सहकारी क्षेत्रमा देखा परेको कमजोर सुशासन र वित्तीय कारोवारमा रहने गरेको अपारदर्शिता नै यसको प्रमुख कारण रहेको महशुस भएको छ । यसले सहकारी क्षेत्रलाई सम्पत्ती शुद्धीकरणको उर्बर धरातल बनाउन सक्ने सम्भावनालाई नकार्न सकिदैन ।

यस सन्दर्भमा, सहकारी क्षेत्रलाई स्वच्छ, पारदर्शि र सदस्यहरुप्रति उत्तरदायि बनाउन नेपाल राष्ट्र बैंक, सहकारी तथा गरिवी निवारण मन्त्रालय र सहकारी विभागको पहलमा सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ र यस निर्देशनलाई अझ व्यवस्थित गरी कार्यान्वयन गर्न सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको कार्यविधि, २०७५ पनि ल्याईएको छ । यी व्यवस्थाहरुको कार्यान्वयन गर्न सरकारी निकाय, सहकारी संस्थाहरु र संस्थाका सदस्यहरु समेत सचेत र सकृय हुनुपर्ने देखिन्छ । ती निर्देशिका र कार्यविधिको उद्देश्य सहकारी संस्थाहरूमा हुने सवै वित्तीय कारोबारको स्वच्छता, विश्वसनियता एवम् पारदर्शिता कायम गर्दै सहकारी वित्तीय प्रणालीलाई संरक्षण गर्ने रहेको पाईन्छ । उक्त निर्देशिकाले सदस्य पहिचान सम्बन्धमा कतिपय संस्थाका सञ्चालकहरु समेत संस्थाको कार्यक्षेत्रभित्र वसोबास गर्ने व्यक्तिहरु मात्र हुन् भन्ने कुरामा शङ्का गर्ने प्रशस्त आधारहरु देखिएको अवस्थामा ती संस्थाहरुका सबै सदस्यहरु तोकिएको कार्यक्षेत्रमै वसोबास गर्ने ब्यक्ति हुन् भन्न झन् कठीन रहेको छ ।

### ५) सहकारी एकीकरण

सम्बत् ५० को दशकबाट बढन थालेको सहकारी संस्थाहरुको संख्या र कारोबारको दायरा वृद्धि हुने क्रम जारी नै रहेको देखिन्छ । २०७६ असारसम्म ३४ हजार ७०० को हाराहारीमा रहेको सहकारी संस्थाहरुको संख्यात्मक वृद्धिको औचित्य देखिदैन । खासगरी, शहरी र शहरोन्मुख क्षेत्रहरुमा सहकारी संस्थाहरुको एकीकरणलाई प्राथमिकतामा राख्न ढिलो भईसकेको छ । यस सन्दर्भमा, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच वृद्धिका हिसावले आवश्यक देखिएको सहकारीको विस्तार र शहरी क्षेत्रमा सहकारी संस्थाहरुको स्वेच्छिक वा मापदण्डका आधारमा अनिवार्य एकीकरणमा जाने वातावरण तयार गरिनु सान्दर्भिक देखिन्छ । सहकारी ऐन, २०७४ को दफा ८७ मा सहकारी एकीकरण सम्बन्धी व्यवस्था गरिएको छ ।

शहरी क्षेत्रमा हाल भईरहेको सहकारी संस्थाहरुको संख्यात्मक वृद्धिको आवश्यकता र औचित्य देखिदैन । आगामी दिनमा सहकारी संस्थाहरुको एकीकरणलाई प्राथमिकतामा राख्न आवश्यक छ । यस सन्दर्भमा, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच वृद्धिका हिसावले आवश्यक देखिएको सहकारीको विस्तार र शहरी क्षेत्रमा सहकारी संस्थाहरुको स्वेच्छिक वा मापदण्डका आधारमा अनिवार्य एकीकरणमा जाने वातावरण तयार गर्नु सान्दर्भिक छ ।

सहकारी संस्थाहरु एकीकरणका आधारहरु कार्यप्रकृति (एकै कार्यप्रकृतीको कारोवार गरेको हुनुपर्ने), कार्यक्षेत्र (एकभन्दा बढी स्थानीय तहमा फैलने गरी कार्यक्षेत्र निर्धारण नगरिने), सदस्यहरुको सकृयता, सहकारी मूल्य मान्यताको पालनाको अवस्था, लैंगिक आधारमा स्थापना भएका संस्था भए सोही प्रकारको संस्थासंग मात्रको एकीकरणमा जोड दिने, आदि विकल्पहरु हुन सक्छन् ।

यद्यपी, कति जनतामा कति वटा सहकारी आवश्यक छ भन्ने वारेमा अध्ययन भएको पाईदैन । सहकारी नियमावली, २०७५ को नियम ३९ मा भएको एकीकरण सम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

**६) सहकारी सदस्य साक्षरता र सकृयता**

सहकारी साक्षरता सहकारीका सदस्यहरु, कर्मचारी र सञ्चालकहरुलाई महत्वपूर्ण हुनेगर्छ । अझ, सदस्य नै सहकारीका प्रमुख आधारस्तम्भ र सरकोरवाला हुने हुँदा सदस्यहरुले संस्था, कारोवार, सञ्चालक र कर्मचारीहरुबारे चासोपूर्वक जानकारी राख्नुपर्दछ । सहकारी साक्षरता भन्नाले सहकारीसंग सम्बन्धीत व्यक्तिहरुले जानकारी राख्नुपर्ने न्यूनतम् जानकारी र दक्षतालाई जनाउँदछ । संस्थाको बचतको प्रकार तथा यसको व्याज, ऋणको प्रकार तथा यसको व्याज, संस्थाले गरेको लगानी तथा त्यसको आर्जन, पूँजी संरक्षण फीर्ताकोष, सञ्चालकहरुको योग्यता, पृष्ठभूमी तथा व्यवशायीक दक्षता आदि, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकको क्षमता तथा कार्यदक्षता आदिबारेमा सदस्यहरुले जानकारी राख्नु वाञ्छनीय हुन्छ । साथै, सहकारीहरु सदस्यमूखि संस्था भएकाले जुन संस्थाका सदस्यहरु सचेत र सकृय रहन्छन् ती संस्थाहरु प्रभावकारी र दीगो रुपमा सञ्चालन भएका छन् । तसर्थ, सदस्य सचेतना र सकृयताका लागि सदस्य साक्षरतामा संस्था, सरकार र विभिन्न सहकारी संघहरुले ध्यान दिन आवश्यक छ ।

**७) सहकारी लेखापरीक्षण**

लेखापरीक्षकले हरेक सहकारीको भित्री तहसम्म गई कारोबारका क्रममा जानेर वा नजानी गरिएका त्रुटीहरुको पहिचान गर्ने क्षमता, अधिकार र जिम्मेवारी राख्दछन् । यसबाट सहकारी संस्थाहरु सुध्रिन र सदस्यहरुप्रति उत्तरदायी हुन मदत पुग्दछ । संस्थाको लेखापरीक्षण व्यक्तिको स्वास्थ्य परीक्षणको मूल्य समान हुनेगर्दछ । नेपालको सहकारी क्षेत्रको विकृतीका लागि लेखापरीक्षण प्रणाली पनि केही हदसम्म जिम्मेवार रहेको पाईएको छ । यस सन्दर्भमा, सहकारी ऐन २०७५ ले लेखापरीक्षकको काम कर्तब्य बारे उल्लेख गरेको भने देखिदैन । ेखापरीक्षकहरुलाई सहकारी संस्थाको लेखापरीक्षण कार्यमा जिम्मेवार बनाई संस्थागत सुशासनको जग बलियो बनाउन सके सहकारी विकृतीहरु न्यूनीकरण हुनसक्ने सम्भावना बढेर जान्छ । साथै, कर्तव्यनिष्ठ नरहने लेखापरीक्षकहरुलाई कानुनी रुपले कर्तव्यनिष्ठ बनाउन समेत आवश्यक देखिएको छ ।

**८) सुशासन**

कुनै पनि संस्थाको दीगोपनको प्रमुख आधार नै सुशासन हो । सहकारीहरु कानूनी शासन, पारदर्शी र जवाफदेहीतामा आधारित सदस्यमुखि व्यवशायिक संस्था हुन् । यसका लागि संस्थाका सञ्चालक, प्रमुख कार्यकारी, कर्मचारीहरुले पालना गर्नुपर्ने न्यूनतम् नैतिक र वित्तीय आचरण एवं व्यवशायिकताले सहकारीको भविष्य निर्धारण गरिरहेको हुन्छ ।

मौजुदा कानुनको परिपालना, आवश्यक सबै नीतिगत पूर्वाधारको निर्माण, विधिको शासनमा सबैको प्रतिवद्धता, आवश्यक समन्वय, सञ्चालक, प्रमुख कार्यकारी र कर्मचारीहवीचको समन्वय र सहकार्य, योग्यता र ज्ञान एवं सीपलाई प्राथमिकता, संस्थाका सदस्यहरुको उचित सम्मान र समान व्यवहार, सदस्यहरुलाई संस्थाको सबै खाले सूचनामा सहज पहूँच, संस्थाको काम कार्यवाहिको पारदर्शिता र सो उपर प्राप्त हुने गुनासो तथा सुझावको सुनुवाई र सोको प्रभावकारी कार्यान्वयन, गैरसदस्य कारोवारमाथि प्रतिवन्ध, सदस्यहरुको सामाजिक उत्थानका लागि सामाजिक क्षेत्रमा समेत यथासक्य योगदान, आदि सहकारी सुशासनका प्रमुख विषयहरु हुन् ।

**९) सहकारीलाई हेर्ने दृष्टिकोण**

सहकारीलाई यसका सरोकारवालाहरुले हेर्ने तथा बुझ्ने दृष्टिकोण र अपनाउने व्यवहारले यसको भविष्य निर्धारण गरिरहेको हुन्छ । यसका सरोकारवालाहरु खासगरि, सरकार, नेपाल राष्ट्र बैंक, सहकारी अभियन्ताहरु, सहकारीका सदस्यहरु, संस्था सञ्चालकहरु र यसका कर्मचारीहरुले सहकारीलाई कसरी बुझेर आत्मसात गर्छन् भन्ने कुरा मुख्य हो । कस्ता व्यक्तिलाई सहकारी आवश्यक छ, कस्ता व्यक्तिले कसरी सहकारी सञ्चालन गर्ने भन्ने वारेमा यसका सवै सरोकारवालाहरुमा सहकारी साक्षरताको आवश्यकता देखिएको छ । कतीपयले सहकारी र बैंक तथा वित्तीय संस्थाहरुलाई एउटै वर्गमा राखेर हेर्ने र व्यवहार गर्ने गरेको पाईन्छ ।

सहकारीका सदस्यहरुले यी संस्था किन चाहिन्छ र कसरी यसबाट लाभ दिन सकिन्छ भन्नेमा अलमल देखिन्छ । कतिपय सहकारी सञ्चालक र व्यवस्थापकहरुले वित्तीय बजारमा तुलनात्मक रुपमा अत्यन्त कमजोर नियामक निकाय र अप्रभावकारी सुपरिवेक्षणको दायरामा रहेको यस क्षेत्रलाई निजी लाभको उर्वर क्षेत्र भनी बुझिरहेको र व्यवहार गर्ने गरेको पनि पाईन्छ । सहकारी क्षेत्रमा मौलाईरहेको दण्डहीनताको वातावरण यस क्षेत्रको सवै समस्याहरुको प्राथमिक कारण हो । कतिपय ग्रामीण क्षेत्रमा सहकारीहरुलाई राजनैतिक आधार विस्तारको रुपमा पनि बुझ्ने गरेको गुनासो छ ।

**१०) वित्तीय प्रविधि**

आजको युग सूचना प्रविधिमा आधारित छ । व्यक्ति वा संस्थाको दैनिक कृयाकलापहरुलाई सूचना प्रविधिले सहज पारिरहेको छ । सहकारीमा समेत सदस्यहरुको कारोवारको विबरण अद्यावधिक गर्न, सदस्यहरुलाई सही सूचना यथास्थितिमा प्रवाह गर्न, सदस्यको कारोवारलाई कम लागतमा सरलिकृत गर्न सहकारीहरुले विभिन्न सूचना प्रविधिका उपकरणहरु प्रयोगमा ल्याएका छन् । सरल, सक्षम र सुरक्षित भूक्तानी प्रणालीको उपयोग मार्फत सहकारीहरुले विभिन्न उपायहरुको उपयोग गर्न सक्छन् । यसका लागि सरल, किफायति र भरपर्दो सफ्टवेयरको उपयोग, भूक्तानी सरलिकरणका लागि ए.टि.एम. हरुको उपयोग, ईन्टरनेट बैंकिङ सेवा, एस.एम.एस. बैकिङ सेवा आदिको प्रयोग गर्न सकिन्छ । साथै, सूचना प्रविधिको दुरुपयोग गरी हुनसक्ने वित्तीय अपराधहरुलाई न्यूनिकरण गर्नेतर्फ पनि पर्याप्त ध्यान दिईनु पर्दछ ।

**निष्कर्ष**

नेपालका प्राय शहरी र सहरोन्मुख क्षेत्रमा रहेका अधिकाँश सहकारीहरुमा हुने सबै वित्तीय कारोबार हरुको स्वच्छता, कानूनको परिपालना र पारदर्शिता बारे कुनै न कुनै रुपमा बारम्बार प्रश्नहरु उठने गरेकै छन् । करीब ६५ लाख जनताको ४२५ अर्वभन्दा बढि रकमको कारोवार भईहेको यस क्षेत्रमा जनताको थप विश्वास आर्जन हुनुपर्ने, संस्थाका सदस्यहरुको निक्षेप सुरक्षाको प्रत्याभूति हुनुपर्ने, संस्थामा कानुन वमोजिमका स्वच्छ कारोबार मात्र हुनुपर्ने र सरकार वा नियामक निकाय र संस्थाका सबै सदस्यहरुमा यसवारे विश्वासको प्रत्याभूती हुनुपर्ने बिषयहरु महत्वपूर्ण छन् ।

सहकारी क्षेत्र बलियो सुपरिवेक्षकीय दृष्टिमा ओझेलमा परेको आधारमा यस क्षेत्रलाई छायाँ बैंकिङ भनी व्याख्या गरिएता पनि कानूनी रुपमा जिम्मेवारी पाएको निकायले यसको सुपरिवेक्षणको प्रत्याभूती दिन आवश्यक छ । करीव ६ दशकको सहकारी ईतिहासमा सहकारीहरुको संख्यात्मक वृद्धिसँगै यसको गुणस्तर वृद्धि अवको प्रमुख विषय हुनुपर्दछ । यसबीच, नेपालका वित्तीय कारोबार गर्ने सबै संस्थाहरु अबैध कारोवारको अखडा बन्नु हुदैन भन्ने कुरालाई समेत विशेष चनाखो भई हेर्नुपर्ने देखिएको छ । यस काममा सहकारी क्षेत्रका सबै सरोकारवालाहरुले सघाउ पुऱ्याउनुपर्ने समेत देखिन्छ । ■■■

# सहकारी संस्थाको कर्जा असुली न्यायाधिकरण मस्यौदा कार्यविधि उपर बृहत छलफल

नेफ्स्कून, मस्यौदाकार र सहकारी अभियानका प्रतिनिधिमुलक समूहबीच सहकारी संस्थाको कर्जा असुली न्यायाधिकरण कार्यविधि मस्यौदा उपर बृहत छलफल सम्पन्न भएको छ ।

नेफ्स्कूनको आयोजना र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा २०७६ माघ २२ गते काठमाडौंमा सम्पन्न छलफल कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षता र सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो ।



कार्यक्रमलाई संवोधन गर्दै रजिष्ट्रार पाण्डेले नेफ्स्कूनको आयोजनामा सहकारी संस्थाको कर्जा असुली न्यायाधिकरण कार्यविधि मस्यौदा तयारी सम्बन्धी अत्यन्त रचनात्मक छलफल भएको र यसले विभाग, मन्त्रालयलाई स्पष्ट मार्गदर्शन प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सहकारी संस्थाको लगानी गरिएको कर्जा समयमा असुली नहुने जुन विद्यमान जटिलताहरु छन् तीनको सहज व्यवस्थापनमा विधि र थिति कायम गर्नको लागि सहकारी नियमावली ५८ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि मस्यौदा तयारीको काममा यहाँहरुको सक्रियता अत्यन्त स्वागतयोग्य रहेको छ ।"

उहाँले संसदबाट बचत तथा ऋण सहकारी ऐन जारी गर्ने विषयमा मन्त्रालयमा छलफल भएको प्रशंङ्ग उठाउँदै त्यसमा विभागले आवश्यक पृष्ठपोषण र सहजीकरण गर्ने काम गरेको बताउनुभयो ।

कार्यक्रम समापनका क्रमका बोल्दै नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले वित्तीय सहकारीलाई व्यवस्थित ढंगले अगाडि बढाउन बचत तथा ऋण सहकारी ऐनको अपरिहार्यताको विषयमा कुनै दुविधा नभएको प्रष्ट पार्दै यो दशकमा बचत तथा ऋण सहकारी अभियानलाई व्यवस्थित र सुशासित बनाउन नसके अभियान ठूलो दुर्घटनामा पर्न सक्ने विचार व्यक्त गर्नुभयो । उहाँले नेफ्स्कूनको पहलकदमीमा स्थिरीकरण कोष सञ्चालन कार्यविधि, कर्जा असुली न्यायाधिकरण र बचत सुरक्षण कोष कार्यविधि मस्यौदाको अन्तिम तयारी गरी विभागमा त्यसको संस्थागत ढंगले पूर्ण रुप पेश गर्ने र अभियान र राज्यको साझेदारीका कार्यक्रमहरुमा अगाडि बढ्दै ऐन कार्यान्वनको विषयमा जवाफदेही रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले अन्तराष्ट्रिय असल अभ्यास, साकोस अभियानका फोकस ग्रुप, कानूनसँग जोडिएका अन्य विषहरुसँगको सामिप्यता र अन्तराष्ट्रिय श्रम संगठनको सहयोग सहित कार्यविधि मस्यौदा निर्माणलाई अन्तिम रुप दिइने जानकारी गराउनुभयो ।

कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार, नेफ्स्कूनका पदाधिकारी तथा सञ्चालक समितिका सदस्यहरु, संघका उच्च व्यवस्थापनका प्रतिनिधिहरु, अन्तराष्ट्रिय श्रम संगठनका प्रतिनिधि, काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला संघका प्रतिनिधिहरु र बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । छलफलका क्रममा सहभागी प्रतिनिधिहरुबाट महत्वपूर्ण सुझावहरु आएका थिए । सहकारी संस्थाको कर्जा असुली न्यायाधिकरण कार्यविधि, २०७६ सम्बन्धी मस्यौदा प्रस्तुतीकरण परामर्शकर्ता शिव कुमार अधिकारीले गर्नुभएको थियो । संघका महासचिव दामोदर अधिकारीले कार्यक्रम सञ्चालन र स्वागत मन्तव्य संघका कोषाध्यक्ष दीपक पनेरुले गर्नुभएको थियो । सहकारी संघ, संस्था एवम् सहकारी बैंकले कर्जा कारोबार गर्दा आफूले असुलउपर गर्न नसकेको कर्जा असुल उपर गर्न सहकारी ऐन, २०७४ को दफा ८२ तथा सहकारी नियमावली, २०७५ को नियम ४२ बमोजिम गठित कर्जा असुली न्यायाधिकरणको उजुरी प्रक्रिया, कारवाही, निर्णय कार्यान्वयन तथा सञ्चालनका सम्बन्धमा प्रभावकारी व्यवस्था गर्न नियमावलीको नियम ५८ ले दिएको अधिकार प्रयोग गरी कर्जा असुली न्यायाधिकरण कार्यविधि मस्यौदा निर्माणको काम संघको अगुवाईमा भइरहेको छ ।

नेपालको सन्दर्भमा सहकारी क्षेत्रमा कर्जा असुली न्यायाधिकरणको अभ्यास र प्रयोग नयाँ भएको र यस प्रकृतिको असुली न्यायाधिकरणको अभ्यास बैंक तथा वित्तीय क्षेत्रमा विगतदेखि हुँदै आएको सन्दर्भमा बैंकिङ्ग क्षेत्रमा भएका असल अभ्यास तथा अनुभवहरु र बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा नियमावली २०५९ का प्रावधानहरुको समेत अध्ययन गरी मस्यौदाको अन्तिम तयारीका लागि संघले छलफल कार्यक्रम अगाडि बढाएको हो । ▪▪▪

# सहकारी ऐन २०७४ को संशोधन र मुख्य कारोवारको सवाल

सहकारी ऐन २०७४ को संशोधन र यसका सवालहरुको सन्दर्भमा सहकारी अभियानमा चासो राख्ने जो सुकैका लागि महत्वपूर्ण बिषयको रुपमा रहेकोछ र सहकारी ऐन २०४८ अनुसार स्थापना भई विकास भएका सहकारी अभियानका लागि सहकारी ऐन २०७४ ले थप नयाँ मार्ग प्रशस्त गरेकोमा कुनै शंका छैन । सहकारी अभियानमा संख्याको आधारमा अधिक रहेको बचत ऋण सहकारी र अन्य विभिन्न नाममा दर्ता भए पनि मुख्य रुपमा बचत तथा ऋणकै कारोवारमा केन्द्रीत सहकारीहरुको कारण बचत ऋण सहकारीता सहकारी अभियानको प्रधान बिषयको रुपमा स्थापित भएको छ र बचत ऋण सहकारीता नै सहकारी ऐन २०७४ ले बढि समेटेको बिषयको रुपमा स्थापित भएको छ ।

सहकारी ऐन २०७४ ले सहकारीको कामको आधारमा बर्गिकरण र विकासका लागि आवश्यक पर्ने थप क्षेत्रहरुमा नीतिगत बाटो खुल्ला गरेको छ । सहकारी ऐन कयौ दफाहरु अझै पनि कार्यान्वयनमा गएकै छैनन तर अभियानवाट नै आज सरकार सँगको पैरबीको मुख्य बिषय सहकारी ऐन संशोधन बनाउनुले अभियान पनि सहकारी ऐन कार्यान्वयन जिम्मेवार नवनेको भान भएको छ ।

> सहकारी अभियानका अभियान कर्मीहरूको बुझाई आज सहकारी भनेको नै बचत ऋण सहकारी हो र सहकारीले बचत ऋणको कारोवार नगर्ने हो भने सहकारीका अन्य अबयवहरूले काम गर्न सक्दैनन् भन्ने रहेको देखिन्छ । आर्थिक सहभागीता सहकारीको सिद्धान्त हो तर बचत ऋण कारोवार सबै सहकारीले गर्नु पर्दछ भन्ने सिद्धान्त होइन ।

सहकारी ऐनमा समसामयिक संशोधन नितान्त आवश्यक बिषय हो । यसमा कुनै दुविधा छैन तर कार्यान्वयनमा नगएका बिषयहरुमा ऐनको व्यवस्था कार्यान्वयन नै नगरी संशोधनको बिषय बनाईनु बिधायिकी मनासयको बर्खिलाप पनि हो । यसवाट जती सुकै राम्रो कानून बने पनि कार्यान्वयनको अभावमा कमजोर बन्ने खतरा रहने र कानून मान्नु भन्दा संधै संशोधनका लागि पहल गर्ने संस्कृतिको विकास हुनगई भविष्यमा सहकारी क्षेत्रमा सही कानून विकासमा समस्या आउन सक्ने देखिन्छ । सहकारी ऐन संशोधनको बिषय सहकारी ऐन अबधि तोकी कार्यान्वयन गर्न समय दिएका बिषयहरुवाट शुरु हुनुले सहकारी ऐन संशोधनमा हितकारी समुहहरुको निहित स्वार्थ भएको हो कि भन्ने आशंका उत्पन्न भएको छ ।

**सहकारी ऐन संशोधनका सवालहरु**

सहकारी ऐन संशोधनका सवालहरुमा सबै भन्दा महत्वपूर्ण सवालको रुपमा मुख्य कारोवारको बिषयले चर्चा पाएको पाइन्छ । सहकारीमा कार्यकारी सञ्चालकको सम्बन्धमा पनि सहकारी ऐन संशोधनमा महत्वपूर्ण स्थान पाएको छ भने बचत ऋण सहकारीहरुको लागि स्थापना हुन लागेको स्थिरीकरण कोष सबै बिषयगत केन्द्रीय संघहरुले पनि राख्न पाउने नीतिगत व्यवस्थाको पहलको लागि ऐन संशोधनको बाटो अपनाईएको देखिन्छ ।

साधारण सभाका गणपुरक संख्या, विस्तारित मञ्च, सन्दर्भव्याजदरको कार्यान्वयन पनि सहकारी ऐन संशोधनको नयाँ सवालको रुपमा स्थापित भएको पाइन्छ । सहकारी ऐन संबिधान पछि नै व्यवस्थापिका संसदवाट स्वीकृत भए पनि संघीयता कार्यान्वयनको सवालमा केही बेमेल रहेको हो कि भन्ने अभियानकर्मीहरुको बुझाई रहेकोले संघीयता अनुसार ऐन संशोधन अगाडि बढाउन अभियान लागि परेको छ । दोहोरो सदस्यता,




**दुर्गा प्रसाद ढकाल,**
*विभागीय प्रमुख, सदस्य सेवा तथा कार्यक्रम विभाग*

दोहोरो सञ्चालक समितिमा रहने बिषय, अन्तरसहकारी कारोवार, कार्यक्षेत्रको पुन निर्धारण जस्ता बिषय आज पनि सहकारी ऐन संशोधनको महत्वपूर्ण सवालको रुपमा रहेको देखिन्छ ।

**मुख्य कारोवारः सबै भन्दा कठिन सवाल**

आजको सहकारी अभियानमा सहकारी ऐन २०७४ पछि प्रयोगमा आएको मुख्य कारोवार सबै भन्दा चर्चाको बिषय हो । सहकारी ऐन २०७४ को दफा २ (ज) अनुसार मुख्य कारोवार भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक बर्षसम्ममा प्रचलित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ भनि परिभाषित गरेको पाइन्छ । यसले संस्थाले सदस्यसंग गरेको कारोवारको प्रकृतिको आधारमा मुख्य कारोवार निर्दिष्ट गर्न खोजेको पाइन्छ ।

सहकारी ऐन २०७४ को दफा ५० (२) अनुसार उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था

बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोबारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए ती संस्थाले तीन वर्ष भित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखत उल्लेख गरीएको मुख्य कारोबार गर्ने गरी संस्थाहरुले मुख्य कारोबार गर्न सक्नेछन् भनि बाध्यात्मक रुपमा बचत ऋण सहकारी बाहेकका सहकारीहरुलाई विनियममा उल्लेखित कारोवारमा केन्द्रीत हुन बाध्यकारी व्यवस्था गरेकोले नै आज सहकारी ऐन संशोधनमा मुख्यकारोवार सबै भन्दा महत्वपूर्ण सवालको रुपमा आएको मान्न सकिन्छ ।

सहकारी अभियानका अभियान कर्मीहरुको बुझाई आज सहकारी भनेको नै बचत ऋण सहकारी हो र सहकारीले बचत ऋणको कारोवार नगर्ने हो भने सहकारीका अन्य अबयवहरुले काम गर्न सक्दैनन् भन्ने रहेको देखिन्छ । आर्थिक सहभागीता सहकारीको सिद्धान्त हो तर बचत ऋण कारोवार सबै सहकारीले गर्नु पर्दछ भन्ने सिद्धान्त होइन । सहकारीले सदस्यहरु बीच गरेको सबै आर्थिक सहभागीतालाई बचत ऋणको रुपमा परिभषित नगर्न पनि सकिने व्यवस्था हुन सक्ने सम्भावनालाई नकारेर मुख्य कारोवार शब्द नै हटाउने गरी ऐन संशोधनको प्रस्ताव आएको देखिन्छ । ऐन कार्यन्वयन गराउनेले पनि बचत ऋण कारोवार गर्ने बाहेकका कति सहकारीहरुको मुख्य कारोवार बचत ऋण रहेको छ भनि भन्न सकिने अबस्था देखिँदैन वा सहकारीहरुको कारोवारको सही सुपरिवेक्षण भएको छैन । अझ बचत ऋण कारोवारको अनुशासनमा बस्नु भन्दा सबै कारोवार पनि गर्न पाइने र बचत ऋणको अनुशासनमा पनि बस्नु नपर्ने भएकोले साधारण सभावाट नाम संशोधन गर्ने प्रस्तावहरु पास भएका धेरै सहकारी पाउन सकिन्छ । यसले सिद्धान्त र सदस्यहरुको आवश्यकता भन्दा सञ्चालकहरुको तत्कालिन इच्छाले काम गरेको हो कि जस्तो देखिन्छ ।

सहकारी ऐन २०७४ को दफा (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले तोकिए बमोजिम अनुगमन प्रणाली अबलम्बन गर्नु पर्नेछ भनि उल्लेख हुनु बचत ऋण सहकारीहरुलाई करको दायरामा कडाई गरिनुले पनि धेरै सहकारीहरु बचत ऋण कारोवार गर्ने तर नाम अन्य सहकारीहरुको उल्लेख गर्न प्रोत्साहित भएको पाइन्छ । यसै सन्दर्भमा सहकारी ऐन २०७४ को दफा १५१ (२) र (३) उपदफा (१) बमोजिम मापदण्द बनाउँदा सदस्यको बचत सुरक्षण तथा संस्थागत दीगोपनाको लागि अन्तराष्ट्रिय मान्यता प्राप्त मापदण्डको बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघको हकमा छुट्टै मापदण्ड बनाउन सकिनेछ र उपदफा (१) र (२) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ भन्ने व्यवस्थाले बचत ऋण सहकारी सञ्चालनमा थप प्रणालीहरुको विकास मार्फत सदस्यहरुको बचत सुरक्षाको व्यवस्थालाई कडाई गरिएकोले मुख्य कारोवार आजको

> **सहकारी ऐनमा मुख्य कारोवार राख्नु भनेको बचत ऋण सहकारीहरुलाई गैर वित्तीय क्षेत्रमा प्रबेश नगर्न र वित्तीय अनुशासनमा रहन अभिप्रेरित गर्नु हो नकि अन्य सहकारीहरुलाई बचत ऋण सहकारीमा रुपान्तरण गर्नु तर शत प्रतिशत कारोवार बचत ऋणको गरी अन्य नाममा सञ्चालन हुनु पनि अभियानको दीगो पना र छवीमा असर गर्ने बिषय भने अवश्य नै हो ।**

ऐन संशोधनको चर्चाको बिषय बन को मान्न सकिन्छ । बचत तथा ऋण सहकारीता मार्फत बिशिष्टिकृत सेवा प्रवाहका लागि मुख्य कारोवारको आवश्यकता पर्दछ । बचत ऋण सहकारी सञ्चालनको सामान्य सिद्धान्त भनेको सदस्यहरुवाट मात्र बचत प्राप्त गर्ने र सो बचत लाई ऋणको रुपमा सदस्यहरुमा नै परिचालन गर्ने भन्ने हो । ऋणको रुपमा परिचालन हुन नसकेको रकम तुरुन्त प्राप्त हुने गरि तरल लगानी वा तुरुन्त प्राप्त हुने व्यवस्था सहित राख्नु पर्दछ अन्यथा तरलता जोखिम सृजना हुन सक्दछ र सदस्यको विश्वास सृजना नहुन सक्दछ र बचत ऋण सहकारीहरुको छवीमा असर गर्दछ । बचत ऋण सहकारीता सदस्यहरुको वित्तीय समस्या समाधानका लागि साहुकारको विकल्पको रुपमा विकास भएको आन्दोलन हो । वित्तीय बजारमा देखिएका प्रबिधिमा आधारित वित्तीय सेवाहरुको विकास सँगै वित्तीय सहकारीहरुको सेवामा पनि बिशिष्टीकरण आवश्यकता पर्दछ । त्यसका लागि बचत ऋण सहकारीहरु बचत ऋण सहकारीतामा मात्र केन्द्रीत हुन आवश्यक हुन्छ । बचत ऋण सहकारी मुख्य कारोवारमा केन्द्रीत हुन आवश्यक छ ।

वित्तीय सहकारीका सेवाहरु वित्तीय क्षेत्रका बिशिष्टीकृत सेवाहरुमा नै केन्द्रीत हुन आवश्यक छ किनकी बचत तथा ऋण सहकारीहरुले सबै किसिमका बचत तथा ऋणका सेवाहरु सदस्यहरुलाई दिन सक्षमता विकास गर्नु पर्दछ । बचत तथा ऋण सहकारीहरुले विकास गरेका बचतका सेवाहरुवाट सदस्यले भनेको समयमा नै बचत फिर्ताको सुनिश्चितता हुनु पर्दछ । यदि सो बचतवाट प्राप्त श्रोत सदस्य भन्दा बाहिर कुनै पनि नाममा परिचालन गर्दा श्रोतमा सदस्यहरुको अपनत्व, समयमा फिर्ता गर्न सक्ने सक्षमता तथा आम्दानी गर्नमा सदस्यको स्वावलम्बनको भावना कुनै पनि उपयोग हुँदैन । जसवाट श्रोत परिचालनमा सदस्यहरुको नियन्त्रण भन्दा बाहिर गई बचत ऋण सहकारीतामा समस्या आउने हुन्छ त्यसैले मुख्य कारोवार बचत ऋण गर्ने सहकारीहरु बचत ऋणमा नै केन्द्रीत हुन आवश्यक छ ।

बचत ऋण कारोवारवाट संकलन भएको श्रोत गैर वित्तीय क्षेत्रमा लगानी हुँदा उत्पन्न हुने बजार जोखिम तथा आम्दानी हुने समय र सदस्यहरुलाई प्रदान गर्नु पर्ने लाभांश एवं व्याज फिर्ता गर्न पनि कठिन भई सदस्यहरुको विश्वास टुट्न जान्छ र अन्तत्वगत्वा सहकारी नै बन्द हुने अबस्था आउन सक्दछ । बचत ऋण सहकारीको स्थापना कुनै निश्चित समयको लागि मात्र नभएको र यसलाई कसैले चाहेको दिन बन्द गर्न पनि नसकिने भएकोले सदस्यहरुको निरन्तर विश्वासको आधारमा सञ्चालन गरिनु पर्ने भएकोले वित्तीय सहकारीहरु वित्तीय क्षेत्र वाहेक अन्य क्षेत्रमा जानु भनेको अनावश्यक जोखिम लिनु हो ।

सहकारी ऐनमा मुख्य कारोवार राख्नु भनेको बचत ऋण सहकारीहरुलाई गैर वित्तीय क्षेत्रमा

प्रबेश नगर्न र वित्तीय अनुशासनमा रहन अभिप्रेरित गर्नु हो नकि अन्य सहकारीहरुलाई बचत ऋण सहकारीमा रुपान्तरण गर्नु तर शत प्रतिशत कारोवार बचत ऋणको गरी अन्य नाममा सञ्चालन हुनु पनि अभियानको दीगो पना र छवीमा असर गर्ने बिषय भने अबश्य नै हो । वित्तीय स्थिरता कायम राखि सञ्चालन गर्नु बचत ऋण सहकारीको सबै भन्दा महत्वपूर्ण बिशेषता हो । बचत ऋण सहकारी सञ्चालन गर्दा वित्तीय स्थिरताको आवश्यकता पर्दछ । वित्तीय बजार सबै भन्दा अस्थिर बजार हो । त्यसैले बचत ऋणको कारोवार गर्ने सहकारीहरुले बजारको स्थिरता कायम राख्न पनि वित्तीय अनुशासनको पालना गर्नु पर्ने हुन्छ । यसवाट वाहिर नजान बचत ऋण सहकारीहरु अनिवार्य रुपमा बचत ऋण सहकारीतामा नै केन्द्रीत हुन आवश्यक छ ।

बचत ऋण सहकारी जनविश्वासमा चलेको हुन्छ । बचत ऋण सहकारीको जनविश्वास भनेको सदस्यले भनेको समयमा नै बचत फिर्ता पाउने अबस्था हो र बचतवाट प्राप्त गर्ने प्रतिफल बजार भन्दा राम्रो हुनु पनि हो । यदि कुनै सहकारीले बचत ऋणको कारोवारमा केन्द्रीत नभइ अन्य कारोवारमा लगानी गर्दछ भने सो कारोवारको बुम चक्रको असर देखिएको समयमा बचत फिर्ताको समस्या हुन सक्दछ र पुरै संस्था नै समस्यामा पर्न सक्दछ । यसवाट बचाउन पनि बचत ऋण सहकारीहरुको मुख्य कारोवार बचत ऋण वा वित्तीय सेवामा नै केन्द्रीत हुन आवश्यक छ । बचत ऋण सहकारीहरुले सदस्यहरुको विश्वास जित्न कडा कानूनी सुपरिवेक्षणमा आफुलाई राख्नु पर्ने हुन्छ । जसमा बचत ऋण परिचालनका कानूनहरु बचत ऋण सहकारीमा आकर्षण हुन्छ र सो कार्यान्वयन भए नभएको सुपरिवेक्षण पनि गरिएको हुनु पर्दछ । यदी बचत ऋण सहकारीहरुको मुख्य कारोवार बचत ऋण सेवाहरु नभइ अन्य सेवाहरुमा केन्द्रीत भएमा यसको वित्तीय अनुशासनमा रहेर सुपरिवेक्षण गर्न सकिदैन र सदस्यहरुको बचत सुरक्षाको प्रत्याभूति गर्न पनि सकिदैन । यसवाट सदस्यहरुको बचत सुरक्षाको सुनिश्चितता गर्न कठिन हुन जान्छ ।

बचत ऋण सहकारीहरुलाई कति बेला सञ्चालनमा कसलाई समस्या आउँछ भन्न सकिदैन । यसवाट बचाउन र बजारमा बचत ऋण कारोवार गर्ने सहकारीहरुको विश्वास निरन्तर कायम राख्न स्थिरीकरण कोष वा बचत सुरक्षण कोष जस्ता कोषहरुको योगदान अत्यन्तै महत्वपूर्ण रहेको हुन्छ । यस्ता सेवाहरुको विकास तथा सहभागीताका लागि पनि बचत ऋण सहकारीहरुको मुख्य कारोवार बचत ऋण नै हुन आवश्यक पर्दछ । बचत ऋण सहकारीहरुको सफलताका लागि राज्य वा बिशिष्टीकृत संस्थाहरुवाट केन्द्रीय तरलता सेवाहरु प्राप्त गर्नु आवश्यकता पर्दछ । यदी सहकारीहरु वित्तीय कारोवार वाहेकका क्षेत्रहरुमा बचतको रकम परिचालन गरि रहेको छ भने कुनै पनि राज्यले केन्द्रीय तरलता सेवा उपलब्ध गराउन सक्दैन । जसवाट जोखिम सृजना भएको समयमा जुनसुकै दिन पनि सहकारी समस्यामा पर्न सक्दछ । यसवाट बच्न र बचाउन बचत ऋण सहकारीहरुको मुख्य कारोवार बचत ऋण नै हुन आवश्यक पर्दछ । यस कारण आजको मुख्य कारोवारको सवालमा बचत ऋण सहकारीहरु निरन्तर सदस्यहरुको वित्तीय आवश्यकतामा केन्द्रीत भइ सेवा विकास गर्न र अरुका कारण आफ्नो छवी नबिग्रने सुनिश्चित गर्न ऐन संशोधनको मुख्य सवाल मुख्य कारोवारको सन्दर्भमा एक ठाउँमा आउन तयार हुन आवश्यक छ ।

**निष्कर्ष**

सहकारी ऐन संशोधन होला वा नहोला मुख्य कारोवार रहला नरहला तर बचत ऋण सहकारीहरुको मुख्य कारोवार बचत ऋण वा वित्तीय सेवा हुनु आवश्यक छ । यसवाट सेवाको बिशिष्टीकरण र जोखिम न्यूनीकरणमा थप सहयोग पुग्ने गरि व्यवस्थापन गर्न सकिन्छ । बचत ऋण सहकारीहरुको आजको आवश्यकता भनेको सदस्यहरुको वित्तीय आवश्यकताको परिपुर्ति गर्ने सक्षमता विकास भएकोले सहकार्यका आधारमा सो प्राप्तिका लागि बचत ऋण सहकारीहरु अन्य क्षेत्रको लाभमा भन्दा मुख्यकारोवारमा केन्द्रीत भइ स्व नियमनमा रहनु आवश्यक देखिन्छ । ■■■

## साकोसहरूका लागि 'आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण 'अभिमुखीकरण

नेफ्स्कून मकवानपुर फिल्ड कार्यालयको आयोजनामा बकैया र बाग्मती गाउँपालिकामा सञ्चालित साकोसहरुका लागि आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण अभिमुखीकरण यहि २०७६ माघ १३ गते सम्पन्न भएको छ । कार्यक्रममा बकैया गाउँपालिकाका उपाध्यक्ष सरला बोलखे को प्रमुख आतिथ्यता र प्रमुख प्रसाशकीय अधिकृत लक्ष्मण पुडासैनीको बिशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बोलखे ले आगामी दिनमा गाउँपालिका र नेफ्स्कूनको सहकार्यमा गाउँपालिकाका सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धिका लागि बजेट विनियोजन गरी साकोसमार्फत समुदायको समुन्नतिको लागि कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा उक्त दुई गाउँपालिकामा सञ्चालित १७ वटा बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरु, स्थानीय सहकारीकर्मीहरु, स्थानीय निकायका प्रतिनिधिहरु सहित गरी ५३ जनाको सहभागीता




रहेको थियो । कार्यक्रममा संघका बरिष्ठ अधिकृत केशव प्रसाद दाहालले संस्थाको आन्तरिक सुशासन र लेखा सुपरिवेक्षण सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । ■■■

# सहकारीमा अभाव महशुस भएको पुस्ता

सहकारी संस्थाहरुमा ३५ वर्ष भन्दा कम उमेरका मानिसहरुको सहभागीता कति रहेको छ भन्ने यकिन तथ्याङ्क भेटिदैन । तर केही अध्ययनहरुले सहकारी संस्थाका अधिकांश सदस्यहरु ५० वर्ष भन्दा माथिका उमेर समूहका रहने गरेको देखाएका छन् । बचत तथा ऋण सहकारी अभियानमा सबैभन्दा सफल अभ्यास गरिरहेको दक्षिण कोरियामा पनि सदस्यहरुको उमेर समूहलाई विश्लेषण गर्दा यस्तै प्रकारको नतिजा देखापरेको थियो । नेपाल लगायत अन्य मुलुकहरुको पनि यही तथ्याङ्क सँग मिल्दोजुल्दो अबस्था रहेको देखिन्छ । विशेष गरी सन् १९९० पछाडि जन्मिएका पुस्तालाई हाम्रा सहकारी संस्थाहरुले आकर्षित गर्न सकेको छैन । सन् १९९० पछाडि जन्मिएको पुस्तालाई सहश्राब्दी पुस्ता पनि भनिन्छ । यही सहश्राब्दी पुस्तानै सहकारीमा अभाव महशुस भएको पुस्ताको रुपमा लिन सकिन्छ ।

एक अध्ययन अनुसार सहकारी संस्थाहरुमा किन सदस्य नबनेको भनी युवाहरुलाई सोधिएको प्रश्नमा अधिकांश युवाहरुले सहकारीका बारेमा आफूहरुलाई राम्रोसँग जानकारी नभएको जवाफ दिए । यसबाट के प्रष्ट हुन्छ भने युवाहरु हाम्रा सहकारी संस्थाहरुको प्राथमिकतामा अझै पर्न सकेका छैनन् । युवाहरुको रुची र आवश्यकता अनुसारको सेवाहरु सहकारी संस्थाहरुले दिन सकिरहेका छैनन् । युवा पुस्ता हरेक क्षेत्रको दीगो विकासका सम्वाहक हुन् । यो पुस्तालाई सहकारी क्षेत्रले समेट्न सकेन भने सहकारी क्षेत्रकै भविष्य पनि अन्धकार हुन सक्दछ । राष्ट्रिय युवा नीति २०७२ अनुसार नेपालको कुल जनसंख्या मध्ये युवाहरुको संख्या ४०.३% रहेको छ ।

हाम्रा सहकारी संस्थाहरुमा यो अनुपात कति छ भन्ने विश्लेषण गर्न अतिनै जरुरी छ । थेर थोर सहभागीता जनाईरहेका युवाहरु पनि कहिले बैदेशिक रोजगारी, कहिले बैदेशिक शिक्षा त कहिले सेवाहरुद्वारा असन्तुष्ट भएको कारण देखाउँदै सदस्यता छाडिरहेका हुन्छन् । अधिकांश युवाहरुले सहकारी संस्थाहरुका सेवाहरु स्तरीय हुन्छन्, आर्थिक कृयाकलापहरु सञ्चालन गर्नको लागि भरपर्दो वित्तीय र व्यवसायिक सेवाहरु प्राप्त हुन्छन् भन्ने कुरा सोचेकै हुँदैनन् । त्यसै



**कृष्णकुमार श्रेष्ठ**
*प्रमुख कार्यकारी अधिकृत,*
*चन्द्रागिरी साकोस, थानकोट, काठमाडौं*

गरी सहकारी संघ/संस्थाहरुलाई नेतृत्वप्रदान गरिरहेका व्यक्तिहरुले पनि युवाहरुलाई नेतृत्व अभ्यासमा आवश्यक मात्रामा अग्रसर गराउन सकेका छैनन् । केही संघ/संस्थाहरु यथास्थितिवादलाई चुनौतीदिने काम गर्न चाहन्छन् तर केहीभने यस्ताचुनौतीहरुसँग डराउने गर्दछन् । किनकी नयाँ पुस्तालाई एकत्रित गर्न र अग्रसर गराउन परिवर्तनलाई आत्मसाथ गर्नुपर्दछ । युवा पुस्तालाई अग्रसर गराउनको लागि सहकारी क्षेत्रका नेतृत्वसँग अरुलाई अबसर लिनको लागि प्रोत्साहित गर्ने खुल्ला हृदय, साहसिक कदम उठाउन र जोखिम मोल्ने खुल्ला ईच्छाशक्ति र निरन्तर सिकाई तथा बृद्धि गरिरहने खुल्ला सोच हुन जरुरी हुन्छ ।

### सहकारी संस्थाहरु युवा मैत्री कसरी बनाउन सकिन्छ?

सहकारीता भनेको सिद्धान्तमा आधारित उद्यम हो । जसले नाफालाई भन्दापनि सदस्यहरुलाई आफ्नो व्यवसायको केन्द्रमा राख्नु पर्दछ । सहकारीले स्वाबलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता जस्ता आधार मुल्यहरुलाई आत्मसाथ गर्दछ । सहकारी उद्यमको लोकतान्त्रिक चरित्रले सहभागीता, बृहत्तर अपनत्वलाई प्रोत्साहित गर्नुको साथै युवा सशक्तिकरणलाई प्रवर्द्धन गर्दछ । सहकारीको सिद्धान्त र मूल्यहरुले वास्तवमा युवाहरुलाई उनीहरुको आफ्नै उद्यम सिर्जना गर्न वा सम्भावित मानव संसाधनको रुपमा मर्यादित कार्य गर्न उत्प्रेरित गर्दछ ।

युवाहरुमा रोजगारी सृजना गर्नको लागि सहकारी क्षेत्रले काम गर्न सक्दछ । तलबी रोजगारीको लागि सक्षम मानव संशाधन आकर्षण गर्ने क्षेत्रको रुपमा सहकारी संस्थाहरु विकसित हुँदै गईरहेका छन् । श्रम बजारमा प्रवेश गर्ने युवाहरुको लागि आफ्नो आर्थिक आवश्यकताको साथै मानिसहरु सँग काम गर्ने व्यवसायमा संलग्न हुन सहकारीले आकर्षित गर्न सक्नुपर्दछ । त्यसैगरी स्वरोजगार बन्न चाहने युवाहरुको लागि उपयुक्त समाधान दिने क्षेत्रको रुपमा सहकारी संस्थाहरु सञ्चालित हुनु पर्दछ । अबसर र अनुभव भईनसकेको यस अबधिमा युवाहरुलाई सुरुवाती रोजगारी प्रदान गरी श्रम बजारमा प्रवेश गराउन सहकारीबाट प्राप्त हुने स्वरोजगारको यो विकल्प महत्वपूर्ण हुन सक्दछ ।

त्यसै गरी सहकारी संस्थाहरुलाई पूर्ण समाधानको केन्द्रको रुपमा विकसित गर्न सक्नु अर्को आवश्यकता भित्र पर्दछ । त्यो समाधानलाई हामी सहकारी समाधान (Cooperative solution) भन्न सक्दछौं । जस्तै सदस्यहरुको समृद्धि निर्माण गर्ने वस्तु तथा सेवा, सदस्य सुरक्षा कार्यक्रम तथा अन्य सेवाहरु, उद्यमशिलता विकासका अबसरहरु, वित्तीय साक्षरता र प्रविधिमा आधारित सेवाहरुलाई सहकारी समाधानको प्याकेजको रुपमा लिन सकिन्छ । यो प्याकेज भित्र युवा अबस्थाका आवश्यकताहरु समेत समाधान गर्ने सेवाहरु पर्नु पर्दछ ।

### युवाहरुलाई सहकारीमा कसरी आकर्षित गर्न सकिन्छ ?

बचत तथा ऋण सहकारी संस्थाहरुले आज भोगिरहेको प्रमुख चुनौती भनेको ईन्टरनेटमा आधारित, फिनटेक कम्पनिहरुले मोवाईलहरुको माध्यमबाट प्रवाह गरिरहेको तेश्रो पक्ष भुक्तानी गर्न सकिने एप्लीकेसनको सिघ्र, सुलभ र उपभोक्ता मैत्री सेवाहरु प्रयोग गर्ने सदस्यहरुलाई मापन गर्न असक्षम हुनु वा गुमाउँदै जानु हो यद्यपी त्यस्ता सेवाहरु लागतको हिसाबले महँगो छन् । उदाउँदै गरेको थुप्रै बजार अर्थव्यवस्थाको लागि यो

एउटा ठूलो नोक्सानी हो । सन् १९९० पछि जन्मिएका पुस्ता ईन्टरनेट, सम्पर्क सञ्जाल र सिघ्र प्रतिक्रियात्मक सेवाहरु सँगसँगै हुर्किएका हुन्छन् । विश्वऋण परिषदको एक प्रतिवेदनका अनुसार पनि युवाहरु आफ्नो खाता खोल्न, ऋणमाग गर्न, ब्यालेन्स चेक गर्न, फण्ड ट्रान्सफर गर्न, विलहरु भुक्तानी गर्न, सूचना प्राप्त गर्न मोबाईलको प्रयोग गर्न रुचाउँछन् । उनीहरु कुनैपनि सेवाथोरै समय भित्र सजिलो संग प्राप्त होस् भन्ने चाहन्छन् । तसर्थ सहकारी संस्थाहरुले अब अनलाईन तथा मोबाईल कोर सेवाहरु प्रदान गर्न अनिवार्य छ ।

वित्तीय संस्थाहरुमा नजोडिँदा पनि विश्वका कयौं युवाहरु प्राय गुगल वालेट र पेपल जस्ता पेमेन्ट सिस्टमहरु प्रयोग गर्दछन् । आफ्नो सहकारीको खातामा जम्मा गरेको रकम देशभरीको जुनसुकै सहकारीमा गएर निकाल्न मिल्ने पेमेन्ट प्लाटफर्महरु कैयन एशियन मुलुकहरुका सहकारीहरुमा प्रयोगमा आईसकेका छन् । हामीसँग हाम्रै क्षेत्रबाट प्रवर्द्धित पेमेन्ट सिस्टमहरुको विकास भईनसके पनि निजी क्षेत्रबाट प्रयोगमा आईरहेका प्लाटफर्महरु प्रयोग गर्न सहजीकरण गरेर पनि सहकारी संस्थाहरुले युवाहरुलाई सहकारीको सेवामा आकर्षित गर्न सक्दछन् ।

सहकारीको सामान्य प्रोडक्टहरु भन्दा फरक युवा केन्द्रित प्रोडक्ट (Trendy not traditional) डिजाईन गरेर पनि युवाहरुलाई सहकारी संस्थाहरुमा सहभागी गराउन सकिन्छ । त्यसका लागि अब सहकारी संस्थाहरुले युवा लक्षित सेवाको अबधारणा विकास गर्ने बजार र व्यवसाय विश्लेषण गर्दै युवाहरुका विचमा बजारीकरण

**युवाको कुरा युवाले मात्रै राम्रो सँग बुझ्न सक्दछ अनी युवाको कुरा युवाले मात्रै राम्रो सँग पत्याउँदछ । तसर्थ सहकारीको भिन्नता र यसको सुन्दर पक्षको बारेमा युवा कर्मचारीहरूलाई प्रशिक्षित गर्ने र युवा सदस्यहरु सँग सम्पर्क, सञ्चार र व्यवहार गर्ने युवाकर्मचारीहरूलाई युवादुत (Youth Ambassador) को रूपमा नियुक्ती गर्नु उपयुक्त हुने देखिन्छ ।**

गर्ने कार्य गर्न आवश्यक हुन्छ । युवाको राम्रै सहभागीता भएका सहकारी संस्थाहरुले पनि युवाहरुलाई चाहिने पूँजिको मात्र व्यवस्था गरिरहेको देखिन्छ । यो परम्परागत तरिका हो । अब पूँजि परिचाल नगर्ने तरिका र योजना पनि पूँजि सँगसँगै युवाहरुलाई दिन सक्नु पर्दछ । यसको मतलब एउटा हातमा पूँजी र अर्को हातमा विधि र प्रविधि दिन सक्यौ भने हामीले युवाहरुमा स्वरोजगा बनाउन सक्दछौं ।

युवाहरु राम्रो छवि भएको संस्थामा आवद्ध भई गर्वको महसुस गर्न रुचाउँछन् भन्ने तथ्य विभिन्न अध्ययनहरुले देखाएको छ । तसर्थ सहकारी क्षेत्रले युवावर्गलाई आकर्षित गर्न बजारमा आफ्नो छवि राम्रो बनाउ सक्नु पर्दछ । जतिवेला अमेरिकामा वित्तीय सेवा क्षेत्र संकटमा परेको थियो त्यतिवेला त्यहाँका ७१% युवाहरु भन्थे,"बैंकको कुरा सुन्न जानु भन्दा त हामीलाई डेण्टिस्ट कहाँ जान बढिमन पर्छ" । जवसम्म सेवाको गुणस्तर "वाह"भन्ने खालको हुँदैन तव सम्म युवाहरुलाई आकर्षित गर्नै सकिँदैन । तसर्थ सहकारी क्षेत्रमा अब हामीले वाह ! संस्कृतिको विकास गर्न आवश्यक देखिन्छ ।

युवाको कुरा युवाले मात्रै राम्रो सँग बुझ्न सक्दछ अनी युवाको कुरा युवाले मात्रै राम्रो सँग पत्याउँदछ । तसर्थ सहकारीको भिन्नता र यसको सुन्दर पक्षको बारेमा युवा कर्मचारीहरुलाई प्रशिक्षित गर्ने र युवा सदस्यहरु सँग सम्पर्क, सञ्चार र व्यवहार गर्न युवाकर्मचारीहरुलाई युवादुत (Youth Ambassador) को रुपमा नियुक्ती गर्नु उपयुक्त हुने देखिन्छ । त्यसै गरी युवाहरुलाई सेवादिने विषयमा सहकारी क्षेत्र यदि गम्भिर हुने हो भने युवाहरुलाई नेतृत्वमा सहभागी हुने अबसरपनि दिनु पर्दछ ।

युवाहरुलाई आकर्षित गर्नको लागि सहकारीहरु युवाहरु भएकै ठाउँमा पुग्नु पर्दछ । युवाहरु कहाँ हुन्छन् त ? निश्चित रुपमा युवाहरुसँग अन्तरक्रिया हुने ठाउँ भनेको अहिलेको समयमा सामाजिक सञ्जालहरु नै हो । त्यसकारण सहकारी संस्थाहरुको जानकारी तथा सूचनाहरु पोष्टमात्रै नगरि त्यसमा युवाहरुलाई अन्तरक्रिया गराउने गरियो भने सहकारीका विषयहरुमा युवाहरुलाई परिचित गराउँदै लान सजिलो हुन्छ । ▪▪▪

# नेकोस प्लस सफ्टवेयर सम्बन्धी अन्तरक्रिया

दोलखा र रामेछाप जिल्लाका साकोसहरुका लागि नेकोस प्लस सफ्टवेयर प्रयोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम यहि २०७६ माघ १५ गते चरिकोट, दोलखामा सम्पन्न भएको छ । कार्यक्रममा नेकोस प्लस सफ्टवेयर प्रयोग गरिरहेका र प्रयोग गर्ने चरणमा रहेका २२ वटा बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरु विच सफ्टवेयरको विविध प्राविधिक विषयमा छलफल भएको थियो । नेफ्स्कूनका सञ्चालक सदस्य तथा दोलखा फिल्ड कार्यालय उपसमिति संयोजक जिवसराज खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम सहजीकरण एक्सक्लुसिभ माइन्डसका प्रमुख कार्यकारी अधिकृत राजिव कर्ण र नेफ्स्कूनका सूचना प्रविधि अधिकृत राजन सुवेदीले गर्नु थियो । नेकोस प्लस सफ्टवेयर नेपालमा सञ्चालित वित्तीय कारोबार गर्ने सहकारीहरुको लेखा प्रणालीमा एकरुपता कायम गर्न तथा कारोबारलाई सुरक्षित, चुस्त, दुरुस्त तथा पारदर्शी बनाउनको लागि नेफ्स्कूनद्वारा विकास गरिएको सफ्टवेयर हो । यसले मजबुद सुरक्षा प्रणाली मार्फत तथ्याङ्को सुरक्षा गर्दछ । ▪▪▪



# उत्पादित बस्तुको मूल्य र उपयुक्त बजारको खोजिमा किसान

दुःख पर्दा सहयोग गर्न सक्ने संस्थागत विकासको जन्म स्वरुप मानिसले सहकारी संस्था जन्माएको हो । स सानो बचत बाट परेको गर्जो टार्न सकिन्छ भन्ने उद्देश्यले संस्थाको जन्म गराई त्यसको व्यवस्थित र संगठीत संरचना निर्माण बाट सहकारी संस्था अगाडि बढेको पाइन्छ । सहकारीका सदस्यहरुको सामूहीक पूँजी निर्माण, पूँजी परिचालन, उत्पादन, वितरण एवम् समानुपातिक लाभको आधारमा सदस्यहरुको आर्थिक जिवनस्तरमा सुधारको अपेक्षा गरिन्छ ।

समुदायमा आधारित साकोसका अधिकांश सदस्यहरु निर्वाहमुखी कृषि पेशामा निर्भर छन् । वित्तीय पहूँच बाहिर रहेका र निर्वाहमुखी जिवनपद्धतीमा आश्रित सहकारी सदस्यहरुलाई वित्तीय तथा प्राविधिक सेवा प्रवाह गर्न र सदस्य साकोसको क्षमता विकासको लागि विभिन्न संघ संस्थाको सहयोगमा लघु वित्त तथा कृषि वित्त प्रणालीको विकासका लागि योगदान रहेको छ ।

निम्न आय भएका समूहहरुलाई सहकारीमार्फत बचत तथा ऋण सेवा उपलब्ध गराएर सहकारीका सदस्यहरुको आर्थिक आय आर्जन र कृषि खेती प्रणाली व्यावसायीकरणका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) ले युवाहरुमा व्यवसाय प्रबर्द्धनका कामहरु गर्दै आईरहेको छ ।

लघुवित्तमा दिईने लघुऋणको सेवा सरल र सहज बनाएर, सदस्यहरुलाई प्राविधिक तालिम प्रदान गरेर, साकोसका लघुवित्त सदस्यहरुबाट उत्पादित वस्तुहरुको विक्री तथा बजारीकरणका लागि व्यवसाय विकास केन्द्रको स्थापना गरेर साकोसका विपन्न बर्गमा संघको वित्तीय सेवा विस्तार योजना अगाडि बढेको पाइन्छ । नेफ्स्कून र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को लागत साझेदारीमा नीति र योजना मार्फत लघु, साना र मझौला उद्यम विकासको लागि वित्तीय पहूँच सुधार कार्यक्रम शुरु भएको छ । समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुलाई कृषि तथा पशुपालन व्यवसाय विस्तार, व्यावसायीकरण र उत्पादित वस्तुको विक्री तथा बजारीकरण प्रबर्द्धनका लागि पहिलो चरणमा दुई साकोसलाई नमूना साकोसको रुपमा छनौट गरी कार्यक्रमको प्रारम्भिक तयारी भएको छ । पहिलो चरणको कार्यक्रममा गोदावरी नगरपालिका-७, ललितपुर देवीचौर स्थित श्री देवी महिला बचत तथा ऋण सहकारी संस्थालाई पाइलटीङको रुपमा लिइएको छ ।



**श्री देवी महिला बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्य महिलाहरूको उद्यमशीलता विकास तथा व्यावसायिक सीप अभिवृद्धिका लागि श्री देवी महिला साकोस, नेफ्स्कून र अन्तराष्ट्रिय श्रम संगठन (ILO) बीच संयुक्त रूपमा प्राविधिक सहयोग सहजीकरणका लागि यही २०७६ माघ १४ गते त्री-पक्षीय अन्तरक्रिया भएको थियो ।**

यस संस्थामा आवद्ध शेयर सदस्य महिलाहरुको उद्यमशीलता विकास तथा व्यावसायिक सीप अभिवृद्धिका लागि श्री देवी महिला साकोस, नेफ्स्कून र अन्तराष्ट्रिय श्रम संगठन (ILO) बीच संयुक्त रुपमा प्राविधिक सहयोग सहजीकरणका लागि प्रथम चरणको त्री-पक्षीय अन्तरक्रिया सम्पन्न भएको छ ।

श्री देवी महिला बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्य महिलाहरुको उद्यमशीलता विकास तथा व्यावसायिक सीप अभिवृद्धिका लागि श्री देवी महिला साकोस, नेफ्स्कून र अन्तराष्ट्रिय श्रम संगठन (ILO) बीच संयुक्त रुपमा प्राविधिक सहयोग सहजीकरणका लागि यही २०७६ माघ १४ गते त्री-पक्षीय अन्तरक्रिया भएको थियो । अन्तरक्रिया पश्चात साकोसका सदस्य, महिला उद्यमी समूहले आवश्यक ज्ञान सीप र प्राविधिक सहयोग प्राप्त भएमा आफूहरुले गर्दै आएको पशु तथा

कृषि व्यवसाय विस्तार र गुणस्तर सुधारगर्न प्रतिबद्धता जनाए । सदस्यहरुले आफूहरुले गर्दै आएको पशुपालन तथा कृषि खेती सम्बन्धी जानकारी, स्थानीय उत्पादन र बजारीकरणको सम्बन्धमा थुप्रै गुनासाहरु राखे । स्थानीय क्षेत्रमा उत्पादित दूध तथा तरकारीको उपयुक्त बखजारीकरण, उत्पादनमा गुणस्तर सुधार र वेमौसमी तरकारी खेतीका लागि लगानी र प्राविधिक ज्ञान सीप प्रदान गर्ने उद्देश्यसहित नेफ्स्कून र आइएलओले अगाडि सारेको नीति र योजना मार्फत लघु, साना र मझौला उद्यम विकासको लागि वित्तीय पहूँच सुधार कार्यक्रम प्रति सहभागीहरुले खुशी व्यक्त गर्दै आफ्नो व्यवसाय विस्तार र गुणस्तर सुधारमा क्रियाशिल भएर लाग्ने प्रतिबद्धता जनाए ।

साकोस सदस्यहरुले आफूहरुले गर्दै आएको परम्परागत निर्वाहमुखी तरकारी खेती र पशुपालनबाट राम्रो आर्थिक आम्दानी गर्न नसकिएको गुनासो गर्दै भने कृषि खेती र पशुपालन व्यवसायका लागि भन्दै धेरै पहिलेदेखि नै विभिन्न ठाउँबाट मानिसहरु आएर कार्यक्रम गर्ने गरेको भएपनि हालसम्म कुनै उपलब्धीमूलक कार्यक्रम ल्याउन नसकेको प्रतिक्रिया राखे । प्राविधिक ज्ञानको कमी, लगानी अभाव र बजार समस्याले गर्दा उत्पादीत बस्तुको पनि उपयुक्त बजार मूल्य पाउन नसकेका स्थानीय कृषकहरु नयाँ कार्यक्रम र प्राविधिक ज्ञान सीप प्राप्त भएमा दुःख को मूल्य पाइन्छ की भन्ने पर्खाइमा रहेको पाइयो ।

कार्यक्रममा सहभागी सदस्य जानुका तिमल्सिना भन्नुहुन्छ," भएको चार रोपनी जग्गा त्यसमा पनि सहकारीबाट ऋण लिएर तरकारी खेती गऱ्यो, बेच्ने बेला आफुलाई बजार मुल्य कति छ थाहा हुँदैन, आँफै बजार पुऱ्याउन पनि सम्भव छैन, जति दिन्छन् त्यसमै चित्त बुझाउनुपर्छ ।"

कृषि तथा पशुपालन व्यवसाय विस्तार, उत्पादन बृद्धि र बजारीकरणका लागि योगदान पुग्ने खालको कार्यक्रमहरु पाएमा आफूहरु कम्मर कसेर मिहिनेत गर्न तयार रहेको महिलाहरुको सामूहिक प्रतिबद्धता पश्चात नेफ्स्कून र आइएलओका प्रतिनिधिहरुले महिला सदस्यहरुका लागि प्राविधिक तालिम साथै सहकारी मार्फत लगानीका लागि आवश्यक ऋण प्रवाह गर्ने विश्वास दिलाएको छ ।

**राधा पौडेल**, *सञ्चार अधिकृत, नेफ्स्कून*

# जुम्लाबासीको 'आर्थिक विकास र सशक्तीकरणमा सहकारीको भूमिका



कर्णाली प्रदेशको अत्यन्त विकट जिल्ला हो जुम्ला । देशभर बहुआयामिक गरिबीको संख्यालाई हेर्ने हो भने अहिलेपनि सालाखाला २८.६ प्रतिशत गरिबीमध्ये कर्णाली प्रदेशमा मात्र ५१.२ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीको रेखामुनि रहेका छन् । नेपालको संविधान धारा ५० को ३ मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागीता तथा विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र सम्वृद्ध अर्थतन्त्र निर्माण गर्ने र धारा ५१ (घ१)मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागीता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने विषय उल्लेखित छ ।

मुलुकको दीगो आर्थिक विकासको पक्षलाई संविधानले जोड दिएको छ । नेपालको संविधानले अगाडि सारेका आर्थिक विकासको लक्ष्य, सुखी नेपाली र समृद्ध नेपाल निर्माणको लक्ष्य, गरिवी निवारण लक्ष्य, संयुक्त राष्ट्र संघले अगाडि सारेको दीगो विकास लक्ष्य साथै सहकारीको लक्ष्य सबै भन्नुनै नेपालका नागरिकहरुको आर्थिक विकास, सामाजिक जिवनयापनमा सकारात्मक परिवर्तनको अबस्था र सांस्कृतिक पक्षहरुको विकास हुनु हो । गरिबीको रेखामुनी रहेको जनसंख्यालाई बास्तविक रुपमा आर्थिक र सामाजिक विकासमा सहभागी बनाएर गरिब घरपरिवारमा आर्थिक सामाजिक परिवर्तन ल्याउने एक मात्र उत्तम विकल्प सहितको माध्यम सहकारी बन्न सक्छ । सहकारिता भन्नुनै समुदाय बनाउने चिन्तन मनन हो भनिन्छ । सहकारीले समुदायका पिछडियका र गरिब घर परिवारका सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गरी आफ्नै प्रयासमा अघि बढ्ने प्रेरणा प्रदान गर्नसक्नुपर्छ । सहकारी संस्थाले समुदायका व्यक्तिहरुको सम्पत्ती उपयोग गरेर, आफ्ना कार्यका लागि स्थानीय स्रोत जुटाएर समुदायका व्यक्तिहरुलाई आय आर्जनका उपायहरु सुझाउन सक्नुपर्छ ।

नेफ्स्कून नेपालभरका बचत तथा ऋण सहकारी संस्थाहरुको केन्द्रीय निकाय हो । यसले समग्र बचत तथा ऋण सहकारी संस्थाहरुको विकास र प्रबर्द्धन मार्फत सहकारीका सदस्यहरुको आर्थिक सामाजिक जीवनस्तर सुधारका लागि काम गर्न प्रेरित गर्दछ । कर्णाली प्रदेशकै विकट जिल्ला मानिने जुम्ला जिल्लालाई पनि नेफ्स्कूनले सुर्खेत फिल्ड कार्यालय अन्तर्गत प्रत्यक्ष रुपमा सहकारी विकास र प्रबर्द्धनका लागि काम गरिरहेको छ । हाल जुम्ला

जिल्लामा मात्र २ सय ४५ बचत तथा ऋण सहकारी संस्थाहरु सञ्चालनमा छन् । ती मध्ये जुम्ला जिल्ला बचत तथा ऋण सहकारी संघमा ५२ वटा बचत तथा ऋण सहकारी संस्थाहरु आबद्ध छन् ।

सहकारीका सदस्यहरुले सहकारीबाट सीप र श्रोत लिएर आय आर्जनका कामहरु गर्न पर्याप्त सम्भावनाहरु खुलेका छन्, जुम्लामा यतिवेला । जुम्ला कृषि, फलफूल तथा पशुपालनका हिसाबले निकै उपयुक्त स्थान हो । स्याउ, आलु र ओखर खेतीका लागि उर्बर माटो छ, जुम्लामा । जिल्लामा शुरुवाती अबस्थामा महिला विकास कार्यक्रम मार्फत सहकारीमा लाग्ने महिला सदस्यहरुको संख्या उल्लेख्य रहेको थियो भने अहिले पनि सहकारी शिक्षा र वित्तीय साक्षरतामा महिलाहरुको सक्रिय सहभागीता रहँदै आएको छ । जुम्लाको आर्थिक विकास र गरिबी निवारण लक्ष्यका साथ जुम्लामा धेरै विकासे योजनाहरु पनि पुगिसकेका छन् । तर पनि जुम्ला बासीहरुले अपेक्षित रुपमा विकासको मुहार देख्न र महसुस गर्न पाएका छैनन् ।

जुम्ला जिल्लाको कुल क्षेत्रफल २ हजार ५ सय ३१ स्क्वायर किलोमिट रहेको छ । सन् २०११ को जनगणना अनुसार जिल्लाको कुल जनसंख्या १ लाख ८ हजार ९ सय २१ जना रहेको छ भने कुल ५५ प्रतिशत साक्षरता दर मध्ये महिला साक्षरता दर ४१ प्रतिशत रहेको छ । जिल्लाका ९४.५६ प्रतिशत महिलाहरु घर गृहस्थी र कृषिमा आश्रित छन् । लघु घरेलु उद्योगहरुको अबस्था अत्यन्त न्यून रहेको छ । कृषि उत्पादनबाट मुस्किलले ४ महिनामात्रै खाद्यान्न धान्दछ । हिउँदमा हिउँ र तुसारोका कारण खाद्यबाली उत्पादन अत्यन्त कम हुन्छ । हिमपातका कारण हिउँदमा जुम्लाबासीको जनजीवन अत्यन्त प्रभावित बन्दछ । हिमपातले यातायात अबरुद्ध हुँदा खाद्य तथा अन्य वस्तुको आयात रोकिन्छ भने शिक्षण संस्थाहरु पनि बन्द हुन्छन् ।

जुम्ला जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष पूर्ण प्रसाद तिमिल्सिना कृषि क्षेत्रको विकासका लागि सहकारीको लगानी पर्याप्त हुन नसक्नु र सरकारी योजना र बजेट नपुग्नु जुम्ला जिल्लाको विकासका लागि बाधक भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ," उत्पादन र आय आर्जनका क्रियाकलापमा क्रियाशील बन्दै छन् जुम्लाबासी, आजभन्दा धेरै बर्ष पहिले क्यानडेली संस्था सेसी नेपालले तरकारी उत्पादन गर्न, दम रोगले ग्रसित



**पूर्ण प्रसाद तिमिल्सिना, उपाध्यक्ष**
*जुम्ला जिल्ला बचत तथा ऋण सहकारी संघ लि.*

> खाद्य शिक्षाको अभाव, न्यून सीप विकास, खाद्य उत्पादनका लागि उपयुक्त पानी तथा माटो पहिचानको लागि सम्भाव्यता अध्ययनको कमी लगायतका समस्याहरूले जुम्लाबासीहरू आर्थिक तथा सामाजिक विकासका हिसाबले पछाडि परेका छन् ।


महिलाहरुका लागि धुँवा रहित चुलो निर्माण गर्न र बचत तथा ऋण र दुग्ध सहकारीहरु खोल्नका लागि प्रेरित गरेको थियो । तर आजभन्दा केही बर्ष पहिले जुम्लाबासीहरुमा जुन रुपमा विकासको अनुभूति भएको थियो, त्यस अनुरुप पछिल्ला समयमा जुम्लाले आर्थिक, सामाजिक विकासमा पर्याप्त फड्को मार्न नसकेको जुम्लाबासीहरुको गुनासो छ ।

मुलुक संघीयतामा गएको छ । विकासका नाममा केन्द्रीकृत भएर रहेको शक्ति अहिले विकेन्द्रीत भएको छ । संघ, प्रदेश र स्थानीय तहमा अधिकार विकेन्द्रीकरण भएको छ । स्थानीय श्रोत, साधन र मानवीय सीप क्षमताको प्रयोग गरी स्थानीय विकासका लागि स्थानीय निकायका प्रतिनिधिहरु चुनीएका छन् । तर जुम्लाबासीले वास्तविक रुपमा विकासको गन्ध अझैसम्म पनि महशुस गर्न पाएका छैनन् । केन्द्रबाट खाद्य संस्थानले पठाएको ओसिला चामलका लागि झोला थाप्न घण्टौं घण्टाको पैदल यात्रागरी दिनभर लाइन बस्न बाध्य छन् जुम्लाबासी ।

खाद्य शिक्षाको अभाव, न्यून सीप विकास, खाद्य उत्पादनका लागि उपयुक्त पानी तथा माटो पहिचानको लागि सम्भाव्यता अध्ययनको कमी लगायतका समस्याहरुले जुम्लाबासीहरु आर्थिक तथा सामाजिक विकासका हिसाबले पछाडि परेका छन् । अब सहकारीको जागरण अभियानले जुम्लाबासीको दिनचर्या परिवर्तन गर्न सक्नुपर्छ, आर्थिक सामाजिक विकासमा स्थानीय निकाय, सहकारी र स्थानीय बासीको सक्रियतापूर्ण सहभागीता रहनुपर्छ भने नागरिकहरुलाई सहकारी शिक्षा, वित्तीय साक्षरता, खाद्य शिक्षा साथै उत्पादनमुलक र आय आर्जनका काममा क्रियाशीलता अभिबृद्धि गर्नुपर्छ ।

अब विकासका निम्ति अरुको मुख ताक्ने होइनकी स्थानीय श्रोत, साधन र पूँजीको परिचालन गरी स्थानीय क्षेत्रको विकास, स्थानीय बासीको आर्थिक सामाजिक सशक्तीकरणका लागि सहकारी एक भएर अगाडि बढ्नसक्नुपर्छ ।

**राधा पौडेल,**
*सञ्चार अधिकृत, नेफ्स्कून*



मेरो मोबाइलमा फोन आयो । मैले गर्दै गरेको काम छोडेर मोबाइल हातमा लिए । सेभ गरेको नाम । तर सम्भवत पहिलो पटक त्यो नामबाट फोन आएको थियो । म उत्सुक्तापूर्वक फोन उठाउदै भने । नमस्कार सर । मेरो नम्बर सेभ थियो ? हजुर सर सेभ थियो ।

**सीमा पुरी**, अध्यक्ष, सज्जन महिला साकोस



त्यो दिन सज्जन महिला साकोसको कार्यालयमा विशेष सरसफाई गर्दै थियौ । नचाहिने कागजातहरु फाल्ने तथा आवश्यक कागजातहरुलाई मिलाउने कार्य सबै साथीहरुद्धारा मिलेर गरिदै थियौं । मेरो मोबाइलमा फोन आयो । मैले गर्दै गरेको काम छोडेर मोबाइल हातमा लिए । सेभ गरेको नाम । तर सम्भवत पहिलो पटक त्यो नामबाट फोन आएको थियो । म उत्सुक्तापूर्वक फोन उठाउदै भने । नमस्कार सर । मेरो नम्बर सेभ थियो ? हजुर सर सेभ थियो । मैले जवाफ दिए यो कल नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कूनका) प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाको थियो । उहाँले भन्नुभयो दिदी तपाईको पासपोर्ट मलाई स्क्यान गरेर पठाइदिनु मेरो इमेलमा ।

भोलिपल्ट सज्जन महिला साकोसको कार्यालयमा नेफस्कूनका प्रशासन तथा समन्वय विभाग प्रमुख शिव अधिकारी सरको फोन आयो, उहाँले भन्नुभयो, बङ्गलादेश यक्सपोजर भिजीटमा तपाई छनोट हुनुभएको छ । म उत्सुक हुँदै भने यो सुनौलो अबसर प्रदान गर्नुभएको मा धन्यवाद । शिव अधिकारी सरले २४ गते बिहान ९ बजे महाराजगञ्ज स्थीत बगंलादेश राजदुतावासमा फारम भर्नको लागि बोलाउनुभयो । छनौट मा परेका सवैजना बिच महाराजगञ्ज स्थीत बगंलादेश राजदुतावासमा फारम भर्ने क्रममा भेटभयो । काठमाडौं सेरोफेरोबाट छानिएका साथीहरुलाई त्यस दिन त्यहाँ बोलाइएको थियो ।

म समयमै पुगे शिव सर आई सक्नुभएको थियो । फारम भर्ने काम सुरुभयो । फारम भर्ने क्रममा कल्याणकारी साकोसकी उपाध्यक्ष देवी श्रेष्ठ, ज्योती पुञ्ज साकोसको अध्यक्ष नवराज कार्की र उद्यम विकास साकोसका अध्यक्ष रोशन श्रेष्ठले सँगै फारम भरी बुझायौ । यसै क्रममा नेफस्कूनका तत्कालिन वरिष्ठ उपाध्यक्ष परितोष पौड्याल आउनुभयो र उहाँको पनि फारम भर्ने काम सकियो । मैले हाम्रो टिम लिडर बरिष्ठ सर हुनुभएको कुरा त्यही थाहा पाए । फारम भर्ने सबैलाई २८ गते बिहीबार बोलाइयो २८ गते ४ बजे पछि गएर पासपोर्ट ल्याँए । त्यो दिन काठमाडौं बाहिरका धेरै जना साथीहरुको पासपोर्ट लिन सकिएन २९ गते शुक्रबार सबै साथीहरुले पासपोर्ट लिनुभयो ।

**२०७६ मंसिर १ गते देखि ६ गते सम्म** (२०१९ **नोभेम्बर १७ देखि २२ सम्म**) **६ दिने भ्रमण** समय रहेको थियो । तय गरिएको निश्चित समयमा मंसिर १ गते हामी सबैजना १२:१५ बजे नेफस्कून केन्द्रीय कार्यालयमा उपस्थित भयौं । नेफस्कून बैठक हलमा नेफस्कूनका तत्कालिन अध्यक्ष डी.बी बस्नेतज्यू, वरिष्ठ उपाध्यक्ष परितोष पौड्यालज्यू, महासचिव चन्द्र प्रसाद ढकालज्यू, प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाज्यू, शिव अधिकारी सर लगायत हामी सात प्रदेशबाट उपस्थित भएका विभिन्न सहकारीबाट आएका प्रतिनिधिहरुसँग परिचय गर्ने काम सुरुभयो ।

टिम लिडर परितोष पौडेल, नेफस्कून फिल्ड कार्यालय चितवनकी फिल्ड इन्चार्ज यमकला पौडेल, नेफस्कून पूर्व ले.सु.स. सदस्य तथा महालक्ष्मी साकोस विराटनगरका सल्लाहकार लक्ष्मी सापकोटा, सूर्योदय साकोस पर्साका अध्यक्ष जवाहरलाल कुसुवा, बेताली साकोस रामेछापका व्यवस्थापक कूलबहादुर कार्की, पोखरा रोयल साकोसका ASC मेम्बर केदारनाथ पोखरेल, सहयोगी साकोस दाङका अध्यक्ष रुपबहादुर खत्री, नागरिक साकोस धनगढिकी अध्यक्ष दिप्ती शाही, ज्योती पुञ्ज साकोस काठमाडौंका अध्यक्ष नवराज कार्की, सामुदायिक साकोस पनौतीका लेखा समिति संयोजक हरिप्रसाद तिमल्सीना, सक्रिय महिला साकोस फाखेल मकवानपुरको अध्यक्ष श्रमिक लामा, कल्याणकारी साकोस लुभु, ललितपुरकी उपाध्यक्ष देवी श्रेष्ठ, सहारा नेपाल साकोस चारपाने झापाका सदस्य भरतकुमार भट्टराई, बारा जिल्ला संघका सञ्चालक अंगद कुमार सहानी, युनाईटेड फ्रेन्डसिप साकोस जिरी दोलखाका कोषाध्यक्ष केदारबहादुर जिरेल, नवप्रतिभा साकोस अरुणखोलाका सिनीयर अफिसर तुलसीप्रसाद महतो, उद्यमविकास साकोस पनौतीका अध्यक्ष रोशन श्रेष्ठ, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका प्रतिनिधि Senior Assistant नारायण प्रसाद भट्टराई, वीकू साकोस नवलपरासीका भोज बहादुर गुरौ लगायत सज्जन महिला साकोसको अध्यक्ष म सीमा पुरी गरि सात प्रदेशबाट १८ जना सहभागी र टिमलिडर सहित नेफस्कून कर्मचारी समेत गर्दा जम्मा २० जनाको समुह विच परिचयात्मक कार्यक्रम गरियो । नेफस्कून तत्कालिन अध्यक्ष डी.बी बस्नेतद्धारा विगत चौध वर्षदेखि निरन्तर गरिएको यस्तै एक्स्पोजर भिजिट कार्यक्रम अन्तर्गत नेपालको तर्फबाट नेफ्स्कून र CCULB (बङ्गलादेश)विच भएको सम्झौता र भ्रमणको उद्देश्य बारे जानकारी दिनुभयो ।

तत्कालिन महासचिव चन्द्र प्रसाद ढकालले बङ्गलादेशको मौसम, त्यहाँ पुगेर सिक्न सकीने विषयवस्तु तथा अनुशासन बारे जानकारी गराउनुभयो । नेफस्कूनका CEO शिवजी सापकोटाले हामीलाई अनुशासित भएर प्रस्तुत हुनुपर्ने कुराको निर्देशन गर्नुभयो । जस्तो आतिथ्यता गरेपनि त्यसलाई अत्यन्त राम्रो सम्झनु पर्ने र त्यहाँ कुनै कुराको गुनासो नगर्न, धेरै कुराहरु सिकेर आउन सकिन्छ भनी आवश्यक जानकारी उपलब्ध गराउनुभयो । शिव अधिकारीले सबैलाई कार्यक्रम तालिका र बुलेटीन उपलब्ध गराउनु भयो ।

**परिचयात्मक कार्यक्रम पछि तत्कालिन अध्यक्ष र महासचिवद्धारा खादा लगाएर हामीलाई विदा गर्नु भयो ।**

अध्ययन तथा अबलोकनको ६ दिने बङ्गलादेश यात्रा बल्ल सुरुभएको भान भयो । हामी सबै जना अत्यन्त उत्साहित भएका थियौ । सहकारी अध्ययन अबलोकन भ्रमण मेरो लागि नेपाल बाहिर पहिलो भारत र दोस्रोमा परेको थियो बगंलादेश । म पनि अत्यन्तै उत्साहित थिए त्यहाँ पुगेर केहि नयाँ कुरा सिक्ने भोक अत्याधिक थियो, सबैजना समयमै एयरपोर्ट पुग्यौ, यमकला पौडेल र मलाई नेफस्कूनले व्यवस्था गरेको मायाको चिनोको झोला जिम्मा लगाइएको थियो तर वोर्डीङ पास

लिँदा तौलको सिमा रहेको कारण मायाको चिनो अन्यसाथीहरुसंग बाँडी वोर्डीङ पास लिई सामुहिक तस्वीर खिचेर हामी बंङ्गलादेश भ्रमण जान लागेको कुरा धेरै जनाले आफ्नो फेसबुक मार्फत जानकारी गरायौं ।

साथीहरु विच एकआपसमा चिनजान तथा फोन नम्बर र फेसबुक मा जोडिन थालिसकेका थियौं । जाँचपास को लागी ईमिग्रेसनको लाइनमा बसी सबै जनाले इमिग्रेसन पार गऱ्यौं । हाम्रो यात्रा फलदायी हुने कुरामा हामी विश्वस्त थीयौं । नेपालका लागि बंङ्गलादेशका सम्माननीय राजदुत डा. वंशीधर मिश्रसँगै एयरपोर्टमा हाम्रो टिमलिडरको भेट भएको र हामी बंङ्गलादेश जाने प्रयोजन बारे बताएपछि राजदुतज्यूले हामीलाई दिवा भोजको निम्तो दिनुभयो भन्ने कुरा हामी सबैलाई टिम लिडरले जानकारी गराउनुभयो । हामी सबै जना बंङ्गलादेशका लागी नेपाली राजदुतवास जानपाउने भन्ने कुराले थप उत्साह थपियो । ४ बजेको हिमालयन एयरलाइन्सको फ्लाइट थियो तोकिएको अबधी भन्दा ढिला हुने संकेत पाएका थियौं । साथीहरु यति बेलासम्म एकअर्को विच परिचित भैसकेका थियौ ।

तोकिएको समय भन्दा भण्डै सवा १ घण्टापछि हामी उड्यौ नेपालको धर्ति छोडेर । हामी केहि सिक्ने सिकाउने अभिलाषा मनमा बोकेर आकासमा उडिरहयौं । हामी सबै जना भोकाइ सकेका थियौं, विकल्प अरु केहि नभएको जहाजमा दिइएको १ ग्लास पानी र एक पुरिया बदाम मिठो मानेर खायौं । ७५ मिनेटपछि हामी बङ्गलादेशको हजरत साहजलाल एयरपोर्टमा अबतरण भयौं ।

त्यहाँ पुग्दा रात परिसकेको थियो । नेपालको भन्दा केही गर्मी भएतापनी मौसम सामान्य जस्तै लाग्यो । त्यहाँको ईमिग्रेसन पार गर्नको लागी टिम लिडर र नेफस्कून कर्मचारीले सबैलाई सहयोग गर्नुभयो । हामी करिब सवा घण्टा पछि मात्र बाहिर निस्कन सक्यौं । CCULB का कोअर्डिनेटर भिमसेन्ट चिसीम र सोयेल असदले हामीलाई फूलका गुच्छाले स्वागत गरि सबै उपस्थितलाई एक-एक ओटा झोला, कापी, कलम तथा कार्यक्रमका तालीका उपलब्ध गराउनुभयो । त्यसपछि CCULB को आधिकारीक क्यामेराबाट सामुहिक फोटो खिची १०/१० जनाको २ वटा टिम विभाजन गरियो ।

हाम्रो लागि २ वटा गाडी तयार थियो र CCULB का २ जना कोअर्डिनेटरले एकएक टिमको जिम्मा लिनुभयो । त्यहाँको समय नेपालको समय भन्दा २० मिनेट अगाडी रहेछ । मैले आफ्नो घडिको समय त्यहाँको समयसँग मिलाउँदा साँझको ८ बजेर १५ मिनेट गएको रहेछ । अहिलेनै एउटा सहकारीको अबलोकन गर्ने कार्यक्रम राहेको थियो ।

छुट्याएको समय भन्दा हामी धेरै ढिला भैसकेका थियौ । एयरपोर्टबाट निक्लीएको करिब ४५ मिनेटपछि हामी तय भएको सहकारीमा पुग्यौ । हाम्रो पहिलो अध्ययन अबलोकनमा Sampreety cooperative credit union LTD Dhaka परेको थियो । व्यस्त बजार, बाक्लो चहलपहल र सागुरो सडक पारगर्दै हाम्रो गाडी सम्प्रीतीको कार्यालय अगाडी पुगेर रोकियो । सम्प्रीतीका अध्यक्ष लगायत अन्य सम्प्रीती परिवारले रजनीगन्दा भनिने मगमगाउदो बास्नादार फुल सहित हामीलाई गेटसम्म आएर स्वागत गर्नुभयो ।

सबैजना भोक र प्यासले थकित भएका थियौं । एयरपोटमा निकैबेर बस्नुपर्दा पानि समेत किनेर खान सकेनौं । त्यहा टाकाँ भन्दा अरु रकम चल्दैन रहेछ । साथमा रहेको डलर साट्ने समय पनि थिएन । सम्प्रितीमा चिया कफी, पानी तथा विस्केटको व्यवस्था गरिएको रहेछ । सबैजनाले आफ्नो रुचिअनुसार चिया, कफी, लियौं र विस्केटसँग खायौ । त्यसपछि बल्ल शरीरमा अलिकती तागत भरिएझै भयो । सम्प्रीतीका अध्यक्ष मिस्टर अब्दुल मन्नत खान लगायत अन्य संस्थाका पदाधिकारी र केहि कर्मचारीहरुले चियापछि संस्थाको अबलोकन गराउनुभयो । संस्थाले पाएका सम्मान पत्र मायाको चिनो र विभिन्न कार्यक्रमका तस्विर र बुलेटिनहरु सजाएर राखिएको थियो । कार्यालयको कर्मचारी बसेर काम गर्ने संरचना भने नेपालमा कर कार्यालयमा भएको बस्ने संरचना जस्तै लाग्यो मलाई । संस्थाको संरचना अबलोकन पछि हामी बैठक हलमा प्रवेश गऱ्यौं ।

केहिबेरमै पावर प्वाइन्टबाट संस्थाको गतिविधिहरु प्रस्तुत गरियो । सबै वित्तीय कारोबार लगभग समान जस्तै लागेपनि शेयर सदस्य नवनि कारोबारी सदस्य मात्र बन्न पाउने व्यवस्था भएको पायौं । २० मिनेटको प्रिजेन्टेसन पछि दोहोरो जिज्ञासा तथा अन्तरक्रिया कार्यक्रममा हाम्रो टिमबाट लक्ष्मी सापकोटा सर र दिप्ती शाही म्यामले जिज्ञासा राख्नु भएको थियो । करिब ९० मिनेटको बसाईपछि हाम्रो टिमलिडरले धन्यवाद ज्ञापन गर्दै नेफस्कूनको तर्फबाट मायाको चिनो समप्रितीका अध्यक्षको हातमा प्रदान गर्नुनिर्माण भने समप्रितीका अध्यक्षले हामीलाई बङगाली भाषामा धन्यवाद दिदै बंङ्गलादेशको नक्सा उपहार दिनुभयो । साँझको खाना समप्रितीलेनै आयोजना गरेको थियो । हामी समप्रितीको कार्यालयबाट विदा भएर खाना खानका लागी निस्कीयौं ।

तर अचानक दिप्ती शाही म्याम बिरामी पर्नुभयो।ग्यास्टिक बढेछ उहाँलाई वान्ता हुन सुरु भयो । केहि बेरपछिमात्र अलि हल्का फिल गर्नुभयो । हामी सबै दिप्ती म्यामलाई देखेर आत्तीयौ तर पछि सबै सामान्य भयो । अनि हामी गाडी चढेर खाना खाने होटेलमा पुग्यौं । समप्रितीले हाम्रो लागि निकै न्यानो अतिथ्यको व्यवस्थापन गरी हाम्रा लागि विशेष टेवल रिर्जभ राखेको रहेछ । सायद हामी छिमेकी देशबाट एउटा प्रयोजनका लागि आएका पाहुना मानेर होला होटलवालाले पनि हामीलाई राम्रो सत्कार गरे ।

पहिले सबैको टेवलमा पापड र केहि सुप आयो । बिहान देखीको दौडधुप र खानाखाने समय बितीसकेको हुँदा हामीलाई सुप होइन भात चाहिएको थियो आखिर हामी नेपाली न पऱ्यौं । भात विना गुजरा चल्दैन भनेझैं केहिबेरको प्रतिक्षापछि खाना आयो र सबैले रुची अनुसारको खाना खायौं । खानामा भात, दाल, मिक्स तरकारी माछा र कुखुराको मासु थियो । साकाहारी खाना खाने लक्ष्मी सर लगायत अन्य साथीहरुको लागी फरक व्यवस्था मिलाइएको थियो । खानापछि हामी समप्रिती टिमसँग विदा भई होटल तर्फ लाग्यौ करिब १०:४५ बजे हामी होटलमा पुग्यौ । सबैजनाको लागि रुम छुट्याउन भिमसेन्ट सर, सोहेल सर र होटल म्यानेजरले मद्दत गरे । महिलाहरुमा देवि दिदी, यमकला म्याम र मेरो लागि एउटा रुम र सम्झिक म्याम र दिप्ती म्यामको लागि अर्को रुमको व्यवस्था मिलाइयो ।

टिमलिडर परितोष पौड्यालले अर्कोदिनको सेडुलका बारे बताउदै ढाकाबाट बरिसल, कुवाकटा जाने हुँदा आवश्यक सामान प्याक गरि बिहान ७:३० मा ब्रेकफास्ट टेबलमा भेट्नका लागी निर्देशन दिनुभयो । हामी आफ्नो रुममा पुग्दा करिब ११:१५ बजिसकेको थियो । कोठामा पुग्यौ सबै थकित थियौं । त्यसैमाथी टिम लिडरले यमकला म्याडम, हरि सर र दिप्ती म्यामलाई दिनभरीको सबै गतिविधीको रिपोर्ट बनाउनु भन्नुभएको थियो ।

रुपममा पुग्यौ, फ्रेस भयौं सकुशल आइपुगेको कुरा घरमा खबर गर्न पाएकी थिईन घरमा सबै सुतेपनि म्यासेज छोड्छु भनेर होटलबाट ल्याएको वाइफाईको पासवर्ड हातमा लिई बेडमा बसेर मोबाइल हेरे तर कतै पाइन जतातते मोबाइल खोजे, मोबाइल कहि छैन यसो सम्झौँए दिप्ती म्याम बिरामी हुँदा उहाँको ब्याग र मोबाइल समाएकी थिए । गाडीमा दिप्ती म्यामको मोबाइल फर्काउँदा सम्म आइफोन मेरो हातमै थियो । त्यसपछि खाना खाने र होटल आउने क्रममै मोबाइल हराएको हुन सक्ने मैले अनुमान गरी म होटल लखिमा पुगे र म्यानेजरलाई मोबाइल हराएको र गाडीमा छुटेको छकि भनेर फोन गर्न भन्दै पुन रुममा फर्किए । भोलीका लागि लुगाफाटो र अन्य सामाग्री मिलाएँ ।

बिहान समयमा उठ्नु थियो । सुत्नको लागि वेडमा जादै थिए होटल काउन्टरबाट खबर आयो गुड न्यूज छ म्याम तपाईको मोबाइल गाडीमै फेला पऱ्यो भोली बिहान ल्याइदिने कुरा भएको छ भने । खुसी लाग्यो हराएको प्रिय वस्तु फोन भेटियो । देवि दिदी, यमकला म्याम र म करिब १ बजेतिर सुत्यौं त्यो बेलासम्म सबैजना सुतिसक्नु भएको अनुमान गर्दै म पनि निदाँए ।

**दोस्रो दिन** : सबैजना निर्धारित समयमा ब्रेकफास्ट टेबलमा जम्मा भयौं जाम, पाउरोटी, अमलेट, चिकेन, ससेज केहि मिठाइ, खिर फलफूल, जुस, चिया कफी लगायत अन्य खानेकुराहरु थियो । सबै जनाले आफ्नो आफ्नो रुची अनुसार ब्रेकफास्ट लियौं ७:४५ मा सबैको ब्रेकफास्ट समाप्त भएको थियो । ८ बजे गाडी आयो गाडीसँगै भिमसेन्ट सर र सोहेल सर पनि आए । सोहेल सरले मेरो हराएको

मोबाइल हातमा थमाइदिए मैले हाँस्दै भने धन्यवाद सोहेल सर । मोबाइलको प्राण बाँकि थिएन अफ भएछ होटलबाट हिड्ने तयारी भैसकेको थियो । चार्ज गर्ने कुरा भएन । गाडीमा बस्यौं २ टिम भएर हाम्रो १० जनाको टिममा टिमलिडर सहित सोहेल र अर्को गाडीमा भिमसेन्ट सर सहित हामी CCULB को बन्दै गरेको भवन हेर्न हिंड्यौं । होटलबाट ९० मिनेटको यात्रापछि हामी CCULB को बन्दै गरेको भवन CCULB रिर्सोट ट्रेनिङ सेन्टर गाजीपुर ढाका पुग्यौं ।

त्यहाँ CCULB का प्रतिनिधीले हामीलाई स्वागत गर्नुभयो । उक्त भवनमा रहको हजारौ मान्छे अट्ने हल, सुन्दर मन्च, क्यान्टिन, सुइमिङ पुल, फुलबारी लगायतको अबलोकन गर्‍यौं । भवनको छतमा रुफटप रेस्टुरेन्ट बन्दै रहेछ । बाहिरबाट आएका पाहुनाहरुको सुविधा र मनोरञ्जनलाई मध्यनजर राखी रुफटप बार र रेस्टुरेन्टको व्यवस्था मिलाइएको रहेछ । VIP रुमहरु, मध्यम र सामान्यरुमहरु थिए भने अझै धेरै संरचना बन्न बाँकी नै थियो । CCULB कै निमन्त्रणामा हामी नेपालबाट बंङ्गलादेश पुगेका थियौं । यो विशाल भवन देख्दा लाग्यो छिट्टै हाम्रो नेफस्कूनको यस्तै भवन बनोस, जहाँ हामीले सहकारी निरन्तर पढ्न र पढाउन पाऊ, हाम्रो केन्द्र भनेर गर्व गर्न पाँउ भन्ने मिठो रहर मनमा जाग्यो र टिम लिडरलाई भने सर हाम्रो नेफस्कूनको विल्डीङ कहिले बनाउने ? टिम लिडरले हास्दै छोटो जवाफ दिनुभयो बन्छ एकदिन पक्कै पनि बन्छ । अबलोकन पछि चिया, बिस्केट खायौं सामुहिक फाटो लियौं र डलरलाई टाकाँ बनाउनको लागि सोहेल असदलाई जिम्मा लगायौं । CCULB भवनबाट निस्केर पुनः गाडीमा बस्यौ, रुपबहादुर खत्री सरले पावरबैंक बोक्नु भएको रहेछ उहाँसँग मागी मेरो मोबाइलमा प्राण भर्ने काम गरेँ ।

हाम्रो अर्को गन्तव्य माथवारी ख्रिष्टीयन कोअपरेटिभ युनियन थियो, जुन सहकारी धर्मका आधारमा स्थापित गरिएको रहेछ । जहाँ ख्रिष्टीयन समुदायका मान्छेहरुले मात्र सदस्यता प्राप्त गर्ने गरेको कुरा त्यहाँ पुगेर थाहा पायौं । ठूलो कम्पाउन्ड विषाल ५ तले विल्डीङ ठूलाठूला कार्याकक्ष सफा शान्त वातावरण अत्यन्तै राम्रो कार्यालय थियो । बैठकहलमा प्रवेशपछि सबैजना आफ्नो स्थान चयन गरि बस्यौं । परिचयात्मक कार्यक्रमपछि संस्थाको गतिविध पावर प्वाइन्टबाट देखाईयो । करिब २० मिनेटको प्रिजेन्टेसनपछि एकआपसमा जिज्ञासा तथा अनुभवहरु साटासाट गर्‍यौं ।

माथवारी क्रिशीयन को अपरेटिभ युनियनका सबै टिम मिलेर खानाको व्यवस्था गरेका रहेछन् । हामीले सामुहिक रुपमा सँगै खाना खायौं अत्यन्तै मिठो सत्कार पाईयो । खानापछि इशाई धर्मावलम्बीहरुको मृत्युपश्चात तयार पारीने समाधिहरु रहेको सुन्दर पार्कको अबलोकन गरि सामुहिक तस्वीर लिइयो । पार्क निकै सुन्दर थियो । सोहि कोअपरेटिभ कर्मचारी बहिनीहरुसँग फेसबुकमा साथी भए र आज पनि निरन्तर कुराकानी भै रहेको छ । उमेरमा म भन्दा किनै सानी थिए बहिनीहरु तर छोटो बसाइमा म सँग नजिक भए । छुट्टिने बेलामा मैले ति नयाँ साथीलाई नेपाल घुम्न आउनको लागि निमन्त्रणा दिदै बिदा भयौं । त्यसपछि हाम्रो गन्तव्य अर्को सहकारी हेर्ने थियो । हामी गाजिपुरबाट फेरी ढाका तर्फ फर्कियौ । यात्रा अबधी भर कहिले कथा, कविता, मुक्तक र अन्ताछिरी त कहीले अबलोकन गरिएका सहकारीको बारेमा समिक्षा पनि गर्दथ्यौं ।

बेलाबेलामा रुप सरले असाध्यै हसाउनु हुन्थ्यो टिम लिडरले पनि आफ्ना नयाँ अनुभव सुनाइरहनुहुन्थ्यो । २ वटा टिम भएर २ वटा गाडीमा हिड्नु परेकोले आधा साथी छुटेकोमा केहि खल्लो महसुस गरिरहेका थियौ । तर दुवै तिरको यात्रा माहोल रमाइलो थियो । गाजीपुरबाट निस्केर हामी सिधै ढाका बरिधारा मोहिला समन्वय समितीको कार्यालयमा बेलुका ५ बजे तिर पुग्यौ । व्यस्त सडकमा रहेको ५ तल्ले भवनको मुलगेटमै उहि वासनादार फूल रजनीगान्धाबाट म्यानेजर नित्या अधिकारीले स्वागत गर्नुभयो । महिला मात्र सदस्य रहेको महिलाद्धारा सञ्चालन उक्त सहकारीमा हामी प्रवेश गर्दा हिड्न बाटो समेत थिएन किन यति भिडभाड उत्सुक भए जान्नको लागि । तुरुन्त सोधे किन यती भिड भनेर चारै तल्लामा नगद जम्मा तथा भुक्तानीको काउन्टर सञ्चालन थियो । रकम जम्मा गर्ने र झिक्नेको लाइन यति लामो थियो मैले आजसम्म कुनै बैंक तथा वित्तीय संस्थामा त्यस्तो लाइन, त्यति भिड देखेकी थिइन । नयाँ सदस्य बन्नेको लाईनमा त्यस्तै भिड थियो ।

कर्मचारी ५० जना काममा खटिरहेका थिए । कोहि नगद लिदै थिए कोही नगद भुक्तानी कोही नया फारम भर्दै थिए साना बच्चा देखि बृद्धासम्म सबै लाइनमा बसेका थिए लगभग ३०० जति सदस्यले बेलुका ६ बजेसम्म काउन्टरमा सेवा लिइरहेको देख्यौं । हामी बैठक कक्षमा प्रवेश गर्‍यौ त्यहाँ अध्यक्ष र उपाध्यक्ष लगायतले हामीलाई पुनः स्वागत गर्नुभयो । हामी सबै बैठकहलमा मिलेर बस्यौ म्यानेजर नित्या अधिकारीले संस्थाको हालसम्म पाएको सफलता समेटेर पावर प्वाइन्ट प्रस्तुतीकरण गर्नुभयो ।

कार्यक्रमकै विचमा संस्थापक अध्यक्ष गुलाव वानु आइपुग्नभयो । हामी सबैले नमस्कार गर्‍यौं र टिम लिडरले उहाँलाई दोसल्ला ओडाएर सम्मान दिनुभयो । १९९२ मा सानो समूहबाट सुरु भएको र पछि १०० जना महिलाले वरिधारा महिला समन्वय समिती गठन गरी कारोबार सुरुगरेको र आज सम्म ४०७ करोडको सम्पत्ती रहेको र ब्राण्ड पाउन सफल विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मानद्धारा सम्मानित भएको हामीले देख्यौं । गुलाववान संस्थापक अध्यक्ष जस्ले लेख्नपढ्न जान्नु हुंदैनथ्यो तर पनि समुदायका महिलाहरुलाई समेटेर आजको ४०७ करोडको सम्पत्ती जम्मा गर्न सफल महिलालाई देख्दा सम्मानले छाती फराकिलोभयो । गुलाव वानुको साधारण पहिरन र उहाँको हँसीलो मुहारले मलाई लोभ्यायो । उनका अनुहारमा भएको चमक म भित्र उर्जा भरिय झै महशुस गरे । जब केहि गर्न अठोट गरिन्छ र कामप्रति खटिन्छ सिक्ने सिकाउने भोक जाग्छ मान्छेले जस्तोसुकै कामपनि गर्न सक्छ भन्ने पूर्ण विश्वासभयो मलाई । साधारण लेखपढ गर्न समेत नसक्ने महिलाले सुरु गरेको संस्थामा आज ४०७ करोडको वित्तीय कारोबार भएको थियो ।

सबै मान्छे सबै कुराले प्रफेक्ट कहिले हुँदैन जीन्दगीले अनेकौं अबसर दिन्छ त्यसलाई चिन्न सक्नु पर्दछ र हरेक चुनौतीभित्र एउटा सम्भावना हुन्छ भन्ने कुरा गुलाव वानुले प्रमाणित गरिदिएकी छन् भन्ने लाग्यो । सन् १९९२ मा बङ्गलादेशका निम्न वर्गिय महिलाहरुलाई जम्मा गरेर बचत गर्न सिकाइन ऋण प्रदान गरि व्यवसाय गरेर आत्मनिर्भर गर्न सिकाईन आज उनले धेरै महिलाहरुलाई उद्यमशील बनाएकी छन् । संसारले उनलाई चिनेका छन् र आफ्नै समुदायकी महारानी बनेकी छन् । उनको मुहारमा नत मैले कुनै घमण्ड देखे नत उनीसँग धेरै वेर समय विताउने मौका पायौ तै पनि जती समय हामी सँगै रह्यौ अत्यन्तै मिठो बसाई लाग्यो उनको आखाका चमक म आज पनि सम्झन्छु । उनले मलाई इसारामा आफू नजिक बोलाइन र फोटो खिच्नका लागि इसारा गरिन देवी दिदी यमकला म्याम म लगायतको फोटो खिच्यौ उनले मलाई अँगालो हालिन मेरो काधमा हात राखिन म मुसुक्क हाँसिन । त्यो पल मलाई लागेको थियो, सहकारी अभियानको एउटा दरिलो हात र साथ मेरो काधमा परेको छ ।

हामी अन्त्यतिर आइसकेका थियौ निस्कनु पर्ने थियो समयतालिका अनुसार हामीपछि परिसकेका थियौं नेपालबाट लगेको मायाको चिनो टिम लिडरले दिनुभयो । हालको अध्यक्ष उपाध्यक्षलाई दोसल्ला ओडाएर सम्मान गर्‍यौं मायाको चिनो हामी सबैको लागि दिइयो । हामीले यस संस्थाामा धेरै जिज्ञासा राखेनौं केवल देखायका कुराहरु हेर्‍यौं मनन गर्‍यौं । दिप्ती म्याम र लक्ष्मी सरले केहि जिज्ञासा राख्नुभयो । नित्या अधिकारीले विस्तारमा बताउनुभयो ।

टिमलिडरले पर्यटन वर्ष २०२० मा नेपाल आउन भनी निम्तो दिनुभयो र हामी निकै मिठो र अत्यन्तै फरक अनुभूती बोकेर छुटियौं । अब हाम्रो गन्तव्य पानी जहाज थियो । करिब १ घण्टाको गाडीयात्रा पछि पानी जहाजको स्टेशन आयो । हामी सबैजना आफ्नो आफ्नो व्याग बोकेर एकठाउँमा जम्मा भयौं । भिमसेन्टले हाम्रो रेखदेख गरे र सोहेलले टिकेटको व्यवस्था मिलाउनुनिर्माण १० मिनेटका प्रतिक्षा पछि टिकट लिएर अघि बढयौं । ठूलो तिनतल्ले विशाल आकारको घर जस्तै जहाजको माथिल्लो तल्लामा हाम्रो रुम थियो । यमकला म्याम र म एउटा रुममा पर्‍यौं भने समिक म्याम र दिप्ती म्याम अर्कोमा । देवी दिदी हामी सबैको अभिभावक जस्तै हुनुहुन्थ्यो त्यसैले उहाँलाई सिङगल बेडको रुम छनोट गरियो । चिसो बढ्दै थियो हामी रुममा गइ झोला थन्कायौं र फ्रेस भयौं । ८:३० मा जहाज हिड्यो सबै जना जहाजको माथिल्लो छतमा जम्मा भयौं । जहाज आफ्नै गतीमा हिडेको थियो अध्यारो रात जहाज भरी उज्यालो थियो । टाढा टाढा कतै वत्ति देखिन्थे

त कतै अध्यारो थियो । मेरो यो पहिलो अनुभव थियो अत्यन्तै रमाइलो लाग्यो । हामी सबै जना जम्मा भएर साँस्कृतीक कार्यक्रम गर्‍यौं, नाचगान दोहोरी चल्यो, कोहिले गित गायौं, कोही नाच्यौं ।

भिमसेन्टले नेपाली गित गाउँदै हामी सँगै नाच्नुनिर्माण, देवी दिदी हरिप्रसाद तिमल्सीना र नवराजसरले निकै राम्रो गित गराउनुभयो । इन्टरनेटको सुविधा थिएन त्यस कारणपनी हामी एकैठाउँमा निकै बेर बस्यौं र रमाइलो गर्‍यौ । सबैले आफ्नो आफ्नो अनुभव सुनाउनुभयो । सोहेलले हामी सबैको लागि कफीको व्यवस्था गरे । चिसो जहाजको छतमा कफीको स्वादनै मिठो लाग्यो । रुपबहादुर खत्री सरले धेरै रमाइलो अभिनय गर्नुभयो टाउकोमा रुमाल बाधेर तराइबासीको आवाज निकालेर सबैलाई निकै हसाउनुभयो । चिसो निकै बढेपछि हामी आफ्नो आफ्नो रुममा गयौ । सबैको रुम अघिपछि मिलाएर दिइएको थियो । लक्ष्मी दाजुले सबैलाई केयर गर्नु हुन्थ्यो बाहिर निस्कने बेला ध्यान दिनु भनेर हामीलाई सम्झाउनुभयो । भिमसेन्ट र सोहेल पनि सबैको उत्तीकै केयर गरिरहेका थिए ।

राती ११ बजेतिर रुममै खाना आइपुग्यो त्यो रातको खाना वरीधारा महिला कोअपोरेटिभले गरेको थियो । भात, दाल, तरकारी, माछा चिकेन सबै ठाउँको खानाका परिकार लगभग उस्तै खाले रहेको पाएँ । माछा त्यहाँको प्रमुख खानेकुरा र सबै खानामा माछा अनिवार्य जस्तो लाग्यो मलाई । जहाजको सानो चिटीक्कको रुम भित्र खाना खायौ । चिटीक्क परेको सानो रुममा, अग्ला २ वटा खाट, विचमा सानो दराज र टेलिभिजन थियो । जहाजमा वाथरुम चाहि साझा रुपमा शेयर गर्नु पर्दो रहेछ । हामी शर्मिक म्याम, दिप्ती म्याम, यमकला म्याम र म बसेर राती निकै बेर सहकारीका कुराहरु गर्‍यौं । सहकार्यको कुरा गर्‍यौं, जिन्दगीका कुरा गर्‍यौं । जहाजमा मस्त सँग निदाउन भने सकिन किनकी जहाज पानी माथी हिडिरहेका हुदा हल्का कम्पन भए झै लाग्थ्यो । भुकम्पमा हल्लीए झै, मैले भुकम्प जादाको कम्पन र त्यो रात जहाजको कम्पनलाई पालैपालो स्मरण गरीरहे ।

भोलिपल्ट बिहान ६ बजे अर्को स्टेशनमा पुगी सबै जना फ्रेस भई ७ बजे हामीलाई लिन आएको गाडीमा चढ्यौं । करिब ३ घण्टाको यात्रापछि कुवाकाटा भन्ने समुन्द्र किनारमा रहेको विच हेवन भन्ने होटलमा पुग्यौं । रातभरीको पानीजहाजको यात्रा त्यसपछि ३ घण्टा गाडीको यात्रा विहानदेखी चिया समेत पिउने समय मिलेको थिएन सबैजनाको झोलामा के छ खोजियो । नवराज कार्की सरले म सँग जगेडा कोषमा विस्केट भए पाउ भन्नुभयो । यो रमाईलो थेगो बनेको थियो । समयको तालीका अनुसार चल्ने भएको हुँदा तुरुन्तै किन्न सजिलो थिएन तसर्थ विस्केटहरु झोलामा राख्ने भएका थियौ । कुनैबेला कहाँ भोक लाग्छ त्यसैले झोलामा राखेर चाहिएको बेला झिक्ने कमलाई जगेडा कोष भन्ने थेगो बनेको थियो । गाडीमा यात्रा गर्दा देवी दिदीले सुनाउनु भएको गित अहिले पनि कानमा गुन्जीन्छ अति मिठो स्वर, पुराना नयाँ गित सबै आउने दिदीलाई । गाउँ जस्तै थियो कुवाकाटा भन्ने ठाउँ सबैले फ्रेस भएर ब्रेक फास्ट गर्‍यौं । मलाई रातीको जहाजको खानाले विसन्चो भएको थियो नराम्रोसँग पेट दुख्न थालेको थियो । सबैले ब्रेक फास्ट गर्नुभयो भने मैले एउटा केरा र एउटा गिलो रोटी मात्र खाँए । त्यस दिन कुनै अबलोकन थिएन हामी फुर्सदीला भएका थियौं । सबै जना खुशी भयौं किनकी घरदेखी हिडेपछि मिनेट मिनेट टाइम हेरेर चलेका थियौं । सबैजना होटलबाट निस्कीयौं समुन्द्र किनारमा पाँच मिनेटमै पुग्यौं । ठिक्क मौसम, न घाम न जाडो सबै जना समुन्द्रसँग खुब रमायौं ।

समुन्द्रको पानी शान्त थियो छाल आउदैनथ्यो आएपनि त्यति शक्तिशाली थिएन । त्यो मौसममा यस्तै हुन्छ भन्ने कुरा थाहा पाँए । सबैजना धितमर्ने गरि समुद्री पानी, छाल र बालुवासँग रमायौं म अलि छिटो निस्किए चिसोले समस्याभयो भने गाह्रो हुन्छ भन्ने लागेर अली चाँडै लुगा फेरेर घाममा बसे । १ घण्टा जति पानी र छालसँग रमाएपछि सबैजना समुन्द्र किनारमा भेला भयौं । बङ्गलादेशका सडकहरुमा बेच्न राखेको मनै लोभ्याउने अम्बा खाने धोको लक्ष्मी सरले पुरा गरिदिनु भयो । अम्बा किनेर सबैलाई खान दिनुभयो ।

मलाई समुन्द्र किनारमा स्कुटर लिएर हिड्न मन लागेको थियो त्यसैले ४.४५ टाँका तिरेर स्कुटर लिएर समुन्द्री किनार तिर लागे रमाइलोभयो । सम्रिक र दिप्ती म्यामहरुले सानो डुङ्गा चढेर समुन्द्रको फन्को लगाउनुभयो । निकैबेर पानीसँग खेलेर थाकियो पनि होटल पैदल फर्कियो नजिकै थियो । दिउसोको खाना खाएर एकछिन आराम गरी सीमा विहार भन्ने वुद्धको मन्दिर तर्फ लाग्यौं । करिब सवा घण्टा पछि गाउँको विचमा रहेको सानो गुम्बामा पुग्यौं जो बन्ने क्रममै थियो त्यहाँ केहिबेर घुमफिर गरी सामुहिक तस्वीर खिच्यौं । त्यहाँ सानासाना धोती तथा सुतीका कपडाहरु पाइने पसल रहेछ सबैजना किनमेल गर्नका लागि त्यस तर्फ लाग्यौं । सबैले आफ्नो र परिवारको लागि किनमेल गर्ने निधो गरियो ।

भाषाको समस्या भए पनि भिम्सेन्ट र सोहेलको सहयोगमा कुराकानी गरियो निकै मोलभाउभयो २० देखि ३० वटा बङगाली धोति लिने भनेपछि भाउतयभयो । सबैजनाकालागि कपडा छान्न थालियो । त्यहाँ उपस्थित धेरै जसो सरहरुले घर परिवारको लागि किनमेल गर्नुभयो सबैको लागि मैले नै कपडा छानिदिए, मोलभाउ पनि गरे सकेको जति कुरा इसारामा बुझाँए । २०/२२ वर्षका ४ जना भाइहरु थिए पसलमा, सबैले सहयोग गरे । सबैजनाले गेरर नेपाली ५० हजार बराबरको सामान किनिएछ । मैले भने केहि किनीन । किन्ने समय समय पनी पाईन, सबैलाई सहयोग गर्न पाएकोमा मैले किने सरहकै खुसी मिलेको थियो । हामी हिडनै लाग्दा पसले भाइले अलिअलि बुझ्ने गरी भन्यो म तलाई उपहार दिन चाहान्छु भन्यो ।

मैले किन भनेर सोधे ? उस्ले मिठो मुस्कानका साथ बोल्यो तैले साथीहरुलाई धेरै सहयोग गरीस मेरो व्यापार राम्रोभयो । मैले हाँस्दै हुन्छ तर सामान्य उपहकार देउ भने । उस्ले सबैको सामु मलाई पसलको बरको झिकेर ओडायो । टिम लिडरले सीमाले ढाकामा आएर कमाएको कमाई हो यो वरको भन्नुभयो । सबैले ताली बजाएर कृतज्ञता ज्ञापन गर्नुनिर्माण । हिँड्ने बेलामा ति पसल र पसलका भाइहरुसँग सेल्फी लिन अनुरोध गरेँ । भिम्सेट सरले भनेपछि सेल्फी खिचेर फेरी भेट्ने आशा छ भन्दै विदा गरे, उनीहरुले साधुरो गल्लीबाट पर पुग्दासम्म हात हल्लाउँदै विदा गरे हामीलाई ।

रातपरि सकेको थियो । मलाई किनमेल र पसल भित्रको झिलीमिलीले गर्दा टाउको दुखी सकेको थियो । उपहारमा पाएको त्यही वरको ओडेर गाडीमा चुपचाप बसे । त्यो उपहारमा पाएको २०० मूल्य बराबरको बरको अत्यन्तै प्यारो लाग्यो मलाई । होटल पुग्यौं रातीको खाना खान समय थियो सबैजना फेरी एकपटक समुन्द्री किनारमा जाने कुराभयो । म जान सक्ने अवस्थामा थिईन मलाई माइग्रेनको अट्याक भै सकेको थियो, टाउको फुट्टे झैं भएको थियो । म होटलमा आएर रुममा सुते । बाकि सबै साथीहरु फेरी समुन्द्री किनारमा तिर लाग्नुभयो । राती १० बजे खाना खानको लागि सबै जम्मा भयौं मेरो दुःखाई कम भएको थिएन र भोक पनि थिएन, हल्का खाना लिँए, साथीहरु सबैले रुची अनुसार खाना लिनुभयो ।

टाउको दुखाई अत्याधिक थियो मेरो फेसनै अध्यारो हुदैथियो, सोहेलले बेला बेलामा आएर कमभयो सीम म्याम भनेर सोध्दै थिए दवाई पाउने ठाउँ नजिकै थिएन मैले प्रयोग गर्ने औषधी ढाकामै व्यागमा छुटेको थियो । देवि दिदीसँग भएको सिटामोल दोस्रो पटक लिए र सुते । विहान सबै जना ६ बजे तयार भएर होटलको लवीमा झर्‍यौं । समुन्द्रबाट सानो डुङ्गाको १ घण्टा यात्रा तयगरी जंगल सफारी गर्ने सेडुल थियो । सबैजना पुन समुन्द्र किनारमा पुग्यौं । विहान घाम झुल्केको थियो हेर्न लायक थियो दृश्य । हामी पालैपालो सानो डुङ्गाबाट ठूलो डुङ्गामा गयौं । हाम्रो गन्तव्य : angrove in sea Beach थियो जसलाई सुन्दरबन पनि भन्दा रहेछन् । करिब सवा घण्टाको यात्रापछि सुन्दरवन पुग्यौं । सुन्दर वन भित्र हामी सबैले नरिवल पानी खायौं । केदार सरले जंगल भित्रको पसलबाट एकघरी केरा किनेर सबैलाई खानदिनु भयो । निकै मिठो थियो केराको स्वाद ।

करिब ४५ मिनेट जंगल घुमिसकेपछि हामी होटल फर्कियो र ब्रेकफास्ट गेरर तोकेको समयमा हामीले होटल छोडयौं । त्यसपछि हाम्रो टोली पटुवारखली तिर लाग्यो । विच बजारमा थियो पटुवारखली जनकल्याण कोअपरेटिभ क्रेडिट युनियनको कार्यालय । संस्थाले आफ्ना सदस्यहरुलाई जग्गा किन्न र घर बनाउनका लागि लगानी गरिदिएको देखियो । हामीले ४५ मिनेट त्यस संस्थामा वितायौं, सहकारी र सहकार्यका कुराहरु आदान प्रदान भयो । दोहोरो जिज्ञासा र अन्तरक्रिया गरियो । दिउसोको खाना सोही साकोसले व्यवस्था गरेको थियो ।

टिम लिडरबाट मायाको चिनो प्रदान गर्नुभयो र हामी सबैलाई मायाको चिनो सहित कार्यालयबाट विदा गरियो र दिउसोका खाना खाएपछि हामी त्यहाँबाट निस्कियौ । कार्यक्रम सेडुल अनुसार यो संस्था भिजीट पछि सपिङको लागि समय थियो तर वाटोमा जाम र विहानैदेखि समय तालिका नमिलेको कारण सपिङ समय त्यसै वित्यो । हामी अर्को संस्था भिजीटको लागी सानो जंगल नै पार गरेर वरिसाल पुर्यौं । जहाँ रजहर कोअपरेटिभ क्रेडिट युनियन वरीसाल सानो चटक्क परेको सहकारीको एक तल्ले भवन थियो । रातको समयमा बासनादार गुलावी फूल रजनीगन्धाद्धारा स्वागत गरियो । पावर प्वाइन्टबाट राम्रो प्रिन्जेन्टेसन प्रस्तुतभयो जसमा नेपाल बङ्गलादेशको भूगोल, जनशक्ति र सहकारी अभियानको बारेमा उल्लेख गरिएको थियो । अन्य संस्थाहरु भैं त्यहाँ पनी एक आपसमा सहकारी तथा सहकार्यका कुराहरु भए । टिमलिडर र रुपबहादुर खत्री सरले नेपालबाट लगेको मायाको चिनो आदानप्रदान गर्नुभयो ।

कार्यक्रम पश्चात संस्थाको दिदी बहिनीहरुले तयार पारेका स्वादिष्ट खाना खायौं र सहकार्यको सद्भाव लिएर विदा भयौं । रात परीसकेको थियो करिब १ घण्टामा हामी पानी जहाजको स्टेशनमा आयौं । यो पटकको जहाज पहिलेको भन्दा अफ राम्रो थियो । नयाँ थियो । सबैजनाको रुम अघिल्लो पल्टकै सेडुल अनुसारको तय थियो । रुममा पुगेर सबै फ्रेस भयौं । केहिबेर सबैजना जहाजको पछाडीपट्टीका खुल्ला ठाउँमा जम्मा भयौं केहिबेर नाचगान रमाइलो चल्यो । चिसो अत्याधिक भयो । जहाजको गती तिव्र भएको र समुन्द्र माँफ भएका कारण चिसो हुनु स्वभाविक नै थियो । मलाई टाउको सँगै पूरै शरिर दुखेर निकै गाह्रो भयो । त्यसदिन म लगायत केही साथीहरु चाँडै सुत्यौं भने केहि सरहरुले तास खेलेर रमाइलो गर्नुभएछ । विहान ८ बजे हामी ढाका स्टेशन बाट होटल पुर्यौं । फ्रेस भएर ब्रेक फास्ट होटल मै लियौं ।

११ बजे सहकारी विभागसँग मिटिङ थियो । हामी सबै समय तालिका भित्रै थियौं तोकिएको समयमा हामी ढाका स्थित सहकारी विभाग पुर्यौं । सानदार भवनको बैठकहलमा प्रवेश गर्दा त्यहाँको व्यवस्थापन पनि सानदार लाग्यो । समयमै बैठक सुरुभयो । टिम लिडरले यो भ्रमणको उद्देश्य, नेपालमा सहकारीको वित्तीय अबस्था, सहकारी सुशासन, नेपालको सहकारी विभागको कुराहरु राख्नुभयो । वङ्गलादेश सहकारी विभागद्धारा प्रिजेन्टेसन प्राप्तभयो । देशभरीको सहकारीको अबस्था सम्भावना र चुनौती अनि समाधानको लागि भै रहेका कार्यहरुको व्याख्या गरियो । नेफस्कूनको तर्फबाट यमकला पौडेलले प्रिजेन्टेसन प्रस्तुत गर्नुभयो । हामीले वङ्गलादेशमा ५ वटा सहकारीको अबलोकन गर्यौं र हामीले ति सहकारीहरु हेर्दा लागेको कुरा जस्तै तरल व्यवस्थापन, नकमाउने सम्पत्ति अधिक तथा असमान व्याजदारको बारेमा केहि प्रश्नहरु राख्यौं । लक्ष्मी सर, दिप्ती म्याम, भरत सर लगायतले केहि प्रश्न तथा जिज्ञासा राख्नुभयो र ति जिज्ञासालाई समाधान गर्दै सहकारी विभागले आगामी योजनाको बारेमा जानकारी गराए । नेपालको सहकारी अभियानमा महिला सहभागी राम्रो रहेको र यस भ्रमणमा महिला सहभागी धेरै भएकोमा खुसी व्यक्त गर्नुभयो सहकारी विभाग प्रमुखले ।

करिब ९० मिनेट पछि नेफस्कूनको तर्फबाट टिमलिडरले धन्यवाद सहित मायाको चिनो प्रदान गर्नुभयो । मैले पनि नेपालको नक्सा मायाको चिनो स्वरुप विभाग प्रमुखको हातमा दिए । हामी सबै सहभागीहरुलाई मायाको चिनो दिँदै बैठक समापन गरियो । कार्यालयको भुई तल्लामा रहेको क्यान्टिनमा विशेष व्यवस्था गरि निकै न्यानो अतिथ्यताका साथ त्यस दिनको नास्ता विभागको तर्फबाट प्राप्त गरियो । विभागबाट विदा भएपछि केहि समय बचेको हुदा मार्केट जाने कुराभयो र त्यहीं रहेको गुल्सन मार्केट गयौं । मार्केट सामान्य थियो । साथीहरुले आफूलाई आवश्यक पर्ने केहि लुगा माला, व्यागहरु किन्नुभयो । टिमलिडर भिमसेन्ट सर र सोहेल सरको लागि हामी सहभागी १९ जनाले मिलेर मायाको चिनो स्वरुप उपहार किन्यौं र होटल फर्कियौं हामी समय भन्दा ढिलो भै सकेका थियौं जति गर्दा पनि समय तालिका अनुसार चल्न सकेका थिएनौ ।

साँफ ८ बजे CCULB सँगको बैठक तथा रात्री विदाई भोजको कार्यक्रम थियो । हामीलाई १५ मिनेट समय दिइयो । १५ मिनेटमा हामी बैठक तथा रात्री भोजमा पुर्यौं । त्यस कार्यक्रमको प्रमुख अतिथी राजदूत डा. वंशीधर मिश्रा हुनुहुन्थ्यो जुन हाम्रो लागि गौरबको कुरा थियो । CCULB का Chairman Denold Dhaki ले आज भन्दा १४ वर्ष अघि यस कार्यक्रमको सुरुवात तत्कालीन नेफस्कूनका अध्यक्ष कैलाशभक्त प्रधानाङ्गसँग मिलेर सुरु गरेको कुरा जानकारी गराउनुभयो । हाल भै रहेको दुई देशविचको एक्स्पोज भीजीट भविष्यमा त्रिदेशीय वङ्गलादेश, नेपाल र श्रीलंका विच गर्ने भन्ने प्रस्ताव गरेको बारेमा जानकारी दिनुभयो । प्रमुख अतिथीबाट नेपाल र वङ्गलादेश विच यो सहकारी एक्सपोज भिजीटले निकै राम्रो गरेको र महिला सहभागी देख्दा खुसी व्यक्त गर्नुभयो ।

५ दिने एक्स्पोजर भिजीटको बारेमा नेपालको तर्फबाट दिप्ती शाहीले रिपोर्ट तयार गरि सो रिपोर्ट बैठकमा प्रस्तुत गर्नुभयो । दिप्ती शाही हाम्रो टिमको भाषा सम्बन्धी लिडर नै बन्नुभएको थियो । उहाँको अंग्रेजी असाध्यै राम्रो र बोल्ने शैली भनै मिठो थियो । नेफस्कूनको तर्फबाट टिम लिडरले धन्यवाद तथा आभार व्यक्त गर्दै २८ औं एक्सपोजर भीजीटको लागि निमन्त्रणा दिनुभयो । तत्पश्चात हामी CCULB ले आयोजना गरेको रात्री भोजमा सरिक भयौं । महामहिम राजदूतसँगै सबैले खाना खायौं र करिब १० बजे हामी पुन होटलमै फर्कियौं ।

भोलीपल्ट बिहान ७:३० मा होटलको लवीमा जम्मा भई ब्रेक फास्टपछि बैठकहलमा समिक्षाको लागि बस्यौं । हामीले विताएका ६ दिनको बारेमा समिक्षा गरीयो । हामीले सिकेका राम्रा कुराहरु, हामीले गर्न नसकेका केहि कामहरु र समय तालीका अनुसार चल्न नसकेको कुरा आदि समिक्षा गरियो । समिक्षा गर्ने क्रममा लक्ष्मी सर, नवराज सर, रुप सर, आङजित सर, केदार जिरेल सर, विभाग प्रतिनिधी नारायण सर, यमकलाजी, रोशन सर, दिप्ती म्याम, सर्मिक म्याम, देवी दिदी, तुल्सी सर, हरि सर, केदार सर, कुलबहादुर सर, जवाहरलाल सर, भोजराज सर लगायत मैले स्वविवेकले समिक्षा गर्यौं । लक्ष्मी सापकोटा सरले हाम्रो यो भिजीट ९९ प्रतिशत सफल र प्रभावकारी भएको भन्नुभयो र टिम लिडरले हामी सबैलाई कार्यक्रम भर अनुशासन र जिम्मेवारी भै सहयोग गरेकोमा धन्यवाद दिनुभयो । लक्ष्मी सर र यमकला म्याम लगायत हामी सबैले टिमलिडर भिमसेन्ट सर र सोहेल सरलाई मायाको चिनो प्रदान गर्यौं । आजको अन्तिम दिनको हाम्रो विदाई भोज बाङ्लादेशका लागी नेपाली राजदुतावासमा थियो । हामी सवै तयार भई आफ्नो व्याग प्याक गरेर राख्यौं र राजदुतावासमा निर्धारित समयमा पुग्यौं ।

देशबाहिरको राजदुतावसमा जान पाउँदा गर्व महशुस गर्यौं हामी सबैले । राजदुतले हामीलाई निकै लामो समय दिनुभयो । सबैसँग परिचयको क्रममा खुलेर कुरा गर्नुभयो । CCULB का भाइस चेयरम्यान लगायत अन्य ५ सय सहकारीका प्रतिनिधिहरु पनि हामीसँग आएका थिए । राजदुतावासको निमन्त्रणा स्वीकार गरि दिवा भोजमा CCULB का भाइस चेयरम्यानले हामी सबैको नामको अर्थ खोज्दा एकछिन रमाइलो माहोल भएको थियो । मैले आफ्नो परिचय दिने क्रममा साहित्य क्षेत्रमा पाइला चाल्दै गरेको र परी उपन्यास भर्खर सार्वजनिक भएको भन्ने कुरा परिचयसँग जोडे ।

महामहिमलाई परी किताब दिने मौका पाएँ । परिचयकै क्रममा धन बहादुर वलीको प्रवेश बैठक कक्षमाभयो । मैले हास्दै उहाँलाई ढोग गरे र भने उहाँ मेरो आदरणीय दाजु सबैजना उत्साहित हुनुभयो । उहाँको आगमन र सहजता देखेर पछि दाईले परिचय दिनुभयो । घर दाङ, ३ वर्षदेखि वंगलादेश राजदुतावासमा रहेको र बंङ्गलादेशमा भएका राम्रो कुरा, उद्यमका कुरा, रोजगारीका कुरा, वर्षमा २ वाली धान फल्ने र त्यसलाई ३ वाली फल्ने बनाउने प्रयास गर्दै गरेको कुरा लगायत थुप्रै कुराहरु बताउनुभयो । करिब २ घण्टा लामो बसाईपछि खानाको समयभयो । आजै फर्किनु पर्ने थियो ।

धनबहादुर दाजु र भाउजुले सबैलाई खाना खुवाउने व्यवस्था मिलाउनुभयो । हामी लगायत वाङ्लादेशी साथीहरुले राजदुत र दाजु धनबहादुर वलीसँगै खाना खायौं । सामुहिक फोटो खिच्यौं र केहि वेर घुमफिर गरी हामी विदा भयौं । निकै मिठो सद्भाव, निकै न्यानो मायाँ र निकै ठूलो विश्वास पाएर हामी निस्कीयौं । CCULB का भाइस चेयरम्यान अन्य सहकारीबाट आएकाहरुसँग अन्ततः विदा भएर गाडीमा बस्यौं । एयरपोर्ट जाने समय केहि बाकि भएकाले साथीहरुले किनमेलको लागि मार्केट जाने कुरा गर्नुभयो र हामी सबै नजिकैको मार्केटमा

पुग्यौं । हामी कसैले पनि दुक्कसँग किनमेल गर्न पाएका थिएनौं । केहि साथीहरुले त्यस मार्केटमा धोती, ज्याकेट, सर्ट, कुर्ता र सलहरु किन्नुभयो । मैले पनि सामान्य किनमेल गरे । हामी किनमेल गरिसकेर होटल पुग्यौं, व्यागहरु लविमा राख्यौं र होटलको चावी बुझायौं ।

६ दिने बाङ्गलादेश बसाईको अन्तिम पलमा थियौं हामी । समय तालिका उस्तै थियो, हतारमै हामी एयरपोर्टका लागि निस्कीयौं । आधा घण्टामा हामी एयरपोर्ट पुग्यौं र भीमसेन्ट सर र सोहेल सर सँग विदा भएर एयरपोर्ट भित्र लाग्यौं । समय भन्दा २५ मिनेट मात्र ढिलो थियो फ्लाइट । साझ ४ बजे हिमालयन एयरलाइन्सबाट हामी काठमाडौंको लागी हिंड्यौ । निस्चित समयमा काठमाण्डौमा अबतरण गरियो । आफ्नो आफ्नो सामान लिएर सबै एकैठाउँमा जम्मा भयौं र अन्तिम सामुहिक फोटो खिचायौं । टिम लिडरले हामी आरामले नेपाल आइपुगेको कुरा बंङ्गलादेशमा जानकारी पठाउनुनिर्माण र मनमा अत्यन्त सम्मान अत्यन्तै प्रेम र आगामी दिनहरुका सधैं सहकार्य गरिरहने वाचाका साथ सबैले आफ्नो बाटो समायौं ।

मेरो बुझाईमा यो अबलोकन भ्रमण अत्यन्तै राम्रो र फलदायी भएको छ । तत्कालिन वरिष्ठ उपाध्यक्ष परितोष सरलाई टिम लिडरको रुपमा पाएका थियौं । सबैको अभिभावक खरो तर सहि बोल्ने लक्ष्मी सर अत्यन्तै शाहसी र क्षमतावान् देवी दिदी कम बोल्ने अरुको कुरा सुनिरहने जवहरलाल सर, साह्रै हसाउनुहुने जिरेल सर, केदार सर, रुप सर, मिठो बोल्ने दिप्ती म्याम सहकारी क्षेत्रकी जुझारु सानी बहिनी सम्रिक म्याम गित सुनाउने हरि सर, गित छाप्ने नवराजसर सानो कुरामा पनि मिठो हाँसो हास्ने भरत सर, सधैं हाँसी रहने अंगत सर कम बोल्ने , बोलेपछि सबैलाई हसाउने कुरा गर्ने केदार जिरेल सर, शान्त स्वभावका तुलसीसर, रमाइलो माहोल बनाउने रोशन सर विभाग प्रतिनिधि नारायण सर । कम बोल्ने सबैलाई सुन्ने भोजबहादुर गुरौ सर सबैको ख्याल गर्ने यमकला पौडेल र तपाईहरु सबैको प्रिय बन्न सफल म सीमा पुरीको टिम थियौ र त यो भ्रमण सार्थकभयो हामी सबैलाई नेफस्कून ले यो अबसर प्रदान गरेमा एकमुष्ट आभार व्यक्त गर्दछौं ।

हामीले बंङ्गलादेशमा बिताएको समय त्यहँ सिकेका अनुभवहरुलाई सधैं स्मरणगर्दै आगामी दिनहरुमा अझै धेरै मेहनत गर्दै सहकारी यात्रामा ईमान्दारीताकमा साथ लागि गर्ने प्रतिबद्धता गर्दै मैले बुझेका र स्मरण रहेको कुराहरुलाई समयको बन्धनमा बाँध्दै लगेको छु ।, सबैलाई समान सम्मान र माया रहिरहने छ भन्ने आशा गरेकी छु । ■■■


# श्री बछौली नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि.

**संस्था परिचय**

संस्थाको सामान्य परिचय श्री बछौली नारी चेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेड एक प्रारम्भिक तहको एकल उद्देश्यीय (बचत तथा ऋणको क्षेत्रमा काम गर्ने) सहकारी संस्था हो । यस संस्थाको स्थापना २०५५ साल चैत्र महिनाको २१ गतेका दिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलय,चितवनमा दर्ता नं. १३३/०५५/०५६ मा संस्था दर्ता गरीयो । हालको अबस्थालाई विश्लेषण गर्दा शेयर सदस्य संख्या २१९१ जना (महिला) रहेका छन् भने ७७४ जना बाल बचत कर्ता रहेका छन् ।

**परिकल्पना (Vision)**

"सभ्य र समृद्ध समाजका लागि नमूना सक्षम महिला सहकारी संस्था"

**ध्येय (Mission)**

सर्वसुलभ,गुणास्तरीय वित्तीय सेवा प्रदान गरि समुदायको आर्थिक, सामाजिक, शैक्षिक एवं वातावरण संरक्षण गर्दै सदस्यहरुको जीवनस्तर उठाउन निरन्तर लागिरहने ।

**रणनीतिक उद्धेश्यहरु:**

- संस्थामा संलग्न सदस्यहरुमा मितव्ययीताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।
- सदस्यहरुको व्यक्तीगत एवं सामाजिक क्षमता अभिबृद्धि गरि स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।
- सदस्यहरुको प्राथमिक आवश्यकता र आय आर्जन क्षमताको पहिचान गरी उत्पादनशिल आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।
- सदस्यहरुको दैनिक जिवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरु सञ्चालन गरि सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।
- सम्बन्धित निकायको स्वीकृत लिएर, सदस्यहरुलाई विप्रेषण सेवा प्रदान गर्ने ।

**दीर्घकालिन लक्ष्यहरु:**

- स्थानिय स्रोत र साधनको परिचालन गर्ने ।
- सदस्यहरुलाई वित्तीय, गैर वित्तीय, गुणस्तरीय सेवा प्रदान गर्ने ।
- सदस्यहरुको व्यवसायिक, सामाजिक सुधार, स्थानिय भाषा, संस्कृति संरक्षण विकासका लागि जोड दिने ।
- वातावरण संरक्षणमा जोड दिने ।

**ऋण सेवा**

व्यवसाय, कृषी, पशु, बैदेशिक रोजगार, भवन निर्माण आदि शिर्षकमा ऋण प्रदान गरिन्छ ।

**कार्य क्षेत्र**

रत्ननगर र खैरहनी नगरपालिका

**आबद्धता/संलग्नता (AFFILIATION)**

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
- चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि., चितवन



**संस्थाका विशेष आकर्षणका कार्यक्रमहरु**

- सहकारी शिक्षा शिविर ।
- सञ्चालक अभिमुखीकरण तालिम ।
- स्वास्थ्य शिविर ।
- पर्ल्स तालिम ।
- सदस्य मृतक राहत कोष कार्यक्रम ।

| हालको वित्तीय अवस्था | |
|---|---|
| शेयर पूंजि | : २,१७,१३,२०० |
| स्थिर सम्पत्ति | : ३७,९९,८८५.०४ |
| जगेडा कोष | : ५१,८६,२६१.८२ |
| अन्य कोषहरु | : ३३,०६,८६१.५५ |
| कुल निक्षेप रकम | : ११,५५,३४,०९३ |
| कर दाखिला गरेको | : २,५६,८३२.१० |
| लगानीमा रहेको ऋण | : १४,९६,००,८४९ |
| तरलता | : १५ % |
| सञ्चालन मुनाफा | : १४,६४,९१७ |
| कुल सम्पत्ति | : १६,६२,५५,०७७.७८ |

बबिता चौधरी, अध्यक्ष

रत्ननगर -०६,चितवन, सम्पर्क नं. ०५६-५८०१०५

# नेफस्कूनद्वारा सञ्चालित विभिन्न तालिमहरूमा सहभागीहरूको प्रतिक्रिया

**गोविन्द प्रसाद घिमिरे, सचिव, मन्थली साकोस रामेछाप**

मन्थली साकोस रामेछापको आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा यहि मिति २०७६ माघ २६ देखि २८ गतेसम्म मन्थलीमा भएको रणनीतिक व्यावसायिक योजना निर्माण तालिममा संस्थाका सञ्चालक समिति, लेखा समिति र कर्मचारी गरी २८ जनाको सहभागीता रहेको थियो । तीन दिवसीय उक्त तालिम संस्थाको भावी रणनीति र आगामी कार्यदिशा तय गर्ने सम्बन्धमा अत्यन्त महत्वपूर्ण र उपलब्धिमूलक रह्यो । संस्था स्थापना भएको २२ बर्षमा आज संस्थामा १३ हजार सदस्य हुनुहुन्छ, अवको ४ बर्षमा हामीले २८ हजार सदस्य र कूल पूँजि २ अरब पुऱ्याउने लक्ष्यका साथ काम गर्ने योजना तय गरेका छौं । हामीले विधि, विधान भन्दा पनि संस्थाको चार बर्षिय व्यावसायिक रणनीतिक योजनालाई मूल मन्त्र मानेर काम गर्ने अठोटका साथ नयाँ आर्थिक बर्ष २०७७/०७८ बाट योजना लागु गर्ने तयारीमा जुटेका छौं ।

बचत ऋण सहकारी अभियानलाई दीगो र संस्थागत बनाउन संस्थाको व्यावसायिक रणनीतिक योजना निर्माण अत्यन्त महत्पूर्ण रहेको हामीले तालिम पश्चात महशुस गरेका छौं । अबको चार बर्षमा संस्था कहाँ पुग्ने र शेयर सदस्यहरुको अवस्थामा कसरी आर्थिक सामाजिक रुपान्तरण गर्ने भन्ने विषय अत्यन्त प्रभावकारीताका साथ सिक्ने अवसर मिल्यो । आजभन्दा करिब डेढ बर्ष अगाडि देखिनै हामीले नेफ्स्कूनको प्राविधिक सहयोगमा व्यावसायिक रणनीतिक योजना निर्माण तालिम लिन चाहेका थियौं । विविध कार्यव्यस्थताका कारणले समय मिलेको थिएन । तालिम समापनको दिन अर्थात तेस्रो दिन समय अभावका कारण केही विषयवस्तुहरु अझै हतारमा सक्नुपर्ने बाध्यता पनि भयो । त्यसले गर्दा यस तालिम कम्तिमा पनि चार दिनको बनाउनुपर्ने महशुस हामीले गऱ्यौं ।

**हिराचन्द्र पोखरेल,**
**व्यवस्थापक, गछिया साकोस, मोरङ**

संस्थागत विकास तालिम विशेषत सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उच्च व्यवस्थापनका कर्मचारी तथा सम्भाव्य सञ्चालक समितिका सदस्यहरुले लिईने तालिम हो । यस तालिमले सहकारी संस्थाको विकास, प्रवर्द्धन तथा उन्नतीका लागि सञ्चालक तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न ठूलो भूमिका रहेको हुन्छ ।

यस तालिममा पर्ल्स विश्लेषण, रणनीतिक योजना निर्माण, सञ्चालकका काम, कर्तव्य र अधिकार, सुशासन जस्ता विषयहको अध्ययन गरिन्छ । पर्ल्स विश्लेषणको सहायताले संस्थाको हालको वास्तविक वित्तीय अवस्था पत्ता लगाउन तथा भावी कार्य योजना बनाउन मद्दत गर्दछ । संस्थागत विकास तालिमले लेखा सम्बन्धी ज्ञान व्यावसायिक योजना, बजारीकरण, आन्तरिक नियन्त्रण र व्यवस्थापन सूचना प्रणालीलाई दिशावोध गर्दछ ।

संस्थाको लागि आवश्यक नीति तथा योजना तय गर्न सहयोग गर्दछ । रणनीतिक योजना, व्यावसायिक योजना तथा वार्षिक योजना निर्माणमा सहयोग गर्दछ । यसले संस्थालाई सुशासनमा लैजानका लागि संस्थालाई व्यवस्थित तथा विधिसम्मत तरीकाले पारदर्शी, नियमित, सुनिश्चित र जवाफदेही रुपमा सञ्चालन गर्न मद्दत गर्दछ । संस्थागत विकास तालिम निर्वाचित सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिलाई दिईने तालिम हो । संस्थागत विकास तालिमले संस्थाको चौतर्फी विकासका गर्नका लागि सञ्चालक, सेयर सदस्य तथा कर्मचारीलाई दिशानिर्देश गर्ने कार्य गर्दछ ।

**मञ्जु मगर,**
**व्यवस्थापक, नमुना महिला विकास साकोस, रुपन्देही, बुटवल**

नमुना महिला विकास बचत तथा ऋण सहकारी संस्था रुपन्देही जिल्लाबाट सबैभन्दा पहिला संघमा आवद्ध भएको संस्था हो । हाम्रो संस्थाबाट संघद्वारा प्रदान गरिने प्राय सबैजसो तालिममा हामी सहभागी हुँदै आएका छौं । साकोस गुणस्तर सुनिश्चितताको कार्यक्रम प्रोवेशनमा पनि आबद्ध छौं । तालिमबाट नयाँ कुराहरु सिक्दै संस्थामा लागु गरेका कारण आज संस्थाका शेयर सदस्यहरु सन्तुष्ट हुनुहुन्छ । संस्थामा हाल २८ सय ६० जना शेयर सदस्यहरु र ११ सय ५० जना बाल सदस्यहरु हुनुहुन्छ भने संस्थाको कुल पूँजी १९ करोड पुगेको छ । पछिल्लो पटक गत पौष २५ देखि २८ गते सम्म नेफ्स्कूनको प्राविधिक सहयोगमा सञ्चालित सञ्चालकहरुको क्षमता अभिबृद्धि तालिममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको सहभागीता रह्यो । तालिम सहभागीता पश्चात संस्थाको नीति विधि परिमार्जन गरेका छौं । यस अघि विद्यमान नीति र संस्थागत व्यवहारमा मेल नभएको कारण धेरै समस्याहरु सृजित थिए । हामीले सबैभन्दा पहिला ऋण नीति संशोधनमा पहिलो प्राथमिकता दिएर काम गरेका छौं ।

**यशोधा के.सी.**
**व्यवस्थापक, महिला आदर्शशिल साकोस, काभ्रे**

नेफ्स्कून तालिम केन्द्रको आयोजनामा यहि मिति २०७६ माघ २७ देखि २९ गतेसम्म व्यवस्थापकहरुको क्षमता विकास तालिम CUMCE काभ्रे, धुलिखेलमा सम्पन्न भएको थियो । तालिममा महिला आदर्शशिल साकोस बाट मेरो सहभागीता रहेको थियो । तालिममा नेपालका विभिन्न जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापकहरुको सहभागीता थियो ।

तीन दिवसीय उक्त तालिमको व्यवहारिक पक्षलाई हेर्ने हो भने पहिलो दिनको कक्षामा सञ्चालकहरुको काम कर्तव्य र अधिकारको विषयलाई अलि बढी समय दिएको जस्तो लाग्यो । व्यवस्थापकहरुका लागि आवश्यक पाठ्यसामग्री चयनमा सञ्चालकको काम कर्तव्य र अधिकार सम्बन्धी विषयवस्तुहरुलाई छोटकरीमा मात्रै प्रस्तुत गुर्नभएको भए अन्य विषयवस्तुलाई समय पर्याप्त हुने विचार राख्न चाहन्छु । व्यवस्थापकहरुका लागि तालिम दिँदा व्यवस्थापकको ज्ञान र प्रतिनिधित्व गरेको संस्थाको आधारमा प्रारम्भिक र उच्चस्तरीय कोर्ष बनाएर तालिम दिँदा अझ बढी प्रभावकारी हुने देखिन्छ ।

**सम्पूर्ण महर्जन व्यवस्थापक,**
**हसना भास्तिपुर साकोस, काठमाडौं ।**



बलम्बु, काठमाडौं स्थित हसना भास्तिपुर साकोसको संस्थागत विकास तालिम यहि मिति २०७६ मंसिर १० देखि १२ गतेसम्म काभ्रेको धुलिखेलमा आयोजना भएको थियो । नेफ्स्कूनको प्राविधिक सहयोगमा भएको यस तालिमले हामीलाई हाम्रो संस्थाको विकासका लागि धेरै ठूलो मद्दत पुगेको छ । संस्थाका धेरै नीतिगत विषयहरुमा हामीले नजानीकनै काम गर्दै आईरहेका थियौं भने कतिपय जानेका विषयहरु पनि कार्यान्वयन गर्न सकेका थिएनौं ।

तालिम पश्चात हामीले संस्थामा सञ्चालक समितिको वैठक बसेर धेरै नीतिगत सुधारका लागि महत्वपूर्ण निणर्यहरु गरेका छौं । हामीले संस्थामा नीतिहरु निर्माण र परिमार्जन, रकमको सुरक्षाका लागि भल्ट राख्ने र भल्ट बीमा गर्ने साथै चार बर्षिय व्यावसायिक रणनीतिक योजना निर्माणको काम पुरा गरिसकेका छौं । पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेशन) मा सहभागी हुन आवश्यक तयारी गरिरहेका छौं । सदस्यहरुका लागि सहकारी शिक्षा कार्यक्रम शुरु गरेका छौं भने तालिम लिएपछि संस्थाका विभिन्न उपसमितिहरुबाट पनि संस्थागत विकासको काममा क्रियाशिलता अभिबृद्धी भएको छ । ▪▪▪

# शंखधर साकोसको संस्थागत विकास तालिम सम्पन्न




भक्तपुरस्थित शंखधर बचत तथा ऋण सहकारी संस्थाको संस्थागत विकास तालिम काठमाडौंको शंखरापुरस्थित होटल हेभन हिलमा यही २०७६ फागुन २६ गते सम्पन्न भएको छ । चार दिवसीय उक्त तालिमको उद्घाटन नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले एक समारोहकाबीच गर्नुभएको थियो । कार्यक्रममा अध्यक्ष पौड्यालले सांस्कृतिक रुपमा समेत प्रसिद्धि कमाएको भक्तपुरमा रहेको संस्थाले संस्थागतसँगै सदस्यको विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता औल्याउनुभयो ।

शंखधर साकोसलाई सदस्यहरुको पहिलो रोजाइको संस्था बनाउन वित्तीय सक्षमता, प्रतिस्पर्धात्मक स्थान, व्यबस्थापकीय कुशलता, कर्मचारी सन्तुष्टी र सदस्य सन्तुष्टी गरी ५ पक्षमा बिशेष ध्यान पुर्याउनुपर्नेमा अध्यक्ष पौड्यालले जोड दिनुभयो । उहाँले संस्थागत सफलताका लागि तालिम, पूँजी, सेवा र स्तरीकरण, एकरुपता जस्ता विषयमा सहयोग गर्न नेफ्स्कून तत्पर रहेको अध्यक्ष पौड्यालले बताउनुभयो । नेपालभित्रका साकोसहरुबीच साझा सञ्जाल (सेयर्ड नेटवर्क) को विषयलाई नेफ्स्कूनले बिशेष जोड दिदै आएको उहाँले उल्लेख गर्नुभयो। साकोस अभियानको जागरण, एकीकरण, विकास र सञ्जालीकरणका लागि आफू अहोरात्र लागि परेको र त्यसको एक हिस्सा शंखधर साकोस भएकोमा अध्यक्ष पौड्यालले आश्वस्त तुल्याउनुभयो । सैद्धान्तिक र नीतिगत श्रेष्ठतामा जोड र ऐन कार्यान्वयनमा दह्रो खुट्टा टेकेर अघि बढेपनि छुट्टै साकोस ऐनका लागि पहलकद्मी पनि जोडतोडका साथ भइरहेको अध्यक्ष पौड्यालले जानकारी गराउनुभयो । यही सञ्चालक समितिको कार्यकालमा शंखधर साकोसले प्रोबेशन ब्राण्ड प्राप्त गर्ने विश्वासका साथ शुभकामना समेत व्यक्त गर्नुभयो । उहाँले शंखधरका सञ्चालकहरु सबैले कानूनी प्रावधान अनुरुप एउटा मात्रै संस्था रोज्नुपर्ने समय आएको बताउँदै तालिमको पहिलो दिन नै त्यससम्बन्धि निर्णय गर्नुपर्ने र त्यसको सुरुवात संस्थाको अध्यक्षले गर्नुपर्ने बिशेष आग्रह गर्नुभयो ।

अध्यक्ष पौड्यालले स्तरीकरण र स्थिरिकरणको अवधारणा अन्तर्सम्बन्धित भएकाले दुबैलाई एकसाथ अघि बढाउनुपर्ने र त्यसको सम्पूर्ण दायित्व अभिभावक संस्थाको रुपमा नेफ्स्कूनको रहेको स्पष्ट पार्नुभयो । स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोष दुबै संस्थाका लागि सुरक्षा कवच भएको बताउँदै उहाँले यीनले संस्थालाई दुर्घटनाबाट बचाउने दाबी गर्नुभयो । दुबै नबनिकन अभियानले स्वरुप नलिने भन्दै अध्यक्ष पौडेलले नेफ्स्कूनको स्कुलिङ उत्तम अन्तर्राष्ट्रिय अभ्यासहरुबाट निर्देशित भएको दाबी गर्नुभयो । कार्यक्रममा संस्थाका अध्यक्ष राम सुन्दर श्रेष्ठले नेफ्स्कूनका अध्यक्षले दिएको निर्देशनात्मक सुझावका साथ अघि बढ्ने हो भने संस्था पहिलो रोजाइको साकोस बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले संस्थामा आधारभूत नीतिहरु भएपनि थप आवश्यक नीतिहरु बनाउने चरणमा रहेको जानकारी गराउनुभयो ।

सिङ्गो भक्तपुरको प्रतिनिधित्व गर्दै शंखधर साकोस अगाडि बढिरहेको बताउँदै अध्यक्ष श्रेष्ठले स्तरीकरण कार्यक्रममा समावेश नभई सदस्यको विश्वास जित्न नसक्ने भएकाले लक्षित १८ महिनाभित्रै प्रोबेशन ब्राण्ड प्राप्त गर्ने अठोट व्यक्त गर्नुभयो । संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उप समिति, व्यवस्थापन समितिका सदस्यहरु गरी करीब २० जनाको सहभागीता रहेको थियो । ▪▪▪

# भाखा नाघेको ऋण व्यवस्थापनको लागि आवश्यक नीतिगत व्यवस्था

सहकारीको ऋण नीतिमा भाखा नाघेको ऋणको व्यवस्थापनको लागि निम्न विषयहरु अनिवार्य रुपमा समेटिएको हुनु पर्दछ :

१. ऋण असुलीको लागि जिम्मेवार को हो, सो कुरा स्पष्ट हुनुपर्छ । ऋण लगानी गर्ने पक्ष नै असुलीको लागि जिम्मेवार हुन्छ । यसर्थ व्यवस्थापनमा ऋण अधिकृत, ऋण सहायक र व्यवस्थापक तथा ऋण उपसमिति नै असुलीको सम्पूर्ण पक्षको जिम्मेवार हुनुपर्छ ।

२. लगानी गरिएको ऋण असुली हुन नसकेको कुन मितिदेखि भाखा नाघेको ऋणको रुपमा गणना गर्ने हो, सो नीतिमा उल्लेख गर्नुपर्छ । सामान्यतया किस्ता नाघेको मितिले १ देखि ७ दिन भित्र भाखा नाघेको ऋणको रुपमा गणना गर्ने व्यवस्था गरिनुपर्छ ।

३. मासिक रुपमा भाखा नाघेको सम्पूर्ण ऋणको विवरण सञ्चालक समितिको वैठकमा पेश गरिनुपर्छ र समितिले आवश्यक रणनीति तय गरी असुलीको लागि व्यवस्थापनलाई आवश्यक सम्पूर्ण अधिकार दिनुपर्छ ।

४. भाखा नाघेको ऋणको प्रतिवेदन तयार गर्दा आवश्यक के-के सूचनाहरु रहनुपर्ने हो, सो को विस्तृत विवरण नीतिमा उल्लेख हुनु जरुरी छ ।

५. भाखा नाघेको कति दिन पछि र कुन कुन सञ्चारको माध्यमद्धारा ऋणीलाई सम्पर्क गर्ने हो सो स्पष्ट हुनुपर्छ । सञ्चारका माध्यमहरु भन्नाले फोन, म्यासेजीङ, इमेल, चिट्ठी, भेटघाट आदि हुन् ।

६. असुलीको लागि भएका सबै प्रयासहरुको अनिवार्य रुपमा अभिलेख राख्नुपर्छ र कागजात तथा प्रतिवेदनको व्यवस्था गरिनुपर्छ ।

७. ऋण असुलीको लागि भएका प्रयासमा यदि सञ्चार अबरुद्ध भएमा वा सम्पर्क हुन नसकेमा आगामी कदम के हुने सोको विस्तृत विवरण नीतिमा प्रष्ट उल्लेख गर्नुपर्छ ।

८. साक्षी वा जमानीलाई कहिले सम्पर्क गर्ने हो सो उल्लेख हुनुपर्छ र सोको जानकारी अग्रिम गराउनुपर्छ । सामान्यतया पहिलो किस्ता भाखा नाघिसकेपछि साक्षी वा जमानीलाई सम्पर्क गर्नुपर्छ ।

९. असुली सम्बन्धि सम्पूर्ण कार्यहरुको लिखित प्रमाण आवश्यक छ । तसर्थ ऋण नीतिको असुली सम्बन्धि अनुसुचीमा हुनुपर्ने सबै फारम तथा पत्रहरुको ढाँचा पहिले नै तयारी अबस्थामा राख्नुपर्छ । साक्षी वा धनजमानीको लागि फारम, असुलीको लागि प्रयोग हुने सम्पूर्ण प्रकारका ताकेता पत्रहरु, भाखा नाघेको ऋणको विवरणको नमुना, सुचनाका नमुनाहरु आदि ।

१०. धितो लिलाम सम्बन्धी सम्पूर्ण कागजातहरुको तयारीका साथै धितो लिलाम हुन सक्ने सम्पूर्ण व्यवस्थाको तयारी । सहकारी ऐनका दफाहरुले दिएको ऋण असुली तथा धितो लिलामका अधिकार समेतलाई नीतिगत व्यवस्था गर्न सकिन्छ । धितो लिलामीको सम्पूर्ण कार्यविधि र आवश्यक विवरणलाई नीतिमा उल्लेख गर्नु जरुरी हुन्छ ।

११. कतिपय सहकारीहरुले ऋण नविकरण गर्ने अभ्यास गरेको पाईन्छ । विना विश्लेषण विना नीति गरिएको ऋण नविकरण सतप्रतिशत जोखिम हो । यसर्थ यदि पूर्नलगानी (रिफाईनान्स) वा पूर्नतालिकीकरण गर्ने हो भने नीतिमा निम्न विषय उल्लेख हुनै पर्छ ।

क. ऋणको पूर्नलगानी वा पूर्नतालिकीकरणको लागि ऋणीको सहमति चाहिन्छ ।

ख. ऋण अबधि थप गर्न सक्ने अबस्थाहरुको व्याख्या गर्नु जरुरी हुन्छ । ऋणको अबधि विस्तार गर्नको लागि आवश्यक सम्पूर्ण प्रमाणहरुको संकलन जरुरी हुन्छ । ऋणी आर्थिक रुपमा टाट पल्टिएमा, मृत्यु भएमा, प्राकृतिक प्रकोपमा परी परियोजना नष्ट भएमा र यस्तै काबु बाहिरको परिस्थितिमा मात्र ऋण अबधि थप गर्न सकिन्छ । ऋण अबधि थप गर्नको लागि अनिवार्य रुपमा व्यवस्थापनको सहमति चाहिन्छ ।

ग. भाखा नाघेको ऋणको अनुपात घट्ने गरी ऋणको पूर्नतालिकीकरण गर्नु हुँदैन ।

घ. पूर्नलगानी गर्दा अनिवार्य रुपमा पुर्व



विश्लेषण (५ सि) गर्नुपर्छ ।

१२. ऋणको अपलेखन र अपलेखित ऋणको असुली सम्बन्धि सम्पूर्ण प्रक्रियाहरु ।

१३. ऋणको भाखा नाघेको गणना गर्ने समय तालिका र जिम्मेवारी तोकिनुपर्छ ।

१४. हर्जाना व्याजको दर, गणना विधि र हर्जाना रोकिने समय । सामान्यतया २ पटकभन्दा बढि हर्जाना लिनुहुँदैन ।

१५. भाखा नाघेको ऋणको अनुपातलाई घटाउन सक्ने ३ वटा मात्रै तरिकाहरु छन् ।

क. असुली

ख. अपलेखन

ग. पूर्नलगानी वा पूर्नतालिकीकरण

विश्व ऋण परिषदको (WOCCU) अनुसन्धानमा आधारित रहेर हेर्ने हो भने असुलीका दिनहरु जति पछि पर्दै जान्छन् असुली हुने सम्भावना पनि त्यतिनै कम हुँदै जानेछ ।

**भाखा नाघेको दिन असुली हुने सम्भावना**

३० दिन ९५ प्रतिशत

६० दिन ८९ प्रतिशत

९० दिन ८० प्रतिशत

१२० दिन ७० प्रतिशत

२४० दिन ५० प्रतिशत

३६० दिन १० प्रतिशत वा शुन्य

**बल्लभ तिमिल्सिना,**
*बरिष्ठ तालिम अधिकृत, नेफ्स्कून*

# चौंतीस साकोसले पाए प्रोबेशन ब्राण्ड



वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको उत्कृष्ट वित्तीय सूचकांक र संस्थागत सुशासनका आधारमा दिइने नेपाल स्तरको गुणस्तर मापदण्ड प्रोबेशन ब्राण्ड प्राप्त गर्न देशभरबाट चौंतीसवटा साकोस सफल भएका छन् । सहकारी विभाग र नेफ्स्कूनले संयुक्त रुपमा लागु गरेको यस पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रमअन्तर्गत ५१ वटा सूचकहरु मूल्यांकन गरेर गुणस्तर सुनिश्चितताको प्रोबेशन ब्राण्ड दिने गरेको छ ।




भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम, संस्थाको जगेडा कोष कूल पुँजीको ५ प्रतिशतभन्दा बढी भएको, व्यवस्थापन खर्च कूल आम्दानीको ५ प्रतिशतभन्दा बढी नगर्ने, कूल पुँजीको १० प्रतिशत तरलता अनिवार्य भएको, एक वर्षभन्दा बढी भाखा नाघेको ऋणलाई शतप्रतिशत डुबन्त कोषमा राखेको लगायत ५१ वटा सूचकहरु पालना गरेका उत्कृष्ट सहकारीहरु मात्रै यो ब्राण्डका लागि योग्य ठहरिन्छन् । 'प्रोबेशन ब्राण्ड पाउन सहकारीको कारोबार सहितको प्रतिवेदन हरेक महिना सहकारी विभाग र नेफ्स्कूनमा पठाएको हुनुपर्छ, लगातार दुई महिना मासिक प्रतिवेदन नबुझाउने सहकारीहरु ब्राण्ड पाउने प्रतिस्पर्धामा योग्य हुँदैनन् । प्रोवेशन कार्यक्रममा सहभागी हरेक साकोसले हरेक वर्ष निर्धारित ५१ वटा सूचकहरुमा उत्तीर्ण भएमात्रै प्रोबेशन ब्राण्डको नवीकरण हुन्छ अन्यथा अघिल्लो वर्ष पाएको ब्राण्ड पनि खोसिन्छ ।'

**कुन कुन सहकारीले पाए ?**

प्रोबेशन ब्राण्ड पाउनेमा प्रदेशगत हिसाबले प्रदेश ५ सबैभन्दा अगाडि छ । प्रोबेशन ब्राण्ड पाउने सहकारीहरुमा रुपन्देही देवदहको कोलिय देवदह, तिलोत्तमा शंकरनगरको सामूहिक विकास र कोटिहवाको जनउत्थान साकोस छन् । यस्तै गुल्मीको लेकाली स्वावलम्वन, नवलपरासी पश्चिमका लुम्बिनी र सयपत्री, दाङका महाप्रभु र हरियाली, प्यूठानको फूलबारी, बर्दियाका सिको र हाम्रो मध्यवर्ती तथा कपिलवस्तुको सिनर्जी साकोस रहेका छन् । यस्तै मकवानपुरका सक्रिय महिला, महिला जनचेतना, महिला जागरण र महिला मिलन, काठमाडौंको ऐंचो पैंचो, दोलखाका एकीकृत फ्रेण्डसिप, शिक्षक कल्याण र जनमुखी, मोरङका सुन्दरपुर र गछिया, सल्यानको ग्रामिण, रामेछापको नवजागरण, नवलपुरको नवप्रगती पृथ्वी र परोपकार साकोसले पनि प्रोबेशन ब्राण्ड प्राप्त गरेका छन् । रौतहटको नवविकास, गोरखाका भिमकुल र सप्तकोशी, मोरङका लेटाङ र विरेन्द्रनगर सुर्खेतको शिखर, धादिङको श्रोत परिचालन, भक्तपुरको सामूहिकले पनि प्रोबेशन ब्राण्ड पाएका छन् ।

२०७६ पुस २ गते निर्णय भएको प्रोबेशन ब्राण्डको प्रमाणपत्र पुस ४ गते काठमाडौंमा सम्पन्न नेफ्स्कूनको २८औं बार्षिक साधारणसभाले वितरण गरेको थियो । यो ब्राण्ड पाउन पुँजीको आधारमा वर्ष दिनमा ५ करोडसम्म कारोबार गर्ने साकोसले ७५ हजार, ५ करोडदेखि १० करोड कारोबार गर्नेले एक लाख र १० करोड माथि पुँजी भएको सहकारीले एक लाख ५० हजार शुल्क बुझाउनुपर्ने नियम छ । यो ब्राण्ड पाउने सहकारी शेयर सदस्य र बचतकर्ताहरुको विश्वासिलो र भरपर्दो रोजाइमा पर्ने सामूहिक विकास साकोसका वरिष्ठ व्यवस्थापक इश्वरी मरासिनी बताउँछन् । 'यो ब्राण्ड पाउने सहकारीहरु नीति, नियम, विधि र प्रविधिका आधारमा चलेका हुन्छन् । व्यक्ति विशेषको निर्णयको भरमा होइन भन्ने विश्वास शेयर सदस्य र बचतकर्तामा हुन्छ,' मरासिनीले भने ।

**प्रोबेशन ब्राण्ड के हो ?**

पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) साकोसहरुको गुणात्मक वृद्धिका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) ले विकास गरेको राष्ट्रिय स्तरीकरण कार्यक्रम हो । नेफ्स्कूनले आफ्नो २५औं स्थापना दिवस एवम् २१ औं वार्षिक साधारण सभाबाट आफ्ना साकोसहरु लक्षित राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम पारित गरी लागू गरेको हो । प्रोबेशन कार्यक्रममा सफल साकोसहरुले नेपाल सरकार सहकारी विभाग र नेफ्स्कूनले संयुक्त रुपमा प्रदान गर्ने प्रमाणीकरण चिन्ह प्राप्त गर्दछन् । यसले साकोसहरुको वित्तीय अबस्था मापन एवं सुनिश्चितताको लागि विशेषतः दुईवटा क्षेत्र र तिनको परीक्षणका लागि दुईवटा औजार 'पर्ल्स' र 'हिमाल' प्रयोग गर्दछ ।

वित्तीय क्षेत्र मापनमा पर्ल्स र व्यवस्थापकीय कुशलतामा हिमाल विश्लेषण प्रणाली प्रयोग गरिन्छ । पर्ल्समा हाल रहेका ५० मध्ये १५ वटा आधारभूत सूचक र हिमालका ३५ सूचकको आधारमा मापन र सुधारका प्रयासहरु गरिन्छ । शुरुमा १८ महिनाको कार्यक्रम संस्थाको आवश्यकता र क्षमताको आधारमा बढाउन सकिनेछ । साकोसहरु प्रोबेशन कार्यक्रममा सीधै सहभागी हुन पाउनेछन् ।

२०७६ माघ मसान्तसम्म कुल २०० बचत तथा ऋण सहकारी संस्थाहरु प्रोबेशन कार्यक्रममा आबद्ध छन् जसमध्ये ३४ वटा राष्ट्रिय प्रमाणीकरण प्राप्त गर्न सफल भएका छन् ।

**टोपराज शर्मा**, *अनलाइन खबर*

## सहकारी ऐन २०७४ संशोधनको बहस

# सहकारीहरुले विषयगत उद्देश्य केन्द्रीत कारोबारमा जोड दिनुपर्ने सरोकारवालाहरुको निष्कर्ष



नेपाल सरकारका संघीय सांसद एवम् सहकारी उपसमिति संयोजक घनश्याम खतिवडाले कानूनले तोकेको सीमाभित्र रहेर सहकारीहरुले आ-आफ्नो उद्देश्य अनुरुपको काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सहकारीहरुले ऐनले तोकेको विषयगत व्यावसायिक सीमाभित्र रहेर कार्य गर्नुपर्ने र त्यसमा असहजता रहेमा आवश्यकता अनुरुप ऐनभित्र संशोधन गर्न सकिने बताउनुभयो ।

नेपाल सहकारी पत्रकार समाज र सहकारी विभागको संयुक्त आयोजनामा गत माघ १३ गते काठमाडौंमा सम्पन्न सहकारी ऐन २०७४, संशोधन किन ? विषयक छलफल कार्यक्रममा बोल्दै सांसद खतिवडाले सहकारीलाई नाफा कमाउने उद्देश्य केन्द्रीत नगरी सदस्य सेवामुखी बनाएर राष्ट्रिय लक्ष्य र राष्ट्रिय हितका लागि कार्य गर्न अनुरोध गर्नुभएको हो । उहाँले सम्पूर्ण सहकारीहरुले विषयगत जिम्मेवारीलाई सम्मान गर्दै सहकारी ऐनलाई समृद्ध बनाएर र ऐनको सम्मान गरेर मात्र एकसाथ अगाडि बढ्न सकिने बताउनुभयो ।

सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सहकारीहरुले सजिलो कारोबार तर्फ आकर्षित हुन खोजेर आआफ्नो विषगत जिम्मेवारी र ऐन कार्यान्वयनको पक्षलाई वेवास्ता गरी संशोधनको विषयलाई मात्र जोड दिन खोज्नु उचित नभएको बताउनुभयो । रजिष्ट्रार पाण्डेले कानुन कार्यान्वयन गर्ने दायित्व विभागको भएकाले कार्यान्वयनमा प्रतिवद्ध भएको बताउनुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) का अध्यक्ष परितोष पौड्यालले ऐनको स्रोत के हो ? र ऐन संशोधन किन चाहियो भन्ने विषयमा प्रष्ट पार्दै विश्व ऋण परिषद्ले जारी गरेका सिद्धान्तहरुलाई स्वीकार गरी विषयगत सुशासन र वित्तीय सन्तुलन कायम गरी हामीले हाम्रा संस्थाहरुको संरक्षण र वित्तीय जोखिम न्यूनीकरणका लागि ऐक्यवद्धताका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले बचत तथा ऋणको कारोबार गर्ने सहकारीभन्दा फरक प्रकृतिका विषयगत सहकारीहरुको प्रतिनिधित्व गर्ने सहकारीका प्रतिनिधिहरुले ऐन संशोधनको बिषयमा जोडिँदा सहकारी अभियानमा दुरगामी प्रभाव पर्ने विषयप्रति सचेत भएर र आगामी दिनमा पर्न सक्ने सम्भावित दुर्घटनाप्रति सशंकित भएर सोच्न अनुरोध गर्नुभयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी ऐन २०७४, को सन्दर्भलाई मध्य नजर गर्दै ७५ प्रतिशत अनुकुल र २५ प्रतिशत मात्र प्रतिकुल रहेको विचार व्यक्त गर्दै अत्यावश्यक भएका विषयमा मात्र ऐन संशोधनको विषय अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले, जुन सहकारी संस्थाले नाम अनुसारको काम गर्न सक्दैन र बचत तथा ऋणको कारोबारमा मात्र केन्द्रीत रहन्छ त्यस्तो संस्था बचत तथा ऋण सहकारीमा रुपान्तरण हुनुपर्नेमा जोड दिनुभयो ।

नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता चन्द्र प्रसाद ढकालले सहकारी संस्था दर्ता प्रक्रियामा २२ प्रकृतिका सहकारी संस्था दर्ता हुने तर फरक प्रकृतिका सहकारी संस्थाहरुको औचित्यता देखेर पनि बचत तथा ऋणलाई नै प्रमुखता दिने हो भने संस्थाको उद्देश्य, ध्येय, विधि, नीति र योजना एकातिर, प्राथमिकता अर्कोतिर हुनुले अहिलेको वस्तुस्थितिमा फरक प्रकृतिका सहकारीहरुको औचित्यता र सान्दर्भिकता नरहेकोमा जोड दिनुभयो । कृषि सहकारी संघका अध्यक्ष खेमबहादुर पाठकले सहकारी ऐन बनाउँदा धेरै कमजोर छोडेर अघि बढेको भन्दै अहिले संशोधन अपरिहार्य भएको बताउनुभयो । 'बचत तथा ऋणको कारोबार कृषि सहकारीले पनि गर्न पाउनुपर्छ', उहाँले भन्नुभयो,'बचतमा बन्देज लगाउने विषय हामीलाई मान्य छैन् ।'

बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका सचिव माधव तिमिल्सिनाले मुख्य कारोबारको प्रावधान जटिल विषय भएको भन्दै संशोधन गर्नुपर्ने बताउनुभयो । 'अहिलेको ऐनले गैरकानुनी काम गर्न वाध्य बनाएको छ' यदि यसैगरी गैरकानुनी काम गर्न पाउने हो भने ऐन संशोधन नगरेपनि हुन्छ ।'

कार्यक्रममा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ लि.का कोषाध्यक्ष कृष्ण प्रसाद सापकोटा, जिल्ला वहुउद्देश्यीय सहकारी संघका अध्यक्ष मनोज थापा, कास्कूनका सचिव शालिकराम पुडासैनी, राष्ट्रिय सहकारी महासंघका महाप्रबन्धक चित्रा कुमारी सुब्बा थाम्सुहाङ, विभिन्न विषयगत प्रारम्भिक सहकारी संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायतले ऐन संशोधनको आवश्यकता र औचित्यता माथि प्रश्न र आफ्ना जिज्ञासाहरु राख्नुभएको थियो । ▪▪▪

# महासंघको नवनिर्वाचित समितिलाई नेफ्स्कूनद्धारा बधाई तथा शुभकामना




राष्ट्रिय सहकारी महासंघको २७ औ वार्षिक साधारण सभाबाट मिनराज कँडेलको अध्यक्षतामा निर्वाचित २२ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिलाई नेफ्स्कूनद्धारा गत मिति २०७६ पौष २७ मा बधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरियो । महासंघका नवनिर्वाचित अध्यक्ष मिनराज कंडेलले सहकारी अभियानको सफलतालाई थप उचाईंमा पु¥याउन सबैको साझा धारणा आवश्यक भएको बताउनुभयो । नेफ्स्कूनले आयोजना गरेको राष्ट्रिय सहकारी महासंघको नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई बधाई तथा शुभकामना कार्यक्रममा बोल्दै अध्यक्ष कंडेलले समग्र सहकारी क्षेत्रमा देखा परेको विद्यमान समस्याहरुको पहिचान र त्यसको प्रभावकारी समाधानका लागि महासंघले सबैपक्षबीच आवश्यक समन्वय गरेर अगाडि बढ्ने धारणा व्यक्त गर्नुभएको हो ।

महासंघका निवर्तमान अध्यक्ष केशव बडालले दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारीको भूमिका र त्यसको प्रभावकारीता अभिवृद्धिको विषयमा चर्चा गर्दै सहकारीका लागि दीगो विकास लक्ष्य कार्यान्वयन मार्गदर्शनको पूर्ण परिपालना गर्न आग्रह गर्नुभएको थियो । नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले सहकारीको गौरबपूर्ण इतिहाँसका सकारात्मक पक्षहरुलाई अनुसरण गर्दै सहकारी मार्फत समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य पहिल्याउन प्रतिबद्धताका साथ लाग्ने र यसबीचमा सबै पक्षबीच आवश्यक समन्वय र सहकार्य गरेर अगाडि बड्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा संघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघका नवनिर्वाचित पदाधिकारी र सदस्यहरुलाई माला लगाई स्वागत गर्नुभएको थियो । कार्यक्रम सञ्चालन सहजीकरण नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो भने प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले नेपालको बचत तथा ऋण सहकारी अभियानमा नेफ्स्कूनको भूमिकाको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । ▪▪▪

# सामूहिक साकोसको सहकारी एकीकरण सहमति घोषणा




यही २०७६ माघ २५ गते सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर.न.पा. ३, ले एक बिशेष कार्यक्रमका बीच मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिका कार्यक्षेत्र रहेका अन्य दुई सहकारी संस्थाहरुसँग एकीकरण सहमतिको घोषणा गरेको छ । सामूहिक साकोससँग मध्यपुर ठिमी नगरपालिका ६ स्थित समता साकोस र भक्तपुर नगरपालिका ४ स्थित बुद्ध साकोस एकीकरण हुने भएका छन् । साकोस एकीकरण घोषणासभालाई सम्बोधन गर्दै प्रमुख अतिथि नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले संस्था एकीकरणले कसैलाई पनि बेफाईदा नगर्ने भएकाले सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न एकीकरण अनि( वार्य भएको कुरा उल्लेख गर्नुभयो, साथै एकीकरण सहमति भएका तीन वटै सहकारी संस्थाहरुलाई शुभकामना समेत दिनुभएको थियो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत संघका अध्यक्ष कृष्णगोबिन्द लाखाजु, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रदिप श्रेष्ठ लगायत अन्य अतिथि तथा बिभिन्न सहकारी संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा संस्था एकीकरण किन र यसका फाईदाहरु के छन् भन्ने बिषयमा नेफ्स्कूनका बिभागीय प्रमुख दुर्गाप्रसाद ढकालले प्रस्तुतीकरण गर्नुभएको थियो ।

सहकारी संघ/संस्था एकीकरणका लागि सहकारी बिभागबाट एकीकरण कार्यविधि २०७० जारी भए पछि भक्तपुर जिल्लामा सहकारी एकीकरणका लागि यो पहिलो प्रयास भएको छ । आगामी दिनमा भक्तपुरका अन्य सहकारी संस्थाहरुसँग पनि एकीकरण सहमती गरी भक्तपुरमा नमुना संस्था बनाउने विषयमा तीन वटै संस्थाका अध्यक्षहरुले प्रतिबद्धता जनाउदै अन्य संस्थाहरुलाई समेत एकीकरणका लागि आव्हान गरेका छन् ।

संस्थाले ५ वर्षे रणनीतिक योजना अनुरुप पहिलो वर्षको अर्धवार्षिक समीक्षा गरी सन्तोषजनक लक्ष्य हासिल गरेको र आगामी दिनमा अझ बढी लक्ष्य प्राप्तिका लागि प्रतिबद्ध रहने जनाएको छ । हाल संस्थाको कूल कारोवार ४८ करोड ५६ लाख रहेकोमा एकीकरण पछि कुल कारोबार करीव ५४ करोड पुग्ने संस्थाले जनाएको छ । सोही दिन भक्तपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित सञ्चालक समितिलाई संस्थाले बधाई तथा शुभकामना समेत प्रदान गरेको थियो । ▪▪▪

# भारतको महाराष्ट्रमा सम्पन्न अन्तराष्ट्रिय सहकारी सम्मेलनमा नेफ्स्कूनको सहभागिता




भारतको महाराष्ट्र स्थित वित्तीय सहकारी संघ, लि. भारतको आयोजनामा महाराष्ट्र सिरडीमा यहि मिति २०७६ फागुन ३ गते अन्तराष्ट्रिय सहकारी सम्मेलन २०२० सम्पन्न भयो। सम्मेलनमा नेफ्स्कूनको तर्फबाट अध्यक्ष परितोष पौड्याल र नायव प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल सहभागी हुनुभएको थियो।

महाराष्ट्र राज्य वित्तीय सहकारी संघ लि.को तालिम तथा स्रोत केन्द्र सिरडी महाराष्ट्रमा सम्पन्न सम्मेलनमा एशियाली ऋण महासंघ ACCU का प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्यो, अक्का प्रमुख प्राविधिक सल्लाहकार रञ्जित हिताराची, महराष्ट्र राज्यका सहकारी मन्त्री, महराष्ट्र र कर्नाटक राज्यका सहकारीका प्रतिनिधिहरु, सहकारी संघ र प्रारम्भिक सहकारीका पदाधिकारी तथा प्रतिनिधिहरुको सहभागीता थियो। सम्मेलनमा नेफ्स्कूनको तर्फबाट नेफ्स्कूनको प्रादुर्भाव र कानुनी प्रावधान, सहकारी ऐन तथा नीति, नियम र नेफ्स्कूनको भूमिकाको विषयमा प्रस्तुतीकरण भएको थियो। ACCU को तर्फबाट सहकारीहरुको जोखिम सुपरिवेक्षण र स्थिरीकरण कोषको विषयमा प्रस्तुतीकरण भएको थियो भने महाराष्ट्र र कर्नाटक राज्यका सहकारी संघहरुले सहकारी सम्बन्धी कानूनी प्रावधान तथा सञ्जाल प्रक्रिया सम्बन्धी प्रस्तुतीकरण गरेका थिए।

सम्मेलनको अबसर पारेर नेपाल र भारत महाराष्ट्र बिच सहकारीका असल अभ्यासका विषयमा द्धिपक्षीय जानकारीहरु आदान प्रदान गर्ने कार्य भयो, जस अन्तर्गत भारत महाराष्ट्रका सहकारी सम्बन्धी असल अभ्यासहरुलाई हेर्ने हो भने केन्द्रीय तरलता कोष र स्थिरीरण कोष सम्बन्धी व्यवस्था भारतको सहकारी ऐनमा




कानूनत स्पष्ट उल्लेखित भएको पाइयो। सञ्चार तथा प्रविधि आत्मसाथ गर्दै सहकारीहरु मार्फत विषयगत रुपमा सम्बन्धित विषयमा व्यवसायिक लगानी गरी उत्पादनमुलक कार्य तर्फ उन्मुख रहेको पाइयो। ११६ बर्षको इतिहासमा भारतले सहकारीमार्फत उल्लेख्य विकास गरेको छ। भारत-महाराष्ट्र वित्तीय सहकारी संघले अनिवार्य बचत संकलन गर्ने तर बचतमा व्याज नदिने र उक्त बचत रकमलाई बैंकमा जम्मा गर्ने र व्याज प्राप्त गरी जसबाट राज्य सहकारी संघको सञ्चालन खर्च गरिने व्यवस्था रहेको छ। आवश्यकता अनुसारका तालिम तथा क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ, तर सहकारीमा केही विद्यमान कठिनाइहरु पनि थाति रहेको पाइन्छः जस्तै राज्यका केन्द्रीय नीति तथा कानूनहरुमा समाजस्यता नभएकोले व्यवहारिक कार्यान्वयनमा कठिनाई रहेको पाइयो भने सुशासन पक्ष कमजोर रहेको पाइयो। सहकारीका सञ्चालक तथा व्यवस्थापनमा एकै परिवारको सदस्य कार्यरत रही सहकारी संस्था सञ्चालन गरेको पनि पाइयो।

सहकारी अध्ययन भ्रमणबाट नेपालले भारत महाराष्ट्रको सहकारी सम्बन्धी असल अभ्यासहरु सिक्ने र नेपालका महत्तम उपलब्धीहरु बारे जानकारी गराउने महत्वपूर्ण फोरम प्राप्त गऱ्यो। नेपालको अभियान तथा सहकारीमा भएको विकास तथा नीतिगत प्रयासहरुमा भएको सफलता प्रति आकर्षित भई नेफ्स्कून तथा महाराष्ट्र राज्य सहकारी संघ बिच सहकार्य गरी आपसि अध्ययन अबलोकन तथा सिकाई भ्रमणको आयोजनाका लागि सहमति गरियो। नेफ्स्कूनले नेपालको बचत तथा ऋण सहकारी अभियान र साकोसको गुणस्तर सुनिश्चितता तथा स्तरीकरणका कार्यक्रमहरुको बारेमा जानकारी गराउँदै सुशासन र गुणस्तर सुनिश्चितताका कार्यक्रममा विशेषज्ञ सेवा प्रदान गर्न सकिने जानकारी गरायो।

सम्मेलन सहभागीताका क्रममा नेफ्स्कूनका प्रतिनिधिहरु द्धारा महाराष्ट्र औंरगावादमा स्थापित बर्धमान नागरी वित्तीय सहकारी संस्थाको अबलोकन गरिएको थियो। उक्त संस्थाले नेफ्स्कूनको सुपरिवेक्षण विधि तथा प्रक्रिया प्रति सन्तुष्टी व्यक्त गर्दै नेफ्स्कूनद्वारा अनुगमनका लागि इन्छा व्यक्त गरेका थिए। ■■■



# २०७६ मंसिर–फागुनसम्म नेफस्कूनद्धारा सदस्यता प्रदान गरिएका बचत तथा ऋण सहकारी संस्थाहरूको विवरण

| क्र.सं | संघ/संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | कामना साकोस | मनहरा ७, काठमाडौं |
| २ | फयूचर साकोस | नेपालगंज ३, बाकें |
| ३ | शिव विहार साकोस | बीरेन्द्रनगर ९, सुर्खेत |
| ४ | हाम्रो सल्यान स्थान साकोस | किर्तीपुर १९, काठमाडौं |
| ५ | प्रशान्ती साकोस | सोल्टीमोड १३, काठमाडौं |
| ६ | जानुका साकोस | सुविधानगर ३२, तिनकुने |
| ७ | टिम रिलायन्स साकोस | का.म.न.पा ३१, काठमाडौं |
| ८ | युसेस साकोस | हेटौंडा ०४, मकवानपुर |
| ९ | हटिया साकोस | हेटौंडा १७, मकवानपुर |
| १० | नेपाल घरेलु तथा साना किसान साकोस | नेपालगंज १८, बाँके |
| ११ | प्रभू साकोस | राजविराज ४, सप्तरी |
| १२ | शैलभा साकोस | नागर्जुन ०४, काठमाडौं |
| १३ | हरिओम साकोस | किर्तिपुर ०१, काठमाडौं |
| १४ | तेमाल विकास साकोस | स्वयम्भु १५, काठमाडौं |
| १५ | असोकवाटिका साकोस | हेटौंडा १७, मकवानपुर |
| १६ | उपासना महिला साकोस | नागर्जुन ०४, काठमाडौं |
| १७ | आइकोनिक साकोस | सातदोवाटो १५, ललितपुर |
| १८ | लरेन्स साकोस | चावहिल ०७, काठमाडौं |
| १९ | सृजना साकोस | हेटौंडा ०७, मकवानपुर |
| २० | कलश महिला साकोस | राजापुर ५, बर्दिया |
| २१ | बिहान साकोस | बारबर्दिया ०२, बर्दिया |
| २२ | आधुनिक महिला साकोस | हेटौंडा १२, मकवानपुर |
| २३ | शिलुकुण्ड साकोस | नक्साल १, काठमाडौं |
| २४ | सगोल सकोस | ग्रामथान ३, मोरङ |
| २५ | रामनगर आयआर्जन साकोस | सुनवल १२, नवलपरासी |
| २६ | प्रगतिशिल संगत साकोस | बुटवल ०३, रुपन्देही |
| २७ | अरुणोदय साकोस | बुटवल ०४, रुपन्देही |
| २८ | ब्रहमदेब जैबिकमार्ग साकोस | भीमदत्त न.पा ७, कञ्चनपुर |
| २९ | खुद्रा साकोस | शिवसत्ताक्षी ११, झापा |
| ३० | भविष्य साकोस | सूर्यविनायक ३, भक्तपुर |
| ३१ | नाता साकोस | बागवजार ३१, काठमाडौं |
| ३२ | मिलेनियम साकोस | लगनखेल १२, ललितपुर |
| ३३ | तिनजुरे साकोस | लालीगुराँस ८, तेह्रथुम |
| ३४ | निर्धन उत्थान साकोस | टोखा ८, काठमाडौं |
| ३५ | नागरिक दैनिक साकोस | नयाँवानेश्वर १०, काठमाडौं |
| ३६ | छहरा साकोस | जोरायल २, डोटी |
| ३७ | शिखरदीप साकोस | कृष्णपुर २, कञ्चनपुर |
| ३८ | ओम साकोस | टिकापुर १, कैलाली |
| ३९ | भूमिपुत्र साकोस | सैनामैना ३, रुपन्देही |
| ४० | वंजरिया महिला साकोस | रामग्राम १८, नवलपरासी |
| ४१ | घरदैलो साकोस | तिलोत्तमा ४, रुपन्देही |
| ४२ | राष्ट्सेवक साकोस | रामग्राम ३, नवलपरासी |
| ४३ | जनकल्याणकारी साकोस | छत्रकोट ३, गुल्मी |
| ४४ | माछापुच्छे साकोस | मध्यपुर थिमी ४, भक्तपुर |
| ४५ | एकता साकोस | नेत्रमवती डवजोङ ५, धादिङ |
| ४६ | शुभ लक्ष्मी साकोस | आरुघाट ९, धादिङ |
| ४७ | गोरखा साकोस | घोराही १४, दाङ |
| ४८ | बज्रबाराही साकोस | बनेपा १०, काभ्रे |
| ४९ | स्वस्तिक साकोस | बनेपा ०७, काभ्रे |
| ५० | प्रगतिशील साकोस | मेन्छ्यायेम ५, तेहथुम |
| ५१ | पाणिनी साकोस | नेपालगञ्ज २, बाँके |
| ५२ | सराफी साकोस | महाबौद्ध २७, काठमाडौं |
| ५३ | दिव्यज्योती जुनेली साकोस | भरतपुर २६, चितवन |
| ५४ | खैरहनी नारी चेतना साकोस | खैरहनी ९, चितवन |
| ५५ | यज्ञपुरी साकोस | भरतपुर ४, चितवन |
| ५६ | चन्द्र सूर्य साकोस | भरतपुर १८, चितवन |
| ५७ | सनराईज साकोस | नगराईन ७, धनुषा |
| ५८ | प्रभु साकोस | सवैला ३, धनुषा |
| ५९ | मिलिजुली साकोस | औरही ४, धनुषा |
| ६० | प्रभु साकोस | गौशला १, महोत्तरी |
| ६१ | ढोरपाटन साकोस | सामाखुशी २६,काठमाडौं |
| ६२ | नवकान्तिपुर साकोस | बत्तिसपुतली ९, काठमाडौं |
| ६३ | डुमादेवी साकोस | मनोहरा ६, काठमाडौं |
| ६४ | जनचेतना महिला साकोस | सूर्यविनायक १, भक्तपुर |
| ६५ | हेल्प साकोस | कोटेश्वर ३२, काठमाडौं |
| ६६ | नागढुङ्गा साकोस | पोखरा ८, कास्की |
| ६७ | समदर्शी महिला साकोस | पोखरा २, कास्की |
| ६८ | भुमेश्वर साकोस | पोखरा ५, कास्की |
| ६९ | महिमा साकोस | पोखरा १६, कास्की |
| ७० | चन्द्रसुर्य साकोस | मकवानपुर गढी २, मकवानपुर |
| ७१ | एकिकृत साकोस | पदमपोखरी १, मकवानपुर |
| ७२ | चिसापानी साकोस | हेटौंडा १६, मकवानपुर |
| ७३ | शिक्षक हित साकोस | चन्दननाथ ६, जुम्ला |
| ७४ | धनुषा साकोस | क्षिरेश्वरनाथ ५, धनुषा |
| ७५ | विभुति साकोस | चौरजहारी २, रुकुम(पश्चिम) |
| ७६ | परसिया कृषि साकोस | परसिया, नवलपरासी |
| ७७ | महर्षी साकोस | सुस्ता २, नवलपरासी |
| ७८ | बदलिंदो साकोस | बुटवल ८, रुपन्देही |
| ७९ | टोखा जनहित साकोस | टोखा ९, काठमाडौं |
| ८० | मन मनकामना साकोस | काठमाडौं ९, काठमाडौं |
| ८१ | सपनावती साकोस | बौद्ध ६, काठमाडौं |
| ८२ | सुमधूर साकोस | सूर्यविनायक ४, भक्तपुर |
| ८३ | मर्चेण्ट साकोस | मध्यपुर थिमी ४, भक्तपुर |
| ८४ | सुन्दर साकोस | मध्यपुर थिमी ४, भक्तपुर |
| ८५ | शुभ भावना साकोस | सुर्यविनायक ४, भक्तपुर |

| क्र.सं | संघ/संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ८६ | राधाकृष्ण साकोस | जनकपुरधाम २, धनुषा |
| ८७ | जनहित हलेसी साकोस | हलेसी तुवाचुङ ७, खोटाङ |
| ८८ | गणेश साकोस | बनेपा ८, काभ्रे |
| ८९ | अजिमा साकोस | बनेपा ७, काभ्रे |
| ९० | पाग्रेटार सामुदायिक साकोस | सुनकोशी ७, सिन्धुपाल्चोक |
| ९१ | सनलाईट साकोस | धुलिखेल ५, काभ्रे |
| ९२ | प्रगतीशिल साकोस | नवदुर्गा ३, डडेल्धुरा |
| ९३ | यलम्वर साकोस | इटहरी ६, सुनसरी |
| ९४ | सुवुकु,मावुकु साकोस | हलेसी तुवाचुङ १, खोटाङ |
| ९५ | शुभेच्छा साकोस | प्रतापपुर ७, नवलपरासी |
| ९६ | शुभलक्ष्मी साकोस | सुनवल ५, नवलपरासी |
| ९७ | धौलागिरी साकोस | सुनवल २, नवलपरासी |
| ९८ | प्रवर्धन साकोस | सिद्धार्थनगर १२, रुपन्देही |
| ९९ | पिपल्स हेल्पफुल साकोस | वटुटोल २२, न्यूरोड , काठमाडौं |
| १०० | जीवन ज्योती साकोस | कलैया १, बारा |
| १०१ | गोबिन्द साकोस | फेटा ३, बारा |
| १०२ | सफल साकोस | जितपुर ७, बारा |
| १०३ | नागरिक विकास साकोस | मध्यपुर थिमी ३, भक्तपुर |
| १०४ | युग कल्याण साकोस | राप्ती ४, चितवन |
| १०५ | शिव बाबा साकोस | लेकवेशी ८, सुर्खेत |
| १०६ | सिवालय साकोस | भक्तपुर १७, भक्तपुर |
| १०७ | कल्पबृक्ष साकोस | मध्यपुर थिमी ५, भक्तपुर |
| १०८ | पंच महालक्ष्मी साकोस | नयाँबजार १६, काठमाडौं |
| १०९ | शिवालय साकोस | मिर्चैया ५, सिरहा |
| ११० | घर आँगन नियमित साकोस | लोहारपट्टी ७, महोत्तरी |
| १११ | शुभप्रभात स्वावलम्बन साकोस | सम्सी ४, महोत्तरी |
| ११२ | पासाङ ल्हामु महिला विकास साकोस | बकैया ५, मकवानपुर |
| ११३ | नवयुवा साकोस | हेटौडा ११, मकवानपुर |
| ११४ | भुतपुर्व सैनिक साकोस | मन्थली १, रामेछाप |
| ११५ | टुनिटार बेसी सामुदायिक साकोस | नमोबुद्ध २, काभ्रेपलाञ्चोक |
| ११६ | नव चतुर्भुजेश्वर साकोस | हरिवन १०, सर्लाही |
| ११७ | रेवा मध्यवर्ती साकोस | माडी ७, चितवन |
| ११८ | निशान साकोस | रामेछाप ८, रामेछाप |
| ११९ | आईडियल साकोस | बनेपा १०, काभ्रे |
| १२० | हिमरोशनि साकोस | बनेपा ८, काभ्रे |
| १२१ | सुनाखरी साकोस | बुटवल ५, रुपन्देही |
| १२२ | जनप्रिय साकोस | छत्रदेव ७, अर्घाखाचीं |
| १२३ | मितेरी साकोस | महालक्ष्मीस्थान ५, ललितपुर |
| १२४ | आधारशिला साकोस | महालक्ष्मी ५, ललितपुर |
| १२५ | स्पर्श साकोस | महापाल १६, ललितपुर |
| १२६ | सतिखोला साकोस | मिक्वाजुङ ८, पाँचथर |
| १२७ | निहाल साकोस | खिचापोखरी २२, काठमाडौं |
| १२८ | सफल साकोस | भिमदत्त ६, कञ्चनपुर |
| १२९ | सुर्मा साइपाल साकोस | धनगढी ८, कैलाली |
| १३० | डौना बेबरी महिला साकोस | लम्की ९, कैलाली |
| १३१ | फुलमुन साकोस | बागबजार, काठमाडौं |
| १३२ | लालीगुराँस साकोस | मध्यपुर थिमी ५, भक्तपुर |
| १३३ | हाम्रो साकोस | राप्ती ८, चितवन |
| १३४ | राप्ती साकोस | राप्ती ५, चितवन |
| १३५ | डायमण्ड साकोस | बुढीगंगा १, मोरङ |

# २०७६ कार्तिक–२०७६ फागुन मसान्तसम्म नेफ्स्कूनका विभिन्न तहमा नियुक्त कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | नियुक्ती मिति |
|---|---|---|---|
| १. | हिरा ढुंगेल | कार्यालय सहायक, रत्ननगर सदस्य सेवा केन्द्र | २०७६/०८/०१ |
| २. | जीवन अधिकारी | कार्यालय सहायक, चितवन | २०७६/०८/०१ |
| ३. | रमेश कुमार साह | कार्यालय सहयोगी, जनकपुर फिल्ड कार्यालय | २०७६/०८/१६ |
| ४. | पवन घिमिरे | व्यवसाय अधिकृत, सुनसरी फिल्ड कार्यालय | २०७६/०८/१६ |
| ५. | पवनजंग मल्ल | अनुगमन अधिकृत, कास्की फिल्ड कार्यालय | २०७६/०८/२२ |
| ६. | शौभाग्य भट्टराई | अनुगमन अधिकृत, केन्द्रीय कार्यालय | २०७६/०८/२२ |
| ७. | श्यामराजा तिमल्सिना | अनुगमन अधिकृत, दोलखा फिल्ड कार्यालय | २०७६/०८/२२ |
| ८. | सुर्यप्रसाद तिमल्सिना | अनुगमन अधिकृत, रुपन्देही फिल्ड कार्यालय | २०७६/०८/२२ |
| ९. | दिपक अर्याल | अनुगमन अधिकृत, केन्द्रीय कार्यालय | २०७६/०८/२२ |
| १०. | रिसभराज रेग्मी | व्यवसाय अधिकृत, पोखरा, फिल्ड कार्यालय | २०७६/०९/०१ |
| ११. | कविता कुमारी कर्ण | कार्यालय सहायक, चावहिल फिल्ड कार्यालय | २०७६/१०/०१ |
| १२. | अनित चौधरी | सूचना प्रविधि सहायक, केन्द्रीय कार्यालय | २०७६/११/२० |

# संस्थाको उद्देश्य परिवर्तन भएर वा एकीकरण भएर खारेजीमा परेका सदस्य संस्थाहरुको विवरण

| क्र.सं. | संघ संस्थाको नाम | ठेगाना | कारण | परिवर्तित नाम |
|---|---|---|---|---|
| १. | नेपाल टुगा साकोस (१८३३)<br>आस्थाश्री साकोस (२१२४) | रुपन्देही | सदस्यता नं. १८३३ सँग एकीकरण भई साकोसको नाम परिवर्तन भएकोले | टुगा आस्था विकास साकोस |
| २. | पृथ्वी साकोस (४९८)<br>नवप्रगति साकोस (३५७) | नवलपरासी | सदस्यता नं. ४९८ सँग एकीकरण भई साकोसको नाम परिवर्तन भएकोले | श्री नवप्रगति पृथ्वी साकोस |
| ३. | मुकुन्दसेन साकोस (४४२)<br>नारीकल्याण साकोस (४५२) | नवलपरासी | सदस्यता नं. ४४२ सँग एकीकरण भई साकोसको नाम परिवर्तन भएकोले | मुना साकोस |
| ४. | परोपकार साकोस (५७१)<br>पारदर्शी साकोस (२७२१)<br>शुभकामना साकोस (२८२९) | नवलपरासी | सदस्यता नं. ५७१ सँग एकीकरण भई साकोसको नाम परिवर्तन भएकोले | परोपकार साकोस |
| ५. | कोलिय देवदह साकोस (९३२)<br>तारापुञ्ज साकोस (२२४०) | रुपन्देही | सदस्यता नं ९३२ सँग एकीकरण भएको | कोलिय देवदह साकोस |
| ६. | हाम्रो थैली साकोस (६४२)<br>हाम्रो नमुना साकोस (६९९) | ललितपुर | सदस्यता नं. ६९९ सँग एकीकरण भई नाम परिवर्तन भएकोले | हाम्रो साकोस |
| ७. | जल्पादेवी साकोस (२३८४) | झापा | उद्देश्य परिवर्तन भएकोले | मेची बहुउद्देश्यीय सहकारी |
| ८. | हार्दिक साकोस (११०९) | काठमाडौं | उद्देश्य परिवर्तन भएकोल | हार्दिक बहुउद्देश्यीय सहकारी |
| ९. | कुशादेवी साकोस (११७)<br>जागृती नारी चेतना बहुउद्देश्यीय सहकारी | काभ्रे | सदस्यता नं. ११७ सँग एकीकरण भएकोले | जागृत कुशादेवी साकोस |
| १०. | मातृभूमि साकोस<br>तेजस्वी साकोस | दाङ | सदस्यता नं. २४८२ सँग एकीकरण भएकोले | तेजस्वी मातृभूमि साकोस |
| ११. | मखमली साकोस (३३५५)<br>श्रमिक साकोस (१६४१) | मकवानपुर | सदस्यता नं. १६४१ सँग एकीकरण भएकोले | श्रमिक साकोस |
| १२. | जनउत्थान साकोस (१५३६)<br>पटकसार साकोस (३५७२) | रुपन्देही | सदस्यता नं. १५३६ सँग एकीकरण भएकोले | जनउत्थान साकोस |
| १३. | पोखरा रोयल सहकारी(२३९९)<br>शिशुवा महिला साकोस(२७०५) | कास्की | सदस्यता नं. २३९९ सँग एकीकरण भएकोले | पोखरा रोयल साकोस |

# हातेमालोको संस्थागत विकास तालिम

बारा स्थित हातेमालो साकोसको संस्थागत विकास तालिम यहि मिति २०७६ फागुन १८ गते सम्पन्न भयो । हातेमालो साकोसको आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा सौराहामा आयोजित तीन दिवसीय उक्त तालिममा संस्थाका सञ्चालक समिति, लेखा समिति र कर्मचारीहरु गरी २२ जनाको सहभागीता रहेको थियो ।

संस्थाका उपाध्यक्ष शिव प्रसाद वाग्लेको अध्यक्षतामा सम्पन्न तालिमको समापन नेफ्स्कूनका सञ्चालक सदस्य विद्या कोइरालाले गर्नुभएको थियो । तालिम समापन सत्रमा बोल्दै सदस्य कोइरालाले सच्चा सहकारीकर्मीको परिचय सहकारीकर्मीहरुमा हुने आचरण, अनुशासन र शिष्ट व्यवहार



भएको बताउँदै हामीमा हुने अनुशासित आचरणले संस्थागत र व्यक्तिगत छवि उच्च बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । तालिम सहजीकरण नेफ्स्कूनका अधिकृत द्वय विदुर खड्का र सुमनराज घिमिरेले गर्नुभएको थियो ।

# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) तालिम तथा स्रोत केन्द्रद्वारा आ.व. २०७६/०७७ को माघ मसान्त सम्ममा सम्पन्न तालिम विवरण

| सम्पन्न क्रियाकलाप | मिति | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| संचालकहरुको क्षमता अभिवृद्धि तालिम (संगम साकोस, पोखरा) | २०७६/०४/११-१६ | बन्दिपुर, पोखरा | २४ |
| संचालकहरुको क्षमता अभिवृद्धि तालिम (भरतपुर साकोस, चितवन) | २०७६/०४/१६-१९ | सौरहा, चितवन | ३१ |
| रणनितिक व्यवसायिक योजना निर्माण तालिम (महिला शक्ति साकोस, काठमाडौं) | २०७६/०४/२३-२५ | बल्खु, काठमाडौं | १८ |
| रणनितिक व्यवसायिक योजना निर्माण तालिम (बाबियाखर्क साकोस, काठमाडौं) | २०७६/०४/२४-२५ | धुलिखेल | १९ |
| रणनितिक व्यवसायिक योजना निर्माण तालिम (श्री बज्रबाराही साकोस, मकवानपुर) | २०७६/०४/२४-२६ | मकवानपुर | १३ |
| नविनतम नेतृत्व विकास/सञ्चालकहरुको क्षमता विकास आधारभुत तालिम, काठमाडौं | २०७६/०४/२५ | कालिमाटी, काठमाडौं | ७३ |
| वार्षिक योजना तथा बजेट निर्माण तालिम, दाङ | २०७६/०४/२७-२८ | दाङ | ४० |
| संचालकहरुको क्षमता अभिवृद्धि तालिम (अथर्व साकोस, चितवन) | २०७६/०५/०२-०५ | बन्दिपुर, पोखरा | २२ |
| रणनितिक व्यवसायिक योजना निर्माण तालिम (सगुन साकोस, बर्दिया) | २०७६/०५/०६-०८ | बर्दिया | २८ |
| पर्ल्स अनुगमन प्रणाली तालिम, चावहिल | २०७६/०५/११-१३ | चावहिल | १६ |
| पर्ल्स अनुगमन प्रणाली तालिम, कञ्चनपुर | २०७६/०५/११-१३ | कञ्चनपुर | २७ |
| नगद परिचालकहरुको क्षमता विकास तालिम, लेटाङ, सुनसरी | २०७६/०५/१२ | लेटाङ | ३१ |
| अग्रभागका कर्मचारीहरुको क्षमता विकास तालिम, सुर्खेत | २०७६/०५/१२-१३ | सुर्खेत | २५ |
| सञ्चालकहरुको क्षमता विकास आधारभुत तालिम (कालिगण्डकी साकोस, लमजुङ) | २०७६/०५/१८-१९ | लमजुङ | २७ |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम, झापा | २०७६/०५/१९-२० | झापा | २८ |
| वार्षिक योजना तथा बजेट निर्माण तालिम (रोयल साकोस, तनहुँ) | २०७६/०५/२० | तनहुँ | २१ |
| ऋण परामर्श तालिम (मिलिजुली साकोस, दोलखा) | २०७६/०५/२०-२१ | दोलखा | ३७ |
| ऋण व्यवस्थापन तालिम, रुपन्देही | २०७६/०५/२०-२१ | रुपन्देही | २९ |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम, भक्तपुर | २०७६/०५/२३-२४ | भक्तपुर | २० |

| | | | |
|---|---|---|---|
| नगद परिचालकहरुको क्षमता विकास तालिम, ललितपुर | २०७६/०५/२५ | ललितपुर | ३३ |
| वित्तीय व्यवस्थापन तालिम, नेपालगंज | २०७६/०५/२५-२७ | नेपालगंज | ३२ |
| पर्ल्स अनुगमन प्रणाली तालिम, सुनसरी | २०७६/०५/२६-२८ | सुनसरी | ३३ |
| वित्तीय व्यवस्थापन तालिम, बनेपा | २०७६/०६/०६-०८ | सिन्धुपाल्चोक | २० |
| ऋणको कानुनी प्रक्रिया तथा धितो मुल्याङ्कन तालिम, सर्लाही | २०७६/०६/११-१२ | हरिवन, सर्लाही | ३० |
| नगद परिचालकहरुको क्षमता विकास तालिम, भक्तपुर | २०७६/०६/१५ | भक्तपुर | १४ |
| संचालकहरुको क्षमता अभिवृद्धि तालिम (सिवाईसी साकोस, बाग्लुङ) | २०७६/०६/२७-३० | काठमाण्डौ | ३५ |
| संस्थागत विकास तालिम (श्री महिला जनशक्ति साकोस, मकवानपुर) | २०७६/०६/२९-०१ | नगरकोट | १५ |
| संचालकहरुको क्षमता अभिवृद्धि तालिम (श्री शिक्षक कल्याण साकोस, दोलखा) | २०७६/०७/०२-०५ | नगरकोट | २२ |
| पर्ल्स अनुगमन प्रणाली तालिम, पोखरा | २०७६/०७/०५-०७ | पोखरा | ३८ |
| सञ्चालकहरुको क्षमता विकास आधारभुत र सहकारी ऐन सम्बन्धि अभिमुखिकरण तालिम (मैतीदेवी महिला साकोस, काठमाडौं) | २०७६/०७/०७ | काठमाडौं | १० |
| संचालकहरुको क्षमता अभिवृद्धि तालिम (श्री बज्रबाराहि साकोस, मकवानपुर) | २०७६/०७/१४-१७ | धादिङ्ग | २३ |
| ऋण अधिकृतहरुको क्षमता अभिवृद्धि (CULCC), बनेपा | २०७६/०७/२०-२२ | नगरकोट | २९ |
| पर्ल्स अनुगमन प्रणालि तालिम, दाङ्ग | २०७६/०७/२०-२२ | दाङ्ग | ३८ |
| संस्थागत विकास तालिम (महिला प्रयास साकोस, काठमाडौं) | २०७६/०७/२६-२८ | नगरकोट | १४ |
| भाखा नाघेको ऋण व्यवस्थापन तालिम, नेपालगंज | २०७६/०८/०५-०६ | नेपालगंज | ३५ |
| कार्यालय व्यवस्थापन तालिम (सत्य सेवा साकोस, न्युरोड) | २०७६/०८/०७ | न्युरोड, काठमाडौं | १५ |
| संस्थागत विकास तालिम (पश्चिम दारवाङ्ग साकोस, म्याग्दी) | २०७६/०८/०७-०९ | कास्की | २३ |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम (सिको साकोस, बर्दिया) | २०७६/०८/०८-०९ | बर्दिया | २५ |
| संस्थागत विकास तालिम (हसना भास्तिपुर साकोस, काठमाडौं) | २०७६/०८/१०-१२ | नगरकोट | १८ |
| सञ्चालकहरुको क्षमता विकास आधारभुत तालिम (जनशक्ति कृषि साकोस, काठमाडौं) | २०७६/०८/१३-१४ | नगरकोट | ३५ |
| कर्मचारीहरुको क्षमता विकास तालिम (पश्चिम दारवाङ्ग साकोस, म्याग्दी) | २०७६/०८/१४ | म्याग्दी | ३२ |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम, सुर्खेत | २०७६/०८/१५-१६ | सुर्खेत | २४ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (हाम्रो जन कल्याण साकोस, दोलखा) | २०७६/०८/१७-२० | धुलिखेल | २५ |

| | | | |
|---|---|---|---|
| संस्थागत विकास तालिम<br>(परिवर्तन महिला साकोस, मकवानपुर | २०७६/०८/२२-२४ | चितवन | २० |
| ऋणको कानुनी पक्ष तथा धितो मुल्याङ्कन तालिम, लमजुङ | २०७६/०८/२३-२४ | लमजुङ | ३४ |
| कार्यालय/बैठक व्यवस्थापन तालिम<br>(परोपकार साकोस, नवलपरासी) | २०७६/०८/२९ | नवलपरासी | २७ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि उच्चस्तरिय तालिम<br>(मिलिजुली साकोस, दोलखा) | २०७६/०९/०७-१२ | नगरकोट | ३३ |
| संस्थागत विकास तालिम<br>(गोल्डेन साकोस, कास्की) | २०७६/०९/११-१३ | सौराह, चितवन | २५ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(उपकार साकोस, भक्तपुर) | २०७६/०९/१७-२० | भैरहवा | २२ |
| रणनितिक व्यवसायिक योजना निर्माण तालिम<br>(बचत तथा ऋण सहकारी संघ, मकवानपुर) | २०७६/०९/१९-२१ | सौरहा, चितवन | २६ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(कोलिय देवदह साकोस, रुपन्देहि) | २०७६/०९/१९-२१ | पोखरा | २७ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(महिला मिलन साकोस, मकवानपुर) | २०७६/०९/२२-२५ | चितवन | १३ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(श्री नमुना महिला विकास साकोस, बुटवल) | २०७६/०९/२५-२८ | पाल्पा | २० |
| संस्थागत विकास तालिम<br>(गछिया साकोस, मोरङ) | २०७६/०९/२६-२८ | भेडेटार | २३ |
| संस्थागत विकास तालिम<br>(सामुदायिक साकोस, काभ्रे) | २०७६/१०/०२-०४ | नगरकोट | ३७ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(परोपकार साकोस, नवलपरासी) | २०७६/१०/०२-०५ | नवलपरासी | २८ |
| संस्थागत विकास तालिम<br>(पञ्चतारा महिला साकोस, चितवन) | २०७६/१०/०६-०८ | नवलपरासी | २३ |
| सञ्चालकहरुको क्षमता विकास आधारभुत तालिम<br>(हातेमालो साकोस, मकवानपुर | २०७६/१०/०७-०८ | हेटौडा | ३६ |
| कार्यालय व्यवस्थापन तालिम<br>(रोयल साकोस, तनहुँ) | २०७६/१०/१२ | कास्की | २३ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(चित्रवन साकोस, चितवन) | २०७६/१०/१६-१९ | नवलपरासी | २३ |
| संस्थागत विकास तालिम<br>(पौरखी साकोस, नवलपरासी) | २०७६/१०/१७-१९ | सौराह | २९ |
| बार्षिक योजना तथा बजेट निर्माण तालिम, सर्लाही | २०७६/१०/२०-२१ | सर्लाही | २१ |
| संस्थागत विकास तालिम<br>(सर्वोदय नेपाल-महिला आधारशिला साकोस, दोलखा) | २०७६/१०/२०-२२ | दोलखा | २५ |
| पर्ल्स अनुगमन प्रणालि तालिम, रुपन्देहि | २०७६/१०/२०-२२ | रुपन्देही | ३६ |
| व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिम, नेपालगंज | २०७६/१०/२१-२३ | नेपालगंज | ३८ |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम<br>(विकू साकोस, नवलपरासी) | २०७६/१०/२१-२४ | सौराह | २३ |
| रणनितिक व्यवसायिक योजना निर्माण कार्यशाला<br>(मन्थली साकोस, रामेछाप) | २०७६/१०/२६-२८ | धुलिखेल | |

| | | | |
|---|---|---|---|
| संचालक/कर्मचारीहरुको क्षमता विकास अभिमुखिकरण कार्यक्रम (सम्यम साकोस, काठमाडौं) | २०७६/१०/२७ | काठमाडौं | २२ |
| व्यवस्थापकहरुको क्षमता अभिवृद्धि तालिम, कास्की | २०७६/१०/२७-२९ | बन्दिपुर | |
| सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (उपकार साकोस, स्याङ्जा) | २०७६/१०/२८-२०७६/११/०२ | चितवन | |

| सम्पन्न कियाकलाप | मिति | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| प्रशिक्षकहरुको सुची अद्यावधिकरण | २०७६/०४/३२ | काठमाण्डौं | |
| ऋण व्यवस्थापन तालिम (धादिङ जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०८/१८-२० | धादिङ | ११ |
| उच्चस्तरीय लेखा व्यवस्थापन तालिम (काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०८/२३-२६ | काठमाडौं | ३४ |
| वित्तीय व्यवस्थापन तालिम (सर्लाही जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/१६-१८ | सर्लाही | २५ |
| पर्ल्स अनुगमन प्रणाली तालिम (काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/२०-२२ | स्वयम्भु, काठमाडौं | १८ |
| भाखा नाघेको ऋण व्यवस्थापन तालिम (बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/२१-२२ | बागलुङ | ३८ |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम (काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/२२-२३ | गोंगबु, काठमाडौं | ३२ |
| पर्ल्स अनुगमन प्रणाली तालिम (सुनसरी जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/२२-२४ | सुनसरी | २७ |
| उच्चस्तरीय लेखा व्यवस्थापन तालिम (चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/२३-२६ | चितवन | २९ |
| भाखा नाघेको ऋण व्यवस्थापन तालिम (काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/०९/२७-२८ | चावहिल, काठमाडौं | ३० |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम (बारा जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/०३-०४ | कलैया | २६ |
| नगद परिचालकहरुको क्षमता विकास तालिम (सर्लाही जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/१३ | मलंगवा, सर्लाही | १९ |
| नगद परिचालकहरुको क्षमता विकास तालिम (काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/१३ | कलंकी | २५ |
| उच्चस्तरीय लेखा व्यवस्थापन तालिम (सुनसरी जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/१३-१६ | सुनसरी | २६ |
| भाखा नाघेको ऋण व्यवस्थापन तालिम (सर्लाही जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/१४-१५ | मलंगवा, सर्लाही | २५ |
| बजार प्रतिनिधिहरुको क्षमता विकास तालिम (काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/१६-१७ | चावहिल | १८ |
| ऋणको कानुनी पक्ष तथा धितो मुल्याङ्न तालिम (काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/२३-२४ | गोंगबु | २५ |
| आन्तरिक लेखा परिक्षण तालिम (धादिङ जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/२४-२५ | धादिङ | २७ |
| तरलता व्यवस्थापन तालिम (चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ) | २०७६/१०/२७-२८ | चितवन | २१ |

## नेफ्स्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र. सं. | फिल्ड कार्यालय | | कार्यालय सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चावहिल, काठमाडौं | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| २ | ललितपुर | २०७१ वैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ३ | नारायणगढ, चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| ४ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ५ | ईटहरी, सुनसरी | २०६० षौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ६ | चरिकोट, दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolkhafo@nefscun.org.np |
| ७ | हरिवन, सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ८ | बुटवल, रुपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ वैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | pokharafo@nefscun.org.np |
| ११ | दमक, झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौं | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | घोराही, दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १४ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parshafo@nefscun.org.np |
| १६ | बेशिसहर, लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | बीरेन्द्रनगर, सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ वैशाख १० | ०१-५७१३३०१ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङबेशी,धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | हेटौंडा, मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३७१२ | makawanpurfo@nefsun.org.np |
| २३ | सूर्यविनायक, भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |
| २४ | लेटाङ्ग, मोरङ्ग, सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २५ | भुमही, नवलपरासी सम्पर्क कार्यालय | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| २५ | टाँडी, चितवन सम्पर्क कार्यालय | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc@nefscun.org.np |

नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

**केन्द्रीय कार्यालयः** नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

**इमेलः** nefscun@nefscun.org.np, **वेबसाइटः** www.nefscun.org.np

# संघका विविध गतिविधिका झलकहरू





















# NECOS
LITE
PLUS
ULTIMATE

# "साकोस अभियानको आफ्नै सफ्टवेयर" नेकोस

**परिचयः**
नेपालमा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारीहरूको लेखा प्रणालीमा एकरूपता कायम गर्न तथा कारोवारलाई सुरक्षित, चुस्त, दुरूस्त तथा पारदर्शी बनाउनको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा यस नेकोस सफ्टवेयरको विकास गरिएको हो ।

## नेकोस सफ्टवयरका विशेषताहरू

- नेफ्स्कूनद्वारा विकास गरिएको सबैभन्दा विश्वासीलो एवं भरपर्दो सफ्टवेयर,
- नविनतम् प्रविधिमा आधारित, मजबुत सुरक्षा प्रणाली मार्फत तथ्याङ्कको सुरक्षा गर्ने,
- सहकारीको सम्पूर्ण वित्त व्यवस्थापनको लागि सक्षम सफ्टवेयर,
- सहकारीलाई आवश्यक पर्ने सबै प्रकारका प्रतिवेदनहरू समेटिएको,
- सहकारी चार खाता समावेश भएको,
- डिभिजन सहकारी प्रतिवेदन, पर्ल्स प्रतिवेदन र लोन एजिङ समावेश भएको,
- संस्थाको आवश्यकता बमोजिम Customized Report तयार गर्न सकिने,
- SMS, E-Necos सुविधा भएको तथा ATM नेटवर्क जडान गर्न मिल्ने,
- ऋणको किस्ता तथा आवधिक बचत म्याच्युरिटीको पुर्व सूचना दिने,
- प्रयोगकर्ताले चाहेको समयमा तथा कम्प्युटरद्वारा स्वचालित तरिकाले व्याकअप लिन सकिने,
- सफ्टवेयरको प्रयोगकर्ता अनुसार क्षेत्राधिकार तय गर्न सकिने,
- कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भएको व्यक्तिले समेत सजिलै सञ्चालन गर्न सकिने,
- वेभमा आधारित (Web Based) सफ्टवयर भएकोले एउटै मात्र कम्प्युटरमा जडान गरी एकै साथ LAN मार्फत २५३ वटा कम्प्युटर मार्फत सञ्चालन गर्न सकिने,
- ईन्टरनेट/ईन्ट्रानेट मार्फत असिमित कम्प्युटर तथा प्रयोगकर्ताले एकै साथ सञ्चालन गर्न सकिने,
- सेवा केन्द्रहरूको कारोवार छुट्टाछुट्टै सेवा केन्द्रमा प्रविष्टी हुने, सेवा केन्द्र अनुसार छुट्टाछुट्टै एवं एकमुष्ट वित्तीय प्रतिवेदनहरू तयार हुने,
- सेवा केन्द्रहरूको छुट्टाछुट्टै दैनिक खाता बन्दी (EOD) को व्यवस्था भएको,
- भुक्तानी पुर्जा (चेक), शेयर प्रमाण पत्र तथा कारोवारका बिल, भौचरहरू प्रिन्ट गर्न सकिने,
- हरेक प्रतिवेदनहरू एक्सेल, पिडिएफमा एक्स्पोर्ट गर्न सकिने ।